पुष्करलालद्वारा प्रतिष्ठापित

नेपाल समाचारपत्र

newsofnepal.com

राष्ट्रिय दैनिक

आइतबार, मंसिर १६, २०८१ | Sunday, December 1, 2024 | नेसं ११४५, कछलागा ३० | वर्ष २९, अंक २६९ | पृष्ठ १२+३६ | मूल्य रु १०/–

CELEBRATING 41 कामना GLORIOUS YEARS

संस्कृति र सम्पदाका संवाहक : रुकेश तण्डुकार, पवित्र वज्राचार्य, अनिल श्रेष्ठ, नरेशवीर शाक्य, अञ्जु वज्राचार्य, पृथ विन्दु महर्जन, निर्मल रत्न शाक्य, अञ्जली मास्के, डा. राजेन्द्रमान वज्राचार्य, राजेन्द्र मानन्धर, दिनोज चित्रकार, रविन्द्रराज ताम्राकार, श्रीप्रसाद गुरुङ्ग, सौभाग्य प्राधानाङ्ग, प्राडा विणा पौड्याल, धराजु ताम्राकार, रञ्जन लाल श्रेष्ठ, राजभाइ जकःमी, मा. शैलेन्द्रमान वज्राचार्य, अमित वज्राचार्य, अजरमान जोशी, प्राडा पुरुषोत्तम लोचन श्रेष्ठ, अनिल स्थापित, विमल कुमार केडिया, भाष्कर राज राजकर्णिकार, मनोज नेवाः खड्गी, रवि तण्डुकार, विद्या सुन्दर शाक्य, दीपक महर्जन, बालकृष्ण महर्जन, सुदन मान मुनिकार, पञ्च नारायण महर्जन, गणपति लाल श्रेष्ठ, रामकृष्ण (आरके) मानन्धर, राजेन्द्र श्रेष्ठ, मा. कृष्णगोपाल श्रेष्ठ, मल्ल के. सुन्दर, रुपेन्द्र राज शाक्य, विनोद ताम्राकार, अनिल स्थापित, राजु शाक्य, राजु महर्जन, अरुण मानन्धर, सिद्धार्थ महर्जन, पवित महर्जन, रुविनकुमार श्रेष्ठ (कुटुम्ब ब्यान्ड) ।

तस्वीर : अनिल आङदेम्बे

बिस्का सबै नेपालीको जात्रा



डा.पुरुषोत्तमलोचन श्रेष्ठ

बिस्केट जात्रा के हो ?

बिस्का जात्रा नेवा संस्कृतिक जीवनमा प्रचलनमा रहेको छ। नेपाली राष्ट्रिय जीवनमा बिस्केट भन्ने चलन छ। नेपाल मनाइने मूल्य राष्ट्रिय चाडपर्वमा मनाइने प्राचीन बिस्का जात्रा हो। ५० वर्षभन्दा पहिला काठमाडौं उपत्यकामा कुन ठाउँको मानिस रहेछ भन्ने चिन्न जात्रा सोध्ने चलन थियो। त्यतिबेला तपाईं कुन जात्रा मनाउनु हुन्छ भनेर सोध्ने चलन थियो। इन्द्र जात्रा काठमाडौं, मछिन्द्रनाथ ललितपुर, कीर्तिपुर, बागभैरव र विस्का जात्रा भक्तपुरमा मनाउने चलन छ। बाह्रौं सताब्दीदेखि झन्डै पन्ध्रौं सताब्दी ३ सय वर्षसम्म भक्तपुर नेपालको राजधानी नगरका रूपमा रहेको थियो। त्यसैले भक्तपुर राजनीतिक, सामाजिक, प्रशासनिक र सांस्कृतिक नगरका रूपमा रह्यो। बिस्का जात्रा पनि प्राचीन र वैदिक कालदेखि नै प्रचलनमा रहेको जात्रा हो। बिस्केट जात्रालाई विश्व जात्रा पनि भनिन्छ। जात्राका मुख्य देवता विश्वनाथ भैरव हुन्। उनी आकाश भैरव पनि हुन्। यो जात्रा चैत्र मसान्तको दिनमा विश्वध्वजोत्सस्तम्भ खडा गर्ने र वैशाख १ गते ढाल्ने तथा समय क्रमसँगै अन्य जात्रा पनि थपिँदै मल्लकालको अन्त्यसम्म आइपुग्दा आठ रात नौ दिन लामो चल्ने गर्दछ। यो जात्रालाई शत्रु हरणी जात्राका रूपमा लिइन्छ। लिच्छवीकालका अभिलेखमा युद्ध विजयोत्सवका रूपमा पनि जात्रा मनाएको उल्लेख पाइन्छ। बिस्का जात्रामा फहराइने ध्वजा नेपालको झण्डाको प्रारूप हो। नेपाल भाषामा हली पत भन्ने गरिन्छ। हली पतको अर्थ विश्वध्वज नै हो। नेपाल आरम्भ कालदेखि नै स्वतन्त्र र सार्वभौम सम्मन्न देश हो। जुन देशमा ध्वजा फहराइन्छ,

त्यो देश स्वतन्त्र हुन्छ। हामी कहाँ धेरै जात्रा मनाइन्थ्यो। हाम्रो झण्डाको आदि रूप हो। हामीले प्रमाणलाई केलाएर हेर्ने हो भने ध्वजा देश प्रेमसँग सम्बन्धित छ। विस्का जात्रा मसान जात्रा पनि हो। किनभने विश्वनाथ देवताको एक तान्त्रिक देवता मसान पनि हो। यो जात्रा भक्तपुरभन्दा बाहिर मसान भद्रकाली पीठमा मनाइन्छ। जन्मँदा र मर्दा पनि नेपाली संस्कृति मान्ने गरिन्छ। कालगतिले मरेकालाई मनाइने जात्रा हो । रणबहादुर शाह, गिरिजाप्रसाद कोइरालालगायतले ध्वजा फहराएका छन्। वि.सं १८३६ मा पृथ्वीनारायण शाहले जितेपछि स्थानीय जात्राका रूपमा मात्र रहन पुग्यो। कुनै बेला राष्ट्रिय जात्राका रूपमा मनाइने गरिएको थियो। नेवार बस्ती भएका ठाउँमा यो जात्रा मनाइने गरिन्छ। भुपतेन्द्र मल्लको पालाको बिस्केट जात्रा मनाएको कुरा उल्लेख गरिएको छ। यस्ता जात्रालाई बचाउन सकेमा भविष्यका सन्ततिलाई दिइने महत्त्वपूर्ण वस्तु हुन सक्छ। सबै नेपालीले मनाउने चाडपर्व नेपालीको पहिचान हो। यस्ता चाडपर्व मरेमा पहिचान मर्ने छ। अहिलेका अभियन्ताहरूले नाम फरक तरिकाले उच्चारण गरेको देख्दा नरमाइलो लाग्छ। बिस्केट जात्रा पहिले जसरी नै अहिले पनि मनाउने गरिन्छ। युवा पुस्तामा पनि सबै संस्कृतिलाई बचाउनु पर्छ भन्ने भाव रहेको छ। विस्का जात्रा १५ सय वर्षभन्दा पहिले मनाउँदै आएको छ। पहिलेदेखि चलिआएका जात्रा भएको हुनाले शुरूमा जसरी नै मौलिक रूपमा बचाउनु पर्छ। यो जात्रा मनाउँदा शत्रु नास र स्वच्छ भइन्छ भन्ने मान्यता रहेको छ। जात्राप्रति सरकारको भूमिका सकारात्मक नै लाग्छ। नेपाललाई नेवा संस्कृतिले चिनाएको छ। यसलाई जगेर्ना गर्नुपर्छ। स्थानीय सरकारले पनि संस्कृति बचाउनमै लागेको छ। बिस्का जात्रामा युवाले ढुङ्गा हान्ने चलन हराएको छ। यो सकारात्मक विषय हो।

संस्कृति बचाउन मेरो प्रण

झण्डै चार दशक अगाडिबाट संस्कृति बचाउन लागेँ। अहिले पनि लागिरहेको छु। संस्कृति बचाउन मेरो मातापिता र भक्तपुरबाट प्रेरणा मिल्यो। भक्तपुर इतिहास, संस्कृति, पुरातत्वका लागि मूर्त/अमूर्तका लागि समृद्ध संसार हो। भक्तपुरको वैज्ञानिक खोज आजभन्दा ४० वर्ष पहिला भएकै रहेनछ। मेरा गुरु इतिहासविद् धनबज्र बज्राचार्यले भनेबमोजिम त्रिभुवन विश्वविद्यालयबाट 'भक्तपुरमा तान्त्रिक शक्तिको युग' भन्ने विषयमा विद्यावारिधि गरेको हुँ। विषय कठिन थियो। उहाँले भनेको विषयलाई नै केन्द्रबिन्दु बनाए कार्य गरिरहेको छु। त्यस्तै, मलाई बेलाबेलामा झकझकाइ रहने संस्कृति शिरोमणि हरिराम जोशी पनि प्रेरणाको स्रोत हुनुहुन्छ।

हराएको तान्त्रिक शक्ति

तान्त्रिक शक्ति भनेको धेरै गहन विषय भएको हुनाले छोटकरीमात्र चर्चा गर्न चाहन्छु। हामीले सोचेको जस्तो टुना, होहनी जस्तो नभएर तन्त्र विज्ञान र पद्धति हो। तन्त्रले धार्मिक संसारमा हजारौं वर्षदेखि गहिरो प्रभाव पारेको छ। शैव, शाक्त, बौद्ध, वैष्णव, नेपाल चलिआएका मतहरू हुन्। तन्त्रको प्रयोग सबै धर्मभित्र पर्दछ। तन्त्र साधना गर्ने मानिस हराएका छन्। तन्त्र एकले अर्कोलाई दिनु हुँदैन भन्ने चलनले तन्त्र हराएको हो। तान्त्रिक शक्तिको युग गएको छ। यो हजारौं वर्षदेखिको तान्त्र विज्ञान हराउनु उचित होइन। तन्त्रको अर्को रूप मन्त्र हो। तन्त्र, मन्त्र पढ्ने विश्वविद्यालय नभएर यसको खोज भएको छैन।

धर्मको उत्पत्ति श्रीलंका, अफगानिस्तान दक्षिणपूर्व एसियाबाट

सनातन धर्मका दुई धारा सैव र बौद्ध हुन्। कुममा कुम जोडेर यी धर्महरू अगाडि बढेको छ। धार्मिक एकता र संस्कृतिक एकता अतुल्य अनुपम देश नेपाल हो। पुरातात्विकलाई प्रमाणलाई आधार मानेर हेर्ने हो भने धर्मको उत्पत्ति लिच्छवीकालदेखि नै प्रयोग साझा रूपमा हुँदै आइरहेको छ। यो नेपाल, भारतीय उपमाहाद्वीपबाट आएको हो। श्रीलंका, अफगानिस्तान दक्षिणपूर्व एसियाबाट धर्मको उत्पत्ति भएको हो। बाह्रौं सताब्दीदेखि नेपाल सैव, बौद्ध, तान्त्रिक शक्तिको मूल थलोको रूपमा आएको हो। बाह्रौं सताब्दीमा तुर्क मुसलमानहरूको आधिपत्य बढेपछि केही हिन्दु नेपाल आएका हुन्। त्यतिबेला भक्तपुर राजधानी नगरका रुपमा थियो। भक्तपुर सरणर्थीहरूको स्थलका रूपमा मात्र रहेन महत्वपूर्ण ग्रन्थको केन्द्रको रूपमा रह्यो। त्यतिबेला मध्येकालीन पुस्तकालय पनि रहेको देखिन्छ। अहिले त्यो टोलका रूपमा परिणत हुन पुगेको छ। नेपालको मध्यकालीन पुस्तकालय नै त्यही हो। वेद, पुराणलगायत हरेक प्रकारका ग्रन्थ रहेको थियो। यो पुस्तकालय मल्लहरूको अवसानपछि त्यत्तिकै रह्यो। वीरसमशेरले वीर पुस्तकालय स्थापना गरेको इतिहास छ। भक्तपुरमा असुरक्षित रूपमा रहेका पुस्तक, पुस्तकालयमा राखेको हुनाले उहाँलाई धन्यवाद दिनै पर्छ। पहिलेको वीर पुस्तकालय नै अहिले अभिलेखालय हो।

दशैं सबै धर्मका व्यक्तिले मान्ने चाड

दशैं सबै नेपालीको हो। दशैं भनेको राष्ट्रिय चाड हो। दशैंमा खड्गको पूजा हुन्छ। खड्ग भनेको सत्ता, सुरक्षाको प्रतीक हो। परेको बेला सबै मिलेर युद्ध गर्ने बेला हो। वर्षमा एकपटक भए पनि रगतको बलि दिने चलन दशैंको विशेषता हो। शत्रुको टाउको छिनाउने नभए पनि पशुपन्छीको टाउको छिनाउने गरिन्छ। त्यसले गर्दा सुरता र वीरताको भाव आउँछ। कतिपय नबुझेर हिन्दुहरूको मात्र दशैं हो भन्ने चलन गलत हो । यो सबै धर्मको दशैं हो। मन्दिरमा लेखिएको हिन्दुमात्र प्रवेश गलत हो। यसमा सबैले प्रवेश पाउनु पर्छ। तन्त्रको छातामुनि सबै धर्म समेटिएको छ।

मागेको पुऱ्याउने दुप्चेश्वर

भगवती तिमल्सिना
मेनुका कार्की

नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकाअन्तर्गत पर्ने करेजुङ्गेमा रहेको छ दुप्चेश्वर महादेव मन्दिर। पौराणिक कथा अनुसार परापूर्व कालमा वासु तामाङ (वासे) को गोगन चौरमा रहेको गाईहरू गोठबाट हराएछन्। वासुले आसपासका सबै जंगलमा खोज्दा पनि गाई भेटिएनन्। र, थकित भएर गोठमा आएर सुते। राति सपनामा जोगीले तामाङलाई तिम्रा गाई हराएका छैनन् यही पहरामा छन् भनेर मन्दिर भएको पहरो देखाइदिए।

भोलिपल्ट त्यस ठाउँमा गएर हेर्दा लहराले छोपिएको विकट ढुङ्गे पहराको शिलाखण्डमा रहेको अर्घौंतो आकारको शीवलिङ्गेमाथि चारैवटा थुनबाट दूध झारिरहेको अवस्थामा गाईहरू भेटिएछन्। यस्तो विकट पहरामा गाई गएर दूध चढाएको घटना देखेपछि त्यस अर्घौंतो आकारको शीवलिङ्गेलाई दुप्चेश्वर नामकरण गरी पूजाआजा गर्न थालिएको किम्वदन्ति रहेको छ। यहाँ वार्षिक रुपमा मेला लाग्ने गरको छ।

यही मन्दिरको नामबाट ७ वटा वडाहरू मिलाएर दुप्चेश्वर गाउँपालिका घोषणा गरिएको छ। मन्दिर हालको वडा नं ६ मा पर्दछ। दुप्चेश्वर गाउँपालिका पर्यटकीय स्थलका रुपमा प्रख्यात रहेको छ। गोसाइँकुण्ड जाने पदमार्ग यही गाउँपालिकामा पर्दछ।

दुप्चेश्वर महादेव मन्दिरमा हरेक वर्ष मंसिर महिनामा पर्ने धान्य पूर्णिमाका अवसरमा साताव्यापी मेला सञ्चालन गरिन्छ। यसबाहेक शिवरात्रि, साउन महिना तथा हरेक सोमबार दुप्चेश्वर मन्दिरमा मेला लाग्ने गर्दछ। यस अवधिमा स्वदेश तथा विदेशबाट भक्तजनहरू दर्शन गर्न आउने गर्दछन्।

दुप्चेश्वर महादेवको दर्शन गर्नाले मनले चिताएको पुग्ने, सन्तान प्राप्ति हुने, लामो समयसम्म बोली नफुटेका बालबच्चाको बोली फुट्ने विश्वासमा मानिसहरू भाकल गर्ने र भाकल पूरा भएपछि महादेवको दर्शनका लागि यहाँ आउने गर्दछन्। महादेवको दर्शन पश्चात् दैवीशक्तिले सन्तान प्राप्त हुने विश्वासका साथ नि:सन्तान दम्पतीको भीड लाग्ने गरेको छ।

मन्दिरमा गल्छी-त्रिशुली सडकखण्ड अन्तर्गत पर्ने गङ्गेटेबाट ढिकुरे, खरानीटार, सातबीसे, रामति हुँदै पुग्न सकिन्छ। यसबाहेक काठमाडौंबाट टोखा छहरे, चौघडा, खरानीटार सातबीसे, रामति हुँदै पनि पुग्न सकिन्छ। रामतिबाट मन्दिरमा जानको लागि झोलुङ्गे पुल निर्माण गरिएको छ। वर्षायाम बाहेकका समयमा काठमाडौंदेखि शिखरबेंसीसम्म बस तथा जिप सेवा सञ्चालनमा आउने गर्दछ। ताँदी नदीबाट बनाइएको घुमाउरो सिँडी हुँदै पालैपालो भक्तजनहरू पूजा र दर्शनका लागि उकालो लाग्छन् र गणेशको दर्शन गरी पुन: तल्लो भागमा झरेर अर्को सिँडी चढ्छन्। यो अतभूतको एउटै चटानमा बनेको महादेवको दर्शन गर्दा एउटै कुरा मागे मात्र पूरा हुने आख्यान रहेको छ।

मान्छेले पत्ता लगाएको भगवान् : *पुजारी*

दुप्चेश्व महादेवका पुजारी भगवान् हरि धिताल भन्नुहुन्छ–

दुप्चेश्वर महादेवमा जे माग्यो त्यही पुग्छ। पुगेन, पाएनौं भन्ने दुप्चेश्वरको रेकर्ड नै छैन। यहाँ भगवान्को अचम्म अदभूत दिव्य शक्तिशाली पीठका रुपमा दुप्चेश्वरलाई मानिन्छ। यहाँको उत्पत्ति बहुत गहिराइ छ। भगवान्ले आफू देखिनलाई एउटा लीला देखाउनुभएको छ। यो पीठ देखिने बेलामा मन्दिरभन्दा तल रहेको खेतमा रहेको गोठमल्लीबाट दुहुनु गाई भगवान्ले यो पीठमा राखेर गोठमा हराएको जस्तो बनाएर केही दिन राखेर गोठधनी वासु नाम गरेका व्यक्तिलाई भगवान्ले जोगीको रुप धारण गरेर भीरमाथि महादेव छन् भन्दिनुभएछ।

जोगीले भीरमाथि भगवान् ध्यान गरेर बसेका छन्, त्यहाँ तिमीहरूका गाई गएर दूध चढाएर बसेका छन् अन्यथा नमान यहाँको वास्तविकता प्रचार गर, पूजा चलाउने माध्यम गर, यति गर्‍यौ भने तिमीहरूको गाई जुन ठाउँबाट हराएको छ त्यही ठाउँमा आइपुग्छ। जो मनुष्य आएर यहाँ भावपूर्ण तरिकाले भगवान्को पूजा अर्पण, ध्यान, चिन्तन, मनन गर्छन् भने जे चिताएर आउँछन् त्यही फल पाउनेछन् भनेर भगवान्ले वासु तामाङलाई सपनामा भन्दिनुभएछ। यही कुराको प्रचार गर भनेर जोगिको भेषमा भगवानले बासु तामाङलाई सपनामा भन्दिनुभएछ।

वासु तामाङले अचम्मको सपना देखेपछि गाई हराएको छ, हराएको गाईले माथि महादेवलाई दूध चढाएर बसिरहेको छ भनेपछि खोज्ने क्रममा लहरामा झुडिएर आएछन्। हाल भएको बाटो पछि बनाएको हो। भगवान्ले देखिनका लागि गाईले चढाएको दूधका धारा तल खसालेर गणेश मन्दिर भन्दा माथि चेपबाट दूधको धारा निकालेर त्यसको आधारले खोज्दै आउने क्रममा माथि गाई कराउने तल बाच्छा कराउने हुँदै गएछ। त्यसको लहरामा झुन्डिएर रुखमा चढेर हेर्दा जुन अहिले भगवान्को स्वरुप यति अग्लो छ, त्यति बेला सानो पाथी घोप्टेजस्तो शिलालाई गाईले अविरल दूधका धारा वर्षा गरेर बसेको फेला पारेछन्।

यसपछि आफ्नो जातित्व र भाषा अनुसार पुकार गरेछन्। पुकार गरेको भोलिपल्ट कुन रुपले हजुरले यहाँ गाई ल्याउनुभयो त्यही रुपले सकुशल जुन ठाउँबाट ल्याउनुभएको छ त्यही ठाउँमा आइपुगोस महादेव भने। महादेव सपनामा भनेकाले अरू भन्न जानेको छैन के भन्ने के भन्ने ? दुई ढुंगाको अन्तर चेपबाट दूधको धारा निस्केको भएर दुप्चो भयो महादेव भएकाले दुप्चो महादेव (दुप्चेश्वर) भयो। भक्तिभावले भगवान् खुसी हुनुभयो र वासुले पुकारा गरेको भोलिपल्ट उनको गाई तल खेतमा गोठको वरिपरि चरिरहेको देखे। ओहो मैले जुन तरिकाले महादेवलाई पुकारा गरेर सम्झना गरेर आएँ, जे भनेर आए आज त्यही भयो र साक्षात्कार दर्शन मिल्यो र प्रत्यक्ष पुग्यो। प्रभु शक्तिशाली हुनुहुँदोरहेछ हजुरको कृति फैलाउनेछौं, पूजा चलाउने छौं, मेला लगाउने छौं भन्दा त्यो दिन धान्यपूर्णिमाको अघिल्लो दिन परेछ। यो महिनाको अन्तिममा ३० गते पूर्णिमा छ २९ गते विशेष गरी चतुर्दशीका दिन मान्छेद्वारा भगवान् देखिनुभएको दिन विशाल मेला लाग्दछ।

त्यो दिन प्रत्यक्ष भगवान् मान्छेद्वारा देखिनुभएकाले त्यो दिन खासै यहाँ आएर पूजा गरिरहनुपर्दैन हेर्न आउँदा ल्याएका फूल, प्रसाद चढाएर माग गर्दा पनि उत्तिकै इच्छा पूरा हुने र सफलता मिल्छ। त्यो भएर दुप्चेश्वरको मेला मंसिर भरि नै मानिन्छ। त्यस मध्ये पनि धान्यपूर्णिमाको अघिल्लो दिन चर्तुदशीका दिन विशेष ठूलो मेला लाग्छ।

जुनसुकै कुरो माग्नुस् यो र ऊ भन्ने कुरा छैन। भगवान्लाई भावपूर्ण तरिकाले विश्वासका साथ हजुरको दयाले मेरो यो इच्छा छ चाँडै सफल होस् भनेर सम्झना गरेर दर्शन गरे पुग्छ, पुगेन भन्ने रेकर्ड नै छैन। दुप्चेश्वरको चमत्कार, अदभूत लीला छ। भित्तो र मन्दिर एउटै शिलामा आफैं उत्पति भएर विराजमान हुनुहुन्छ। यो अनकन्टार भीरको एकान्त टापुमा कला र सौन्दर्य छ। भगवान्को दिव्य लीलाद्वारा नेचुरल प्रकृतिमा उदयमान हुनुभएको छ।

मान्छेले जसरी व्यवहार गर्छन् भगवान्ले त्यसै गरी व्यवहार गर्नुहुन्छ। जसरी मानिसको बच्चा बढ्दै जान्छ त्यसै गरी भगवान् क्रमिक रुपले बढ्दै अहिले यति ठूलो हुनुभएको छ। गोडा पसारेर फराकिलो क्षेत्रमा विराजमान हुनुहुन्छ। यहाँ गाईद्वारा भगवान् देखिनुभएकाले गाईको स्वरुप देखाइदिनुभएको छ। पछिका मान्छेलाई भ्रम नपरोस् भनेर दुरुस्त गाईकै रुपमा भगवान् देखिनुभएको छ। एउटा शिलामा देखिएको स्वरुप नै भगवान्को दिव्य लीला, चमत्कार भीरमा पत्ता लगायौं है भनेर भगवान्ले देखाइदिनुभएको छ। यहाँ पाञ्चजन्य शंख, नेपालको नक्सा, सगरमाथाको टुप्पोसहित लिपुलेक भनेर चुच्चो फर्काएको छ। बालेन शाहले ग्रेटर नेपाल भनेर देखाएको जस्तै विस्तृत रुपको नेपालको नक्सा देखाइदिनुभएको छ। यो नेपाल भूमिलाई चानचुने नठान, नेपाल भगवान्को दिव्य क्षेत्र हो। भगवान् नै भगवान् भएको बासस्थान हो भन्न खोज्नुभएको छ।

त्यसरि देखाउने क्रममा यही शिलामा भगवान्लाई मन पर्ने आँप, केराका कोसा, बर्फी, जटा नरिवलमा भगवान् देखिन्छ। यस्ता चिज चढाउँदा भगवान् खुसी हुन्छन् भन्छौं। भगवान् महादेवले यो शिलामा नै सबै तय गर्नुभएको छ। नागदेवताको स्वरुप, गणेश, वीणापात्र छ। पूर्व शीरमा बूढानीलकण्ठ भगवान् शेषनागले ढाकेका आकृति आफैं बनेका छन्। ब्रह्माजीले हेरिरहनुभएको छ। चन्द्र र सूर्य अंकित आकार छन्। यहाँ सम्पूर्ण देवीदेवताको बास छ।

परापूर्वकालमा केही समय भगवान् यहाँ आएर ध्यान गरेर बस्छु भनेर बस्नुभएको रहेछ। कैलाशमा पार्वतीले यसो ध्यान दृष्टिले हेर्दा महादेवत यो भीरमा आएर ध्यानमग्न भएर बसेको देख्नु भएछ। त्यसपछि जागा गराउनुपर्‍यो भनेर ब्रह्मा, विष्णु, ३३ कोटी देवता, गणेश, कुमार, नागदेवता, अरु देवीदेवतासँगै पार्वती स्वयं आएर पूजाआजा गरी धुप, दीप, नैवेद्य चढाएर शंख, घण्ट बजाई भगवान्लाई संगीतद्वारा जागा गराउनुभएछ। संगीत भनेपछि शक्तिशाली देवताहरू छिट्टै खुसी हुन्छन्। असाध्य मनपर्छ त्यही भएर भगवान्लाई संगीतद्वारा पार्वतीले जागा गराउनुभयो। उहाँ जागा भएपछि भक्तको उद्धार कसरी गर्ने यो भीरमा भनेर देखिनका लागि दिव्य लीला गर्नुपर्‍यो। त्यसपछि तलको खेतबाट गाई ल्याएर तल हराए जस्तो बनाएर यहाँ केही दिन राखेर गाईका धनीलाई सपनामा भनिदिएर यो भीरमाथि गाई छन्।

तिमीहरूले पत्ता लगाओ भनेर खोज्दै आउँदा लहरामा झुन्डिएर आएर १७३१ सालदेखि भगवान् मान्छेद्वारा पत्ता लाग्नुभयो। यो देशको सम्पत्ति हो। देशका राजनेताहरूले बुझेर देशविदेशमा पहिचान दिई धार्मिक पर्यटकीय स्थलका रुपमा विकास गरियोस्। ३ घण्टाको यात्रामा पुगिने स्थानमा राज्यका प्रमुख नेताहरूले आएर यो मन्दिरको विकासका लागि सडक, बत्ती, आवश्यक सुरक्षाको व्यवस्था मिलाउन जरुरी छ।

अहिले विकासको क्रममा अघि बढाउन गाउँपालिकाले महत्वपूर्ण भूमिका खेलेको छ। यहाँ बाटो थिएन, धेरै मान्छे दर्शन गर्न आउँदा लड्थे। अहिले बहुत सजिलो बनाइदिएको छ। पुजारी केन्द्रीय गुठीले नियुक्त गर्‍यो, अरु केही गरेको छैन। पालिका र दुप्चेश्वर क्षेत्र विकास कोषले विशेष ध्यान दिएको अवस्था छ।

पुष्करलालद्वारा प्रतिष्ठापित

नेपाल समाचारपत्र

Pioneer Private Publication House · Established in Mangsir 15, 2041

newsofnepal.com

राष्ट्रिय दैनिक

CELEBRATING 41 कामना GLORIOUS YEARS

आइतबार, मंसिर १६, २०८१ | Sunday, December 1, 2024 | नेसं ११४५, कछलागा ३० | वर्ष २९, अंक २६९ | पृष्ठ १२+३६ | मूल्य रु १०/–

■ प्रकाशकीय

संघारमा सञ्चार युद्ध

पूर्वीय सभ्यता र सनातन धर्म मान्नेहरु छोराको नाम दुर्योधन राख्छन् तर विभीषण राख्दैनन्। महाभारत युद्ध गराउने भिलेनको नाम आशीर्वचन 'मानं च दुर्योधने' मा पनि जपिन्छ। श्रीरामभक्त भनिएका विभीषण युगौंयुग कलंकित छन्। नेपाली मिडियामा पनि विभीषणहरु कलंकित बन्न हात धोएर लागेका छन्। रामायणका विभीषण रावण र कुम्भकर्णहरुलाई मार्न सघाएर सत्तामा पुगे, तर नेपाली विभीषणहरु धराशयी हुने निश्चित छ। उनीहरुलाई सत्ताको मजा लिन दिइने छैन। आम नेपाली मिडियाको भलाइका लागि सरकारको संगठित तर भ्रष्ट प्रशासकसँग जुधिरहेको प्रकाशक समूहलाई उनीहरुले निकृष्ट रूपमा धोका दिए, आफ्नो तुच्छ स्वार्थका लागि भ्रष्टाचारीको जुत्ता चाट्न गए, उनीहरुलाई माफी दिन सकिन्न। सिंगो नेपाली मिडिया जगत् बाँचोस्, यसमा शुद्धीकरण आओस् र नेपाली आम पाठक-श्रोताले व्यावसायिक सेवा प्राप्त गर्न सकून् भनेर चालिएको कदमलाई लाजमर्दो तरिकाले तुहाउन खोजे, उनीहरु राष्ट्रद्रोही हुन्। राज्यको चौथो अंगका दुश्मनहरु हुन्। दुश्मनहरुले हतियार उठाइसकेका छन्। हामी श्रद्धेय पाठक-श्रोतासँग जबाफी हमलाको अनुमति चाहन्छौं।

हाम्रोजस्तो अल्पविकसित वा विकासशील मुलुकको सरकार र प्रशासन यन्त्र मिडियालाई कमजोर बनाउने रणनीति बनाएर बसेको हुन्छ। मिडिया बलियो भयो भने नेताहरुले जनतालाई मूर्ख बनाएर राज गर्न गाह्रो हुन्छ। देशमा लोकतन्त्र ल्याउनमा नेपाली मिडियाको पनि ठूलो हात छ। त्यसरी नै आज देशको अवस्था यस्तो रहनमा पनि मिडियाको भूमिका देखिन्छ। हिजो सरकारमा जानुअघि ठूला-ठूला आश्वासन दिने नेताहरुबाट अब आश्वासनबाहेक केही पाइनेवाला छैन भनेर २०८१ जेठ ३० गते मिडिया अलायन्स नेपाल (म्यान), नेपाल मिडिया सोसाइटी, नेपाल विज्ञापन संघ (आन) र राष्ट्रिय विज्ञापन संघ नेपाल (नान) ले अब हामीले मिडिया उद्योगको नक्सा आफैंले कोर्नुपर्छ भनेर एउटा ऐतिहासिक सम्झौतामा हस्ताक्षर गर्‍यौं।

साइन गरेको पहिलो दिनदेखि नै एउटा आर्थिक पत्रिकाले विज्ञापनको रेट बिगार्‍यो। त्यसको चार दिनपछि अर्को आर्थिक पत्रिकाले पनि सम्झौता विपरीत रेट बिगारेर बजारमा गयो। यसपछि अरु मिडियाहरुले पनि रेट बिगारेर बजारमा फेरि अस्वस्थ प्रतिस्पर्धा गर्न थाले। उक्त सम्झौतामा नेपाली प्रिन्ट मिडियाले आफ्नो रेट १० वर्षअघि चलनचल्तीमा जे थियो त्यही कायम गरेर अघि बढ्नुपर्ने निष्कर्ष निकालेका थिए। किनभने सरकारले जनताको करबाट सिर्जित राजस्वबाट केही रकम विज्ञापनबाट नेपाली मिडियालाई दिने जो प्रशंसनीय कार्य गरेको थियो त्यसको ८० प्रतिशत रकम भ्रष्ट प्रशासकले नै खान्थे, टेबुल मुनिबाट। अस्वच्छ प्रतिस्पर्धाको भुमरीमा प्रकाशन गृहहरुलाई फसाएर कसले बढी कमिसन दिन्छ उसलाई विज्ञापन दिने कालो नियत प्रशासकहरुको थियो। उनीहरुको यो कर्तुत मिडिया जगत्को एकताबाट मात्र तोड्न सकिन्थ्यो। केही प्रिन्ट मिडियाका सञ्चालकहरुले यति सामान्य कुरा पनि बुझ्न सकेनन्। आफ्नै व्यवसायको बारेमा सोच्न सकेनन्। आफ्नै हित सोच्न नसक्ने यस्ता प्रिन्ट मिडियाले देश र जनतालाई कसरी सचेत र जानकार राख्न सक्लान् ? उनीहरुमा आधारभूत क्षमताकै अभाव देखियो।

अहिलेको विज्ञापन रेटमा कुनै पनि प्रिन्ट मिडिया बाँच्न सक्दैनन्। यो सत्य मिडियाकर्मी, निजी क्षेत्रका विज्ञापनदाता, सरकारी विज्ञापनदाता र नेपाल सरकारलाई पनि थाहा छ। विज्ञापनबाट मिडिया टिक्न नसक्ने भएपछि मिडिया टिकाउन ब्ल्याकमेल गर्ने र आर्थिक लाभ लिई समाचार लुकाउने बाहेक अरु उपाय हुँदैन। मिडिया पनि व्यापार हो र नाफा गर्नका लागि नै चलाइने पेसा हो। हो, राज्यको चौथो अंगको गरिमा कायम गर्न यसले नाफालाई प्राथमिकता दिनचाहिँ मिल्दैन। सबैजना चाहन्छन्- राम्रै काम गरेर कमाऊँ, तर जे गरे पनि बाँच्नै नसक्ने अवस्था आयो भने 'मर्ता क्या नहीं कर्ता' को अवस्था आउँछ। यो उसको बाध्यता हो। मिडियाले कागज-मसी किन्नै पर्‍यो। आफ्ना कर्मचारीलाई हरेक महिना तलब दिनै पर्‍यो। सरकारले केही गरेन, हामी आफैं मिलेर केही गरौं भन्दा पनि सीमित बेइमान मिडिया सञ्चालक र केही विज्ञापन एजेन्सीका कारण चार वर्ष लगाएर गरेको यो सम्झौताको अहिले केही अर्थ रहेन।

विज्ञापनको दर रेट भताभुंग भइसकेका कारण यसपालि मिडिया-मिडियाबीच द्वन्द्व हुने निश्चित छ। यसपालिको द्वन्द्व वार या पारको अवस्थामा आएर मात्र टुंगिनेछ। हरेक मिडियाको केही कर्पोरेट हाउस र राजनीतिक व्यक्ति वा शक्तिसँग राम्रो सम्बन्ध छ। मिडियाले उनीहरुलाई र उनीहरुले मिडियालाई परेको बेला एक-आपसमा सघाउने काम गरिरहेका हुन्छन्। एकले अर्कालाई संरक्षण पनि दिइरहेका हुन्छन्। यसपालिको मिडिया युद्ध प्रिन्ट मिडियाबाट शुरु हुनेछ। पहिला आफ्नो विज्ञापन दर रेट रचनात्मक तरिकाले बिगारेर अरुलाई समाप्त पार्ने रणनीतिबाट युद्ध शुरु हुनेछ। त्यसपछि अरु मिडियाको नजिक रहेका कर्पोरेट हाउसलाई ब्ल्याकमेल गर्न शुरु हुन्छ। यसले पूरा अर्थ बजारलाई नै नकारात्मक असर पुर्‍याउने र मिडियाको नै साख गिराउने छ।

मिडिया भनेको समाचार पस्कने र विज्ञापन संकलन गरेर चलाउने संस्था मात्र होइन, यो सबैको डेटा जम्मा गरेर बस्ने संस्था पनि हो। मिडियालाई धेरै मानिसको धेरै कुरा थाहा हुन्छ। उनीहरूको इतिहास र अवस्था थाहा हुन्छ। मिडिया सञ्चालकहरुले यो व्यापारी फलाना मिडियाको साथी, यो राजनीतिज्ञ फलानो मिडियाको शुभचिन्तक भनेर धेरै समाचारहरु लुकाइरहेको अवस्था छ। अब मिडिया युद्धको कारण धेरै कुरा जनतामाझ छताछुल्ल हुने निश्चित छ। यसले जनतालाई सत्य-तथ्य समाचार पाउने वातावरण त तयार गर्छ तर आम जनतामा असीम निराशा सिर्जना हुन्छ। अहिले नै यस्तो भ्रष्टाचारी देशमा के बस्ने भनेर ठूलो जमात विदेशतिर लागिरहेछ, सर्वत्र भ्रष्टाचार देख्ने-देखाउने अभ्यासले व्यक्ति आफन्त र परिवारका आँखाबाट पनि गिर्नेछ।

नेपाली मिडियामा व्यापारिक मानसिकता भन्दा पनि पत्रकार र कर्मचारी मानसिकता भएका सञ्चालकहरूको हाबी भएकै कारण यो सम्झौताले पनि व्यावसायिक रूप लिन सकेन। यी सञ्चालकहरूले क्षणिक लाभ मात्र सोचेका कारणले मिडिया इन्डस्ट्री स्थापित हुनै सकेन। व्यवसाय गर्दा दीर्घकालीन सोच राखिन्छ। २ देखि ५ वर्षको बिजनेस प्लान बनाएर घाटा सहने आँट र मुटु लिएर अगाडि जाने गर्नुपर्छ। तर, यहाँ एक महिना नै कम्पनी सञ्चालन गर्न पुँजी नभएका मिडिया सञ्चालकहरू बढी भएका कारण एक हप्ता पनि ऐतिहासिक सम्झौतामा अडान राख्न सकेनन्। रेटमा अडान लिन नसक्नुको जिम्मेवारी सञ्चालकले नै लिनुपर्ने हुन्छ, कर्मचारीलाई दोष दिएर उम्कने ठाउँ रहँदैन। मिडिया इन्डस्ट्री भनेको मिडियाको ८५ प्रतिशत र विज्ञापन एजेन्सीको १५ प्रतिशत हो। केही विज्ञापन एजेन्सीहरुले आफ्नो स्वार्थका लागि मिडियालाई जहिल्यै 'प्राइस-वार' गराइराख्ने प्रवृत्ति सबैका लागि घातक छ। गलत अभ्यासलाई निरन्तरता दिएर एजेन्सी चलाइराख्ने विज्ञापन एजेन्सीको प्रवृत्ति पनि राम्रो होइन।

हामीले आफ्नो ४०औं वार्षिक उत्सवमा 'के नेपाली मिडिया चुकेकै हो ?' भन्ने विषयमा १ सय ३२ पृष्ठ ब्रोडसिट साइजमा नेपाल समाचारपत्र प्रकाशित गरेर इतिहास बनाएको यहाँहरुलाई अवगत नै छ। पाठक, विज्ञापनदाता, आन्तरिक कर्मचारी सबैको एकीकृत मेहनतका कारण त्यो सम्भव भएको थियो। हाम्रो ४१औं वर्षको यात्रा पनि त्यसरी नै सफल हुने विश्वासका साथ मिडिया युद्धमा सत्यको पक्षलाई साथ दिन पनि सबैमा सादर अनुरोध गर्दछौं।

हाम्रो लागि मिडिया हाउस भनेको मन्दिर हो। कामना परिवारको तीन पुस्ताको त्याग र समर्पण हो। कामना न्यूज पब्लिकेसन्स् जहिले पनि लो प्रोफाइलमा बस्न रुचाउने सञ्चार गृह भएका कारण यो वर्ष सम्पदा, संस्कृति र संस्कार जोगाउनतिर लाग्ने अभ्यासमा छ। यस वर्ष हामी धेरै सम्पदाहरूको डकुमेन्टेसन गर्छौं र दिन-रात खटेर संस्कृति, सम्पदा जोगाउन योगदान गरिरहेका योद्धाहरुको प्रेरक कथा पाठकमाझ पस्कनेछौं। हामी कला, संस्कृति, साहित्य, संगीत, चलचित्र जस्ता मुलुकलाई पहिचान दिने सम्पदातिर नै बढी ध्यान दिएर बस्नेछौं।

दिरेक लाल श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत तथा
प्रबन्ध सम्पादक

संविधान संशोधनको बहस

दलीय सहमतिसहित सर्वस्वीकार्य बनाउन सम्भव होला ?

जीवन शर्मा, काठमाडौं

संविधान जारी भएको दश वर्षमा पुनरावलोकन गरिने व्यवस्था संविधानमै उल्लेख भएअनुसार यति बेला संविधान संशोधनको बहसले आकार लिएको छ। सत्ता परिवर्तनको मूल एजेन्डा नै स्थिर सरकारका लागि संविधान संशोधन गर्ने संसद्का प्रमुख दल नेपाली कांग्रेस-नेकपा एमालेबीच भएको सहमतिअनुसार संविधान संशोधन बहसको विषय बनेको हो।

गत १७ असारमा भएको दुई दलीय सहमति कार्यान्वयन गर्ने विषयमा सरकार पक्ष गम्भीर भएको नेताहरुले बताएका छन्। राजनीतिक अस्थिरताको एउटा कारक संविधान नै भएको निष्कर्ष निकालेका दलहरुले संविधान पुनरावलोकन आवश्यक ठाने पनि मिहिन छलफल भने हुन सकेको छैन। यद्यपि संविधान संशोधनका लागि दलीय सहमतिको विकल्प नभएको नेतादेखि संविधानका विज्ञहरुको भनाइ छ। संविधान संशोधनका लागि संसद्का मूल राजनीतिक दलहरु एक ठाउँ आउनुपर्ने सत्तारूढ नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले बताउनुभयो। 'संसद्मा प्रतिनिधित्व गर्ने सबै दलहरुको साझा सहमतिमा संविधानका अपूरा विषयहरु पुनरावलोकन हुनुपर्छ त्यही हुन्छ', थापाले भन्नुभयो- 'संविधान संशोधनको विषयमा पहिले नेपाली कांग्रेस र एमालेबीच साझा धारणा बन्ने र त्यसपछि अन्य दलहरुसँग छलफल गर्ने योजना रहेको छ।' दुई ठूला दलको सातबुँदे सहमतिलाई संस्थागत गर्न नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बीच राजनीतिक संयन्त्र बनेको उहाँको भनाइ छ।

गत असार १७ मा कांग्रेस-एमालेबीच भएको सातबुँदे सहमतिमै संविधान संशोधन गर्न र राजनीतिक स्थायित्वका लागि संसद्का दुई ठूला दल मिलेर सरकार बनाउने सहमति गरेका थिए। उक्त सहमतिलाई कार्यान्वयन गर्दै संविधान संशोधनका विषयलाई अघि बढाउनुपर्ने उनीहरुमाथि दबाब बढेको छ। संविधान संशोधनका सन्दर्भमा राप्रपाले एकता महाधिवेशनबाटै पारित गरेको उक्त दलका वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङले बताउनुभयो।

(क्रमशः पृष्ठ ५ मा)

आज स्थानीय तह उपनिर्वाचन

३ सय ७६ उम्मेदवार प्रतिस्पर्धामा

सुनील महर्जन, काठमाडौं

आज आइतबार हुने स्थानीय तहको उपनिर्वाचनमा २० राजनीतिक दल र स्वतन्त्र गरी ३ सय ७६ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन्।

बिहान ७ देखि अपरान्ह ५ बजेसम्म मतदान हुनेछ। नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ गरी ४१ पदका लागि उपनिर्वाचन हुन लागेको हो।

निर्वाचन आयोगका अनुसार उपनिर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको छ। निर्वाचनका लागि प्राविधिक, व्यवस्थापकीय पूरा भएको छ। स्वच्छ, निष्पक्ष र धाँधलीरहित तवरमा निर्वाचन सम्पन्न गर्नका लागि शान्तिसुरक्षाको व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

(क्रमशः पृष्ठ ५ मा)

बहुप्रतीक्षित फ्रेन्चाइजी टी-२० एनपीएल शुरु

काठमाडौं, (नेस)

बहुप्रतीक्षित र नेपालकै सबैभन्दा बढी महँगो खेलकुद प्रतियोगिता नेपाल प्रिमियर लिग (एनपीएल) टी-२० शुरु भएको छ। 'एनपीएल-फेस्टिभल अफ हिमालयज' नाराका साथ कीर्तिपुरस्थित त्रिवि मैदानमा शनिबार भव्यरूपमा प्रतियोगिता शुरु भएको हो। यसले नेपाली क्रिकेटमा नयाँ अध्याय थप्ने विश्वास गर्न सकिन्छ। शनिबार भव्यका साथ शुरु भएको उद्घाटन खेलमा जनकपुर बोल्ट्सले विराटनगर किंग्सलाई ८ विकेटले पराजित गर्‍यो। यो खेल हेर्न दर्शक मैदानभित्र र मैदानबाहिर ठूलो संख्यामा रहेका थिए।

(क्रमशः पृष्ठ ५ मा)



सम्पादकीय

संस्कृति र सम्पदा संरक्षणमा हाम्रो अभियान

कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका अवसरमा यसपटक हामीले प्रकाशन गर्ने विशेषांकको प्रमुख विषय नै संस्कृति र सम्पदा संरक्षणलाई बनाएका छौं। आदरणीय पाठकवृन्द, हरेक मुलुकको आफ्नै मौलिक सभ्यता, संस्कृति, सम्पदा र संस्कार हुन्छ। सभ्यता, संस्कृति, सम्पदा र इतिहास नै त्यो मुलुकको परिचय र राष्ट्रिय गौरवको विषय पनि हो। त्यसैले पनि हामीले विशेष जिम्मेवारीबोधका साथ संस्कृति र सम्पदा संरक्षणको विषयलाई उठान गरेका हौं। हाम्रो यो विशेषांकमा संस्कृति र सम्पदा संरक्षणका विभिन्न विषयलाई प्राथमिकता दिई संस्कृति र सम्पदा संरक्षणमा लामो समयदेखि समर्पित हुँदै आइरहेका व्यक्तित्वको भूमिका एवं योगदानलाई कदर गर्दै उनीहरूका गाथालाई समावेश गरेका छौं। हाम्रो मुख्य लक्ष्य भनेकै सबै पक्षबाट संस्कृति र सम्पदाको संरक्षण निरन्तररुपमा भइरहनुपर्छ भन्ने नै हो। यदि हामीले हाम्रो संस्कृति र सम्पदा गुमायौं भने त्यससँगसँगै मुलुकको पहिचान पनि गुमाउँछौं। जब मुलुकको पहिचान नै गुमायौं भने त्यति बेला हामी र हाम्रो मुलुकको अवस्था के होला ? त्यसैले मुलुकको पहिचानलाई सदा-सदा स्थापित गरिरहन र गौरवगाथालाई जोगाउन पनि संस्कृति र सम्पदाको संरक्षण अपरिहार्य रहन्छ भन्ने हाम्रो विश्लेषण र ठहर हो।

संस्कृति हाम्रो सुन्दरता हो, संस्कृति हाम्रो परिचय हो र बहुमूल्य गहना पनि। विश्वका अति प्राचीन मुलुकमा पर्ने नेपालको आफ्नै विशेषता छ। नेपालको भौगोलिक बनावट, धर्म, संस्कृति, परम्परा, इतिहास र पौराणिक कालसम्म जोडिएको चर्चा-परिचयले हाम्रो सभ्यता स्रोतको गहिराइ अनुमान गर्न सकिन्छ। काठमाडौं उपत्यका त झनै संस्कृति र सम्पदाको खानी नै हो। मन्दिर नै मन्दिरको शहर भनेर चिनिने काठमाडौंलगायत सिंगो मुलुक नै हाम्रो संस्कृति, धर्म र सम्पदाको खानी हो। यहाँका हरेक ढुंगामा देवताको बास छ, प्रत्येक नदीमा धर्मको सुगन्ध छ। यहाँका प्रत्येक डाँडा-थुम्कामा आस्थाको प्रतीक छ। जहाँ गयो त्यहीं संस्कृति र सम्पदाको मुहान छ। विश्वका चर्चित अनुसन्धानकर्ताहरूले समेत यहाँको कला, संस्कृति र सम्पदाको अनुसन्धान गर्दा निकै चाख दिएर गर्ने गरेको पाइन्छ। नेपालको सभ्यता यिनै कला, संस्कृति र सम्पदासँग जोडिएको छ। यस प्रकारको हाम्रो सभ्यताको धरोहरको रुपमा रहेको संस्कृति र सम्पदाको संरक्षणमा सरकार तथा हामी सबै नागरिकले जुन रुपमा चासो दिनुपर्ने हो त्यो रुपमा दिन सकेका छैनौं। युवाशक्ति देशका ऊर्जा भएकाले युवाशक्तिले पिता-पुर्खाले बचाउँदै आएको संस्कृति र सम्पदालाई जोगाउन कम्मर कसेर लाग्नुपर्ने बेला आएको छ।

राज्यको चौथो अंगको रुपमा रहेको मिडिया क्षेत्रले पनि संस्कृति र सम्पदा संरक्षणलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने बेला आएको छ। त्यसैले हामीले यही तथ्यलाई आत्मसात् गरी संस्कृति र सम्पदा संरक्षणका अगुवा तथा नायकहरूलाई उत्प्रेरित गर्दै उनीहरूलाई आगामी दिनमा यो अभियानमा लाग्न थप अभिप्रेरित गर्ने गरी यो विशेषांक प्रकाशन गरेका हौं। मिडिया क्षेत्रको भीडमा पृथक पहिचान बनाउँदै आइरहेको सिंगो कामना न्यूज पब्लिकेसन्स् र यहाँबाट प्रकाशित नेपाल समाचारपत्र दैनिकले संस्कृति र सम्पदा संरक्षणको अभियानलाई विगतदेखि नै प्रमुख प्राथमिकतामा राख्दै आइरहेको विदित नै छ। आगामी दिनमा पनि हामी यो अभियानलाई अझै जीवन्त र बुलन्द किसिमले अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं। संस्कृति र सम्पदालाई मुलुकको समृद्धिसँग जोड्ने प्रशस्त संभावना हुँदाहुँदै पनि त्यसतर्फ सरकारी निकायले कुनै चासो दिन नसक्नु दुःखद छ। अब सरकारले पनि गम्भीर भएर सोच्नै पर्छ। सरकारले संस्कृति र सम्पदा संरक्षणका लागि नियमितरुपमा नै विशेष कार्यक्रम ल्याएर त्यसलाई सशक्त अभियानका रुपमा अगाडि बढाउनु अहिलेको अहं आवश्यकता हो। अर्कोतर्फ संस्कृति तथा सम्पदा संरक्षण कुनै एक पक्षको मात्र जिम्मेवारी होइन, संस्कृति कुनै एक क्षेत्र, जात, धर्म, सम्प्रदायको मात्रै पनि होइन। यो साझा सम्पत्तिको संरक्षणमा प्रत्येक नेपालीको पनि साझा दायित्व रहन्छ। यो दायित्व निर्वाह गर्न सबै सचेत हुनै पर्छ।

सनातन धर्म-संस्कृतिको संरक्षणमा ज्योतिष

सूर्यप्रसाद अर्याल

> “चाडपर्व, संस्कार, संस्कृति जोगाउन ज्योतिष तथा धर्मशास्त्रविद्हरू संस्थागत तथा व्यक्तिगतरूपमा लागिपरेका छन्। ज्योतिषमा समावेशी रहेको समिति छ। कुनै जातजाति, लिंग नछुट्याई समिति बनेका छन्। विभिन्न देशमा नेपालले नै नेतृत्व लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिहरू बनेका छन्। प्रदेश तथा जिल्ला समितिहरू पनि सक्रिय छन्।”

सनातन धर्म, संस्कृति, संस्कार जोगाउन व्यक्तिगत तथा संस्थागत रूपमा लागिपर्ने धेरै छन्। उनीहरूले हाम्रा धरोहरका रूपमा रहेका धर्म, संस्कृति, संस्कार, भाषा, भेषभूषा, चाडपर्व, ऐतिहासिक सम्पदा, कला आदिको संरक्षण गरिरहेका छन्।

चाडपर्व, संस्कार, संस्कृति जोगाउन ज्योतिष तथा धर्मशास्त्रविद्हरू संस्थागत तथा व्यक्तिगतरूपमा लागिपरेका छन्। ज्योतिषमा समावेशी रहेको समिति छ। कुनै जातजाति, लिंग नछुट्याई समिति बनेका छन्। विभिन्न देशमा नेपालले नै नेतृत्व लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समितिहरू बनेका छन्। प्रदेश तथा जिल्ला समितिहरू पनि सक्रिय छन्।

विश्व ज्योतिष महासंघ, दक्षिण एसियाली ज्योतिष महासंघ, नेपाल ज्योतिष परिषद् लगायत संस्थाले नेपालमा काम गरिरहेका छन्। यी संस्थाले हस्तरेखा, तन्त्र विज्ञान, वास्तुशास्त्र, सिद्धान्त ज्योतिष, फलित ज्योतिष क्षेत्रलाई मध्यनजर गर्दै काम गरिरहेका छन्। विश्व ज्योतिष महासंघमा एसिया, युरोप, अमेरिका लगायत राष्ट्रबाट प्रतिनिधित्व गरेर कार्य गरिरहेका छन्। दक्षिण एसियाली ज्योतिष महासंघमा दक्षिण एसियाका राष्ट्रबाट प्रतिनिधित्व भइरहेको छ। यी दुवै संस्थाको नेतृत्व नेपालीले नै गरिरहेका छन् र प्रधान कार्यालय पनि नेपालमै रहेको छ।

नेपाल ज्योतिष परिषद्ले भने नेपालभित्र मात्रै काम गरिरहेको छ। यो संस्था तल्लो तह मानिने स्थानीय तहसम्म गठन गरिएको छ। यी संस्था स्थापनादेखि नै डाक्टर लोकराज पौडेलले हालसम्म महत्वपूर्ण भूमिका खेल्नुभएको छ।

विश्व ज्योतिष महासंघ :

विश्व ज्योतिष महासंघको प्रधान कार्यालय काठमाडौंको डिल्लीबजारमा रहेको छ। यसको अध्यक्ष डाक्टर लोकराज पौडेल हुनुहुन्छ। उहाँ पञ्चाङ्गकार पनि हुनुहुन्छ। पौडेल नेपाल ज्योतिष परिषद्को संस्थापक अध्यक्ष, दक्षिण एसियाली ज्योतिष महासंघको पूर्वअध्यक्ष तथा हाल मार्गदर्शन हुनुहुन्छ। विश्व ज्योतिष महासंघको कार्यक्षेत्र विश्वमा रहेका देशहरूमा रहेको छ। ज्योतिषीहरूलाई एकबद्ध गर्दै संगठन निर्माण गर्ने र ज्योतिषीहरूलाई एकसूत्रमा बाँध्ने काम उहाँले गर्न‘भएको छ।

हाल यो संस्था २४ देशमा क्रियाशील छ। यसको आजीवन सदस्य ३५ देशका छन्। विश्व ज्योतिष महासंघले अन्तर्राष्ट्रिय पञ्चाङ्ग निर्णायक समिति बनाएको छ। अमेरिका, क्यानडा, अस्ट्रेलिया र न्युजिल्यान्डबाट यस संस्थाले पञ्चाङ्ग गणना गरेर पञ्चाङ्ग पात्रो प्रकाशन गर्दै आएको छ। त्यस्तै, विश्वमा रहेका ३० वटाभन्दा बढी देशको दशैं, तिहार लगायतका चाडपर्वको शुभसाइत निकाल्ने गरेको छ। यसले देश तथा स्थान अनुसार कुन दिन तथा समयमा पूजाआजा गर्ने, टीका-प्रसाद ग्रहण गर्ने, व्रत बस्ने, श्राद्ध आदि कर्म गर्ने लगायतका मुहूर्त छुट्याउने गरेको छ। जसले गर्दा आम मानिसलाई जुन देश तथा स्थानमा रहे पनि सहज रूपमा आफ्ना चाडपर्व मान्न, संस्कार गर्न सहज भएको छ।

भारत, बंगलादेश, श्रीलंका, अस्ट्रेलिया, अमेरिका, भियतनाम, क्यानाडा लगायत देशमा महासंघले जनस्तरमा राम्रो प्रभाव पारेको छ। डा. पौडेलले विभिन्न देशमा राष्ट्रिय समितिका साथै प्रन्तीय समिति बनाउनुभएको छ। त्यस्तै, महिला विभाग, युवा विभाग, वास्तु विभाग, धर्मशास्त्र विभाग, तन्त्र विभाग आदि विभाग बनाएर यस क्षेत्रको श्रीवृद्धिका लागि काम गरिरहनुभएको छ। २०५२ सालमा काठमाडौंको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा अन्तर्राष्ट्रिय ज्योतिष सम्मेलन हुँदा नेपालमा प्रधान कार्यालय रहने गरी विश्व ज्योतिष महासंघ गठन गरिको थियो।

त्यसै गरी, दक्षिण एसियाली ज्योतिष महासंघ नेपालमै दर्ता भई क्रियाशील रहेको छ। केन्द्रीय समितिको अध्यक्ष डा. सहदेव विष्ट हुनुहुन्छ भने यसको अन्तर्राष्ट्रिय समितिको सभापति आचार्य लक्ष्मण पन्थी हुनुहुन्छ। विभिन्न देशका प्रतिनिधित्व हुने गरी उपाध्यक्षहरू, विभिन्न देशका प्रतिनिधित्व हुने गरी पदाधिकारी सदस्यहरू रहेका छन्। महासंघको अन्तर्राष्ट्रिय पञ्चाङ्ग निर्णायक समितिमा सभापतिमा डाक्टर माधव भट्टराई, सदस्य-सचिवमा आचार्य लक्ष्मण पन्थी, सदस्यहरूमा प्राध्यापक डा. पुरुषोत्तम भट्टराई, पण्डित सूर्यप्रसाद ढुंगेल हुनुहुन्छ। त्यस्तै, सल्लाहकारमा प्राध्यापक डा. रामचन्द्र गौतम, प्राध्यापक श्रीकृष्ण अधिकारी लगायतका रहेएका छन्।

दक्षिण एसियाली ज्योतिष महासंघमा सार्क राष्ट्रहरू सम्मिलत छन्। नेपाल, भारत, बंगलादेश, श्रीलंका, भुटानमा राष्ट्रिय समिति तथा प्रदेश समितिहरू क्रियाशील छन्। अफगानिस्तान, पाकिस्तान माल्दिभ्स लगायतका देशमा आजीवन सदस्य बनाएर संयोजकमार्फ ज्योतिषीय कार्यहरू भइरहेका छन्।

दक्षिण एसियाली ज्योतिष महासंघले नेपाल, भारत, बंगलादेश, मौरिसस, थाइल्यान्ड, दुबई, मलेसिया, इन्डोनेसिया, स्थानाबुलको तास्कन्द लगायत स्थानमा अन्तर्राष्ट्रिय गोष्ठी तथा सम्मेलन गरिसकेका छ। महासंघले सम्मेलनमा विभिन्न देशका विद्वान्हरूलाई सहभागी गराई कार्यपत्र प्रस्तुत गरेर सोही अनुसारको प्रतिवेदन तयार गर्ने गरेको छ। २०६० साल वैशाख ५ गते पण्डित धर्मराज रेग्मीले यस संस्थाको स्थापना गर्न‘भएको थियो।

हाल दक्षिण एसियाली ज्योतिष महासंघले विभिन्न अनुसन्धानमूलक जर्नलहरू प्रकाशन गर्दै आइरहेको छ। अनुसन्धानमूलक जर्नल मन्दाकिनीको प्रधान सम्पादकमा आचार्य पन्थी हुनुहुन्छ। नेपालको राष्ट्रिय समितिको सभापतिमा पण्डित खिलनाथ काफ्ले हुनुहुन्छ। राष्ट्रिय समितिले वास्तु ज्योतिषसँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्मेलनहरू नेपालमा गर्दै आइरहेको छ।

नेपाल ज्योतिष परिषद् :

नेपाल ज्योतिष परिषद् नेपालको अध्यक्ष हुनुहुन्छ- ज्योतिषी पण्डित केशवप्रसाद धिताल। यो नेपालको ज्योतिषीय तथा धार्मिक संस्थाहरूमध्ये सबैभन्दा ठूलो संस्था हो। यसको ७७ वटै जिल्ला समिति, सातै प्रदेश समिति, विभिन्न विभाग क्रियाशील रहेका छन्। नेपाल ज्योतिष परिषद्ले नेपालका ज्योतिषीहरूलाई एक ठाउँमा राखेर जनहितमा काम गरिरहेको छ। यस संस्थाले ज्योतिषीहरूलाई आचारसंहितामा रहेर काम गर्न प्रोत्साहन गर्ने रहेको छ।

२०५५ पुस २४ गते डा. लोकराज पौडेलको अध्यक्षतामा यो संस्था स्थापना भएको थियो। परिषद्मा विश्वविद्यालयका प्राध्यापक, विभिन्न विद्वान्हरूको आबद्धता रहेको छ।

पञ्चाङ्ग निर्णायक विकास समिति :

पञ्चाङ्ग निर्णायक विकास समिति नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहेको छ। यसको अध्यक्ष प्राध्यापक श्रीकृष्ण अधिकारी हुनुहुन्छ। यो समिति सरकारी निकाय हो। यसले भित्तेपात्रो तथा पञ्चाङ्ग पात्रोहरूलाई स्वीकृत प्रदान गर्ने गर्दछ।

समितिले पञ्चाङ्ग निर्माण गर्ने, चाडबाडहरूको निर्णय गर्ने, विभिन्न मुहूर्त निर्णय गर्ने र पञ्चाङ्गलाई स्वीकृत प्रदान गर्ने काम गर्दछ। यसले विभिन्न चाडहरूको शुभसाइत, मुहूर्त निर्णय गर्ने, विभिन्न विद्वान्हरूलाई राखेर विवादित कुराहरूको समाधान गर्ने गर्दछ। यसको सदस्य-सचिवमा पण्डित सूर्यप्रसाद ढुंगेल हुनुहुन्छ। सदस्यहरूमा आचार्य लक्ष्मण पन्थी, प्राडा देवमणि भट्टराई ज्योतिषी वासुदेव कृष्ण शास्त्री, सहप्राध्यापक तनुजा दाहाल, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट उपसचिव प्रतिनिधि रहने गरी समिति रहेको छ। समितिले पण्डित तथा ज्योतिषीहरूलाई नियमन पनि गर्ने गर्दछ।

समितिले विभिन्न समयमा कर्मकाण्डको प्रशिक्षण ज्योतिषको प्रशिक्षण दिने कार्य पनि गरिरहेको छ। यसले धार्मिक संस्थाहरू, ज्योतिषीय संघ-संस्थाहरू तथा पण्डितहरूलाई नियमन गर्ने काम गर्दछ। समितिले ज्योतिषी तथा पण्डितको आचारसंहिता निर्माण गर्ने काम पनि गर्दछ। ज्योतिषीहरूलाई लाइसेन्स प्रदान गर्ने कामको पनि यसले थालनी गर्न लागेको छ।

समितिले नेपाल संस्कृत विश्वविद्यालयका प्राध्यापक, धर्मशास्त्रका विद्वान्, फलित ज्योतिष, सिद्धान्त ज्योतिषका विद्वान्हरूलाई राखेर चाडबाड, जात्रा पर्व तथा मुहूर्तको निर्णय गर्ने गरेको छ। साथै, विभिन्न क्षेत्र, समुदाय (गुरुङ, तामाङ, नेवार समुदाय) लगायत जातजातिका पर्वहरूको विषयमा विद्वान्हरूसँग छलफल गरी निर्क्योल गर्ने गरेको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको कार्यालय नारायणहिटी दरबारभित्र रहेको छ।

पञ्चाङ्गकारको योगदान अतुलनीय :

पञ्चाङ्गकारहरूले धर्म, संस्कृति, चाडबाड मनाउन खेलेको भूमिका अतुलनीय छ। उनीहरूले खगोलको गणना गरेर नेपालमा पञ्चाङ्ग पात्रो प्रकाशन गर्ने गरेका छन्। जम्मा १५ जना पञ्चाङ्गकारले नेपालमा पञ्चाङ्ग पात्रो प्रकाशन गर्ने गरेका छन्। उनीहरूले गणना गरेको पञ्चाङ्गलाई पञ्चाङ्ग निर्णायक विकास समितिले छलफल गरी स्वीकृति दिने गरेको छ। त्यसपछि मात्र बजारमा पञ्चाङ्ग पात्रो जाने गरेको छ।

२०८१ सालमा स्वीकृति पञ्चाङ्ग

पञ्चाङ्गकार	पञ्चाङ्ग
डा. लोकराज पौडेल	आकाश-दर्शन पञ्चाङ्ग
श्रीकेश कौशिक	बाबा गोरखनाथ पञ्चाङ्ग
सूर्यनाथ पन्त	श्री तोयानाथ पञ्चाङ्ग
शिवराम (शर्मा) सापकोटा	बाबुराम पञ्चाङ्ग
मुरारिराज पाण्डे	नरनाथ पञ्चाङ्ग
डा. विश्वनाथ त्रिपाठी	हिमाल पञ्चाङ्ग
डिलाराज जोशी	अठोला पञ्चाङ्ग
दिव्यपुरुष ढकाल	तारकेश्वर पञ्चाङ्ग
सुबोध ढुंगेल	सूर्य पञ्चाङ्ग
शशिधर जोशी	बगलामुखी पञ्चाङ्ग
दामोदर अँठोला जोशी	शुभ पञ्चाङ्ग
कीर्तिकिरण जोशी	कीर्ति पञ्चाङ्ग
सिद्धिलक्ष्मी व्यञ्जनकार	सिद्धि पञ्चाङ्ग
चेतराज उपाध्याय	खप्तड तारानाथ पञ्चाङ्ग
नारायणप्रसाद नेपाल	गौरीशंकर पञ्चाङ्ग

प्रदूषणको बढ्दो चिन्ता : कोप-३० ब्राजिलमा

अच्युतप्रसाद पौडेल 'चिन्तन'

जलवायु संकट समाधानका लागि बसेको विश्वको सशक्त संगठन कोपको २९ औं बैठक खासै उपलब्धिविना सकिएको छ। अजरबैजानको बाकुमा भएको यो सम्मेलनपछि अबको अर्को सम्मेलन कोप-३० ब्राजिलमा हुनेछ। धनी देशहरूको आफ्नै ढर्रा छ। गरिब, अल्पविकसित, विकासोन्मुख देशहरूका आफ्नै समस्या छन्। वातावरण, जलवायु परिवर्तनको संकट बढ्दै आएकाले सबैलाई पिरलो नै छ। जीवाष्म इन्धन, कोइला उत्सर्जन, औद्योगिक कल कारखानाका कारण विश्वको मौसम अहिले अनुकूल छैन। कोइला उत्पादक धनी देश छिमेकी भारतको दिल्ली अहिले चरम वायु प्रदूषणमा छ।

दिल्लीमा अटोमोबाइल कारखानाहरू बन्द छन्। डिजेल प्रयोग हुने धेरै कारखानाहरू बन्द छन्। विद्यालयलाई बिदा दिएर अनलाइन कक्षा सञ्चालन भइरहेको छ। हाम्रो वायु प्रदूषण विश्वको छैटौं नम्बरमा परेको छ। यसअघि धेरै पटक अग्रपंक्तिमै परेको हो। काठमाडौंलगायत विभिन्न हाम्रा शहरहरू तीव्र प्रदूषणमा छन् र मंसिर महिनासँगै मौसम अनुकूल भइरहेको छैन। जलवायु संकटले हाम्रा दिनहरू खासगरी असौज महिना कसरी व्यतीत भए, हामी भुक्तभोगी छौं। कमजोर पूर्वाधार, गलेका सडक, कार्तिक महिनाभरिको सडक दुर्घटनाहरूले हामीलाई नराम्ररी चिमोटेको छ र मंसिर आरम्भसँगै प्रदूषणको चिन्ता थपिएको छ। हिउँद यसै पनि पानी कम पर्ने समय, ध्वनि, वायु प्रदूषण अधिक हुन्छ नै। यो क्रम आउने चार महिनासम्म रहने र फेरि मौसम परिवर्तनसँगै हामीलाई हावाहुरी, चट्याङले सताउने नै छ। अतीतदेखि नै हामी प्राकृतिक दुर्घटनाहरूबाट मर्माहत भएकै हौं, राज्यको ध्यान यसतर्फ गएको छैन र हरेक मौसम हाम्रो राजनीति केन्द्रित हुन्छ। यसै महिनामा उपचुनाव हुँदै छ। चुनाव प्रचार सामग्रीहरूबाट पनि वायुमण्डल बिग्रेको हो अतीतमा।

कोपमा अहिले १९७ राष्ट्रहरू छन्, हामी पनि छौं। कोप सम्मेलन बाकुमा निम्तो थियो हामीलाई ३ जनाको, तर ३० जनाको लर्को गयौं। राष्ट्रपतिले भाषण पनि गरे। हामी भीक्षार्थी भएका छौं। हामीले जलवायु परिवर्तनको संकट धेरै भोगेका छौं। यद्यपि हामीसँगै जीवाष्म इन्धन, कोइलाको प्रयोग वा ठूला उद्योग, कल कारखानाहरू छैनन् र भनिरहेका छौं हामीले भोगेको संकटका लागि क्षतिपूर्ति आवश्यक छ। कोपमा क्षतिपूर्ति कोष छ। त्यसमा धनी देशहरूले रकम पनि राखेका छन्। त्यो रकम हामीले पाउनुपर्छ भन्दै संसारकै अगाडि दलील पेस गर्दै छौं र संयुक्त राष्ट्र संघका महसचिव गुटरेस गुहार्दै छौं। गतवर्ष उनी यहाँ आएर यहाँका हिमालहरूमा भइरहेको संकट हेरेका पनि छन्। कोपको विस्तृत रुप कन्फरेन्स अफ् पार्टिज हो। सन् १९९२ मा शुरुमा जलवायु परिवर्तन संकट समाधानका बारे सहभागी राष्ट्रहरू जम्मा भए, हस्ताक्षर गरे, तिनै हुन् पक्ष राष्ट्रहरू। धेरै देशहरू यसमा हालसम्म खटेर लागेका छन् तर संकट चुलिँदै छ। पश्चिमा धनी देशरुले अहिले नयाँ कोइला उत्सर्जन नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। बेलायत, फ्रान्स, जर्मनी, क्यानडा, अस्ट्रेलियालगायत २५ देशहरूले अत्यधिक प्रदूषणकारी जीवाष्म इन्धनको प्रयोग चरणबद्धरुपमा घटाउने भनेका छन्। कोइलाजन्य विद्युत् संयन्त्रहरू नथप्ने भनेका छन्। नबनाउने प्रतिबद्धता व्यक्त गरेका छन्। तर चीन, भारत, अमेरिका विश्वका ठूला औद्योगिक राष्ट्रहरूले यसमा हस्ताक्षर गरेनन्। हस्ताक्षर बाध्यकारी पनि छैन र पहिले युरोपियन युनियन ईयुले ऐतिहासक प्रतिबद्धता गतवर्ष नै गरेको हो। तर कोइला उत्पादन र प्रयोग बढिने रहेको छ। चीन, भारत, अमेरिकाजस्ता अधिक औद्योगिक देशहरूले यसपालिको कल टु एक्सनमा हस्ताक्षर नहुनु भनेको हात्ती आयो हात्ती आयो फुस्साफैं भएको छ, कोप-२९ बैठक।

प्रदूषणको असर व्यापक छ हामीकहाँ। गतवर्ष चैत्र २८ को हावाको मापन हेर्दा संसारकै प्रदूषित देखियो काठमाडौं। एक्युआई २६५ रह्यो, ३ सय बढी भए त संकटकाल नै हुन्छ। एकदिनअघिको मापन गर्दा संसारको पहिलो दिल्ली शहर थियो, दोस्रो थाइल्यान्डको च्याँग्माई शहर र तेस्रो हाम्रो राजधानी काठमाडौं। भारत जसले हस्ताक्षर गरेन दिल्ली त प्रदूषणको चपेटामा पहिले पनि परेको हो, एक्युआई ४८२ रेकर्ड भइरहँदा सवारीसाधनमा जोर-बिजोर प्रणाली, विद्यालय बन्द भएको अवस्था हो अतीतमा पनि। धेरै कारणले वायु प्रदूषित हुन्छ, उद्योग कलकारखाना, थोत्रा गाडी, आगजनी र डढेलो, फोहोर व्यवस्थापन गर्न नसक्नु आदि। जनताको घाँटीमा बल्छी हाल्न हाम्रा ३ तहका सरकार सक्रिय छन् तर प्रदूषण नियन्त्रणमा यी उदासीन छन्। देशैभरि डढेलो, आगलागीका घटना नियन्वेषण गर्न गएका सेनाहरू नै मरे डोल्पामा। अन्य भूभाग बारा, अर्घाखाँची, रुकुम पश्चिम, पाल्पा, ओखलढुंगा, पोखरा, सर्लाही कैयन् स्थानहरूमा घर जले, धेरै सामान नष्ट भए। गृह मन्त्रालय विपद् न्यूनीकरण प्राधिकरणले एउटा तथ्यांक सार्वजनिक गरिदियो, बस् ०८० सालभरिमा आगलागीबाट मर्नेको संख्या १०२ पुग्यो, ३ हजार ७ सय ९५ बढी घटना घटे, आगलागीका। ४ हजार ७२५ घर परिवार प्रभावित भए, २ अर्ब ३३ करोड बढीको क्षति भयो। त्यसो त चट्याङबाटै ४३ जनाको मृत्यु, सर्पदंशबाट २० को मृत्यु, हिम पहिरोबाट १२ जना मरे। जंगली जनावरबाट ४३ जना मरे, वन डढेलोबाट मात्रै मर्ने पनि ५ जना बढी देखिए, कलैयामा विमान चलेन। हाम्रो नियति हो यो, बर्सेनि यस्ता घटना दोहोरिएका छन् र अभिभावक भनिएको राज्य कता छ, थाहा छैन, उसको काम अभिलेखीकरण गर्ने मात्रै भएको छ। अस्ति असौज ११, १२ गतेको दर्दनाक अवस्थालाई कसरी बिर्सने, राजधानीमै मान्छे मरे, बाढीले तमाम क्षेत्र डुबायो, नदीको जमिन आसपास थप २० मिटर छोड्न अदालतले परमादेश जारी गर्दा सरकार त्यसको भ्याकेटका लागि तम्सिएको छ, धेरै धनजनको क्षति हुँदा सहयोग ओइरो पनि लागेको छ र यसैमा व्यापार गर्ने हातहरू पनि हाम्रै भएका छन्, मानवीय संवेदनशीलता हराएको छ हाम्रो समाजमा पैसाबाहेक अरु नदेख्ने आँखाहरू छन् सबैतिर।

> “अजरबैजानको बाकुमा भएको यो सम्मेलनपछि अबको अर्को सम्मेलन कोप-३० ब्राजिलमा हुनेछ। धनी देशहरूको आफ्नै ढर्रा छ। गरिब, अल्पविकसित, विकासोन्मुख देशहरूका आफ्नै समस्या छन्। वातावरण, जलवायु परिवर्तनको संकट बढ्दै आएकाले सबैलाई पिरलो नै छ। जीवाष्म इन्धन, कोइला उत्सर्जन, औद्योगिक कल कारखानाका कारण विश्वको मौसम अहिले अनुकूल छैन।”

सेप्टेम्बरदेखि फेब्रुअरीसम्मको समय बढी जाडो हुने, वर्षा न्यून हुने भएकाले प्रदूषण वृद्धि हुने गर्छ भने दिल्लीले त कृत्रिम वर्षा गराउने पनि भनेको थियो पहिले। वात भन्नाले हावा र त्यसको ढकनी भन्नाले आवरण बुझिन्छ, वात र आवरण शब्दले वातावरण भनौं हामी वरिपरिको हावा भन्ने बुझिन्छ, जुन तीव्ररुपमा प्रदूषित छ। संविधानले हरेक नेपालीलाई स्वच्छ वातावरणको हकको व्यवस्था गरेको छ। संविधानमा व्यवस्था भएअनुसार पत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ। त्यस्तै वातावरणीय प्रदूषणबाट हुने क्षतिबापत पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति प्राप्त हुने उल्लेख छ। विकाससम्बन्धी कार्य र वातावरणबीच सन्तुलन गरिने पनि उल्लेख छ। प्रदूषणमुक्त वातावरण सन्तुलित र संरक्षित हुन धेरै विषयको ख्याल गर्नुपर्ने हुन्छ। वायु प्रदूषणका कारण वृद्ध, बालबालिका, गर्भवती महिलाहरू बढी आक्रान्त हुने गर्छन्। दम रोग, फोक्सो, मुटु, मस्तिष्क, क्यान्सरको समस्या, दीर्घ रोगीहरूका लागि त प्रदूषण घातक नै हो। झन् कोरोना र डिंगोपछि मानव स्वास्थ्य थप कमजोर छ। उद्योग, कल, कारखानाको धूलो, पुराना गाडी, मान्छेको भीड, खुल्ला ढल, हाम्रो बाटोको अवस्थाले प्रदूषणको यथार्थ अवस्था देखिन्छ।

विश्व स्वास्थ्य संगठनले वायुको गुणस्तरको मात्रा तोकेको तर तोकिएको भन्दा २५ गुणा खराब भएको काठमाडौंको वायुको गुणस्तर विश्वमै पहिलो भएको हो, बिर्सियो सबैले, संस्थागत मेमोरी नभएपछि खासै चासो हुन्न। वातावरण विभागले देशभर १४० स्थानमा डढेलो लागेको बारा, पर्सा, चितवन, काठमाडौंलगायत पूर्वी क्षेत्रमा वातावरण असहज भएको भन्यो, तर एक नम्बर भन्न उसले स्वीकारेन पोहोर साल। त्यसो त दक्षिण एसियामा सबैभन्दा प्रदूषणको समस्या छ, त्यसमा पनि भारतको दिल्लीलगायत अन्य केही भाग, अन्य क्षेत्र ढाका, हनोई, बैंककजस्ता शहरहरू बढी मारमा छन्। विश्वका १०१ शहरको वायुको मात्रा मापन गर्दा हाम्रो राजधानी काठमाडौंले अग्रणी स्थान ओगटेको हो।

प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापन र बुद्धिमतापूर्ण उपयोगमा जोड दिने, शहरी प्रदूषणलाई रोकथाम गर्ने र ग्रामीण क्षेत्रलाई स्वच्छ, सफा, हराभरा सुन्दर पारी स्वच्छ वातावरणमा मानिसहरूलाई बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गर्दै वातावरण व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्ने मूल उद्देश्य लिएर विगतका योजनाहरू प्रस्तुत भए। छैटौं पञ्चवर्षीय योजनाअवधिदेखि नै वातावरणप्रति सचेत हुँदै आएको हो। मुलुकले दर्शाएको अन्तर्राष्ट्रिय प्रतिबद्धता, वातावरणसम्बन्धी सन्धि, महासन्धिलाई अनुमोदन गर्दै दिगो विकासको अवधारणालाई आत्मसात् गर्ने भनियो। वातावरण निर्देशिका २०५३, वातावरण संरक्षण ऐन २०५३ र नियमावली २०५४ कार्यान्वयन हुँदै आएको हो, तर काम भने कर्मकाण्डी मात्रै भयो। सहस्राब्दी विकास लक्ष्य र नेपालको दिगो विकासको एजेन्डामा वातावरणीय पक्षलाई उच्च प्राथमिकता भनियो। स्थानीय स्तरमा वातावरण सुधार कार्यक्रम, जनचेतना अभिवृद्धिका कार्यक्रम, योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई समावेश गर्ने कार्य, वातावरण शिक्षातर्फ प्राथमिक तहदेखि विश्वविद्यालय स्तरसम्म शिक्षाको पठनपाठन चालू भएर राष्ट्रिय स्तरमा उच्च स्तरीय जनशक्ति उत्पादनका कार्यसम्म यस क्षेत्रबाट गरिने भनियो तर जति नीति र योजना बने, देश भने पछिल्तिर धकेलिन थाल्यो, सबै विषय गएर ठोक्किएको छ, अस्थिर राजनीतिमै। राजनीति दूषित छ। पछिल्ला दिनहरूमा देखिएका तमाम भ्रष्टाचारका केसहरूले पनि सोको पुष्टि गरेका छन्। देशमा उन्नत लोकतन्त्र र गणतन्त्र भनिरहँदा जनताको निद्रा भने हराम भएको छ। र, खाडीमा सुतेका छन् नेपालीहरू अनि आर्यघाटमा बन्दी बाकसमा आइरहेका छन्। अति सुन्दर देश नेपाललाई थप सुन्दर बनाउने भन्दा पनि गणतन्त्र, संघीयता, लोकतन्त्रका सम्बाहकहरू परिवारवाद, नातावाद र पैसामुखी अनि सुशासन र सेवाप्रवहामा उदासीन छन्, जनआक्रोश चुलिएको छ र भ्रष्टाचारको कुरा गर्दा अभियन्ताहरू नियन्त्रणमा परेका छन्, लोकतन्त्रमा निषेध सुहाउँदैन, पारदर्शिता, जिम्मेवारीबोध, योग्यता, विज्ञता र क्षमता नै लोकतन्त्रको आदर्श हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको काम सुस्त

बजारमा अखाद्य वस्तु छ्यापछ्याप्ती

नेपाल समाचारपत्र, काठमाडौं

सरकारले जनताको खाद्य अधिकारको प्रत्याभूत गर्ने उद्देश्यले वार्षिक करोडौं रुपियाँ लगानी गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको काम सुस्त देखिएको छ। गुनासो आएको ठाउँमा बाहेक कतै अनुगमनमा नजाँदा तरकारी, दूध, माछा, मासु, तेल, पानी, फास्टफुडलगायत खाद्य वस्तुमा मिसावट छ्यापछ्याप्ती देखिएको हो।

एक मात्र निकायको एकछत्र बजारमा भएका खाद्य वस्तुको परीक्षण गर्ने जिम्मा पाएको हुनाले व्यापारीसँग साँठगाँठ हुने गरेको उपभोक्तावादीले आरोप लगाएका छन्। बजार अनुगमनदेखि नियमन र आफ्नै ल्याबबाट गुणस्तरीयता परीक्षणसमेत गरेर खाद्यवस्तुमा देखिने कैफियतको नियमन गर्ने अधिकार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग छ। पछिल्लो समय काठमाडौं महानगरपालिका आफ्नै ल्याब राख्ने पहल गरिरहेको छ। अन्य निकायले खाद्य परीक्षण नगर्ने भएको हुनाले विभागमा आउने महानिर्देशक व्यापारीको साँठगाँठमा आउने गरेको विभाग स्रोतले जनाएको छ। सरकारी कार्यालयको प्रमुख बारम्बार परिवर्तन गरिरहने देशमा एकै व्यक्ति बारम्बार महानिर्देशकको जिम्मेवारी पाइरहनुले व्यापारी र विभाग प्रमुखको सम्बन्ध सुमधुर रहेको प्रस्ट हुने विभाग निकट कर्मचारी नै बताउँछन्।

आफ्नै अत्याधुनिक ल्याब भएको विभागसँग ५ सयभन्दा बढी कर्मचारी रहेका छन्। आवश्यकताअनुसार कर्मचारी नभए पनि विभागले उचित किसिमले काम गर्न सकेको छैन। कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले आफू बाहिर रहेको र काठमाडौं फर्केपछि विभागका महानिर्देशकलगायतलाई राखेर कडा निर्देशन दिने बताउनुभयो। पछिल्लो समय मन्त्री अधिकारी आएपछि महानिर्देशक कर्णलाई विभागमा महानिर्देशको जिम्मेवारी दिइएको छ। उपभोक्तावादी ज्योति बानियाले मन्त्री आएपछि केही राम्रा काम गर्न प्रयास गरिएको बताउनुभयो। उहाँले मन्त्रीलाई विषय विज्ञता नभए पनि राम्रो काम गर्ने हुटहुटी रहेको बताउनुभयो। उहाँले भनेको जस्तै मन्त्रीले आफ्नो क्षमताले भ्याएसम्म काम गर्न खोज्नुभएको विषय भने सही नै रहेको छ।

देशभर प्रदेशस्तरीय, सीमा नाकाका क्वारेन्टाइन कार्यालयसमेत रहेको विभागको काम भने सबै ठाउँको सुस्त छ। जिल्ला जिल्लामा प्रमुख जिल्ला अधिकारीसँग समन्वयमा बजार अनुगमन र अहिले त स्थानीय तहसँगको समन्वयमा बजार अनुगमन गर्न सक्ने व्यवस्था कनुनले दिएको छ। तर विभाग भने कुम्भकर्णीय निद्रामा सुतिरहेको उपभोक्ताले गुनासो गरेका छन्।

उपभोक्तावादी माधव तिमल्सिनाले भने आवश्वक मात्रामा स्रोतसाधन र जनशक्ति नभएको हुनाले विभागको काम प्रभावकारी नरहेको बताउनुभयो। अघिल्लो वर्ष विभाग मर्ज गर्ने भनेर बजेट नराख्दासमेत विभागलाई सञ्चालन गर्न अप्ठ्यारो परेको थियो। उहाँले तरकारी, दूध, माछा, मासु, तेल, पानीलगायत सामग्रीमा अत्यावश्यक मिसावट रहेको बताउनुभयो। उहाँले फास्टफुडलगायत सामग्रीमा मापदण्ड नबन्दा क्यान्सरजस्ता जघन्य रोग लागिरहेको बताउनुभयो। उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिने हो भने सरकारले उपभोक्ताको स्वास्थ्यसँग जोडिएका कानुनलाई परिमार्जन गर्दै खाद्य सामग्रीको नबनेको मापदण्ड बनाउनुपने ' विषयमा उपभोक्तावादीको मत रहेको छ।

सिस्नेरीको एन्फा एकेडेमी हेटौंडामा स्थानान्तरण

नेपाल समाचारपत्र, हेटौंडा

हेटौंडा-११ स्थित हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयले फुटबल एकेडेमी सञ्चालन गर्ने भएको छ। यसका लागि अखिल नेपाल फुटबल संघ (एन्फा) र विद्यालयबीच सम्झौता भएको हो।

विद्यालयमा आयोजित कार्यक्रममा एन्फाका पदाधिकारी र विद्यालयका प्रतिनिधिबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो। सिस्नेरीस्थित वत्सलादेवी माविमा असोज १२ गतेको अविरल वर्षाका कारण उत्पन्न दुःखद् घटनाका कारण त्यहाँको फुटबल कार्यक्रम स्थगन भएपछि उक्त अवसर हेटौंडा एकेडेमीलाई दिइएको हो।

सम्झौताअनुसार फुटबल एकेडेमीका विद्यार्थीहरूले अब हेटौंडा एकेडेमीको व्यवस्थापनअन्तर्गत् अध्ययनसँगै फुटबल प्रशिक्षण जारी राख्न सक्नेछन्। विद्यालयका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले एकेडेमीको मैदानमा अध्ययन र प्रशिक्षण दुवै सहज रूपमा सञ्चालन गरिने जानकारी दिए। साझेदारीले विद्यालयलाई फुटबल क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्न र विद्यार्थीको खेलकुद क्षमतामा वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ।

एन्फा र पीडित परिवारबीचको सहमतिअनुसार सोमबार सिस्नेरी एकेडेमीमा रहेका १८ जना बाल खेलाडी हेटौंडा एकेडेमीको होस्टेलमा सारिएका छन्। एन्फाले सहुलियत शुल्कमा अध्ययन गराउने भएको छ।

असोज १२ मा सिस्नेरीको पहिरोमा पुरिएर ज्यान गुमाएका ६ बाल खेलाडीका अभिभावकले सोमबार हेटौंडा एकेडेमीमा छलफल गर्न पुगेका एन्फा महासचिव राईलगायतलाई करिब ४ घण्टा थुनेर आफ्ना असन्तुष्टि पोखेका थिए। एन्फा एकेडेमी सञ्चालनको सम्झौता गर्न पुगेका बेला बाल खेलाडीका अभिभावकले उनीहरूलाई घेराउ गरी आफ्ना माग पूरा गर्न दबाब दिएका थिए।

मकवानपुरको इन्द्रसरोवर-३, सिस्नेरीको एन्फा एकेडेमीलाई हेटौंडा एकेडेमीमा स्थानान्तरण गर्ने सहमति भएको जानकारी दिइएको छ। मृतक बाल खेलाडीका सालिक निर्माण गर्ने र उनीहरूको नाममा प्रतियोगिता सञ्चालन गर्ने विषयमा यसअघि भएको सहमतिलाई छिटो कार्यान्वयन गर्ने एन्फाले प्रतिबद्धता गरेको छ।

सिस्नेरीस्थित वत्सलादेवी माध्यमिक विद्यालयका पहिरोबाट मृत्यु भएका बाल फुटबल खेलाडीका परिवारले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेर घटनाको उच्चस्तरीय आयोगबाट छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेपछि एन्फा दबाबमा आएको हो।

पीडित परिवारले अघिल्लो दिनदेखि वर्षा भइरहेको र कुलेखानी ड्याम खोल्ने सूचना भएको अवस्थामा पनि बच्चाहरूलाई विद्यालयबाट सुरक्षित स्थानमा नसारेर लापरबाही भएकाले निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका थिए।

उक्त माविमा एन्फाले राखेको यु-१४ क्याम्पका ४० खेलाडीमध्ये ६ जनाले पहिरोमा परेर ज्यान गुमाएका थिए। ती विद्यार्थी खेलाडीमा हेटौंडा-१२ का अनुपम घलान, मकवानपुरगढी गाउँपालिकाका साइमन योञ्जन, सिस्नेरीका दिवस बानियाँ, बारा निजगढका विकल रेग्मी, धादिङका रियान्स आचार्य र सर्लाहीका आदित्य बलम्पाकी छन्।

गाउँ-गाउँमा विद्यार्थी खोज्दै प्राध्यापक

युवा विदेश पलायन रित्तिँदै क्याम्पस

दयाराम पण्डित, बाजुरा

बाजुरा क्याम्पस मार्तडीका प्राध्यापक काशीप्रसाद जोशी र वीरेन्द्रबहादुर रावल यति बेला विद्यार्थी खोज्दै गाउँ-गाउँ पुग्नुभएको। सुदुपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा मान्यता पाएको यस क्याम्पसमा वर्षेनि विद्यार्थी संख्या घट्न थालेपछि क्याम्पस प्रशासन विद्यार्थीको खोजीमा दूर दराजमा पुग्न थालेको हो।

क्याम्पस भर्ना गर्ने समय गत कात्तिकमा समाप्त भए पनि सो अवधिमा विद्यार्थी भर्ना नभएपछि प्राध्यापकहरु क्याम्पस पढ्नुपर्छ भन्ने जनचेतना फैलाउन ग्रामीण क्षेत्रका विद्यालयमा चेतनामूलक कार्यक्रम गरिरहेका छन्। जनप्रकाश माध्यमिक विद्यालय कोल्टी र हिमाली गाउँपालिकाको धुलाचौर मावि धुलाचौरमा औपचारिक कार्यक्रम गरेरै विद्यार्थीलाई पढ्न आह्न गरिएको छ। सबै स्थानीय तहमा पुग्ने लक्ष्य राखेको जोशी बताउनुहुन्छ।

बाजुरा क्याम्पसमा विगतको तुलनामा ६० प्रतिशतभन्दा बढी विद्यार्थी घटेका छन्। विद्यार्थी भर्ना दर किन घट्यो भनेर गाउँ-गाउँ पस्दा त गाउँमा युवा-युवती नै रहेनछन्।' -प्राध्यापक रावल भन्नुहुन्छ। जिल्लामै खोलिएका क्याम्पसमा पढ्नुभन्दा पनि विद्यार्थीको रोजाइमा अवसरको खोजी र शहरकेन्द्रित बसाइँसराइ बढ्दै जानुले समुदायस्तरमा खोलिएका क्याम्पसले विद्यार्थी पाउन नसकेको हो। शहरमा उच्च शिक्षासँगै जीविकोपार्जन गर्न सकिने हुनाले विद्यार्थी र अभिभावकको रोजाइ पनि शहर केन्द्रित भएको उहाँको कथन छ।

उच्च शिक्षामा स्थानीय सरकारहरुले बेवास्ता गर्नु नयाँ र समयसापेक्ष विषयहरु सम्बन्धी अध्ययन अध्यापन हुन नसक्नु पनि एक कारण बनेको छ। समग्रमा समाजमा पढेर के हुन्छ र भन्ने गलत मानसिकता हावी हुँदै जानुले युवाको पढाइप्रति आकर्षण घटेको पाइन्छ। जसका कारण उनीहरु एसईई वा प्लस-२ पछि सके युरोप, अमेरिका नसके खाडी मुलुकमा श्रम गर्न जाने गरेका छन्।

'बाजुरा क्याम्पसमा यो वर्ष पहिलो सेमेस्टरमा ५० जना हाराहारीमा भर्ना भएका छन्। विगतमा विगतमा ९० देखि सय जना हुन्थे। शहरमा चार वर्ष पढ्दा कम्तीमा ४ लाख रुपियाँ खर्च हुन्छ। यहाँ चार वर्षमा ४०/४५ हजार रुपियाँ मात्र खर्च हुन्छ। तर पनि यहाँ विद्यार्थी भर्ना हुनै मान्दैनन्।' -बाजुरा क्याम्पसका प्रशासन प्रमुख मदन जोशी भन्नुहुन्छ।

यहाँ सेमेस्टर सिस्टम छ। प्रत्येक सेमेस्टरमा विद्यार्थी हाजिर भएकै हुनुपर्छ। सेमेस्टर सिस्टम झन्झटिलो मानेर पनि सुदूरपश्चिम विश्वविद्यालयका आंगिक क्याम्पसमा विद्यार्थी भर्ना कम भएका हुनसक्ने उहाँको आँकलन छ।

त्यस्तै, बडिमालिका क्याम्पसमा मानवीकी, व्यवस्थापन शिक्षा संकाय लगायत सीएसआईटीसहित विभिन्न संकायमा पढाइ हुन्छ। छात्र त अत्यन्त न्यून छन्। छात्राहरु पढ्थे, यो पालि त विगतको अनुपातमा ५० प्रतिशतले विद्यार्थी घटेका छन्। बडिमालिका क्याम्पसमा पनि वद्यिार्थी संख्या घट्दै जाँदा क्याम्पस प्रशासन चलाउन गाह्रो भएको छ ।

'अघिल्लो वर्ष १ सय २० जना भर्ना भएका थिए। अहिले ८० जना मात्र भर्ना भएका छन्। यस्तै हो भने क्याम्पस सञ्चालन गर्न मुस्किल छ', क्याम्पस प्रमुख नरबहादुर कटुवाल भन्नुहुन्छ- 'बुढीगंगा, त्रिबेणी नगरपालिका, खप्तड क्षेडेदह गाउँपालिकाका विद्यार्थी मात्र भर्ना हुने हो भने पनि थामिनसक्नु हुनुपर्ने हो। यहां त विद्यार्थी खोज्नुपर्ने अवस्था आयो।' पढाइमा राम्रा विद्यार्थी पनि शहर पसेर उतैबाट ऋृण काढेर भए पनि विदेश जाने गरेको उहाँको कथन छ।

पछिल्लो समयमा गाउँमा युवा देखिँदैनन्। रोजगारीको खोजी र आफ्नो भविष्य बनाउन भन्दै सबै युवा विदेश पलायन भएका छन्। 'देशमा भविष्य नै छैन। काम गरी खाने वातावरण नै छैन। पलसटु गर्‍यो विदेश गयो सके पढ्यो नसके कमायो।' -प्लस टु सकेर कोरिया पुगेका विद्यार्थी काशीचन्द्र जैशीको भनाइ छ।

आठ/दश कक्षाको पढाइ छोडेर किशोरकिशोरी कामको खोजीमा भारत पस्ने गरेको मालिका मावि मार्तडीका प्राचार्य शुभराज पाध्याय बताउनुहुन्छ।

दलीय...

उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'हामीले गत महाधिवेशनबाटै संविधान संशोधनको एजेन्डा पास गरेर आएका छौं। यसमा एकताको प्रतीक राजसंस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र प्रदेश खारेजीलगायतका विषय संविधान संशोधनमा समावेश हुनुपर्छ।'

तर सरकार गठनताका संविधान संशोधन गर्ने भन्ने सत्ताको नेतृत्वकर्ता नेकपा एमालेले यस विषयमा छलफल शुरु गरेको छैन्। एमाले सचिव गोकर्ण विष्टले एमाले कांग्रेसबीच सत्ता सहकार्यका बेला भएका सहमतिअनुसार संविधान संशोधनको विषय मुख्य कुरा भएको उहाँको भनाइ छ। नेता विष्टले भन्नुभयो-'राजनीतिक अस्थिरताको एउटा कारक संविधान हो भन्ने गठबन्धन दलहरुको निष्कर्ष हो। राजनीतिक स्थिरता कायम गर्ने गरी निर्वाचन प्रणालीलाई हेरफेर गर्नुपर्छ र त्यसका लागि गठबन्धनमा साझा सहमति हुनु आवश्यक छ। एमालेले अहिले यस विषयमा छलफल गरिसकेको अवस्था छैन।'

संविधानमा उल्लिखित समानुपातिक र समावेशिताको विषयमा नेकपा माओवादी केन्द्र पछि नहट्ने बरु यसलाई अझ बढाएर जानुपर्ने पक्षमा छ। समावेशिताको कुरामा दलहरुको धारण एकै प्रकृतिका आए पनि समानुपातिक निर्वाचन प्रणालीका विषयमा भने मत फरक छ। नेपाली कांग्रेस, एमालेलगायत अधिकांश राजनीतिक दलहरुले समानुपातिक निर्वाचन प्रणाली रहँदा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्ने र त्यसले राजनीतिक अस्थिरता निम्तिएका निष्कर्षसहित निर्वाचन प्रणाली नै संशोधन गर्नुपर्ने पक्षमा छन्। तर माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्नुपर्ने जिकिर गर्दै आएको छ।

यद्यपि संविधान संशोधनका सबै विषयमाथि व्यापक बहस गरेर सबैको अपनत्व हुने गरी अघि बढ्नुपर्ने वरिष्ठ अधिवक्ता यदुनाथ खनालले बताउनुभयो। संविधान सबैको सर्वस्वीकार्य हुनुपर्ने भन्दै उहाँले भन्नुभयो- 'अहिलेको संविधानमा नागरिकका तहबाट हेर्दा धेरै अधिकार सम्पन्न भए पनि केही व्यावहारिक र राजनीतिक कोणबाट संशोधन जरुरी देखिन्छ। संविधान संशोधनको एजेन्डालाई जनमानसमा पुर्‍याउने र विज्ञहरुसमेतको पर्याप्त सुझावका आधारमा अघि बढ्नुपर्दछ।' अहिले संघीयता असफलताको दोष प्रदेशलाई दिइएको भन्दै अधिकारजति संघ र स्थानीय सरकारमा गएकाले प्रदेश निकम्मा भएकाले यस विषयमा बहस हुनुपर्ने उहाँको भनाइ छ। रास्वपालगायत अन्य दलहरुले समेत संविधान संशोधन हुनुपर्ने बताउँदै आए पनि संविधानमा व्यवस्था भएका कुन-कुन विषय संशोधन गरी कस्तो बनाउने भन्ने निक्योंलमा पुगेका छैनन्।

३ सय...

निर्वाचन आयोगले निर्वाचन आचारंसहिताको पालना गर्न सबैमा आग्रह गरेको छ। निर्वाचन आयोगका अनुसार उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तहमा सम्पूर्ण तयारी पूरा भएको छ भने मतदाताहरुलाई स्वतन्त्रतापूर्वक मतदान गर्न आग्रह गरिएको छ। आयोगले मतदाता नामावलीमा नाम भएका सम्बन्धित निर्वाचन क्षेत्रका सम्पूर्ण मतदाताले आफूलाई मन परेको उम्मेदवारलाई मतदान गरी आफ्नो मताधिकारको प्रयोग गर्न आह्वान गरेको छ। यस उपनिर्वाचनमा सम्बन्धित स्थानीय तह र वडामा गरी कुल २ लाख २६ हजार ७ सय ९९ मतदाता रहेका छन्।

मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएका मतदाता परिचयपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र वा सवारी चालक अनुमतिपत्रजस्ता सक्कल प्रमाणका आधारमा मतदान गर्न पाउनेछन्। मतदानका लागि १ सय ६२ मतदान स्थल र २ सय ९३ मतदान केन्द्र कायम गरिएको छ।

आयोगका सहसचिव नीता पोखरेलले गर्भवती, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी तथा अन्य (लैंगिक तथा यौनिक अल्पसख्ययक) मतदातालाई प्राथमिकताका आधारमा मतदान गर्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो।

यसअघि जिल्ला समन्वय समिति ओलखढुंगा र कैलालीका प्रमुखमा क्रमशः नेपाली कांग्रेसका उम्मेदवार टेकराज भट्टराई र टीकाकुमारी चौधरी (भूल) तथा रुकुम (पूर्वी भाग) पुगा उत्तरगंगा गाउँपालिका वडा नं २ मा नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका जगत घर्ती निर्विरोध निर्वाचित भइसकेका छन्।

यी हुन् उपनिर्वाचन हुने स्थानीय तह

कीर्तिपुर नगरपालिकाको प्रमुख र जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख, मोरङको ग्रामथान र दैलेखको महाबु गाउँपालिकाका अध्यक्ष, दोलखाको गौरीशंकर, रुकुम (पूर्वी भाग) पुथा उत्तरगंगा, हुम्लाको सर्केगाड र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पदका लागि निर्वाचन हुँदै छ।

त्यसै गरी ताप्लेजुङको सिरिजंगा गाउँपालिका वडा नं ३, झापाको कन्काई नगरपालिका वडा नं ६, तेह्रथुमको लालिगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपालिका वडा नं ६, ओखलढुंगाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ मा निर्वाचन हुँदै छ।

काठमाडौंको काठमाडौं महानगरपालिका वडा नं १६, कीर्तिपुर नगरपालिका वडा नं १ र ४, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, कपिलवस्तुको शुद्धोधन गाउँपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४ र रुकुम (पश्चिम भाग) को सानीभेरी गाउँपालिका वडा नं ५ वडाध्यक्ष पदका लागि निर्वाचन हुँदै छ।

त्यस्तै दैलेखको दुल्लु नगरपालिका वडा नं १३, जाजरकोटको कुशे गाउँपालिका वडा नं ७, कालीकोटको तिलागुफा नगरपालिका वडा नं ४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ मा निर्वाचन हुने निर्वाचन आयोगले जनाएको छ।

मतदान कार्य सम्पन्न भई सबै मतपेटिका तोकिएको मतगणनास्थलमा संकलन भएपछि मतगणना कार्य प्रारम्भ हुने पनि आयोगका प्रवक्ता अर्यालले बताउनुभयो। मतगणनाको अद्यावधिक परिणाम आयोगको बेवसाइट हेर्न सकिने आयोगले जनाएको छ।

यसैबीच आयोगले मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत संकेत भएको पहिरन वा व्याज नलगाउन निर्देशन दिएको छ। मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साक्रेतिक पोसाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने पनि निर्देशनमा भनिएको छ। मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुने पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश नगर्न पनि आयोगले भनेको छ।

बहुप्रतीक्षित...

पहिलो खेलमै नेपाली क्रिकेट समर्थकले देखाएको उत्साहले आगामी पुस ६ गतेसम्म प्रतियोगितामा यस्तै रौनक र उत्साह हुनेछ। एनपीएललाई विश्वका फ्रेन्चाइजी टी-२० लिगमध्ये एक महँगो प्रतियोगिताका रुपमा लिइएको छ। खेल प्रशारण गर्ने विश्वकै महँगो भारतीय खेल च्यानेल स्पोर्टस् स्टार, अमेरिका र क्यानडाको विलो टीभीमा प्रत्यक्ष प्रशारण गरिने हुँदा एनपीएलमा खेल्ने नेपाली खेलाडीको प्रतिभा विश्वमा छरिने विश्वास गर्न सकिन्छ। यस्तै, डिसहोम गो (ओटीटी), एनसेल एप र एक्सन स्पोर्टस् एचडीको युट्युबमा हेर्न सकिन्छ।

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्ने प्रतियोगितामा रकम झन्डै ६ करोडको हाराहारीमा छ। पहिलो हुने टोलीले १ करोड ११ लाख रकम पाउनेछ। यस्तै, दोस्रो हुने टोलीलाई ५० लाख प्रदान गरिनेछ भने तेस्रो र चौथोलाई क्रमशः ३० लाख र २० लाख नगद पुरस्कार दिइनेछ। शीर्ष चारलाई दिने पुरस्कार रकम मात्रै २ करोड ११ लाख रहेको छ। अझ, प्रतियोगिताकै उत्कृष्ट खेलाडीले कार पाउने हुनाले एनपीएलमा प्रतिस्पर्धा कडा हुने पक्का छ।



प्रतियोगितामा विभिन्न टेस्ट खेल्ने राष्ट्र र एसोसिएट राष्ट्रका खेलाडी सहभागी आठ टोलीमा आबद्ध भएका छन्। न्युजिल्यान्डका मार्टिन गप्टिल, भारतका शिखर धवनजस्ता अनुभवी खेलाडी प्रतियोगितासँग जुधेर शुरु हुनु अघि नै एनपीएलको वजन बढिसकेको छ। यस्तै, पोखरा एभेन्जर्सका मेन्टरको भूमिका दक्षिण अफ्रिकाका जोन्टी रोड्सले स्वीकार गरेपछि एनपीएलमा उत्कृष्ट खेलाडीको समेत चासो रहेको ठम्याउन सकिन्छ।

प्रतियोगितामा ८ फ्रेन्चाइजी टोलीहरुको सहभागिता रहनेछन्। जसमा, जनकपुर बोल्ट्स, विराटनगर किंग्स, पोखरा एभेन्जर्स, लुम्बिनी लायन्स, काठमाडौं गुर्खाज, सुदूरपश्चिम रोयल्स, चितवन राइनोस र कर्णाली याक्स हुन्।

यसमा पोखरा एभेन्जर्स सबैभन्दा महँगो टोली हो। एभेन्जर्सले ३ करोड ५७ लाख रुपियाँले फ्रेन्चाइजी टोली अधिकार किनेको हो। सबैभन्दा कम रकमको टोलीमा कर्णाली याक्स रहेको छ। हिमालयन बिल्डर्सले कर्णाली याक्सलाई १ करोड ११ लाख ७० हजार मूल्यमा आफ्नो अधिकारमा राखेको हो।

यसपछि काठमाडौं गुर्खाजलाई ३ करोड ३३ लाखमा काठमाडौं स्पोर्ट्स डेभलोपमेन्ट भेन्चर्सले आफ्नो स्वामित्वमा लिएको हो। यस्तै, तेस्रो महँगो टोलीमा जनकपुर बोल्ट्स रहेको छ। यो टोलीको अधिकार ड्रिम स्पोर्ट्सले २ करोड ५ लाखमा लिएको हो।

यसै गरी लुम्बिनी लायन्स १ करोड ८६ लाखमा फर्च्युन हेल्थ केयरको स्वामित्वमा रहेको छ। चितवन मेडिकल कलेजको स्वामित्वमा रहेको चितवन राइनोसको मूल्य १ करोड ७६ लाख १ हजार रहेको छ। इम्पायर स्पोर्ट्सको स्वामित्वमा रहेको सुदुरपश्चिमको मूल्य १ करोड ६८ लाख ८ हजार हो। विराटनगर किंग्स (१ करोड ५१ लाख) एमएडी ड्रिम्स स्पोर्टस् स्वामित्वमा रहयो।

महिला-बालबालिका हराउने क्रम बढ्दो

विनोदसिंह विष्ट, बैतडी

भारतसँग सीमा जोडिएको सुदूरपश्चिम प्रदेशमा महिला र बालबालिका हराउने क्रम बढेको छ। बैतडीसहित सुदुरपश्चिमका पहाडी जिल्लामा बालबालिका तथा महिला हराउने क्रम बढ्दै गएको हो।

बैतडीमा मात्रै तीन वर्षको अवधिमा २ सय २५ जना बालबालिका महिला तथा ज्येष्ठ नागरिक हराएको प्रहरीको तथ्यांकले देखाएको छ। जसमध्ये २ सय १२ जना फेला परेका छन् भने १३ जना अझै बेपत्ता रहेका छन्। यस्तै, दार्चुलामा एक वर्षको अवधिमा ५९ जना बालबालिका हराएका छन्। जसमध्ये ५८ जना फेला परेका छन्। एक जना प्रहरीको सम्पर्कमा नआएको तर फेला परेको हुन सक्ने बताइएको छ।

यस्तै, बझाङमा तीन वर्षको अवधिमा २ सय २ जना हराएका छन्। तीमध्ये धेरै फेला परेका छन्। बैतडीमा तीन वर्षको अवधिमा हराउने मध्ये आर्थिक वर्ष २०७९/८० मा ७२ जना महिला, १ एक बालक, २१ जना बालिका र २ जना ज्येष्ठ नागरिक रहेका छन्। आर्थिक वर्ष २०८०/८१ मा ६३ जना महिला १८ जना बालक, ३२ जना बालिका र २ जना ज्येष्ठ नागरिक गरी १ सय १५ जना हराएका छन्। जसमध्ये १ सय ९ जना फेला परेका छन्।

यस्तै, चालू आर्थिक वर्ष २०८१/८२ को हालसम्मको तथ्यांकअनुसार ९ जना महिला, ९ जना बालक, १६ जना बालिका गरेर ३५ जना हराएका र तीमध्ये २२ जना फेला परेका जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता बलराम पाण्डेले बताउनुभयो।

यस्तै, दार्चुलामा एक वर्षको अवधिमा ५९ जना बालबालिका हराएका छन्। जसमध्ये ५८ जना फेला परेका छन्। एक जना प्रहरीको सम्पर्कमा नआएको तर फेला परेको हुन सक्ने जिल्ला प्रहरी कार्यालय दार्चुलाका सूचना अधिकारी क्षत्रबहादुर रावतले बताउनुभयो।

यस्तै, बझाङमा तीन वर्षको अवधिमा २ सय २ जना हराएका छन्। तीमध्ये धेरै जना फेला समेत परेका बताइएको छ। जसअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा ४० जना महिला हराएकामा ४० जना नै फेला परेका छन्। बालक १२ जना, बालिका १७ जना हराएका थिए।

२०७९/८० मा महिला ३६ जना, बालक ८ जना र बालिका २० जना हराएका थिए। २०८०/८१ मा महिला ३१ जना, बालक २० जना र बालिका १८ जना हराएका छन् भने चालू आर्थिक वर्षमा ८ जना महिला र ४ जना बालक हराएका भए पनि १ जना महिला फेला नपरेका र अरू सबै फेला परिसकेको जिल्ला प्रहरी कार्यालय बझाङका प्रवक्ता लोकेन्द्रसिंह ठगुन्नाले बताउनुभयो।

प्रहरीको तथ्यांकले हराउनेको संख्या बढ्दै गएको देखाएको छ। हराएको बेला प्रहरीलाई खोजीका लागि निवेदन दिए पनि हराएको मान्छे फेला परेपछि प्रहरीलाई जानकारी नदिने परिपाटी रहेकाले पनि तथ्यांकमा हराएकाको संख्या बढी भएको हुनसक्ने अनुमान गरेको छ।

हराउनेमध्ये धेरैजसो महिला तथा बालबालिका नेपाल-भारत खुला सीमा नाकाका कारण भारततिर गएको हुन सक्ने प्रहरीले जनाएको छ। धेरैजसो भागेर भारत जाने र उतै काम गर्ने भएकाले उनीहरू फेला नपर्ने अवस्था रहेको प्रहरीको भनाइ रहेको छ।

सुन्तला बेचेरै लखपति बने किसान

विमल विष्ट, डोटी

जोरायल गाउँपालिका-६ का किसान सुन्तला बेचेरै लखपति बनेका छन्। उनीहरू आम्दानीको प्रमुख स्रोत नै सुन्तला हो ।

यहाँ किसानले व्यावसायिक रूपमा सुन्तला खेती गर्दै आएको छन्। विगतमा पैसा कमाउनका लागि छिमेकी मुलुक भारत जाने परम्परा रहे पनि अहिले व्यावसायिकरूपमा सुन्तला खेती गर्न थालेपछि पैसा कमाउन भारत जानेको संख्यामा निकै कमी आएको जोरायल गाउँपालिका-६ का चित्रराज भट्टले बताउनुभयो।

आफ्नै बगैंचामा फलेको सुन्तला बेचेर उनीहरूले रहरलाग्दो आम्दानी गरिरहेका छन् । यहाँ थोरै सुन्तला बेच्ने किसानले सिजनमा कम्तीमा पनि १ लाख रुपियाँभन्दा बढी कमाउने गरेका उहाँको कथन छ। बढी सुन्तला भएकाले त्योभन्दा बढी कमाउने गरेका छन्।

तीर्थ साउदले यस वर्ष १ लाख ५० हजार रुपियाँ जतिको सुन्तला बोटबाटै बेच्नुभएको छ। अहिले पनि हरेक दिन घरैमा बसेर सुन्तला बेच्ने गर्नुभएको छ। 'यो वर्ष ३ लाखभन्दा बढीको सुन्तला बेच्ने लक्ष्य थियो', उहाँले भन्नुभयो- 'मौसम परिवर्तनले सुन्तला केही कम फल्यो, अझै पनि ४०/५० हजारको सुन्तला बारीमै होला।'

सुन्तला बिक्रीका लागि छिमेकी जिल्ला कैलाली, कञ्चनपुरका विभिन्न बजारमा जाने गरेको स्थानीय सुरेन्द्र बोहराले बताउनुभयो। 'सुन्तला बिक्री गर्न कतै जानै पर्दैन कैलाली, कञ्चनपुरका व्यापारीहरू बारीमै पुग्छन्', उहाँ भन्नुहुन्छ- 'घरखर्चदेखि छोराछोरीको पढाइ खर्चको जोहो यसैबाट भउको छ।'

सुन्तला खेतीले राम्रो आम्दानी दिएको स्थानीय भीमदत्त भट्ट पनि बताउनुहुन्छ। अहिले यहाँका सुन्तला किसानलाई आफ्नो बारीमा फलेको सुन्तला बिक्री गर्न भ्याईनभ्याई छ।

गाउँमा सुन्तला ८० देखि १ सय रुपियाँ प्रतिकिलोमा बिक्री हुने गरेको जोरायल-६ का लोकेन्द्र छेडालको भनाइ छ। सुन्तला खरिदका लागि व्यापारी बगानमै पुगेर टिप्ने र बजारसम्म पुर्‍याउने गरेका छन्। पछिल्लोसमयमा सुन्तला कम फलेपछि मूल्य राम्रो पाएको उहाँको कथन छ।

मौसम परिवर्तनका कारण यहाँको गर्मी हुने क्षेत्रमा सुन्तला कम फल्न थालेको हो।

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
NLG INSURANCE COMPANY LIMITED
रजिष्टर्ड कार्यालयः पानीपोखरी ,लाजिम्पाट, पो.ब.नं.२०६०० काठमाडौं, नेपाल।
फोन :४४४२६४६ , ४००६६४८ फ्याक्सः ९७७-०१-४४१६४२७
E-mail-info@nlgi.com.np |Web: www.nlg.com.np
को
मिति २०८१/०७/२७ गतेसम्म तत्काल कायम शेयरधनीहरूको लागि १० कित्ता साधारण शेयर बराबर ६.२५६ कित्ता शेयर (१०:६.२५६) को अनुपातमा मिति २०८१ मंसिर ११ गते देखि निष्काशन भैरहेको
हकप्रद शेयरको आवेदन दिने अन्तिम म्याद
मिति २०८१ पुष ०१ गते (बैंकिङ्ग समय) सम्ममात्र
अन्य विस्तृत जानकारीका लागि **मिति २०८१/०७/२१ गतेको "अभियान" राष्ट्रिय दैनिक**मा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं । साथै उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइटः www.lscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइटः www.nlg.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
L S CAPITAL
लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त
(लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सन्राइज क्यापिटल लिमिटेड एक आपसमा गाभिएको)
नयाँ बानेश्वर, काठमाडौं
फोनः ५९७००६४
Email : info@lscapital.com.np,
Website : www.lscapital.com.np

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Triveni Byapar Co. Pvt. Ltd.** कम्पनीले VIETNAM बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

SR No.	Description	Size	Brand	Model	Capacity	Origin	Unit	Per Unit Prices	MRP
1.	LED TV	43 INCH	SAMSUNG	HG43BU800AWXXM	N/A	VIETNAM	PCS	84,750	84,750
2.	LED TV	50 INCH	SAMSUNG	HG50AU800AWXXS	N/A	VIETNAM	PCS	96,050	96,050
3.	LED TV	50 INCH	SAMSUNG	HG50BU800AWXXM	N/A	VIETNAM	PCS	96,050	96,050
4.	LED TV	55 INCH	SAMSUNG	HG55AU800AWXXS	N/A	VIETNAM	PCS	105,090	105,090
5.	LED TV	55 INCH	SAMSUNG	HG55BU800AWXXM	N/A	VIETNAM	PCS	105,090	105,090
6.	LED TV	65 INCH	SAMSUNG	HG65BU800AWXXM	N/A	VIETNAM	PCS	157,070	157,070

विक्रेता फर्मको नाम : *Triveni Byapar Co. Pvt. Ltd.* प्यान नं. : *300058143*
ठेगाना : *Putalisadak, Kathmandu* फोन नं. : *01-53469823*

लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋृणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०८/१६ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

तपसिल

क.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
१.	**नाम : मयाँ सुनुवार** पतिको नाम : राम चन्द्र सुनुवार, ससुराको नाम : सहविर कामी ठेगाना : मेलम्ची - ३, सिन्धुपाल्चोक, हाल : पोखरा - ३, नदिपुर, कास्की ना.प्र.प.नं. २४१०६१/३४१४, जि.प्र.का. सिन्धुपाल्चोक, जारी मिति : २०६४/०८/२१ **शाखा कार्यालय : लामाचौर, कास्की**	**१. नाम : राम चन्द्र सुनुवार** बाबुको नाम : सहविर कामी बाजेको नाम : मुरारी कामी ठेगाना : मेलम्ची - ३, सिन्धुपाल्चोक हाल : पोखरा - ३, नदिपुर, कास्की ना.प्र.प.नं. १७१२/२६५२ जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०४४/१२/२७ **२. नाम : प्रदिप सुनुवार** बाबुको नाम : राम चन्द्र सुनुवार बाजेको नाम : सहविर कामी ठेगाना : मेलम्ची - ३, सिन्धुपाल्चोक हाल : पोखरा - ३, नदिपुर, कास्की ना.प्र.प.नं. २४-०१-७६-०५७३४ जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०७६/०८/०२
	धितोको विवरण: मयाँ सुनुवारको नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता कायम रहेको रुपाकोट -४, कास्की स्थित कित्ता नं. ७४८ र ७४७ को क्षेत्रफल क्रमशः १६८.८९ र १६६.९० को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
२.	**नाम : मनराज सुनार** बाबुको नाम : गणेश बहादुर सुनार, बाजेको नाम : मोतिराज सुनार ठेगाना : लेखनाथ - १, कास्की, हाल : पोखरा - २, कास्की ना.प्र.प.नं. : ४६१००२/५९९६, जि.प्र.का. कास्की, जारी मिति : २०६८/०२/२२ **शाखा कार्यालय : लामाचौर, कास्की**	**१. नाम : राम चन्द्र सुनुवार** बाबुको नाम : सहविर कामी बाजेको नाम : मुरारी कामी ठेगाना : मेलम्ची - ३, सिन्धुपाल्चोक हाल : पोखरा - ३, नदिपुर, कास्की ना.प्र.प.नं. १७१२/२६५२ जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०४४/१२/२७ **२. नाम : मयाँ सुनुवार** पतिको नाम : राम चन्द्र सुनुवार ससुराको नाम : सहविर कामी ठेगाना : मेलम्ची - ३, सिन्धुपाल्चोक हाल : पोखरा - ३, नदिपुर, कास्की ना.प्र.प.नं. २४१०६१/३४१४ जि.प्र.का. सिन्धुपाल्चोक जारी मिति : २०६४/०८/२१
	धितोको विवरण: मनराज सुनारको नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता रहेको रुपाकोट -४, कास्की स्थित कित्ता नं. ७४६ को क्षेत्रफल ०-५-०-० भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
३.	**नाम : निर्मला देवी साह** पतिको नाम : वैधनाथ प्रसाद साह ससुराको नाम : पल्टु साह ठेगाना : सहोडवा -६, महोत्तरी हाल : पिपरा -६, महोत्तरी ना.प्र.प.नं. १८३०१८/४६८, जि.प्र.का. महोत्तरी जारी मिति :२०६३/११/३० **शाखा कार्यालय : लोहारपट्टी**	**नाम : वैधनाथ प्रसाद साह** बाबुको नाम : पल्टु साह बाजेको नाम : मुनि साह ठेगाना : सहोडवा -६, महोत्तरी हाल : पिपरा -६, महोत्तरी ना.प्र.प.नं. ८१९०१९५७ जि.प्र.का. महोत्तरी जारी मिति : २०४५/०५/२१
	धितोको विवरण: निर्मला देवी साहको नाममा मालपोत कार्यालय जलेश्वरमा दर्ता रहेको वनौली -८/१८, महोत्तरी स्थित कित्ता नं. १२९८ को क्षेत्रफल ०-०-१३ भएको जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	
४.	**नाम : सिमवन कलेक्सन** दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग दर्ता नं. : ४२०९/०६७/०६८, दर्ता मिति : २०६७/१०/११ ठेगाना : पोखरा - ४, कास्की **प्रोप्राइटर : सम्झना बराल सुनार** **नाम : सम्झना बराल सुनार** पतिको नाम : श्रीराम बराल, ससुराको नाम : डिल्ली प्रसाद बराल ठेगाना : पोखरा - ७, मासबार, हाल : पोखरा - ७, मासबार ना.प्र.प.नं. ४६१००१/१२९०८, जि.प्र.का. कास्की, जारी मिति : २०६७/०७/०७ **शाखा कार्यालय : फुलबारी, पोखरा, कास्की**	**१. नाम : सम्झना बराल सुनार** पतिको नाम : श्रीराम बराल ससुराको नाम : डिल्ली प्रसाद बराल ठेगाना : पोखरा - ७, मासबार हाल : पोखरा - ७, मासबार ना.प्र.प.नं. ४६१००१/१२९०८ जि.प्र.का. कास्की जारी मिति : २०६७/०७/०७ **२. नाम : श्रीराम बराल** बाबुको नाम : डिल्ली प्रसाद बराल बाजेको नाम : कासीराम बराल ठेगाना : पोखरा - ७, मासबार हाल : पोखरा - ७, मासबार ना.प्र.प.नं. १४५९३८ जि.प्र.का. कास्की जारी मिति : २०६१/०१/०३
	धितोको विवरण: सम्झना बराल सुनारको नाममा मालपोत कार्यालय पोखरामा दर्ता रहेको लाहाचोक -३, कास्की स्थित कित्ता नं. १२५० को क्षेत्रफल ०-९-३-१ को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।	

नोट : बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

पुनश्च :

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :
२०८१ पौष ७ गते आइतबार १२:०० बजे सम्म। बोलपत्र खोलिने मिति र समय : २०८१ पौष ७ गते आइतबार ३:०० बजे
बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

गोप्य शिलवन्दी बोलपत्रद्धारा धितो लिलाम बिक्री सम्वन्धि १५ दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१।०८।१६ गते
सूचना नं : ५४-०८१/०८२

यस संघबाट तपशिलमा उल्लेखित ऋणी सस्थां एवं धितो जमानीकर्ताले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम सम्बन्धी १५ दिने सूचना प्रकाशित गरीएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी संस्था तथा धितो जमानीकर्ताले सघंको लेना रकम १५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं। अन्यथा सूचना प्रकाशित भएको १६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा धितोकर्ताले समेत आफुले दिएको जमानतको घरजग्गा फिर्ता लिन कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संघको विनियम र अन्तरलगानी नीतिले दिएको अधिकार प्रयोग गरी संघलाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संघ आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संघ आफैले सकार गर्दा साबिकमा संघबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संघ आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संघको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पतीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

तपशिल :

ऋणी संस्थाको नाम : क्रियशन बचत तथा ऋण सहकारी संस्था लि, टंगाल, प्रयागपोखरी-१२, ललितपुर
संचालकहरुको विवरण
१. अध्यक्ष : राम डंगोल, बाबुको नाम : राम काजी महर्जन, बाजेको नाम : आशामरु महर्जन
२. सचिव : मुकेश महर्जन, बाबुको नाम : सुमन महर्जन, बाजेको नाम : श्यामलाल महर्जन
३. कोषाध्यक्ष : निरोज महर्जन, बाबुको नाम : बेखाराम महर्जन, बाजेको नाम : नन्द गोपाल महर्जन
४. सदस्य : सन्दिप थापा, बाबुको नाम : शान्त कुमार थापा, बाजेको नाम : सुन्दर बहादुर थापा
५. सदस्य : रिसब बाबु डंगोल, बाबुको नाम : मोहन गोपाल डंगोल, बाजेको नाम : देब बहादुर डंगोल
६. सदस्य : दुर्गा बहादुर घर्ति, बाबुको नाम : पूर्ण बहादुर घर्ति, बाजेको नाम : हर्क बहादुर घर्ति
७. सदस्य : सबिता डंगोल, बाबु/पतिको नाम : मोहन गोपाल डंगोल, बाजे/ससुराको नाम : श्याम महर्जन

धितोदाता एवं धितोको बिबरण
१. आशामरु महर्जनको नाती राम काजी महर्जनको छोरा राम डंगोलको नाममा श्री मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको, ललितपुर जिल्ला साबिक चापागाउँ गा.वि.स./न.पा. वडा नं ९, नक्सा सिट नं ९ ग, कित्ता नं. ६०३ को क्षेत्रफल ०-७-२-२ (रोपनी) को जग्गा र सो ले चर्चेको लिगलगापात समेत।

शर्तहरुः

१. बोलपत्र फाराम यस संघको केन्द्रिय तथा सदस्य सेवा कार्यालयहरुबाट रु.५०० (अक्षेरुपी पांच सय) रुपैया मा फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संघबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संघको केन्द्रिय कार्यालयको नाममा रहेको ग्लोबल आई.एम.ई बैंक, बानेश्वरमा रहेको खाता नं १७२०१०१००००३०५ मा जम्मा गरेको सक्कल भौचर वा यस संघमा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगाबै यस संघको केन्द्रिय कार्यालय बानेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संघमा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबि गर्न पाईने छैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित मितिले १६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संघको सदस्य सेवा कार्यालय प्रयागपोखरी, ललितपुर मा बोलपत्र खोलिनेछ। यदि १६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। १५ दिन सम्म ऋणी वा धितोवालाले संघको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संघलाई बाधा परेको मानिने छैन।

यस सम्बन्धी विस्तृत जानकारीका लागि :
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
नयाँ बानेश्वर, काठमाण्डौ । फोन नं. ०१ ४७९१९६३, ४७९०२०१
इमेलः nefscun@nefscun.org.np, nefscun329@gmail.com
नेफ्स्कून

हरिराम जोशी, एक जीवित विश्वकोष

जोशी नेपालको संस्कृति र इतिहासलाई फरक धारबाट हेर्नुहुन्छ। शूरूमा नकारात्मक लागे पनि सन्देह एवं प्रश्नले तथ्य र सत्यबाहिर ल्याउने गर्दछ। संस्कृतिको क्षेत्रमा यो धारको खाँचोको विषयमा जोशीले सधैं औल्याउँदै आउनुभएको छ।

सुनील महर्जन

दशकौं लगाएर धर्म, संस्कृति र इतिहास सम्बन्धी तीन/तीन वटा विश्वकोष लेखेका संस्कृति शिरोमणि हरिराम जोशी संस्कृति, इतिहासका अध्येताहरूको निम्ति एक जीवित संस्कृति विश्वकोष सरह हुन्।

प्रदीप अभिनव संस्कृति विश्वकोष, अभिनव वेदादी कोष र अभिनव कोष गरी तीन वटा विश्वकोष धर्म, संस्कृति र इतिहास सम्बन्धी जोशीका बहुचर्चित ग्रन्थ हुन्। तीन वटा विश्वकोष मध्ये ६ सय ५ पृष्ठको अभिनव कोषको लागि संस्कृति शिरोमणि जोशीले २०५९ सालको मदन पुरस्कार पाउनुभएको थियो। त्यस बाहेक नेपालको इतिहास, अभिलेख, संस्कृति, पुरातत्व धर्म तथा जनजीवनको क्षेत्रमा विशद् खोज तथा अनुसन्धान सम्बन्धी जोशीका ३५ वटा पुस्तकहरू प्रकाशित छन्।

विगत सात दशकदेखि अनवरत रूपमा नेपाली संस्कृतिका इतिहास, अभिलेख, मुद्रा, ग्रन्थ, शब्दकोष, संस्कार, चाडपर्व, धर्म, देवीदेवता लगायत कलाको विषयमा खोज गर्दै जोशीले विभिन्न ग्रन्थ मार्फत् त्यसलाई जनसमक्ष राख्दै आउनुभएको छ। उहाँको प्रतिभा र कामलाई बुझ्ने केही बुद्धिजीवी र इतिहास र संस्कृतिका खोजकर्ताहरू उहाँको घरमा पुग्छन्। त्यसो त जोशीका फरक धारका विचार सुन्न र नेपालको संस्कृति र इतिहासलाई फरक कोणबाट बुझ्न दुई चार अध्येताहरू उहाँको घर दैलोमा नपुगेको दिन हुँदैन। विद्यावारिधिका विषय छान्न, फेला परेका कुनै मूर्तिका बारे जान्न, कुनै चाडपर्वबारे बुझ्न, संस्कृति र इतिहासका शिक्षक, विद्यार्थी जोशीलाई भेट्न पुगिरहेकै हुन्छन्।

इतिहासकार स्वतन्त्र हुनुपर्छ। इतिहास पक्षपातरहित हुनुपर्छ भन्ने मान्यतामा इतिहासलाई पढ्न र लेख्न रुचाउने यिनी इतिहासले विश्वलाई सही बाटो प्रदर्शन गर्नुपर्छ भन्नेमा जोड दिनुहुन्छ। शुरूदेखि अनुसन्धानमा संलग्न यिनका महत्वपूर्ण कार्यहरू भनेको अनुसन्धान गर्दै इतिहास र संस्कृतिको खोजी गर्नु नै हो।

इतिहास, संस्कृति र पुरातत्वबारे फरक धार राख्नेहरूलाई यस क्षेत्रका विज्ञ र विद्वान्हरूले टिक्न नदिने उहाँको अनुभव छ। यिनै फरक धारका कारण जोशी सीमान्तकृत संस्कृतिविद्को सूचीमा पर्छन्। जोशीले भन्नुभयो, - ‘हाम्रा इतिहास, संस्कृति र सम्पदाका क्षेत्रमा वर्चस्व जमाएका केही व्यक्तित्वहरूले संस्कृति, सम्पदा र संस्कारको विषयमा फरक कोणबाट सोच्ने छुट कसैलाई दिएका छैनन्।’ यता फरक धारको बोली फुट्यो, उता इतिहास र अभिलेखका पाना च्यातेर प्रहार हुन थालिहाल्छ। जोशीका अनुसार नेपालको इतिहास र संस्कृतिका विषयमा नयाँ खोज र अनुसन्धान हुन नसक्नुको प्रमुख बाधक फरक विचार नस्वीकार्नु ठान्नुहुन्छ।

‘इतिहास र संस्कृतिका विषयमा पढिने र पढाइने हरेक कुरामा किन?, कसरी? भन्ने खुल्दुली राखिएन भने नयाँ कुरा भेटिँदैन। राजा महाराजाहरूको आदेशमा लेखाइएको शिलालेख मात्रै इतिहास हो र ? यिनलाई मात्र इतिहासका प्रमाण मान्ने परम्पराकै कारण हामी नेपालको इतिहास र संस्कृतिका वास्तविक ऐतिहासिक तथ्यहरूबाट निकै पछाडि छौं।’ जोशीले भन्नुभयो। यसै मान्यता अनुरूप सत्यमा आधारित प्राचीन इतिहास तथा संस्कृतिलाई उजागर गर्ने उद्देश्य बनाई जोशीले आफनै

सक्रियतामा जोशी रिसर्च इन्स्टिच्युट नामक संस्था ३६ औं वर्षअगाडि स्थापना गर्नुभएको थियो। यस संस्थाबाट नै ३६ वर्ष अगाडि रोलम्ब नामक अनुसन्धानात्मक त्रैमासिक अङ्ग्रेजी जर्नलका रुपमा प्रकाशित गराउँदै यस पत्रिकाको सम्पादनमा जोशी खटिनुभएको थियो। यिनीबाट भएका अध्ययन, अनुसन्धान, खोजी र लेखनमा भएको ठोस कार्यहरू भनेको प्राचीन अभिलेख, प्राचीन मुद्रा ग्रन्थपुष्पिका, धर्म, संस्कृति, इतिहास, कोष आदि विषयका अनेकौं महत्वपूर्ण ग्रन्थहरू तयार भएको थियो।

कम्युनिस्ट विचारको प्रभाव, पारिवारिक स्कुलिङले पनि जोशीलाई सत्य, न्याय र समानताको पथमा अविचलित भई लाग्नुपर्ने छाप परेको थियो। राजनीतिक यात्रा छाडेको धेरै भएपनि उहाँको व्यक्तित्वमा यसको प्रभाव यत्रतत्र देखिन्छ। जोशी २००७ सालको क्रान्तिताका पिता भागीरथरामको सहमति लिएर दाजु केशवरामसहित नेपाल कम्युनिस्ट पार्टीमा लाग्नुभएको थियो। नेकपाको प्लेनम र सेमिनार अक्सर उहाँकै घरमा हुन्थ्यो। जोशीकै परिवारले धेरै कम्युनिस्ट नेताको गाँस-बास-कपासको व्यवस्था गर्नुपथ्र्यो। पुष्पलाल, मनमोहन अधिकारी, निरञ्जन गोविन्द वैद्य, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, नरबहादुर कर्माचार्य, शैलेन्द्रकुमार उपाध्याय, केशरजंग रायमाझी, साधना-साहनादेखि डीपी अधिकारी, धनुषचन्द्र गौतम, कलमराज रेग्मी, अरविन्द रिमाल, भारतीय नेता गिरीश जोशीसम्मको जमघट उहाँकै घरमा हुन्थ्यो।

रुसी नेता खुस्चेभले स्टालिनलाई देहान्तसँगै तानाशाह करार गरेपछि उहाँको कम्युनिस्टहरूको राजनीतिप्रति मोह भङ्ग भएको थियो। बाँचुन्जेल महान्, मरेपछि गद्दार ? व्यक्तिपूजा र निन्दा, क्रान्ति र प्रतिक्रान्ति, घात र प्रतिघातको शृंखलाबाट जोशीलाई वाक्कदिक्क भएको थियो। त्यसैले २०१२ सालमा कम्युनिस्ट पार्टी मात्र होइन, राजनीतिक यात्रा नै छोड्नुभएको थियो। राजनीतिक त्याग गरेपनि नेपाल कम्युनिस्ट पार्टीका संस्थापक मध्ये निरञ्जन गोविन्द वैद्यका भाञ्जा समेत रहेका जोशीले मामाबाट सिकेको मानवताको भावना, समानता र न्यायको भावनालाई भने साहित्य र संस्कृति सँगै अघि बढाइरहनुभएको छ।

संस्कृति विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका जोशीले २८ वर्षसम्म विभिन्न सरकारी सेवामा कार्य गर्नुभयो। उहाँको सेवा क्षेत्र नेपाल म्युजियम र रक्षा मन्त्रालय रहेको थियो। जागिरे जीवनबाट अवकास प्राप्त भइसकेपछि उहाँ संस्कृतिको खोजीमा निरन्तर लागिरहनुभयो। पुस्तकहरूको अध्ययन गर्ने, टिपोट बनाउने र लेख्ने कार्य नै यिनका जीवनकालका लागि महत्वपूर्ण कार्य भयो।

जोशीलाई नजिकबाट बुझ्नेहरूको भनाईमा जोशी ‘कालो बादलले ढाकेको चन्द्रमा झैं हुनुहुन्छ।’ जोशीको व्यक्तित्व र योगदान धेरैलाई जानकारी नहुनु इतिहास, संस्कृतिका अध्येताहरूले शूरूदेखि नै खट्किएको विषयका रूपमा लिएका छन्। जोशीको कृतित्व नेपालका नाम चलेका र समाजले विशेष स्थान दिएका अरू व्यक्तित्वको तुलनामा कुनै कमी नभएपनि उहाँको विषयमा धेरैलाई थाहा नहुनु, चर्चा र परिचर्चा नहुनुलाई एउटा खट्किएको विषयका रूपमा लिएको जोशीका विद्यार्थी सौभाग्य प्रधानाङ्गले बताउनुभयो। हाल पुरातत्व विभागका महानिर्देशक समेत रहेका प्रधानाङ्गले भन्नुभयो, - ‘ जोशीको विषयमा चर्चा गर्दै जाँदा सहज र स्वाभाविक रूपमा सबैले केही वर्ष अघिसम्म त्यही प्रश्न धेरैले दोहोऱ्याउने गर्थे। तर अहिले उहाँको चर्चा भने व्यापक हुँदै गएको छ।’

राष्ट्रकवि माधवप्रसाद घिमिरे, शताब्दी पुरुष सत्यमोहन जोशी, इतिहासकार ज्ञानमणि नेपालको चर्चा र परिचर्चा सुनेका जो कोहीले पनि हरिराम जोशीको परिचय पाउने जोशीको व्यक्तित्व कसरी ओझेलमा परेको भनेर सोध्ने गरेको स्मरण गर्दै उहाँले भन्नुभयो, - ‘ बौद्धिक खोज, अनुसन्धान, त्यसको चर्चा भनेको फरक फरक विषय हुन्। यसमा स्वयं जोशीको उत्तरले थप प्रस्ट्याउँछ। जोशीको योगदान बारे किन खासै चर्चा नभएको भएको भन्ने जिज्ञासामा संस्कृति शिरोमणि जोशीले भन्नुभयो, - ‘मेरो काम संस्कृति सम्बन्धी शोधखोज गर्ने हो । यसैमा मलाई आनन्द छ। फेरि मेरो बारे चर्चा किन नगरेको भनेर समाजलाई सोध्ने कुरो पनि भएन। यस्तो उत्तर मैले दिने नै पनि होइन। चर्चा र परिचर्चासँग मेरो खास मतलब पनि छैन।’

‘ उहाँको योगदान र व्यक्तित्वको विषयमा राज्य र समाजको जुन स्वरूप र स्तरमा ध्यान जानुपर्ने हो, त्यो हिसाबले गएको छैन।’ घरमा हालै भेट्न आएका पूर्व उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्नुभयो,- ‘ जीवनका सारा वसन्तहरूलाई बिच्छयाएर दिनरात, महिना, वर्षहरू, संस्कृति र इतिहासको खोजमा बिताउने हरिराम जोशीलाई राज्यले चिन्नुपर्दछ। समाजले चिन्नुपर्दछ।’

जोशीको बौद्धिक कर्मलाई नजिकबाट नियाल्दै आउनुभएका स्थानीय संस्कृतिका अध्येता राजेश बज्राचार्यले भन्नुभयो, - ‘ राष्ट्रकवि माधव घिमिरे, इतिहासकार ज्ञानमणि नेपाल, वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीको चर्चा परिचर्चा सुनेका जो कोहीले जोशीलाई व्यक्तित्व गुमनाम व्यक्तित्वका रुपमा लिन्छन्। जोशीको चर्चा अपेक्षाकृत नभएको भन्ने सर्वसाधारणको अनुभूतिको पछाडि सम्बद्ध संस्था, समाज, राज्य र सञ्चारमाध्यमको भूमिकालाई हेर्नुपर्ने हुन्छ। तर जोशीको व्यक्तित्व र कृतित्व नियाल्दै जाँदा उहाँको जीवन र कृतिको गज्जबको तथ्य भेटिन्छ।’

प्राचीन नेपाल, नेपाली संस्कृति, नेपालको प्रँचीन अभिलेख, उत्तरप्राचीनकालीन मुद्रा, हाम्रो संस्कृति, मध्यकालीन अभिलेख, हिन्दू देवीदेवता, नेपालका चाडपर्व, मेडिएभल कोलोपोफोन्स, पेजेज अफ द फर्गटन पास्ट जोशीका बहुचर्चित तथा गहन महत्वका ग्रन्थहरू हुन्। इतिहास-संस्कृति, भाषा-साहित्य, वेद-वेदाङ्ग एवम् हिन्दु पुराणका अनेकौं विषयमाथि विहङ्गम दृष्टिका साथ जोशीले गहन रूपमा खोज र अनुसन्धान गर्नुभएको छ।

नेवाः समाज सांस्कृतिक रूपमा निकै धनी समुदाय हो, तर वर्तमान समाजले यी संस्कृति र संस्कारलाई चलिआएको रीतका रूपमा मात्र बुझ्दा लोप हुने क्रम बढेको छ। यसको महत्व नबुझाएसम्म यो लोप हुने क्रम रोक्न सकिँदैन भन्ने जोशीको भनाई रहेको छ।

संस्कृतिविद् जोशीको वृद्ध शरीर थाके पनि मन थाकेको छैन। गत मंगलबार ८८ वर्ष ८ महिना र ८ दिन पुगेको अवसरमा नेवाः परम्परा अनुसार तेस्रो जमक्व गरिसकेपछि जोशीको उत्साह झन् बढ्दो छ। वैदिक मान्यता र कथनले मानिसको धोको सय वर्षसम्म बाँच्ने रहेको हुन्छ। सय वर्षसम्म बाँच्ने ऊर्जालाई जागृत बनाइराख्न विभिन्न खुड्किलो पार गर्नुपर्दछ। नेवाः समुदायको हिन्दु र बौद्धहरूमा प्रचलित जमक्वको संस्कार बाँच्ने ऊर्जा बलियो बनाउने खुड्किलो रहेको उल्लेख गर्दै जोशीले भन्नुभयो, - ‘ तेस्रो जमक्वः सम्म बाँचिसके। यो उत्साह र खुशीको विषय हो।’ बौद्धिक रूपमा उहाँ नयाँ पुस्ताका कोहीभन्दा कम देखिँदैनन्। इतिहास र संस्कृतिका नयाँ पुराना तथ्य नियमित अध्ययन गरिरहनुभएको छ।

मुख्य अभियुक्त पक्राउ

बारा, (नेस)

कलैयास्थित रामराजा मोहनविक्रम शाह बहुमुखी क्याम्पसका तत्कालीन प्रमुख हरिभूषण कुशवाहाको हत्या प्रकरणका मुख्य अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। मोरङ जिल्लामा लुकिछिपी बसेको अवस्थामा पक्राउ परेका ४१ वर्षीय कुशवाहालाई बारा प्रहरीले बिहीबार बिहान पत्रकार सम्मेलन गरी सार्वजिक गरेको हो।

प्रहरीका अनुसार मुख्य अभियुक्त कुशवाहा लामो समयसम्म भारत र नेपालका विभिन्न स्थानमा लुकेर बसेका थिए। प्रहरीले घटनामा प्रयोग भएका दुई थान पेस्तोल, सात राउन्ड गोली, चार थान मोटरसाइकल, चार मोबाइल, दुई ल्यापटप र सात सिमकार्ड बरामद गरेको जनाएको छ। मोरङ जिल्लामा लुकेर बसेको सूचनाको आधारमा उनलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक महेन्द्र खड्काले बताउनुभयो।

कुशवाहाविरुद्ध ज्यान सम्बन्धी र हातहतियार खरखजना सम्बन्धी मुद्दा दर्ता भई प्रारम्भिक सुनुवाइ पूरा भएको बारा प्रहरीले जनाएको छ।

गत जेठ ३२ गते साँझ करिब सवा ५ बजे बारा आदर्शकोतवाल गाउँपालिका-२ स्थित खजुरियाबाट कलैया बजारतर्फ आउँदै गर्दा हरिभूषण कुशवाहाको गोली हानी हत्या भएको थियो। कुशवाहासहित १७ जनाको समूह घटनामा संलग्न रहेको प्रहरीले जानकारी दिएको छ। हत्यामा संलग्न भएका मध्ये १० जनालाई प्रहरीले तत्कालै पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाएको थियो। उनीहरूमध्ये दुई जना धरौटीमा रिहा भएका थिए भने ८ जना कारागार चलान भएका थिए।

घटनामा संलग्न चन्द्रमणिप्रसाद कुशवाहा, चाँदशीप्रसाद कुशवाहा, सुमेदकुमार कुशवाहा, विनोद राउत कुर्मी, राधेसकुमार पटेल, अवधलाल कुशवाहा, चुल्हाई भन्ने श्रवणकुमार साह, हरिन्दर महरा चमार, ब्रह्मदेव राम, मोतीलाल चौधरीलाई तत्काल कारबाही थालिएको थियो।

जसमध्ये राधेसकुमार पटेल र विनोद राउत कुर्मी धरौटीमा छुटेका छन् भने अन्य ८ जनालाई वीरगन्ज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जानाएको छ।

कृषि उत्पादन बढाउन माटोको परीक्षण

नेपाल समाचारपत्र, म्याग्दी

खेतबारीमा खाद्यतत्वको अवस्था पत्ता लगाउन र खाद्यान्न बालीको उत्पादन बढाउनका लागि माटोको नमुना परीक्षण गरिएको छ। कृषि ज्ञान केन्द्र म्याग्दीको आयोजना र रघुगंगा गाउँपालिकाको कृषि शाखाको सहजीकरणमा माटोको नमुना संकलन गरी परीक्षण गरिएको हो।

रघुगंगा-३ पिप्लेमा आयोजित निःशुल्क माटो परीक्षण शिविरमा ७० वटा माटोको नमुना परीक्षण गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ। माटोमा नाइट्रोजन, फोस्फोरस र पोटासियमको मात्रा तथा माटोको पीएच अवस्था अर्थात् अम्लीयपन, तटस्थ र क्षरीय भए, नभएको अवस्था पत्ता लगाउन माटोको नमुना परीक्षण गरिएको कृषि ज्ञान केन्द्र म्याग्दीका कृषि प्रसार अधिकृत गंगा लामिछानेले बताउनुभयो।

खास गरी, खेतबारीमा खाद्यतत्वको अवस्था र माटोमा अम्लीयपन, तटस्थ र क्षरीयपनको मात्रा पत्ता लगाउने उद्देश्यले माटो परीक्षण शिविर आयोजना गरिएको थियो। रघुगंगामा विभिन्न ठाउँको ७० वटा माटोको नमुना संकलन गरी परीक्षण गर्दा अधिकांश ठाउँको माटोमा हल्का अम्लीयपन र तटस्थको मात्रा पाइएको कृषि ज्ञान केन्द्र म्याग्दीको सूचना अधिकारी समेत रहेकी कृषि प्रसार अधिकृत लामिछानेले जानकारी दिनुभयो। माटोको नमुना परीक्षणको क्रममा माटोमा नाइट्रोजनको मात्रा न्यून रहेको पाइएको उहाँको कथन छ।

चालू आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार स्थानीय तहहरूमा कृषि शिविर सञ्चालन गर्ने कार्यक्रमअन्तर्गत रघुगंगामा निःशुल्क माटोको परीक्षण शिविर गरिएको हो। जिल्लाको अन्य पालिकामा पनि माटो परीक्षण शिविर आयोजना गरिने जनाइएको छ। शिविरमा माटोको उर्वराशक्तिलाई कायम राखेर कृषिजन्य उत्पादन वृद्धि गर्न आवश्यकता अनुसार रासायनिक मलको प्रयोग, मौसम अनुकूलका बालीनालीहरू तथा खाद्यान्न बाली लगाउने विधिका बारेमा समेत किसानलाई सहजीकरण गरिएको थियो। उक्त शिविरमा रघुगंगाको विभिन्न क्षेत्रबाट किसानहरूले नमुना परीक्षण गर्नका लागि माटो ल्याएका थिए।

शिविरमा कृषि ज्ञान केन्द्र म्याग्दीका कृषि प्रसार अधिकृत लामिछानेसहित रघुगंगा गाउँपालिकाको कृषि शाखा प्रमुख दीपकराज जोशी, कृषि ज्ञान केन्द्रका प्राविधिक सहायक श्यामशरण कुर्मीलगायत प्राविधिकको टोलीले माटोको अवस्थाबारे नमुना परीक्षण गरी सुझाव दिएका थिए।

गाँजरीमा चार दलको उम्मेदवारी

नेपाल समाचारपत्र, डोटी

मंसिर १६ गते हुने उपनिर्वाचनअन्तर्गत गाउँपालिका-६ गाँजरीको वडाध्यक्ष पदका लागि चार दलले उम्मेदवारी दर्ता गराएका छन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उम्मेदवारी दर्ता गराएका हुन्।

नेपाली कांग्रेसका तर्फबाट मोहन थापा, नेकपा एमालेका तर्फबाट देवबहादुर थापा, नेकपा माओवादी केन्द्रका तर्फबाट देवीलाल थापा र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट जानकीकुमारी खड्का (कुँवर) उम्मेदवार रहेको मुख्य निर्वाचन अधिकृत रुद्रमणि गिरीले जानकारी दिनुभयो।

पूर्वगाविस अध्यक्ष समेत रहेका २०७४ सालको स्थानीय तहको निर्वाचनको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी अनुभवी उम्मेदवार मोहन थापालाई कांग्रेसले उम्मेदवार बनाएको छ। २०७९ को निर्वाचनमा पूर्विचौकी गाउँपालिका क्लिन स्विप गरेको कांग्रेसले आषनो विरासत जोगाउन संघर्ष गर्नुपर्ने देखिन्छ।

२०७४ सालमा जितेको विरासत फर्काउन पूर्ववडाध्यक्ष भई पाँच वर्ष कार्यकाल बिताएका देवबहादुर थापालाई एमालेले अघि सारेको छ। थापा जनताका बीचमा लोकप्रिय भएका कारण २०७४ मा नतिजा हात परेको भन्दै फेरि थापालाई नै अघि सारेर वडाध्यक्ष हात पार्ने एमाले रणनीति छ।

लामो समयदेखि स्थानीय राजनीति तथा सामाजिक कार्यमा सक्रिय स्वच्छ छविका उम्मेदवार देवीलाल थापालाई लिएर माओवादी मैदानमा आएको छ। उहाँका समकक्षी सबै सार्वजनिक पदमा बसेर टेस्ट भइसकेका कारण जनताले यसपटक आषना उम्मेवारलाई नागरिक समर्थन हुन सक्ने माओवादीको आँकलन छ।

पुराना दलहरूले पुरुषलाई उम्मेदवार बनाए पनि पहिलोपटक स्थानीय तहको निर्वाचनमा सहभागी हुन लागेको दल राष्ट्रिय स्वतन्त्र पार्टीले महिलालाई उम्मेदवार बनाएको छ। अन्य दलहरूले एउटै परिवारबाट उम्मेदवार बनाउँदा यसपटक महिलालाई साथ दिनुपर्ने नारा लिएर रास्वपा जनताको घर-घरमा गइरहेको छ।

उम्मेदवारी दर्ता भएसँगै चुनावी सरगर्मी शुरु भएको छ। जिल्ला, प्रदेश र केन्द्रीय स्तरका नेताहरू गाँजरी पुगेर आषनो उम्मेदवारको पक्षमा माहोल बनाउन शुरु गरेका छन्।

महिलाको निःशुल्क शल्यक्रिया

खोटाङ, (नेस)

केपिलासगढी गाउँपालिकाभित्रका आङ खस्ने समस्या भएका महिलाहरूको निःशुल्क शल्यक्रिया गराइएको छ। गाउँपालिकाले तथ्याङ्क संकलन गर्दा उक्त समस्याको विकराल रूप देखापरेपछि समस्याग्रस्त महिलालाई काभ्रेपलाञ्चोक जिल्लाको बनेपास्थित शीर मेमोरियल अस्पतालमा निःशुल्क शल्यक्रिया गराइएको हो।

गाउँपालिकाको पहल तथा समन्वयमा गत ७ गते बनेपा पठाइएका ३२ महिलामध्ये १९ जनाको सफल शल्यक्रिया भएको जनाइएको छ। ९ गते आइतबारदेखि मंगलबारसम्ममा उपचार गराइएकोमा ७ जनामा दोस्रो चरणको मात्र समस्या देखिएको थियो। दोस्रो चरणको समस्यामा शारीरिक व्यायाम र नियमित औषधि प्रयोग गर्दा सुधार हुने डाक्टरको सुझाव रहेको छ।

गाउँपालिकाबाट पठाइएका अन्य बिरामीमा मुटु, रक्तचाप, मधुमेह लगायतका समस्या देखिएकाले उपचार गर्न नमिल्ने भन्ने डाक्टरको सल्लाह अनुसार केही बिरामी र कुरुवालाई घर फर्काइ सकिएको छ। जिल्लाको उत्तरी ग्रामीण क्षेत्र समेटिएका ७ वटा वडा रहेको गाउँपालिकाभर तथ्याङ्क संकलन गर्दा ५६ जनाको हाराहारीमा आङ खस्ने समस्याले ग्रस्त महिला पाइएको गाउँपालिकामा उल्लेख छ। गाउँपालिकाले उपचार तथा शल्यक्रियाको अवसरका लागि सूचना जारी गर्दा पहिलो चरणमा ३२ जना महिलाले स्वस्फूर्त रूपमा उपचारको प्रस्ताव पेस गरेका थिए।

उक्त सेवाका लागि बिरामी, कुरुवा र गाउँपालिकाका चार जना स्वास्थ्यकर्मीका लागि यातायात र आवास सुविधा पालिकाबाट व्यवस्थापन गरिएको हो। आङ खस्ने समस्या भएका महिलाहरूका लागि सामुदायिक सेवा प्रतिष्ठान नेपालको आर्थिक सहयोग र सोही अस्पतालको प्राविधिक सहयोग रहेको केपिलासगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सौधन राई (युनिक साम्पाङ)ले बताउनुभयो।

हाल ३२ जना बिरामी कुरुवा, आफन्त साथै गाउँपालिकाका ४ जना स्वास्थ्यकर्मीको प्रत्यक्ष निगारानी र हेरचाहमा बिरामीको उपचार भइरहेको प्रमुख प्रशासकीय अधिकृत राईको भनाइ छ।

विशेष गरी, ग्रामीण क्षेत्रका महिलामा आङ खस्ने समस्या हुने भए पनि तथ्याङ्कमा उल्लेख हुन सकेको छैन। समस्या बाहिर नल्याउनु र सही तथ्याङ्क नआउनुले समेत समस्या बढ्दै गएको सरोकारवालाहरूको ठहर छ।

तामाङ संस्कार:
संस्कृति र संरक्षण

सुवास मोक्तान

> तामाङ जातिमा आफ्नै मौलिक वैवाहिक संस्कार रहेको छ। विवाह समारोहमा दाम्पत्य जीवन सुखद एवम् सफल होस् भनेर लामा गुरुहरूलाई अनिवार्यरूपमा टाशीघेपा र टाशीछेक्पा अर्थात् शुभ मोलम पाठ गर्ने प्रचलन छ। तामाङ जातिमा फुपूचेली र मामाचेलाको छोरोछोरी बीचमा पनि विवाह चल्ने प्रचलन छ।

तामाङ जाति नेपालका विभिन्न आदिवासी जनजातिहरूमध्ये आफ्नै साझा भूगोल भएको प्राचीन जातिहरूमध्ये एक जाति हो। तामाङहरूको साझा भूगोललाई ताम्सालिङ भन्ने गरिन्छ। यो जातिले काठमाडौं उपत्यकालाई आफ्नो प्राचीन मूलथलो मान्दछ। नेपाल सरकारले सूचीकृत गरेका विभिन्न ५९ आदिवासी जनजातिहरूमध्ये तामाङ पनि पर्दछ। आफ्नै भूगोल, धर्म, इतिहास, भाषा, भेषभूषा, रहनसहन, सामाजिक संरचना, संस्कार एवं सांस्कृतिक मान्यता रहेको तामाङ जातिको मुख्य बसोबास क्षेत्र काठमाडौं उपत्यका र यसको आसपासका जिल्लाहरू रसुवा, मकवानपुर, नुवाकोट, धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सिन्धुली हो। तामाङहरू नेपालबाहेक भारतको सिक्किम, दार्जिलिङ, आसाम, नागाल्यान्डका साथै भुटान र बर्मालगायत मुलुकमा बसोबास गर्दछन्। तामाङजातिको जनसंख्या २० लाखभन्दा बढी रहेको छ। तामाङ जातिलाई चिनाउने सशक्त माध्यम भाषा नै हो। नेपालको विभिन्न जीवित भाषाहरूमध्ये तामाङ भाषा अन्य भाषाको तुलनामा निकै अगाडि छ। तामाङ भाषा भोट-बर्मेली भाषा परिवारअन्तर्गत पर्दछ। तामाङ जाति बौद्ध धर्म मान्दछन्, त्यसैले तामाङ जातिको जन्मदेखि मृत्युसम्मको सम्पूर्ण कर्म बौद्ध दर्शनबाट निर्देशित भएको छ।

तामाङ समाजमा जन्म

तामाङ समुदायमा सामान्यत: बालक जन्मेको तीन दिनपछि नै न्वारन गरिन्छ। अधिकांश तामाङले लामागुरुबाट बौद्ध धर्मशास्त्रअनुसार नै न्वारान गरि बच्चाको नामकरण गराउने चलन छ। छैठीको दिन सुत्केरी आमा र बच्चालाई नुवाइधुवाइ गराएर कोठामा चोखो पानी छर्किने र दियो बाल्ने चलन पनि छ। छोरीलाई ५ महिनामा र छोरालाई ६ महिनामा पास्नी गराइन्छ। जेठो छोरा वा छोरीको भात खुवाई मैना चराको चुच्चोबाट गराउन सके चराजस्तै मीठो बोली बोल्ने विश्वास अझै पनि छ। तामाङहरूमा भात खुवाइको अवसरमा आफ्ना नातागोता र छिमेकीले बच्चालाई उपहारको साथै रुपैयाँ, पैसा दिने र मीठोमीठो पक्वान्न बनाई लगिदिने प्रथा पनि चलनचल्तीमा छ। तामाङहरूको छेवर मामाबाट गराइन्छ। छेवर ३ वर्षदेखि १३ वर्षसम्म जुनबेला गरे पनि हुन्छ। यो अवसरमा चेलीबेटीले दही, खसी, रक्सी, सेलरोटी, कुखुरा आदि कोसेली ल्याएर सघाउने चलन छ। बच्चाका आमाबाबुले आफ्ना चेलीबेटीलाई गच्छेअनुसार दक्षिणा दिन्छन् र निम्तालुहरू नाचगान गरी रमाइलो गर्दछन्।

तामाङहरूको परम्परागत गाउँ संगठनमा सात सदस्य हुन्छन्, जस्तो चोहो (अध्यक्ष), मुल्मी (गाउँको मुखिया), ङाप्ता (लामा, पुरोहित), डोप्ता (साधु) आला (ठालु), ताम्बा (वंशावली जान्ने व्यक्ति) अनि गुरमी गोडाई अर्थात् सचिव। गाउँको ठालुलाई मुखिया भनेझैँ तामाङहरूको सामाजिक जीवनमा मुल्मी एक महत्वपूर्ण पद हो। मुल्मीको स्थान एक व्यक्तिले लिएपछि अर्को व्यक्तिको पालो आउँछ। साधारणत: हरेक वर्षको संसारी वा भूमि पूजाको निमित्त मुल्मी चुनिन्छन्। पहिलेपहिले सरकारी मालपोत उठाउने काम पनि मुल्मीको जिम्मामै हुन्थ्यो। स-साना झैझगडा मिलाउने र पुर्पक्ष गर्ने काम मुल्मीले नै गर्थे। यस समुदायले प्रयोग गर्ने गहनाहरूमध्ये कर्ण फूल, ढुंग्री र शिरफूल तामाङहरूबीच लोकप्रिय थिए। विवाहित महिलाहरूले पोते लगाउने चलन पछि मात्र सुरु भएको हो। सुँगुरको मासु, लसुन, पाहा र सिस्नु घरभित्र ल्याएर पकाउनु हुँदैन भन्ने मान्यता अधिकांश तामाङ समुदायमा अझै कायमै छ।

न्वारन : लामाद्वारा जन्मेको ७ दिनदेखि १३ दिनसम्म गरिने विधि,
अन्नप्राशन : जन्मेको ६ महिनादेखि ९ महिनासम्म गरिन्छ,
छेवर : जन्मेको ३ वर्षदेखि ९ वर्षसम्म,
बूढो अन्नप्राशन : वृद्ध भएर दाँत झरेर फेरि उम्रेमा गर्ने अन्न प्राशन,
तामाङ समुदायमा विवाह (ब्रेल्साङ)

तामाङ जातिमा आफ्नै मौलिक वैवाहिक संस्कार रहेको छ। विवाह समारोहमा दाम्पत्य जीवन सुखद एवम् सफल होस् भनेर लामा गुरुहरूलाई अनिवार्यरूपमा टाशीघेपा र टाशीछेक्पा अर्थात् शुभ मोलम पाठ गर्ने प्रचलन छ। तामाङ जातिमा फुपूचेली र मामाचेलाको छोरोछोरी बीचमा पनि विवाह चल्ने प्रचलन छ। आफ्नो स्वाँगैभाई (सहगोत्री) बाहेक अन्य थर, जातिबीचमा ठाउँ विशेषको संस्कारअनुसार विहेबारी हुने गर्दछ। जन्ती जाँदा तामाङहरू मौलिक लोकबाजा डम्फु बजाउँछन्। आफ्नो छोरीचेली कुटुम्बलाई सुम्पने बेलामा तपसिलका चार प्रकारका वस्तुहरू साक्षी राख्ने गरिन्छ। १. विवाह हुने स्थानका अलौकिक ज्योहो ज्योमो (देवी देवता)हरू, २. हिमालमा हुने डाँफे अनि तराईमा पाइने मयूरको प्रतीकस्वरूप कुखुराको भाले, ३. नदीमा पाइने गोही र कछुवा आदिको सम्झनास्वरूप जिउँदो माछा र ४. विवाहस्थलमा भएका सम्पूर्ण सज्जन महानुभावहरू। यिनै चार प्रकारका साक्षीहरूको रोहवरमा मात्रै तामाङ जातिले आफ्नो छोरीचेली कुटुम्बलाई जिम्मा लगाउँछन्। यही तामाङ संस्कृतिलाई तामाङ जातिमा छोंगोर, घासा वा चारदाम भनिन्छ। यही चारदाम गर्ने समयमा तामाङ जातिको ताम्बाले हाम्रो छोरीबेटी तपाईं कुटुम्बलाई सुम्पिए तापनि हाम्रो ह्रुई अर्थात् थर चाहिँ हजुरहरूलाई सुम्पेका छैनौं भनी माइतीकै थर रहने कुरा बताउने भएकाले तामाङ चेलीको थर परिवर्तन हुँदैन।

सामान्यत: तीन दिनपछि दुलही फर्काउने चलनलाई दोवरी-निवरी भनिन्छ। यो समुदाय सरल र सोझो हुने भएकाले सबै झन्झटपट्टि लाग्नुभन्दा वनपाखामा जुवारी खेलेको बखत एकअर्कासँग मायाप्रीति गाँसेर सुटुक्क भाग्ने पुरानो चलनलाई आधुनिकीकरण गर्दै लगिएको छ। परम्पराअनुसार दुई परिवारलाई चित्त बुझेको बेला एक सिसी रक्सी राखेर केटीका आमाबाबुको शिर उठाएपछि टीकोटालो र ढोगभेट गर्नासाथ उनीहरूको सम्बन्ध स्वीकार्य हुन्छ।

तामाङ समुदायमा मृत्यु संस्कार

तामाङ जातिमा अन्य जातिमा जस्तै मृत्यु संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ। यिनीहरू बौद्ध धर्मावलम्वी भएका हुनाले यिनीहरू पूर्वजन्म र पुन:जन्ममा विश्वास गर्दछन्। मृत आत्मालाई मोक्ष दिन बौद्ध धर्मग्रन्थअनुसार लामाको विधिले यो कार्य सम्पन्न गरिन्छ। तामाङ जातिमा मृत्यु संस्कार भित्र पर्ने विधिहरूलाई यहाँ राखिएको छ।

क) शव उठाउने र शवयात्रा

यो समुदायमा मानिस मरेपछि लासको शिरको छेउमा दियो बालिन्छ। बौद्ध परम्पराअनुसार लामाहरूलाई खबर गरी बौद्ध धर्मशास्त्रको विधिअनुसार फुवा गर्ने लगायतका कर्महरू घरैमा गरिन्छ। लामाले साइत हेरेर मात्र शवयात्रासहित घाटमा लाने गरिन्छ। कुनैकुनै बेला दुई, तीन दिनपछिको साइत निस्किन्छ। राता-पहेँला र सेता कपडाबाहेक अन्य परम्परागत शृंगारका वस्तुले सिंगारेर लास लैजाँदा घ्याङलिङ (धार्मिक सनाई) तथा ढ्यांग्रो, झ्याम्टा बजाउँदै अघि लाग्छन्। मूल लामा लासको ठीक अघिल्तिर रहन्छन् र घण्टी बजाउँदै, मन्त्र पढ्दै अघि बढ्छन्। उनले हातमा लिएको लामो कपडाको ध्वजाको अर्को छेउ लासको खटसम्म तानिएको हुन्छ। स्वास्नीमानिसहरू मलामी जान यो समुदायमा रोकतोक छैन।

ख) दाहसंस्कार

तामाङ जातिमा शवयात्रागरी दाहसंस्कारको लागि प्रायजसो डाँडामा लाने चलन छ। यो समुदायमा नुन, तेल बार्ने चलन शास्त्रानुसार अनिवार्य नभए पनि कसैकसैले केही दिनसम्म बार्ने गर्दछन्। कसैकसैले ७ देखि १३ दिनभित्र स्यार्कतिङ्सी गर्छन्। तर, वास्तविक सुध्याइ (घेवा) धेरैजसोले ४९ दिनपछि गरेको देखिन्छ।

ग) पञ्चशीलको पालना

तामाङ जाति बौद्ध धर्मको महायान सम्प्रदायका हुन्। महायानी बुद्धधर्मअनुसार आफन्तको मृत्यु भएको ४९औं दिनसम्म पञ्चशीलको पालना गर्नु पर्दछ। हिन्दु समुदायमा जस्तो कपाल खौरिने, नुन बार्ने, सेतो लुगा लगाउने आदि गर्नु पर्दैन।

घ) घेवा परम्परा

तामाङहरूको अन्तिम संस्कार (समग्रमा) उनन्चास गर्ने, जुठो फुकाउने आदि सबै कार्यलाई घेवा भनिन्छ। घेवा तामाङहरूको अन्त्येष्टि प्रक्रिया हो। यो साधारणत: चार किसिमको हुन्छ।. (१) बिहाने घेवा, (२) एक राते घेवा (३) तीन दिने घेवा र, (४) सो घेवा।

१. *बिहाने वा एक दिने घेवा :* लामाको विधिअनुसार पहिलो दिनको घेवाको नाम एक दिने घेवा वा एक बिहाने घेवा भनिन्छ। एकदिने गर्न पनि दिनभरि लाग्दछ।

२. *एकराते घेवा :* लामाकै विधि विधानअनुसार एक राते घेवा बिहान सुरु भएर दिन र रातभर गरेर त्यसको भोलिपल्टको बिहान सकिन्छ। जसको सन्तान छैन त्यस्ताले जीवित अवस्थामा आफैंले पनि यस किसिमको घेवा गर्दछन्।

३. *तीनदिने घेवा :* तामाङहरूले मृतकको नाममा तीन दिनसम्म लामाको शास्त्रमा भएको सबै विधि विधान गरेर गरिने घेवा हो यो। पहिलो दिन थाल्ने, दोस्रो दिन फाल्ने, तेस्रो दिन वाङ र टिकाम्हेन्दोको काम हुन्छ।

४. *सो घेवा :* सो घेवा कुनै व्यक्तिले आफ्नो जीवनकालमै गर्ने घेवालाई सो घेवा भनिन्छ। प्राय: सन्तान नहुनेहरूले आफू मर्नुअघि नै सो घेवा गर्ने परम्परा छ।

मृत्यु संस्कारको बेलामा पनि तामाङ समुदायमा गीत गाउने चलन छ। थुन्दा सोर्बा (मृतकलाई बाटो खर्च दिने) काम सकेपछि मृतकले बाँच्दाको दैनिक जीवनचर्याको विषयमा ज्वाइँ (माक्पा) ले गीत गाउनुपर्दछ। यस्तो गीतलाई 'कल्पला व्हाई' भनिन्छ । यसरी ज्वाइँले गीत गाएमा मृतकले जीवनमा पापै गरेको रहेछ भने पनि मुक्ति मिल्छ भन्ने मत पाइन्छ ।परदेश गएर कुनै व्यक्ति मरेको खबर प्राप्त भयो भने उसको परिवारले घेवा गरिसकेको रहेछ, तर मृतक भनिएको व्यक्ति गाउँ फर्कियो भने उसलाई सोझै घर फर्कन दिइँदैन। एक-दुई दिन बाहिर बस्न लगाएर विधिपूर्वक एउटा ठूलो घ्याम्पोमा पसाएर घ्याम्पो फोरी निकालेपछि मात्र घरभित्र हुल्ने चलन छ।

तामाङ समुदायमा चाडबाड तथा उत्सव

तामाङहरूले आफ्नो विभिन्न चाडपर्वमा बौद्ध धर्म र परम्पराअनुसार गुम्बा, माने र छ्योर्तेनमा पूजाआज गर्दछन्। बौद्ध धर्मको महायानी सम्प्रदायभित्र पर्दछन्। महत्वपूर्ण धार्मिक चाडपर्वहरूमध्ये बुद्धजयन्ती, सांस्कृतिक एवं धार्मिक पर्व अर्थात् नयाँवर्ष ल्होछारलाई प्रमुख चाडको रूपमा मान्दछन्। माघेसंक्रान्तिको चाड मनाउँदा घ्याङमा गएर पूजा गरिन्छ। जनै पूर्णिमालाई यो समुदायले गुरुपूर्णे भन्ने गरेको पाइन्छ। सो दिन नारा पूजा र भोज चल्ने गर्छ। घ्याङ चलाउन गुठीको झैँ सामूहिक जग्गा राख्ने चलन पनि छ। तामाङहरू चैते दसैं, वैशाखी वा बुद्ध पूर्णिमा, साउने संक्रान्ति, दसैं-तिहारजस्ता चाडहरू पनि मनाउने गर्छन्। तामाङ समुदायमा संसारी पूजा अर्थात् भूमि पूजा गर्नेहरू पनि छन्। तामाङ जीवन, दर्शन र संस्कारमा मुख्यतया तीन सांस्कृतिक निकाय लामो समयदेखि प्रचलनमा छ। बोन्बो, लामा र ताम्बा । बौद्ध सम्प्रदायमा बदलिनुअघि तामाङहरू प्राकृत बोन थिए अर्थात् बोन्बोबाट सबै कर्म गर्दथे। पछि लामावाद पनि मिसियो। त्यसअघि नै मौखिक इतिहासविद्, संस्कृतिविद्को रूपमा ताम्बा (कथा भन्ने मान्छे) तामाङ समुदायमा अस्तित्वमा आए। तामाङ संस्कृतिको तीन खम्बा मानिने यी सांस्कृतिक धरोहरहरू अझै अस्तित्वमा छन्।

तामाङ जातिका संस्थागत संरचनाहरू :

नेपालमा सर्वप्रथम कार्तिक १, २००९ मा अखिल नेपाल बुद्ध धर्म सङ्घ स्थापना गर्न तामाङहरू जुटेको प्रमाण पाइन्छ। प्रजातन्त्र स्थापनापछि नेपाल तामाङ समाज सुधारसमिति गठन भई त्यसैले आफ्नो 'संस्कृति, भाषा र धर्म सम्बन्धिका वस्तुहरूको खोजतलास र सुरक्षाको लागि काम गरेको थियो। त्यत्तिबेलाका नेता तथा अग्रजहरू जुद्दवीर लामा, अष्टबहादुर लामा, पेम्बा तामाङ, वीरबहादुर लामा, बुद्धिमान तामाङ, सत्यमान लामा, तिलकबहादुर नेगी आदिले संस्कृति संरक्षणमा काम गरेका थिए। २०४७ को जेठ २६-२७ मा काठमाडौंमा सम्पन्न बृहत् भेलाबाटनेपाल तामाङ घेदुङ (नेताघे) को स्थापना भएको हो। यो नै नेपाल सरकार बाट मान्यता संस्था हो। यो सँगै तामाङ भाषा संस्कृति विकास समिति, नेपाल तामाङ राष्ट्रिय महासङ्घ, नेपाल तामाङ राष्ट्रिय घेदुङ, नेपाल ताम्बा घेदुङ, नेपाल लामा घेदुङ, नेपाल बोन्बो घेदुङ, नेपाल महिला घेदुङ, तामाङ सेवा गुठी, तामाङ स्रष्टा समाज, तामाङ सेमल्हेङ न्हान, नाङ्सल क्लब नेपाल, तामाङ प्राज्ञ सभा, तामाङ न्हाङखोर, तम्बा सङ्घ नेपाल, बौद्ध तामाङ कल्याण गुठी, तामाङ राष्ट्रिय पुस्तकालय, नेपाल रास्ट्रिय तामाङ संघ, नेपाल ताम्बा संघ, नेपाल तामाङ कलाकार संघ, सेलो जुहारी कलाकार संघ विभिन्न तामाङ समाज तथा गुठी संस्थाहरूस्थापना भई तामाङ भाषा, साहित्य र संस्कृतिलाई बचाउनमहत्वपूर्ण योगदान दिँदै आएका छन्। यसका अलवा नेपालबाहिर पनि सक्रिय संस्थाहरू छन्। भारतको दार्जिलिङमा पहिलो तामाङ संस्था नेपाली तामाङ बौद्ध एसोसिएसन स्थापना भएको थियो। त्यसपश्चात्मेघालयमा दरङ बुद्धिस्ट तामाङ समाज, गान्तोकमा सिक्किम तामाङ बौद्ध सङ्घ, अखिल भारतीय तामाङ बौद्ध सङ्घ, तामाङ बौद्ध घेदुङस्थापना गरी तामाङ जातिको उत्थान, हकहित, भाषा-संस्कृति र प्रकाशन लगायतका उल्लेखनीय काम गर्दै आएका छन्।

(मोक्ताननेपाल तामाङ घेदुङमा आबद्ध छन्।)

डोल्पाबासीका आधारभूत आवश्यकता पूरा गर्न सरकार कटिबद्ध छ : मन्त्री यादव

डोल्पा (नेस)

नेपाल सरकारका खानेपानीमन्त्री प्रदीप यादवले नेपाल सरकार हरेक डोल्पाबासी नागरिकका आधारभूत आवश्यकता पूरा गर्न कटिबद्ध रहेको बताउनु भएको छ।

नेपालको उच्च हिमाली जिल्ला डोल्पाको ठूलोभेरी नगरपालिका-६ दूरगाउँ काएखोलीमा निर्माण गरिएको खानेपानी तथा सरसफाइ योजनाको आज शनिबार उद्घाटन गर्दै मन्त्री यादवले डोल्पाबासी आम नागरिकका हरेक आवश्यक्ता पुरा गर्नका लागि नेपाल सरकार सधैं तत्पर र कटिबद्ध रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकारले हरेक डोल्पाली नागरिकको आधारभूत आवश्यकता पूरा गर्न कटिबद्ध छ, खानेपानीका यस्ता योजनाहरुले डोल्पा सहितका नेपालका अन्य दुर्गम क्षेत्रका जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने छ।"

आज उद्घाटन गरिएको उक्त खानेपानी आयोजनाले स्थानीयवासीको दीर्घकालीन आवश्यकता पूरा गर्दै स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न महत्वपूर्ण कोसेढुँङ्गा साबित हुने मन्त्री यादवले बिश्वास व्यक्त गर्नुभयो। मन्त्री यादवले डोल्पाबासी आम नागरिकहरुको सहकार्य एवं सहयोगबाट डोल्पा जिल्लामा खानेपानी आयोजनाका कामहरुमा राम्रो उपलब्धि सम्भव भएको भन्दै धन्यबाद समेत व्यक्त गर्नुभयो।

यसैगरी मन्त्री यादवले आजै डोल्पाको ठूलीभेरी नगरपालिकामा खानेपानी मन्त्रालयको समन्वयमा स्थापित ठूलीभेरी नगरपालिका-७ जुफालमा रहेको ग्रामिण खानेपानी सेवा सहायता केन्द्रको समेत उद्घाटन गर्नु भएको छ।

स्थानीय समुदायको जीवनस्तर सुधार गर्न, स्वास्थ्य समस्याहरु कम गर्न र पानीको दिगो व्यवस्थापनमा शुद्ध र स्वच्छ खानेपानीका आयोजनाले महत्वपूर्ण योगदान दिने मन्त्री यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालका ग्रामीण क्षेत्रका जनतालाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउने सरकारको पहिलो प्राथमिकता छ, सोही अनुसार मन्त्रालय अगाडि बढेर काम गरिरहेको छ।"

खानेपानी तथा सरसफाइ योजना तथा ग्रामिण खानेपानी सेवा सहायता केन्द्रको परियोजनाले डोल्पाबासीको शुद्ध र स्वच्छ खानेपानीका लागि थप सुदृढ बनाएको मन्त्री यादवले बताउनुभयो। उहाँले भन्नुभयो, "यस परियोजनाको सफल सञ्चालनले खानेपानी तथा सरसफाईको विकासमा नयाँ इतिहास रच्नेछ भन्ने मैले विश्वास लिएको छु।" डोल्पा जिललामा निर्माण गरिएका खानेपानीका आयोजना निर्माण सम्पनन कार्यलाई सफल पार्न एवं सहायता केन्द्र स्थापना गर्न सहयोग गर्ने स्थानीयवासी, जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरु, स्थानीय तह, फिनल्याण्ड सरकार र युरोपियन युनियन प्रति समेत मन्त्री यादवले धन्यवाद व्यक्त गर्नु भएको थियो।

उक्त कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव ई. प्रमिलादेबी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई. रामकुमार थापा लगायतको टोली डोल्पामा पुगेको थियो।

बम पड्काउने दुई पक्राउ

झापा, (नेस)

बिष्फोटक पदार्थ सम्बन्धी कसूरका फरार २ जना प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मोरङ मिक्लाजुङ गाउँपालिका-९ मधुमल्ला ठेगाना भएका राजकुमार माझी र कानेपोखरी गाउँपालिका-६ शिवालय टोल ठेगाना भएका धिरज माझी रहेका छन्।

बिर्तामोड नगरपालिका-६ स्थित शमशेर एण्ड गंगादेवी टि स्टेट प्रालिको पश्चि म पर्खाल नजिकै गत भदौ २८ गते आम सर्वसाधारणलाई आतंकित तुल्याउने उदेश्यले बिष्फोटक पदार्थ राखेको घटनाको अनुसन्धानको क्रममा प्रहरीले उक्त कार्यमा संलग्न राज कुमारलाई मोरङ उर्लाबारी नगरपालिका-७ उर्लाबारी चोकबाट र धिरजलाई मोरङ पथरी शनिश्चरे नगरपालिका-१ जातेरोडबाट पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत झापाबाट बिष्फोटक पदार्थ सम्बन्धी कसूरमा ३ दिन म्याद थप अनुमित लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

मोटरसाइकल चोरी गर्ने समातिए

कास्की, (नेस)

पोखरा महानगरपालिका-८ चिप्लेढुंगास्थित ट्रेडमल अगाडि पार्किङ गरी राखेको ग.२३ प १२०८ नम्बरको मोटरसाइकल चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा सोही महानगरपालिका-१७ डेभिजफल बस्ने बिजय थापालाई प्रहरीले पक्राउ गरेको छ।

उक्त मोटरसाइकल गत मंसिर ५ गते साँझ चोरी भएको घटनाको अनुसन्धानको क्रममा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा बिजयले उक्त मोटरसाइकल चोरी गरी केही पार्टपुर्जा आफ्नो ग.१६ प १४६२ नम्बरको मोटरसाइकलमा राखेको र अन्य पार्टपुर्जा छुट्टाई पोखरा महानगरपालिका-१७ घारीपाटनस्थित कोठामा लुकाई छिपाई राखेको अवस्थामा प्रहरीले बरामद गरेको थियो।

उनी उपर जिल्ला अदालत कास्कीबाट चोरी तथा डाँका सम्बन्धी कसूरमा ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०८/१६ गते नेपाल समाचारपत्र दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ मंसिर २३ गते आइतबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

कुपण्डोल शाखा

१. ऋणीहरुको विवरण

क. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ९७०४०/०६९/०७० अन्तर्गत मिति २०६९/०५/२१ मा दर्ता कायम भई, आन्तरिक राजश्व कार्यालय, करदाता सेवा केन्द्र ललितपुरमा स्थायी लेखा नम्बर (पान) मिति २०६९/०५/२४ मा दर्ता प्रमाणपत्र नं. ६००७०५०९१ कायम रही ललितपुर जिल्ला, ज्वागल गा.बि.स/न.पा वडा नं. १०, स्थित रजिष्टर्ड कार्यालय रहेको **केशव अफसेट प्रेस प्रा.लि. ।**
सञ्चालक - केशव राई

ख. **केशव राई**
ना.प्र.नं.- ७९५,
जारी मिति - २०५८/०७/२७, जि.प्र.का. रौतहट
बाबु - सोम बहादुर राई
बाजे - हसियाँ राई
पत्नी - सबिना कुमाल
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ४
हालको ठेगाना- ललितपुर जिल्ला, धापाखेल गा.वि.स./न.पा. वडा नं. १ क,

लिलाम हुने सम्पत्तिको विवरण

१. **केशव राई**को नाममा मालपोत कार्यालय, ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला धापाखेल वडा नं. १क स्थित कित्ता नं. ५९५० को क्षेत्रफल ०–४–०–० (रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **सोम बहादुर राई**को नाममा मालपोत कार्यालय, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिगाहपुर वडा नं. १ स्थित कित्ता नं. ४४३५ र ४२८१ को क्षेत्रफल क्रमश ०–०–३–० र ०–०–१३–० (विगाह) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **केशव राई**
ना.प्र.नं.- ७९५,
जारी मिति - २०५८/०७/२७, जि.प्र.का. रौतहट
बाबु - सोम बहादुर राई
बाजे - हसियाँ राई
पत्नी - सबिना कुमाल
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ४
हालको ठेगाना- ललितपुर जिल्ला, धापाखेल गा.वि.स./न.पा. वडा नं. १ क

२. **सबिना कुमाल**
ना.प्र.नं.- .२५ १००१/२००१,
जारी मिति - २०६७/०६/१३, जि.प्र.का. नुवाकोट
बाबु - गजबिर कुमाल
पति - केशव राई
स्थायी ठेगाना- नुवाकोट जिल्ला, विदुर गा.वि.स./न.पा.वडा नं. ७
हालको ठेगाना- ललितपुर जिल्ला, धापाखेल गा.वि.स./न.पा. वडा नं. १क

३. **सोम बहादुर राई**
ना.प्र.नं.- १८५९२
जारी मिति - २०२६/०१/१०, जि.प्र.का. रौतहट
बाबु - हसियाँ राई
बाजे - सिध्द बहादुर राई
पति - आनन्दी राई
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ४
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स./न.पा. वडा नं. ४

धार्के, धादिङ शाखा

ऋणीहरुको विवरण

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/०७/०७ मा दर्ता नं. १७६९०४/०७४/०७५ कायम भई दर्ता रहेको धादिङ जिल्ला, धुनिबेशि न.पा., वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **ग्रिन गार्डेन रेष्टुरेन्ट प्रा. लि. ।**
प्रोपाइटर पुरुषोत्तम चापागाई

२. **पुरुषोत्तम चापागाई**
ना.प्र.नं.- २१९३६
जारी मिति - २०५४/०८/१७, जि.प्र.का. धादिङ्ग
बाबु - रामेश्वर चापागाई
बाजे- इन्द्र कुमार चापागाई
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, नौबिसे गा.वि.स., वडा नं. १
हालको ठेगाना- धादिङ्ग जिल्ला, धुनिवेशी .न.पा., वडा नं. ६

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **मेनुका चापागाई**
ना.प्र.नं.- ४०/३०
जारी मिति - २०३१/१०/२७, जि.प्र.का. धादिङ्ग
बाबु - लोक बहादुर थापा
ससुरा - रामेश्वर चापागाई
पति - पुरुषोत्तम चापागाई
स्थायी ठेगाना- धादिङ्ग जिल्ला, नौबिसे गा.वि.स., वडा न १
हालको ठेगाना- धादिङ्ग जिल्ला, धुनिवेशी .न.पा., वडा न. ६

२. **रोशन चापागाई**
ना.प्र.नं.- २६-०१-७३-१२८८०
जारी मिति - २०७३/१२/३१, जि.प्र.का. धादिङ्ग
बाबु - पुरुषोत्तम चापागाई
बाजे - रामेश्वर चापागाई
स्थायी ठेगाना- धादिङ जिल्ला, धुनिबेशि न.पा., वडा नं. -०६
हालको ठेगाना- धादिङ्ग जिल्ला, धुनिवेशी .न.पा., वडा न. ६

३. **अनुजा श्रेष्ठ**
ना.प्र.नं.- २६-०१-७३-११०८१
जारी मिति - २०७३/१०/१४, जि.प्र.का. धादिङ्ग
बाबु - कृष्ण लाल श्रेष्ठ
ससुरा - पुरुषोत्तम चापागाई
पति - रोशन चापागाइ
स्थायी ठेगाना - धादिङ जिल्ला, नौविसे गा.वि.स., वडा नं. -०७

४. **रोजिना चापागाई**
ना.प्र.नं.- २६-०५-७५-००५५०
जारी मिति - २०७५/०९/१९, जि.प्र.का. धादिङ्ग
बाबु - पुरुषोत्तम चापागाई
बाजे - रामेश्वर चापागाई
स्थायी ठेगाना- धादिङ जिल्ला, धुनिबेशि न.पा., वडा नं. -०६
हालको ठेगाना- धादिङ्ग जिल्ला, धुनिवेशी .न.पा., वडा न. ६

लिलाम हुने सम्पत्तीको विवरण

१. **पुरुषोत्तम चापागाई**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको जिल्ला धादिङ, नौविसे गा.वि.स./न.पा. वडा नं. १/क स्थित कित्ता नं. ७६४ र ९५८ को क्षेत्रफल क्रमश ०-०-३-० र १-६-०-० (रोपनी) को जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

गैंडाकोट, नवलपरासी (वर्दघाट सुस्तापुर्व) शाखा

१. ऋणीको विवरण

प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (वर्दघाट सुस्तापुर्व) मा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली, २०७६ को नियम ४ बमोजिम मिति २०७७/११/०४ मा उद्योग दर्ता नं. १५२५/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग अन्तर्गत करदाता सेवा कार्यालय कावासोती, नवलपरासी (वर्दघाट सुस्तापुर्व)बाट मिति २०६८/१२/२७ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६००४५०१२४ कायम भई दर्ता भई नवलपरासी (वर्दघाट सुस्तापुर्व) जिल्ला गैंडाकोट न.पा. वडा नं. ३, ढोडेनीमा रजिष्टर्ड कार्यालय रहेको **गौरी पशु तथा कृषि फर्म ।**
प्रोप्राइटर- टोल नाथ आले ।

लिलाम हुने सम्पत्तिको विवरण

१. धनि कुमारी बैंक लि. र ऋणी **गौरी पशु तथा कृषि फर्म** कायम भई प्रदेश सरकार, लुम्बिनी प्रदेश, भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय, सवारी, रुपन्देही, नेपालमा दर्ता रहेको चे.नं. LFNMF1055MRN, ई.नं. NLF2USE0007, सवारी नं. लु ४ त ७१५३ को रातो रङ्गको ARJUN NOVO 605 DI (MAHINDRA) ट्याक्टर - १ थान

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **टोल नाथ आले**
ना.प्र.नं.- १२७९१
जारी मिति - २०५२/०२/२९, जि.प्र.का. तनहुँ
प्रथम प्रतिलिपि - २०७६/१०/२३, जि.प्र.का. नवलपरासी (ब.सु.पू.)
बाबु - दल सिं आले
आमा - तिलिसरा आले
बाजे - मान बहादुर आले
पत्नी - गोरी माया थापा मोक्मी
स्थायी ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैंडाकोट न.पा., वडा नं. ०३,

२. **गोरी माया थापा मोक्मी**
ना.प्र.नं.- ३१३२०६
जारी मिति - २०५६/०४/१०, जि.प्र.का. नवलपरासी
बाबु - पर्शुराम थापा मोक्मी
आमा - छलिमाया थापा
बाजे - विष्णु विर थापा
ससुरा - दल सिं आले
सासु - तिलिसरा आले
पति - टोल नाथ आले
स्थायी ठेगाना- नवलपरासी (ब.सु.पू.) जिल्ला, गैंडाकोट न.पा., वडा नं. ०३, (साविक नवलपरासी जिल्ला, गैंडाकोट गा.बि.स. वडा नं. ०३)

शिद्धार्थनगर शाखा

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/०२/१३ मा दर्ता नं: २९१२४६/७८/०७९ कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **जे.एम.डि. ट्रेडिङ्ग हाउस प्रा.लि. ।**
सञ्चालक - कल्याण बहादुर मल्ल

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **कल्याण बहादुर मल्ल**
ना.प्र.नं.- ४७७५/२२६
जारी मिति - २०३७/०४/१४ , जि.प्र.का. काठमाण्डौ
बाबु - हेम बहादुर मल्ल
बाजे - रत्न बहादुर मल्ल
पत्नी - प्रतिक्षा राणा मल्ल
स्थायी ठेगाना- म्याग्दी जिल्ला, भगवती गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३

२. **प्रतिक मल्ल**
ना.प्र.नं.- ३७१०२३/२/३८००१
जारी मिति - २०६५/११/२१ , जि.प्र.का. रुपन्देही
बाबु - कल्याण बहादुर मल्ल
बाजे- हेम बहादुर मल्ल
स्थायी ठेगाना - रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३
हालको ठेगाना - रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३

३. **प्रतिक्षा राणा मल्ल**
ना.प्र.नं.- ५९०२१
जारी मिति - २०३७/०७/१२ , जि.प्र.का. रुपन्देही
बाबु - चक्र प्रताप राणा
बाजे - जंग प्रताप राणाको
ससुरा - हेम बहादुर मल्ल
पती - कल्याण बहादुर मल्लक
स्थायी ठेगाना - रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३
हालको ठेगाना- रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३

लिलाम हुने सम्पत्तिको विवरण

१. **कल्याण बहादुर मल्ल**को नाममा मालपोत कार्यालय, भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा., वडा नं. १३ स्थित कित्ता नं. १८२ को क्षे.फ. ८७५.७० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

२. **प्रतिक्षा राणा मल्ल**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर गा.वि.स./न.पा., वडा नं. १३ स्थित कित्ता नं. २०९ र २११ को क्षे.फ. क्रमशः २९३.२२ र ६१८.१८ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

३. **कल्याण बहादुर मल्ल**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३ स्थित कित्ता नं. २१९ को क्षे.फ. ६५.०० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८१ मंसिर २२ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८१ मंसिर २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८१ मंसिर २३ गते आइतबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

बीमालेख हराएको सूचना

मेरो नेपाल लाइफ इन्सोरेन्स कम्पनी लिमिटेडको बीमालेख सिस्ने गाउँपालिकादेखि रुकुम सदरमुकाम खलंगातर्फ जाँदै गर्दा २०८१/०७/०५ गते बीचबाटोमै हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन् अनुरोध गर्दछु ।

नाम : रमिता केसी खड्का
ठेगाना : सिस्ने २ रुकुम (पूर्वी भाग)
बीमालेख नम्वर : ४०१०२०१९०
अभिकर्ता नम्वर : ०३१७९४०१

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

मिति २०८१/०८/१३

[illegible]

तपसिल

[illegible]

महालक्ष्मी नगरपालिका
८ नं. वडा कार्यालय, लुभु, ललितपुर ।

जहाँ आफ्नोपन त्यहाँ अडिन्छ मन

विष्णु शीतल

वासिंगटन डिसी नजिक रहेको नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनईसीसी)ले भगवान् शिव र भगवान् बुद्धको प्रतिमा आफ्नो प्रांगणमा प्रतिस्थापन गरिसकेको छ। यसले भगवान् बुद्धको स्तूपा र भगवान् शिवको कैलाश वा शिवालय निर्माण गर्ने लक्ष्य राखेको छ। यससँगै दुई सयको हाराहारीमा मानिस अटाउने प्रेक्षालय निर्माणको शुरुवात नै गरिसकेको छ।



जहाँ आफ्नोपन हुन्छ त्यहाँ हाम्रो मन टक्क अडिन्छ। नेपाली पनले नेपालीहरुबीच भावनात्मक एकता सिर्जना गर्दछ। यहाँ नेपाली भन्नेबित्तिकै एउटा भौगोलिक नक्साभित्र बसोबास गर्ने जाति मात्र हैन। जुनसुकै भूगोलको भए पनि एउटै संस्कृति, संस्कार परम्परा, रीतिरिवाज र रहनसहन भएको समुदाय नेपाली हो। यसलाई भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन।

अमेरिको भर्जिनिया वरपरको मात्र कुरा गर्ने हो भने यहाँ नेपाली मन्दिर, नेपाली सामुदायिक केन्द्र, नेपाली पाठशाला, नेपालीका भजन टोली, नेपाली परम्परामा युवायुवतीहरुको विवाह र अन्य कर्म, सामुदायिक भवनमा सामूहिक पूजाअर्चना देख्दा जोसुकैलाई लाग्छ यहाँ पनि नेपाल रहेछ। अमेरिका भरमा जहाँ नेपाली समुदायको घनत्व बढी रहेको छ, त्यहाँ नेपाली समुदायले मन्दिरको आवश्यकता महसुस गर्दछ। समुदायमा जो अग्रपंक्तिमा समुदायको नेतृत्व गर्ने क्षमता राख्दछ, उसँग समुदायका सदस्यहरुको आग्रह हुने गर्दछ कि यहाँ एउटा नेपाली मन्दिर चाहियो।

त्यसपछि शुरु हुन्छ- स्थान खोज्ने, रकम जम्मा गर्ने, संस्था दर्ता गर्ने, सामूहिक पूजा, व्रतबन्ध, वनभोज सांस्कृतिक कार्यक्रम आयोजना गर्ने आदि। सन् १९६७ मा वासिंगटन डिसी वरपर बस्ने नेपालीहरुले यस्तै खाँचो महसुस गरेर नेपाली समाज अमेरिका (एएनएस) गठन गरेका थिए। जसको नेतृत्व भने नेपालका लागि अमेरिकी राजदूत एल्सवर्थ वर्करले गरेका थिए। उनी एएनएसको मानार्थ अध्यक्ष थिए। केही कारण थियो होला उनले कार्यकारी पद लिन अस्वीकार गरेका थिए। तर उनको उद्देश्य नेपालीहरु प्रवासमा संगठित रहन र आफ्नो भाषा संस्कृति र परम्परा कायम राख्न मद्दत पुगोस् भन्ने नै थियो भन्ने कुरामा दुई मत छैन। एएनएसको स्थापना यता हेर्ने हो भने नेपालीहरुको हजारभन्दा बढी संघ-संस्था अमेरिकामा क्रियाशील छन्।

यी सबैको उद्देश्य नेपाली कला, संस्कृति, दुई देशबीचको सम्बन्ध सुदृढ बनाउने, तथा नयाँ पुस्तामा आफ्नो संस्कृति र राम्रो संस्कार हस्तान्तरण गर्ने नै रहेको हुन्छ। वासिंटन डिसी वरपर नै उस्तै उस्तै उद्देश्य भएका सयौंको संख्यामा सामाजिक संघ-संस्थाहरु सञ्चालित छन्। समुदायलाई सहयोग पुर्‍याउन स्थापना भएको यस्ता संस्थाहरुले आफ्नो अन्तिम लक्ष्य एउटा सामुदायिक वा धार्मिक केन्द्र स्थापना गर्ने रहेको हुन्छ।

वासिंगटन डिसी नजिक रहेको नेपाल शिक्षा तथा सांस्कृतिक केन्द्र (एनईसीसी)ले भगवान् शिव र भगवान् बुद्धको प्रतिमा आफ्नो प्रांगणमा प्रतिस्थापन गरिसकेको छ। यसले भगवान् बुद्धको स्तूपा र भगवान् शिवको कैलाश वा शिवालय निर्माण गर्ने लक्ष्य राखेको छ। यससँगै दुई सयको हाराहारीमा मानिस अटाउने प्रेक्षालय निर्माणको शुरुवात नै गरिसकेको छ। यो संस्थासँग झन्डै २० एकड आफ्नै जमिन र मन्दिरका लागि एक भवन पनि अवस्थित छ।

यसको परिसरमा एक खोला पनि भएकाले हाम्रो नेपाली मैथीली, भोजपुरी समुदायले छठीमाईको पूजा अराधना र व्रत गर्ने र सूर्य भगवान्लाई अर्घ चढाउने पवित्र पूजा पनि केही वर्षयता हुँदै आएको छ। हरेक वर्षको तीजमा करिब १ सय पचासको संख्यामा दिदीबहिनीहरु उपस्थित भएर भगवान् शिवको पूजा गर्नै गरिएको धेरै वर्ष भयो। यसको साथै मन्दिरमा नियमित पूजा अर्चनाका लागि नियुक्त पण्डितबाट नेपाली सांस्कृतिक धार्मिक पर्वअनुसारको पूजा आयोजना गरिँदै आएको छ। पण्डितबाट नेपाली समुदायलाई आइपर्ने पुरोहित सेवा पनि प्रदान गर्ने गरिएको छ।

यसै गरी भर्जिनियामा बसोबास गर्ने नेपालीहरु भारतीय मूलको समुदायले निर्माण गरेका मठ मन्दिरहरुमा पूजा गर्न र तीजमा नाचगान गर्न लाग्दा अनुमति नपाएको र अपमान पनि सहनुपरेको कारण आफ्नोपनअनुसारको सांस्कृतिक भवनको माग उच्च थियो। सन २०१९ मा यसको लागि रकम जुटाउन महाँपुराणको आयोजना गरिएको थियो। यसबाट जम्मा भएको रकम र त्यसपछि पनि नेपाली समुदायले विभिन्न कार्यक्रम आयोजना गर्दै रकम जम्मा गरेर भर्जिनियाको मनाससमा एक पुरानो चर्चसँग दुईवबटा भवनसहित ७ एकर्ड जमिन खरिद गरेको छ। अमेरिका नेपाल सामुदायिक केन्द्र (न्याक) को पहलमा यो संरचना निर्माण हुन लागेको हो।

यसमा ४० देखि ५० लाख डलरको लागतमा धार्मिक र व्यापारिक प्रयोजनका लागि संरचना निर्माण भइरहेका छन्। अबको ६ महिनामा यो संस्थासँग पनि एउटा प्रेक्षालयसहितको व्यापारिक भवन र अर्को मन्दिर तयार हुने प्रायः निश्चित छ। यसको निमित्त समदायका सम्पूर्ण अग्रज सदस्यहरु अहोरात्र खटिरहेको देखिन्छ। त्यहाँ विभिन्न व्यावसायिक इकाइहरु, निजी व्यवसायका कार्यालयहरु, बैंकट हल, मिटिङ हलहरु निर्माणाधीन छन्।

निकट भविष्यमा समुदायका प्रत्येक सदस्यले आफूलाई आवश्यक परेको सामुदायिक सेवा त्यहाँ उपलब्ध हुने विश्वास गरिएको छ। निर्माणको क्रममा रकम नपुग हुँदा समुदायका सदस्यहरु आफूले गरेको दानको परिमाण बढाउन तयार देखिन्छन्। संस्थाले आह्वान गरेमा आफूसँग भएको रकम सापटी वा सहुलियत दरमा ऋृन दिन पनि तयार छन्। यो समर्पणले प्रवासमा आफ्नो संस्कृतिको संरक्षणप्रतिको लगाव देखाउँछ। अमेरिकामा यस्ता उदाहरण धेरै छन्। जहाँजहाँ नेपाली समुदाय घनत्वमा बसेको छ त्यहाँ मन्दिर सामुदायिक केन्द्र बन्दै गएका छन्।

केही वर्ष यता तीव्र गतिमा समुदायले आफूलाई पायक पर्ने ठाउँमा एउटा मन्दिर, सामुदायिक केन्द्र, नेपाली भाषा पाठशाला आदि निर्माण गर्ने क्रम तीव्र बनेको छ। यस क्रममा समुदायले धेरै पाठ पनि सिकेको छ। केही वर्ष अघि बालटिमोरस्थित पशुपति बुद्ध मन्दिरमा ठूलो भीड लाग्यो भनेर स्थानीय मानिसहरुले अदालतमा मुद्दा नै दायर गरेका थिए। मुद्दा चार वर्षसम्म चलेर टुंगो लाग्यो। नेपाली समुदायकै पक्षमा फैसला भए पनि यो हाम्रो समुदायका लागि धेरै भारी भएको थियो। त्यहाँको नेपाली समुदायले पनि आफ्नो संस्कृतिको मायाले नै यो झमेला बेहोरेको थियो। सन् २००९ मा क्यालिफोनियाको लसएन्जलस शहरमा पनि नेपालीहरुले चर्च किनेर मन्दिर बनाएका थिए। भवन तयारी थियो। मन्दिरकै लागि यो संरचना खरिद गरिएको थियो तर त्यो भवनको अगाडिबाट क्रस चिन्ह हटाउन मात्र पनि वर्षौं लागेको थियो।

त्यहाँ पनि छिमेकीहरुबाट निक्कै झमेला बेहोर्नुपरेको थियो। दक्षिण लस एन्जलसमा बसोबास गर्ने नेपालीहरुले यो सामुदायिक भवन तथा मन्दिरका लागि निकै लगानी गरेका छन। न्युयोर्क, बोस्टन, टेक्सासको डालास, क्यानडाको टोरन्टो, जार्जियाको एटलान्टा, ओहायोको कोलम्बस सिन्सीनाटीलगायत दर्जनौं राज्यहरुमा यति बेला नेपाली समुदाय एउटा नेपाली शैलीको मन्दिर, सामुदायिक केन्द्र, नेपाली संग्रहालयजस्ता संरचना नेपाली पहिचानका लागि पनि निर्माणको चाहना राखेर आफ्नो खाजाको थोरै रकम, आफ्नो मनोरञ्जनका लागि छुट्याएको सानो रकम कटौती गरेर जुटेको छ।

आफूले आफ्नै शैलीमा आफ्नै परम्पराअनुसार बनेका संरचनाले मात्र नेपालीको मन जित्न सक्ने भएकाले यसैको धेय छ अमेरिका आउने पहिलो पुस्तालाई। दोस्रो पुस्ताले पनि नेपाली शैली र परम्परालाई चटक्कै छाड्न सक्दैन। छाड्न कोसिस पनि गर्दैन। यदि उसले छाडन कोसिस गरिहाले पनि उसले गुमाउने मात्र हो पाउने केही हैन भन्ने बुझेको छ। प्रवासको नेपाली दोस्रो पुस्ता नेपाली संस्कारमा जति रमाउँछ त्यति नयाँ परिवेश र नयाँ संस्कारमा रमाउँदैन। उसलाई पूर्णरुपमा रमाउन नेपाली भाषाशैली परम्परा र संस्कृति नै चाहिन्छ। आफ्नोपन नै चाहिन्छ।

लेखक हाल वासिंगटन डिसीमा हुनुहुन्छ।

गुरुङ समुदायलाई गोलबद्ध गर्दै 'तमू ह्युल छोंज धीं'

पृष्ठभूमि

नेपाल बुहजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। नेपालमा रहेका १ सय ४२ जातिमध्ये तमू (गुरुङ) जाति पनि एक हो। नेपालको जनगणना २०७८ अनुसार तमू जीतको जनसंख्या ५ लाख ४३ हजार ७ सय ९० रहेको छ। जुन कूल जनसंख्याको १ दशमलव ८० प्रतिशत हो।

तमू जातिहरु सातै प्रदेशमा स्थायी र अस्थायी रुपमा बसोबास गरिरहेको छन्। उत्पत्ति र बसाइँसराइको इतिहास हेर्ने हो भने गुरुङ जातिको उद्‌गम थलो नेपालको गण्डक क्षेत्र रहेको छ। तर, सबैभन्दा बढी देशमा पुगेर स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने नेपाली जातिमा गुरुङ अग्रपंक्तिमा आउँछ। हाल संसारका सयौं देशमा गुरुङ जातिले स्थायी तथा अस्थायी रूपमा बसोबास गर्नुका साथै संगठनसमेत निर्माण गरी आफ्नो संस्कृति, भाषा, रीतिरिवाज, कला र परम्पराको संरक्षण गर्दै आएका छन्।

तमू (गुरुङ)को छुट्टै मौलिक संस्कार, संस्कृति रहेको छ। धर्म, संस्कार र संस्कृति भनेको समाजको विश्वास, मूल्य र मान्यताको आधार हो। यसैमा ज्ञान, विश्वास, कला, मौलिक कानुन र परम्परा जस्ता महत्वपूर्ण विषय रहेका छन्।

तमू जातिको मूल पर्वका रुपमा तमू ल्होसार रहेको छ। यो पर्व हरेक वर्ष पुस १५ गते देश तथा विदेशमा रहेका तमु समुदायले धुमधामका साथ मनाउँछन्। साथै राज्यले पनि राष्ट्रिय पर्वका रूपमा मान्यता दिँदै त्यस दिन सार्वजनिक बिदासमेत दिने गरेको छ। तमूहरुले आफ्नो संस्कार, संस्कृति, रीतिरिवाज एवं परम्परा अनुसार नै कर्मकाण्ड चलाउने गर्दछन्। जसमा तमूहरुले खेगीहरुका रुपमा पच्य, क्ह्लेप्री, लामा र बोन लामालाई अनुशरण गरेको पाइन्छ।

देश तथा विदेशमा स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने सबै तमू (गुरुङ)बीच पारिवारिक सम्बन्ध र समुदायगत एकताको विकास गर्दै तमू (गुरुङ) जातिको इतिहास, भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र संवर्द्धनमा अधिकांश व्यक्ति लाग्नु त्यो समुदायको सुन्दर पक्ष हो। यद्यपि, तमू समुदायबीच भाषिक, सांस्कृतिक तथा सामाजिक रूपमा एकरूपता कायम गर्दै आर्थिक रूपमा समृद्धिको दिशामा अघि बढाउनु पनि उत्तिकै अपरिहार्य छ।

तमू (गुरुङ) जातिको मुख्य पेशा भनेको पशुपालन जसमा भेडापालन सँगसँगै कृषि हुँदै राडीपखी बुन्ने साथै समयसापेक्ष वर्तमान समयमा नेपालमा निजमती सेवा क्षेत्र र सुरक्षा क्षेत्र, वैदेशिक रोजगार र भारतीय, बेलायती सेना र सिंगापुर प्रहरीमा सेवारत रहेका छन्। जसले गर्दा व्यक्तिगत, पारिवरिक र राज्यको अर्थतन्त्र मजबुत बनाउनका लागि थप सहयोग पुगेको छ।

शिक्षा अँध्यारोबाट उज्यालो तर्फ डोऱ्याउने एक माध्यम हो। जसले गर्दा प्रत्येक जातिलाई आफ्नो कार्यदिशा निर्माण गर्न र संस्थालाई नेतृत्व एवम राज्य सञ्चालनका निम्ति अपरिहार्य छ। तमू समुदायको भाषा, संस्कार, संस्कृति र धर्मको संरक्षण, सम्वर्द्धन गर्न, समुदायको हक, हित र अधिकारका लागि सशक्त आवाज उठाउन र राज्यलाई दबाब दिनका लागि छाता संगठन निर्माण भएको छ।

तमूहरू संगठित

तमू जातिको संस्थागत विकास क्रमलाई हेर्दा २०११ सालमा स्थापित गुरुङ कल्याणकारी संघबाट शुरू भएको देखिन्छ। तत्पश्चात् राज्यले प्रदत्त गरेका अधिकारको उपभोग गर्दै राजनैतिक तथा सामाजिक चेतनाको हिसाबले समुदायको हक, हित र अधिकारका लागि संस्थागत भुमिकामा तमूहरुको विभिन्न संघ-संस्थाहरु स्थापित हुन पुगे।

राजनैतिक, सामाजिक तथा साँस्कृतिक चेतनाको विस्तारले तमू जातिको इतिहास, ऐतिहासिकता, पहिचान, भाषा, संस्कार, संस्कृतिहरुको जगेर्ना गर्न र राज्यको मूल प्रवाहीकरणमा तमू जातिको तर्फबाट प्रभावकारी भूमिका सहित सहभागी हुनका लागि बलियो साझा, राष्ट्रिय संस्थाको अपरिहार्यत हुन पुग्यो। यसै क्रममा सम्पूर्ण तमू संघसंस्थाहरुको इतिहासलाई सम्मान गर्दै छाता एवं साझा संगठनका रुपमा २०६५ चैत १५-१८ गतेसम्म नारायणगढ, चितवनमा प्रथम तमू एकता राष्ट्रिय महाधिवेशन सम्पन्न पश्चात् छाता संगठन तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद् स्थापना भएको छ। यसले दोस्रो राष्ट्रिय महाधिवेशन २०६९ सालमा बिर्तामोड, झापामा, २०७३ सालमा कावासोती, नवलपरासीमा तेस्रो राष्ट्रिय महाधिवेशन र चौथो राष्ट्रिय महाधिवेशन २०७८ चैत्रमा भरतपुर, चितवनमा सम्पन्न गरिसकेको छ। यो तमू (गुरुङ) जातिको अधिकारिक, साझा, राष्ट्रिय, छाता र अधिकारवादी संस्था हो।

'प्ये म्हस्या छ्या म्हमु, छ्या म्हस्या ल्हु म्हमु, ल्हु म्हस्या म्हि म्हमु।' अर्थात् 'शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ, परम्परा हराए मानव जातिको अस्तित्व हराउँछ।' भन्ने मूल मर्मका साथ यो संस्था जन्मिएको हो।

यस संस्था नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सञ्चालक परिषद् सदस्य र नेपालमा रहेको सम्पूर्ण आदिवासी जनजातिहरुको साझा एवं राष्ट्रिय संस्था आदिवासी जनजाति महासंघ संघीय परिषद्को संघीय परिषद् सदस्य हो। यस संस्थाको राज्यको संघीय संरचना अनुरुप सातै वटा प्रदेशमा प्रदेश कार्यसमिति ६५ वटा जिल्ला कार्यसमिति ३ वटा भातृ संस्था महिला, विद्यार्थी, युवा र ७० भन्दा बढी संस्था आबद्ध रहेका छन्।

त्यस्तै, ३५ वटा राष्ट्रमा अन्तर्राष्ट्रिय हितैषी संस्थाका रुपमा आबद्ध रहेका छन् साथै यस संस्थाको समन्वयनमा सार्कस्तरीय तमू सम्मेलन २०७३ कार्तिक ७-८ धरान, सुनसरीमा सम्पन्न भइसकेको छ। संसारभर रहेका तमू (गुरुङ)लाई एकताबद्ध, सह-अस्तित्व, पहिचान र भाइचारा अभिवृद्धि गर्नका लागि २०७६ असोज २४-२५ गते काठमाडौंमा प्रथम अन्तर्राष्ट्रिय तमू सम्मेलन सम्पन्न गरी सन् २०२२ अक्टोबर ११-१३ सम्म देन्ताम सिक्किममा दोस्रो अन्तर्राष्ट्रिय तमू सम्मेलन गरेको छ।

तमू ह्युल छोंज धींका लक्ष्य र उपलब्धि

तमू समुदायको संस्कृतिको बारेमा राज्यस्तरबाटै पुस्तक प्रकाशन, पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन, गीत-संगीत निर्माण तथा प्रशारण, दृश्य चित्रको निर्माण, कला-कौशलहरुको प्रस्तुतीकरणमा जोड, लोपोन्मुख बाजा-गाजा, सीप-कला आदिको संग्रह गरी संग्रहालयको व्यवस्थापन, भाषा-लिपिको पठनपाठनमा जोड र विकास गर्नुपर्दछ। तर, राज्यले गरेको काम पर्याप्त छैन। तसर्थ, समुदाय आफैं पनि अग्रसर हुनुपने देखिन्छ। जसका निम्ति तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्ले केही लक्ष्य दिएको छ भने केही उपलब्धि हासिल गरेको छ।

यस संस्थाअन्तर्गत रहेका भाषा, लिपि तथा साहित्य विभागमार्फत तमू मातृभाषा र खेमा लिपि प्रवर्द्धन अक्षयकोष मार्फत प्राप्त हुने रकमबाट देशभरिका विभिन्न तमूहरुलाई समेटी तमू मातृभाषा तथा खेमा लिपि शिक्षण विधिमार्फत भाषा शिक्षक उत्पादन गर्ने र उनीहरुलाई शिक्षकका रुपमा निश्चित सेवा सुविधासहित परिचालन गर्ने लक्ष्य लिएको छ।

केन्द्रीय कार्यालयमा तमू भाषाका प्रकाशित शब्दकोष, व्याकरण तथा तमू भाषा र खेमा लिपिसँग सम्बन्धित सबैखाले सामग्रीहरुको प्रति तथा डाटाहरु संकलन गरी भाषा पुस्तकालय र स्वर्गीय डाक्टर हर्क गुरुङबाट रचना गरिएका विभिन्न पुस्तक, प्रतिवेदन, जर्नल, शोधपत्रहरुको संग्रह गरी डा. हर्क गुरुङ कर्नरको स्थापना गर्ने।

तमू जातिको आदिम भूमि कालीगण्डकीदेखि बुढीगण्डकीसम्मको भूभागमा ऐतिहासिक रुपमा तमू भाषामा राखिएका ठाउँहरुको नामलाई परिवर्तन हुँदा तमू भाषा र सांस्कृतिक स्थल, सम्पदा र किंवदन्तीहरुमा असर गर्ने कार्य तिव्र रुपमा अगाडि बढिरहेको छ। जसको परिणामस्वरुप तमू भाषा र संस्कृतिहरु लोप हुने अवस्था सिर्जना भएको छ।

तसर्थ, पहिचानलाई जर्गेना गर्न तमू थातथलोको मौलिक नाम पुनःस्थापित गर्ने। जिल्ला तथा गाउँस्तरमा गई नाम संकलन गर्ने र सो पश्चात् प्रदेशस्तरमा थातथलो नामावलीलाई अन्तिम रुप दिन र कार्यान्वयनका लागि रणनीतिक कार्ययोजना तयार गर्ने।

जलवायु परिवर्तनको असरबाट तमू थातथलोमा पारेको असर र सो असरबाट अस्तित्व लोप हुने र सांस्कृतिक आधारहरु नष्ट हुने चुनौती देखा परिरहेको छ, तसर्थ, तमू समुदायलाई सो बारेमा प्रशिक्षित गर्ने, असरलाई न्यूनीकरण गर्नका साथै तमू थातथलो र सम्पदाको संरक्षणका लागि प्रदेश तथा जिल्ला कार्यसमितिमार्फत स्थानीय कार्यसमितिको अगुवाइमा आवश्यक कार्यक्रम गर्ने।

तमू जातिको मातृभाषालाई नेपालको संविधान-२०७२ मा व्यवस्था भएबमोजिम र भाषा आयोगको सिफारिस अनुसार गण्डकी प्रदेशको सरकारी कामकाजको भाषाका रुपमा प्रयोगका लागि मागपत्र, ज्ञापनपत्र, ध्यानाकर्षण, प्रदेश मुख्यमन्त्रीसँग भेटघाट, भाषा आयोगसँग सहकार्य गर्नुका साथै आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र सरोकारवालाहरुसँग अन्तरक्रिया गरेको छ। जसको फलस्वरुप गण्डकी प्रदेश सरकारले २०८१/०८२ को नीति तथा कार्यक्रममा तमू भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिन प्रक्रिया थाल्ने प्रतिबद्धता जनाएको छ।

प्रत्येक प्रदेशमा सम्बन्धित प्रदेश कार्यसमितिको संयोजनमा सो प्रदेशभित्रका जिल्ला कार्यसमितिको उपस्थिती रहने गरी तमू समुदायका संस्कार, संस्कृति, परम्परा तथा अन्य विषयहरुलाई समेटी एक महिने प्रशिक्षण अभियान सञ्चालन गर्ने संस्थाले लक्ष्य बनाएको छ।

तमू समुदायबाट अध्ययन, अनुसन्धानको क्षेत्रमा लागेका प्राज्ञिक व्यक्तित्वहरु, राज्यका विभिन्न निकायमा विशिष्ट योगदान पुऱ्याएका तमू व्यक्तिहरु आदिलाई समेटी संगठनको संरचनाभित्र रहने गरी प्राज्ञिक र नीति निर्माण, तमू जातिको विविध विषयमा अध्ययन, अनुसन्धान गर्नका लागि स्वायत्त अधिकार दिने र सो प्रतिष्ठान मार्फत प्राप्त सुझावहरुलाई संस्थागत प्रक्रिया अन्तर्गत कार्यान्वयन गर्ने दृष्टिकोण सहित तमू खेब प्ह्वीब छोंज (तमू प्रज्ञा प्रतिष्ठान) कार्यविधि तयार र कार्यसमिति गठन गर्ने।

त्यस्तै, तमू जातिको प्रमुख चाड ल्होसार/ल्होछार, माङी, बुद्ध जयन्ती, ट्ह्रो टे, फुतासो दिना, म्हे त्ह ले त्हें पर्वलाई देशभरिका स्थानीय महानगर/उपमहानगर/नगर/गाउँपालिका कार्यसमितिको संयोजनमा मनाउन पहल गर्ने।

तमू समुदायभित्र रहेका परम्परागत ज्ञान, सीप संरक्षण, क्षमता अभिवृद्धि तथा आयआर्जन सम्बन्धी कार्यक्रम र परियोजनाहरु भातृ संस्थाहरु युवा, महिला र विद्यार्थी संस्थाको नेतृत्वदायी भूमिका वा सहकार्यमा पूरा गर्न पहलकदमी गर्ने साथै तमू समुदायको आदिम ज्ञान, सीप, परम्परागत प्रथाजन्य कानुनको ऐतिहासिकता, सांस्कृतिक आधार सम्बन्धी विषयवस्तुलाई समेटी परिचय पुस्तिका प्रकाशनका लागि तमू प्रज्ञा प्रतिष्ठान मार्फत अध्ययन, अनुसन्धानका लागि सहकार्य गर्ने।

तमू समुदायका शहीद सुकदेव गुरुङ, सुपति गुरुङलाई राज्यबाट शहीदको मान्यता दिन र स्वर्गीय डाक्टर हर्क गुरुङलाई राष्ट्रिय विभूतिको सम्मान राज्यबाट प्रदान गराउनका लागि आवश्यक पहल र प्रक्रिया थालनी गर्ने। यसै गरी, शहीद सुकदेव गुरुङको जीवनीसँग सम्बन्धित दस्तावेजको खोजी तथा प्रकाशनका लागि केन्द्रीय कार्यसमिति अध्ययन टोली गठन गरी पहल गर्ने।

तमू जाति लिपि खेमा लिपिको युनिकोडलाई व्यावहारिक रुपमा प्रयोग गर्न तथा संस्थाको वेबसाइटलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सो सम्बन्धी विज्ञहरुको खोजी गरी सञ्चालनका लागि आवश्यक प्रबन्ध मिलाउने।

तमूहरुको ऐतिहासिक पहिचान बोकेको आदिम थलो क्होल सों प्रे ट्होको ऐतिहासिकताको संरक्षणका साथै आफ्नो सभ्यता र इतिहासलाई जर्गेना गर्नका लागि अन्तर्राष्ट्रिय तहमा क्रियाशील तमू संघ संस्थाहरुसँग सहकार्य गरी पहल गर्ने कार्यको शुरुआत गरिने।

यसै गरी, तमू जाति बिचमा उद्‌गम थलो सम्बन्धी आएका नयाँ तथ्यको थप अध्ययन, अनुसन्धान तथा दस्तावेजीकरणका लागि तमू प्रज्ञा प्रतिष्ठानमार्फत गर्नका लागि पहल गर्ने र आवश्यक आर्थिक स्रोतका लागि परियोजना प्रस्ताव तयार गर्ने।

तमू युवाहरुलाई स्वदेशमा नै रोजगारको विभिन्न अवसरमा सहभागी गराउनका लागि युवाको भातृ संस्थाको संयोजनमा कार्यशाला गोष्ठी गर्ने, तमू कलाकारहरु मार्फत देशका विभिन्न स्थानहरुमा तमू जातिको साँस्कृतिक कार्यक्रमहरुको आयोजना गरी तमू जातिको संस्कृतिलाई टेवा दिने कार्यक्रम सञ्चालन गर्ने।

प्रस्तुति राजु श्रेष्ठ

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok,Taplejung
Province no.1,Nepal

Invitation for Online Bids

Contract No: FRM/W/NCB/KWS/2081/082/04
Date of publication: 2081/08/16 (1st December, 2024)

1. Phaktanglung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of Kharkhare Water Supply Project at Wad no.4 under National Competitive Bidding procedures. The estimated amount including VAT and PS for the works is Rs. 4468597.12

SN	Work Description	Total estimated amount With VAT and PS	Bid Document Fee	Bid Security
1	Construction of Kharkhare Water Supply Project at Wad no.4	4468597.12	3000	115000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality,Tapethok,Taplejung contact no 9852660485,9852660491 email phaktanglungmun@gmail.com]or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, must submit their bid electronically, should deposit the cost of Rs.3000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Global IME Bank
Name of Office: Phaktanglung Rural Municipality,Tapethok,Taplejung
Office Account no.: Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung S504010000011

4. Pre-bid meeting shall be held at office of Phaktanglung Rural Municipality,Tapethok,Taplejung at 2081/09/07 at 11:00 AM.
5. Bids must be submitted to the office of Phaktanglung Rural Municipality, Tapethok,Taplejung through PPMO website www.bolpatra.gov.np/egpon before 12:00PM on 2081/09/16. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 on 2081/09/16 at the office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs.1,15,000,(One Lakh Fifteen Thousand Rupees only)which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief administrative officer

कामना न्यूज पब्लिकेसन्स् ४१औं वर्षमा :

कामना न्यूज पब्लिकेसन्स् प्रालिको ४१औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा खुसी साटासाट गर्दै पत्रकार तथा कर्मचारी ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित

prabhu bank
BANK OF THE YEAR 2023
THE BANKER
BANK OF THE YEAR 2023 NEPAL
Prabhu Bank Limited
Babarmahal, Kathmandu, Nepal
Post Box No.: 19441
Tel No. :+977-1-5719000
Email : info@prabhubank.com
www.prabhubank.com

CELEBRATING 41 कामना GLORIOUS YEARS
नेपाल समाचारपत्र
संस्कृति संरक्षणका नायक
newsofnepal.com
आइतबार, मंसिर १६, २०८१ Sunday, December 1, 2024

जीवन ज्ञानबाट मानव धर्मको प्रचार
सम्पदा र संस्कृति जोगाउन सेता मच्छिन्द्रनाथ रथयात्रा
भैरवबहादुर थापा : जसले पल्टन छोडेर मौलिक नृत्यलाई संस्थागत गरे
संस्कृति जोगाउन सबैको भूमिका महत्वपूर्ण : यादवलाल कायस्थ

संस्कार र विचारको उर्वरधरा : मिथिला

धीरेन्द्र प्रेमर्षि

विद्यागारका रूपमा विख्यात मिथिला भूखण्डमा साहित्य, संगीत, चित्रकला, मूर्तिकला, हस्तकलाजन्य कौशलहरू अद्यापि जनजीवनको अङ्ग बनेर अस्तित्ववान् छन्। यस्ता परम्पराको मूलमा रहेको छ- लोककल्याणकारी भावना। जनकल्याणका निम्ति राजर्षि जनकले हलो जोतेको दृष्टान्तका साथ जाज्वल्यमान मिथिला माटो र मानवप्रतिको निष्ठाका कारण युगौंदेखि पवित्र एवं उर्वर रही आएको छ। मिथिलाको माटो मात्र नभई विचार समेत उदार, उन्नत र उत्पादनशील छन्। मिथिलामा लिखित सात सय वर्ष पुरानो ग्रन्थ 'पुरुष-परीक्षा' त्यस्ता पुरुषलाई 'श्रेष्ठ र दयालु भनिएको छ, जो सम्पूर्ण प्राणीको उपकार गर्दछ।' परोपकारलाई पुरुष/मानवको सर्वोत्तम गुण भनिएको उपर्युक्त पङ्क्ति त्यस ग्रन्थका लेखक महाकवि विद्यापतिको सद्विचार मात्र होइन, सांस्कृतिक सम्पदाको भण्डार–मिथिलाको मुख्य संस्कार पनि हो।

विद्याव्यसनी मैथिल जनमानस

'विद्या धनं सर्वधनं प्रधानम्' भन्ने उक्तिलाई मिथिलामा सधैँ मूलमन्त्र मानियो। यस मन्त्रप्रति चिरआस्थावान मैथिलहरूले विद्याव्यसनबाटै आफ्नो परम्परागत सभ्यता र संस्कृति जोगाउँदै आएका छन्। 'मिथिला सौरभम् - सस्तव मुक्तकम्' मा लेखिएको छ- 'महा-महिमाशाली क्षीर सागरले देव र दानवबाट मथिएर औंलामा गन्न सकिने रत्नहरूको उत्पत्ति गऱ्यो, तर मिथिला-भूमिले स्वत्व-गुणसम्पन्न उदार विचारका असंख्य विद्वान् रत्नहरू जन्माएको छ।' वैदिक कालदेखि नै मिथिला, संस्कृति र ज्ञान-विज्ञानका दृष्टिले उत्कर्षमा थियो। जनक, याज्ञवल्क्य, अष्टावक्र, गौतम, महर्षि निमि जस्ता योगीश्वरहरूको तपोभूमि तथा वाचस्पति, भारती, मण्डन, उदयन, गङ्गेश, गार्गी, मैत्रेयी, ज्योतिरीश्वर, विद्यापति जस्ता विद्वान्-विदूषीहरूको जन्मभूमि मिथिलामा सीता, सावित्री जस्ता नारी-रत्नहरूको पनि अवतरण भएको छ।

मिथिलाको विशेषता भन्नु नै ज्ञान र विद्याको सुदीर्घ परम्परा हो। मिथिला भूखण्ड भारतमा बिहार र नेपालमा मधेश बन्दै गएपछि भलै यहाँको शैक्षणिक ओज र आभा धूमिल भएको होस्, तर यहाँ शिक्षाको वीजतत्व अझै उन्नत र जीवन्त रहेको छ। त्यसैले अव्यवस्थाका कारण संयन्त्रहरू धराशायी भए तापनि मिथिला क्षेत्रबाट चम्किला व्यक्तित्वहरूको उत्पादन अविच्छिन्न भइरह्यो। अहिले पनि यहाँ विद्यादानलाई महादान भनिन्छ। केही दशकअघिसम्म गाँउ-ठाँउमा शिक्षा सर्वसुलभ नभइञ्जेल मैथिल विद्यार्थीहरू टा-टाढाका गाँउमा आफन्तहरूका घरमा बसेर विद्याध्ययन गर्दथे। विद्यादानको पूण्यप्राप्तिको अभिलाषामा अधिकांश घरमूली त्यसबापतको शुल्कबारे निरपेक्ष रहन्थे।

स्वावलम्बन र सहअस्तित्वको परम्परा

मिथिलाका ११ वटा पर्यायवाची नामहरू रहेका छन्- विदेहभूमि, जानकी जन्मभूमि, तिरहुत, शाम्भवी, तपोवन, स्वर्णलांगल, क्रियापीठ, विश्वभाविनी, वृहदारन्य, नैमिकानन र ज्ञानक्षेत्र। यस ज्ञानक्षेत्रमा ज्ञान-विज्ञानको प्रयोग सार्थक, सकारात्मक र सन्तुलित ढङ्गले गरिएको पाइन्छ। अनेकौं राजनीतिक, सांस्कृतिक, धार्मिक प्रहार सहँदै आएको मिथिला पछिल्लो समयमा दिग्भ्रमित र दयनीय झैँ देखिए पनि विदुषी भारतीले शङ्कराचार्यसँग शास्त्रार्थ गरेको प्रसङ्गले तत्कालीन मिथिलामा महिलालाई प्राप्त स्थान र सम्मानलाई दर्शाउँछ। आफ्नो सानो बारीमा उब्जिने साग-सिस्नुकै भरमा जिन्दगी बिताइदिने अयाची मिश्र जस्ता स्वाभिमानीको दृष्टान्तले मिथिलावासीको स्वावलम्बन र आत्मनिर्भरताप्रतिको प्रतिबद्धतालाई पनि स्पष्ट पार्दछ।

यी सकारात्मकताहरूलाई विभिन्न चाडपर्व, सांस्कारिक कर्म तथा रीति-परम्पराहरूमा आबद्ध गरिएका छन्। यिनैका माध्यमबाट मिथिलाले आफ्नो बौद्धिकता एवं जनमुखी भावना अभिव्यक्त गर्दै त्यसलाई संरक्षणसमेत दिइरहेको छ। मिथिलामा जाति-विभाजन पनि मूलतः एक जाति अर्काका लागि पूरक एवं सहयोगी हुन सकुन् भन्ने किसिमले गरिएको पाइन्छ। यसबाट प्राचीन मिथिलामा उच्चस्तरको सामाजिक व्यवस्था रहेको कुरा प्रमाणित हुन्छ। मिथिलाबाटै उत्पत्ति भई व्यापक हुँदै गएको छठि पर्वमा सन्निहित सद्भाव, समरसता, सृजनशीलता, सार्वजनीनतालाई त्यसको प्रमाणको रूपमा हेर्न सकिन्छ।

माटोको अगाध माया र श्रद्धा

विश्व मानचित्रबाट मिथिला हराएको शताब्दियौं बितिसक्यो। तर मैथिलहरूको माटोप्रेमले मिथिलालाई अझै ओझेल हुन दिएको छैन। मैथिलजनका सांस्कृतिक गतिविधिहरूले मिथिलाको अस्तित्वलाई अक्षुण्ण र जीवन्त राखेको सन्दर्भ यस पङ्क्तिकारको एक गीतमा यसरी अभिव्यक्त भएको छ–

मानैत छी जे आब रहल नहि दुनियाकेर भूगोलमे
तैयो हमसभ बचाकऽ रखलौं जकरा माइक बोलमे
सोहर लगनी जटाजटिन कि झिझिया साँझ परातीमे
एकहकटा मिथिला जीबैए एकहक मैथिल छातीमे

क्रमशः पृष्ठ ९ मा

बिमलकुमार केडिया
उद्योगी तथा समाजसेवी

जीवन ज्ञानबाट मानव धर्मको प्रचार

पृष्ठभूमि

विश्वमा विभिन्न धर्मप्रति मानिसको आस्था छ। यद्यपि, कुनै पनि धर्म नमान्ने समूहसमेत रहेको छ। हामीले मान्ने जुनसुकै धर्म धेरैपछि पालना गरिएका हुन्। सबैभन्दा पुरानो 'मानव धर्म' हो। समग्र मानव जातिको मूल धर्मबाट समाज विचलित हुँदै गएको स्थिति थियो। अहिले विस्तारै पुनः मानव धर्मलाई अंगीकार गर्ने क्रममा वृद्धि हुँदै गएको छ।

मानव धर्ममा प्रेम, करुणा, त्याग, सेवाजस्ता विशेषता रहेका छन्। हामीले ती भावलाई समाजमा स्थापित गर्न सक्यौं भने विश्व शान्तिको सपना साकार बनाउन सम्भव छ। अहिलेको परिवेशलाई पनि हामीले पूर्णरूपमा छोड्न मिल्दैनौं। अहिलको परिवेशमै पनि हामीले विभिन्न धर्मलाई अगाडि राखेर संस्कार र संस्कृतिको पालना गर्न सक्छौं। कतिपयले त्यसको पालना गर्दै पनि आउनुभएको छ। यद्यपि, यसभित्र पनि विभिन्न कुरीति पनि छन्। अब हामीले हाम्रा संस्कार संस्कृतिलाई समयसापेक्ष परिर्वतन गर्नुपर्ने आवश्यकता छ। केही हदसम्म परिवर्तन पनि हुँदै आएको अवस्था छ।

विज्ञानको विकास र विश्वास, आध्यात्मिकताको प्रचार प्रसार तथा पूर्वीय सभ्यताको प्रवर्द्धनले मानव धर्मले राम्रो स्थान पाउँदै गएको छ। यसका निम्ति संयोगवस पूर्वीय सभ्यता सान्दर्भिक पनि छ। बीचको समयमा यो केही हराएजस्तो भए पनि अहिले पुनःस्थापित हुने क्रममा रहेको छ। जसलको फलस्वरूप विश्व जगत्ले पनि पूर्वीय सभ्यतालाई स्वीकार गर्दै गएको छ। त्यसको एउटा ज्वलन्त उदाहरण संयुक्त राष्ट्रसंघले 'विश्व योग दिवस'लाई मान्यता दिनु पनि हो।

'योग' कुनै धर्म वा समुदायमा मात्रै सीमित नरहेर सिंगो मानव जातिको हितसँग जोडिएको एउटा ऐतिहासिक र पुरातन पद्दति हो। पूर्वीय सभ्यताको अंग भए पनि सिंगो विश्वले स्वीकार गरेको हुँदा पूर्वी सभ्यतामा धेरै जीवन उपयोगी कुरा छन् भन्ने कुरालाई प्रमाणितसमेत गर्दछ। कुनै व्यक्तिले केही कुरा अंगाल्दा उसको दैनिकी, जीवन र समाजमा सकारात्मक प्रभाव ल्याउँछ भने त्यसलाई कुनै धर्म र समुदायमा मात्रै सीमित राख्नु पनि हुँदैन।

हिजोआज योगका साथसाथै क्रमशः 'ध्यान'मा पनि मानिस आकर्षित हुँदै गएको पाइन्छ। वास्तवमा ध्यानले आध्यात्मिकतामात्रै प्रतिबिम्बित गर्दैन विज्ञानले पनि यसलाई मानव हितमा रहेको कुरा प्रमाणित गरेको छ। साथै चिकित्सा शास्त्रले समेत त्यसलाई स्वीकार गरिसकेको छ। ध्यानका कारण मानिसको भौतिक शरीरमा सकारात्मक प्रभाव पारेका तथ्य धेरै छन्।

हिजो जसरी योगलाई विश्वले स्वीकार गऱ्यो। आगामी दिनमा ध्यानलाई पनि विश्वले स्वीकार गर्ने दिन नजिकिँदै गएको छ। विश्वमा अहिले देखिएको अशान्ति र विभिन्न समस्यालाई न्यूनीकरण गर्नका निम्ति यसको आवश्यकता र औचित्य देखिन्छ। किनकि, ध्यानले मस्तिष्कको व्यवस्थापन गर्न सहयोग गर्दछ। मस्तिष्कको व्यवस्थापन नहुँदा विभिन्न विकार उत्पन्न हुने भएको त्यसले अशान्ति निम्त्याउँछ।

अचेल विश्वका कतिपय ठाउँमा धार्मिक द्वन्द्व सिर्जना भएका छन्। द्वन्द्वको कारण धार्मिक वा अन्य जसुकै भए पनि यसले आर्थिक क्षेत्रलाई समेत नोक्सान गरिरहेको छ। कुनै ठाउँमा उत्पन्न भएको समस्या अर्को ठाउँमा नपुग्ला भन्ने अवस्था छैन। प्रविधिले विश्वलाई एउटा सानो गाउँका रूपमा परिणत गरिसकेको छ। त्यसैले विश्व समुदायमा नयाँ चुनौतीका रूपमा देखा पर्दै गएका यस्ता समस्यालाई न्यूनीकरण गर्दै लैजानु हाम्रो दायित्व पनि हो।

म किन यस क्षेत्रमा लागें ?

मेरो पारिवारिक पृष्ठभूमि आध्यात्मिकतासँग जोडिएको छ। हाम्रो संस्कार र संस्कृतिसँग जोडिएका धेरै कुरालाई अवलम्बन गर्दै आएँ। साथै विगत २६ वर्षदेखि म र मेरो परिवार 'आर्ट अफ लिभिङ'सँग मेरो आबद्धता रहँदै आएको छ। जसबाट मैले जीवन दर्शन र मानव सभ्यताका विविध आयामबारे बुझ्ने अवसर प्राप्त गरेको छु। त्यसपछि मैले मानव जीवनका लागि आवश्यक देखिएका केही कुरालाई आफ्नो जीवनमा अंगाल्दै पर्छ भन्ने सोच आएपछि त्यसलाई अंगाल्न थालेको हुँ। जसमध्ये केही देखिने खालका छन्। केही नदेखिने पनि छन्।

देखिने मध्येको पूर्वीय सभ्यताको महत्वपूर्ण अंगका रूपमा रहेको 'नमस्कार मुद्रा' हो। विगतमा यो किन, के कारणले हरायो भन्ने कुरा अहिलेसम्म मैले बुझ्न सकेको छैन। मेरो अध्ययन र अनुभवमा 'नमस्कार मुद्रा'ले सकारात्मकताबाहेक अरू केही भेट्टाउन सकेको छैन। यसको भावनात्मक प्रस्तुति, शारीरिक अभ्यास, स्वस्थ जीवनशैलीलगायतका विविध पक्षलाई हेर्दा पनि सर्वोत्कृष्ट छ। यो कुरा बुझेपछि मैले विगत एक दशकदेखि 'नमस्कार मुद्रा' अभियानको थालनी गर्दै आएको छु।

'नमस्कार मुद्रा' का बारेमा मैले समाजका विभिन्न क्षेत्रमा यसको व्याख्या गर्ने अवसर प्राप्त गर्दै आएको छु। यसमा धेरैतिरबाट सकारात्मक प्रतिक्रिया आइरहेका छन्। जसले यस अभियानमा संलग्न हामीहरूलाई उत्साहित बनाएको छ। यसमा विभिन्न संघसंस्थाले साथ दिँदै आएका छन्। 'नमस्कार मुद्रा' लाई आफ्नो संस्कार र संस्कृति रूपमा अवलम्बन गर्ने उहाँहरूको प्रतिबद्धता र कार्यान्वयन अरूलाई पनि प्रेरित गरेको छ। 'नमस्कार मुद्रा' हामीले प्रतिपादन गरेको सिद्धान्त होइन। पहिले नै स्थापित भइसकेको मान्यता हो। बीचमा हराउँदै गएको हुँदा हामीले यसलाई पुनःस्थापित गर्नुपर्छ भन्ने अभिप्रायका साथ अगाडि बढेका हौं। कुनै कुरा मनले खाएर गर्ने भनेपछि सकारात्मक ऊर्जा प्राप्त हुँदो रहेछ।

विगतमा कोभिड-१९ को महामारीका बेला 'नमस्कार मुद्रा'ले पारेको प्रभावले पनि यसको उपादेयताका बारेमा थप प्रष्टाएको छ। विश्व मञ्चहरूमा 'नमस्कार मुद्रा'लाई जसरी अवलम्बन गरिँदै आएको छ। यसले आगामी दिनमा व्यापकता पाउनेमा आशा गर्न सकिन्छ।

त्यस्तै, हाम्रो 'ॐ' अभियान पनि रहेको छ। 'ॐ' शब्दको उच्चारण गर्दा उत्पन्न हुने ध्वनिले अध्यात्मिकताको उजागर गर्दै वैज्ञानिक पक्षलाई पनि समेटेको छ। वैज्ञानिक अध्ययनमा 'ॐ' शब्दको उच्चारण गर्दा उत्पन्न हुने ध्वनिले सकारात्मक ऊर्जा प्रदान गरेको पाइएको छ। त्यसलाई हामीले आफ्नो जीवनमा अनुसरण गर्ने हो भने मानसिक विकारलाई हटाउन मद्दत गर्दछ। यसका अन्य आयामका बारेमा विश्वमा विभिन्न खोज अनुसन्धान जारी छ।

वर्तमान अवस्था

उमेर छिप्पँदै गएपछि वा आफ्नो पेशा व्यवसायबाट अवकाश लिएपछि मात्रै मानिस ध्यान, योगजस्ता क्रियाकलापतर्फ लाग्नुपर्छ भन्ने मानसिकता छ। समाजमा त्यस किसिमको भाष्य सिर्जना हुनु शतप्रतिशत गलत हो। सन्तुलित जीवन बाँच्नका निम्ति बाल्यकाल वा किशोरावस्थामै ती क्रियाकलापमा लाग्नुपर्छ। प्रौढ अवस्थामा पुगेपछि मात्रै शुरू गर्नु राम्रो होइन।

जीवन सुरुआतदेखि नै प्रेममय, करुणमय, सुखमय, सेवामय हुनुपर्छ। जीवनमा मानसिक सुख र शान्ति हुनुपर्छ। स्वस्थ जीवन शैलीका निम्ति खानपान, स्वास्थ्य अवस्था, आराम र व्यायामजस्तै ध्यान र योग पनि महत्वपूर्ण पक्ष हो। यसको अभ्यासले मानसिक र आत्मिक स्वास्थ्यलाई सुदृढ बनाउँछ। वैदिक एवम् परम्परागत जीवन पद्दतिसँग जोडिएको योग र ध्यानलाई विद्यार्थी जीवनबाटै पालना गराउनुपर्छ। यसबारे ज्ञान दिनुपर्छ। समग्र प्राणीजगत्मध्ये मानव जाति सर्वोत्कृष्ट हो। तर, क्षणिक आवेग, उत्तेजना र दीर्घकालीन असरबारे सोच्न सक्ने क्षमता नहुँदा कलिलो उमेरमै धेरैले आफ्नो जीवनलाई बर्बाद बनाएका छन्। उनीहरूले आफ्नोमात्रै जीवन नष्ट गरेका छैनन् परिवार र समाजलाई पीडा दिएका हुन्छन्। अमूल्य जीवनको महत्वका बारेमा

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाण्डौं ।

"सुधारौं सोच, संस्कार र व्यवहारः
नियन्त्रण हुन्छ भ्रष्टाचार"

नेपालका सरकारी/सार्वजनिक निकायमा कार्यरत पदाधिकारी/कर्मचारीहरूबाट भएका अनियमितता/भ्रष्टाचारजन्य गतिविधि उपर निम्न मध्ये कुनै पनि माध्यमबाट उजुरी दर्ता गराई भ्रष्टाचार नियन्त्रणमा सहयोग गर्न/गराउन सबैसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोग हार्दिक अपिल गर्दछ ।

१. आयोगको वेबसाइट www.ciaa.gov.np को अनलाईन उजुरी मार्फत अनलाईन उजुरी फाराम भरी पेश गरेर ।
२. आयोगको हटलाईन नं. १०७ वा टोल फ्री नं. १६६०-०१-२२२३३ मा फोन गरी भ्रष्टाचार/अनियमितता भएको व्यहोरा/सूचना टिपाएर ।
३. आयोगको ईमेल ठेगाना ujuri@ciaa.gov.np मा भ्रष्टाचार/अनियमितता भएको व्यहोरा/सूचना सहितको ईमेल पठाएर ।
४. /NepalCIAA वा X@CIAA_Nepal मा भ्रष्टाचार/अनियमितता भएको उजुरी/सूचनाको व्यहोरा सहित Message पठाएर ।
५. भ्रष्टाचार/अनियमितता भएको व्यहोरा सहितको खामबन्दी उजुरी पोष्ट बक्स नं. ९९९६ मा पठाएर ।
६. आयोगको केन्द्रीय/मातहत कार्यालयहरुमा आफैंले अनियमितता/भ्रष्टाचारजन्य गतिविधिको लिखित उजुरी दर्ता गराएर ।

41st ANNIVERSARY

हार्दिक शुभकामना

निजी क्षेत्रको सबैभन्दा जेठो र अग्रणी संस्था कामनान्यूज पब्लिकेसन्स् ४० वर्ष पुरा भई ४१ वर्ष लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछौ । पत्रकारिताको माध्यमबाट राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक र गणतन्त्रात्मक व्यवस्थाको प्रवर्द्धन गर्न प्रकाशनगृहले खेलेको भुमिका महत्वपूर्ण छ ।

यस प्रकाशन देशको शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रको विकासका लागि पत्रकारिता क्षेत्रको मेरुदण्ड बन्न सफल भएको छ । यस समूहका प्रकाशनहरु सिने मासिक कामना नेपाल समाचारपत्र दैनिक, साधना र न्यूजअफ नेपाल डट कमले सुचना पाउने अधिकार स्थापित गर्न सकोस ।

सफलताको शुभकामना

NEPAL COLLEGE OF INFORMATION TECHNOLOGY 2001

Nepal College of Information Technology
(Affiliated to Pokhara University)
Balkumari, Lalitpur, Nepal, Tel: 5186354, 5186358
Email: info@ncit.edu.np, www.ncit.edu.np

41st ANNIVERSARY

हार्दिक शुभकामना

निजी क्षेत्रको सबैभन्दा जेठो र अग्रणी संस्था कामनान्यूज पब्लिकेसन्स् ४० वर्ष पुरा भई ४१ वर्ष लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछौ । पत्रकारिताको माध्यमबाट राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक र गणतन्त्रात्मक व्यवस्थाको प्रवर्द्धन गर्न प्रकाशनगृहले खेलेको भुमिका महत्वपूर्ण छ ।

यस प्रकाशन देशको शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक क्षेत्रको विकासका लागि पत्रकारिता क्षेत्रको मेरुदण्ड बन्न सफल भएको छ । यस समूहका प्रकाशनहरु सिने मासिक कामना नेपाल समाचारपत्र दैनिक, साधना र न्यूजअफ नेपाल डट कमले सुचना पाउने अधिकार स्थापित गर्न सकोस ।

सफलताको शुभकामना

TRINITY INTERNATIONAL COLLEGE
Education for the Future

Dillibazar Height, Kathmandu
Tel: +977 1 4545954/4545955/4545956
Email: info@trinitycollege.edu.np
www..trinitycollege.edu.np

शुरूदेखि नै प्रशिक्षित गर्न सक्यौं भने पक्कै पनि सभ्य र सबल समाज निर्माण हुनेछ। यही सोचका साथ हामीले विभिन्न तहका विद्यार्थीलाई पनि प्रशिक्षित गर्दै आएका छौं।

चुनौती

ध्यान, योग तथा जीवन दर्शनका कुरा मानिसले सुन्न मन पराउँछन्। तर, त्यसलाई व्यवहारमा लागू नगर्नु र जानेको कुरा कार्यान्वयन नगर्नु चुनौतीको विषय हो। त्यस्ता सन्देश विभिन्न माध्यमबाट पुग्याइरहेको हुन्छ। तर, त्यसलाई आफ्नो जीवनमा लागू गरेको पाइँदैन। अधिकांश मानिसले पछि गरौंला भनेर बुझेको कुरालाई पनि भविष्यमा छोड्ने प्रवृत्ति छ। यो पछि गर्ने कुरा होइन सबैभन्दा पहिला गर्ने कुरा हो भन्ने बोध गराउनुपर्छ। मानिसका आफ्ना प्राथमिकताहरू धेरै होलान्। ती प्राथमिकतासँगै यसलाई पनि आफ्नो कार्यसूचीमा राख्नुपर्छ। प्रतिशत धेरै थोरै होला तर जीवनमा यो लागू गर्नैपर्छ।

उपलब्धि

जीवनको महत्व, आफ्नो संस्कार र संस्कृतिका बारेमा एउटा बालकलाई ज्ञान दियो भने ऊ सभ्य, सबल र सक्षम नागरिक बन्छ। सानैदेखि यस्ता कुराको बारेमा ज्ञान प्राप्त गर्ने व्यक्तिले आफ्नो जीवनमा आइपर्ने हरेक चुनौतीको सामना गर्न सक्षम हुने हाम्रो विश्वास छ। त्यसैका निम्ति विद्यार्थीलाई नैतिक शिक्षाको आवश्यकता देखिएको छ। त्यसको फलस्वरूप मेरो पहलमा कक्षा ११ को अनिवार्य 'सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा' विषयमा एउटा खण्ड 'योग र ध्यान' समावेश गरिएको छ। यो पनि एउटा महत्वपूर्ण उपलब्धि हो। जसले शारीरिक एवम मानसिक स्वास्थ्यमात्रै होइन अनुशासित जीवनशैली अपनाउन पनि मद्दत गर्दछ।

व्यवस्थापन बन्ने कुरा पुँजीको मात्रै हुँदैन। यससँग धेरै विषय जोडिएको हुन्छन्। समय, परिवार, मानसिक सबै कुराको सहज व्यवस्थापन गर्न सकियो भनेमात्रै जीवन सहज र सरल हुन्छ। तर, जीवनका अन्य सफलताका पछाडि दौड्दा ध्यान, योगमार्फत् शारीरिक एवम् मानिसक सुख प्राप्त गर्न हामी धेरै चुकेका छौं। पछिल्लो समयमा युवापुस्तामा केही जागरण त आएको छ। तर, जति हुनुपर्ने हो त्यो अझै भएको छैन।

अब लक्ष्य

मानव जीवनको महत्व र मानव धर्ममा हुनुपर्ने गुणका बालबालिकाबाटै ज्ञान प्रदान गर्नुपर्छ भन्ने अभिप्रायका साथ हामीले कक्षा ५ देखिकै पाठ्यक्रममा जीवन ज्ञान, जीवन विज्ञानका विषय समावेश गर्नुपर्छ भन्ने अभियानमा हामी लागेका छौं। त्यसमा मेरो प्रयास जारी छ। काठमाडौं विश्वविद्यालयलगायतका अन्य विश्वविद्यालयसँग पनि मैले केही प्रस्ताव लिएर गएको छु। जहाँ विद्यार्थीले आफ्नो विज्ञता प्राप्त गरेपछि त्यसलाई पूर्णता दिनका लागि जीवन ज्ञान पनि दिनुपर्छ भन्ने रहेको छ।

म युनेस्कोको बाहलवाला सदस्य भएको नाताले आध्यात्मिकतालाई आफ्नो संस्कृति पनि भएको हुनाले नेपाल सरकारमार्फत् विश्व जगत्समक्ष पनि उल्लेखित विषय लैजानुपर्छ भन्ने मान्यताका साथ म लागिपरेको छु। संस्कृतिको जिम्मा लिएको युनेस्कोमा साधनस्रोतले अत्यन्तै न्यून रहेको छ। त्यसमा सरोकारवालाको ध्यानकर्षण गराउने काम भएको छ। मेरो विचारमा प्रकृति सम्पदाको संरक्षण गर्ने कुरालाई पनि हामीले संस्कृतिका रूपमा लैजानुपर्छ भन्ने मेरो मान्यता छ।

(राजु श्रेष्ठसँगको कुराकानीमा आधारित)

शुभकामना

नेपाली कला र चलचित्र क्षेत्रको विकास र विस्तारमा होस्टेमा हैंसे गर्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

आर्य मुभिज प्रा.लि.
घट्टेकुलो, काठमाडौं
जहाँ हुन्छ चलचित्रसम्बन्धी सम्पूर्ण कार्य

शुभकामना

पत्रकारिताका माध्यमबाट आफ्ना प्रकाशनमार्फत नेपाली कला र संस्कृतिको क्षेत्रमा उच्च प्रशंनीय भूमिका खेल्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

किरण केसी
हास्य कलाकार तथा समाजसेवी

शुभकामना

नेपाली कला, फेसन, सौन्दर्यजस्ता क्षेत्रको श्रीवृद्धिमा योगदान पुऱ्याउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

अश्विनीकान्त झा
निशुकान्त झा
रिबन इन्टरटेनमेन्ट प्रा.लि.

बालकृष्ण पोखरेल
होटल रानी महल
नयाँ वानेश्वर

शुभकामना

आफ्ना प्रकाशनमार्फत नेपाली चलचित्र, कला र संस्कृतिको क्षेत्रमा सघाउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

CINE MAKERS
केपी पाठक

शुभकामना

पत्रकारिताका माध्यमले नेपाली कला र संस्कृतिको क्षेत्रमा उच्च प्रशंनीय भूमिका खेल्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

सुशील खरेल
वेल क्लिक स्टुडियो नेपाल

शुभकामना

नेपाली कला, फेसन र सौन्दर्य क्षेत्रको श्रीवृद्धिमा उच्च योगदान पुऱ्याउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

लवबहादुर कार्की
ए.एन.पी. मिडिया हाउस

शुभकामना

पत्रकारिताको माध्यमबाट नेपाली कला तथा गीत-संगीत क्षेत्रको विकासका लागि योगदान पुऱ्याउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई !

महेश्वरमान राजभण्डारी
बुनु श्रेष्ठ राजभण्डारी
(स्टुडियो साउन्ड मिल)
गौरीघाट, काठमाडौं
९८५१०७१५२० / ९८५१०१४८३४

शुभकामना

पत्रकारिताका माध्यमले आफ्ना प्रकाशनहरुमार्फत नेपाली फेसन जगत्को प्रवर्द्धन र विकासमा सघाउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

NFH Events
हेमा मानन्धर
अध्यक्ष तथा
नेप्लिज फेसन होम परिवार

शुभकामना

सिने मासिक कामना, राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, अनलाइन पोर्टल न्यूज अफ नेपाल डट कमजस्ता सञ्चारमाध्यमबाट नेपाली कला, कलाकारिता तथा चलचित्र क्षेत्रको विकास र विस्तारमा निरन्तररूपमा क्रियाशील
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

ROSHANI ENTERTAINMENTS PVT. LTD.
रोशनी केसी
रोशनी इन्टरटेनमेन्ट्स प्रा.लि.

शुभकामना

पत्रकारिताका माध्यमले आफ्ना प्रकाशनमार्फत नेपाली कला र संस्कृतिको क्षेत्रमा उच्च प्रशंनीय भूमिका खेल्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

डा. आरसी कोइराला (रामचन्द्र)
संस्थापक अध्यक्ष
शीतल आचार्य
निर्देशक तथा
एभरेष्ट नेपाल कल्चरल ग्रुप परिवार

साधुवाद कामना

सिने मासिक कामना, राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, अनलाइन पोर्टल न्यूज अफ नेपाल डट कमजस्ता आफ्ना प्रकाशनमार्फत नेपाली गीत-संगीतलाई माया गर्दै आएकोमा
कामना न्यूज पब्लिकेसन्स्लाई साधुवाद !
४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

विन्ध्यवासिनी म्युजिक प्रा.लि.

शुभकामना

सिने मासिक कामना, राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, अनलाइन पोर्टल न्युज अफ नेपाल डट कमजस्ता प्रकाशनहरुमार्फत पत्रकारिताका माध्यमले नेपाली गीत-संगीतको क्षेत्रमा अतुलनीय योगदान गर्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

SUNAULO TARA
तारा अधिकारी
सुनौलो तारा मोशन पिक्चर्स प्रा.लि.

शुभकामना

पत्रकारिताका माध्यमले आफ्ना प्रकाशनमार्फत नेपाली कला, संस्कृति र फेसनको क्षेत्रमा उच्च प्रशंनीय भूमिका खेल्दै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा हार्दिक बधाई तथा शुभकामना !

iift

शुभकामना

सिने मासिक कामना, राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, अनलाइन पोर्टल न्यूज अफ नेपाल डट कमजस्ता प्रकाशनबाट नेपाली कला, संगीत र सौन्दर्य क्षेत्रको विकास एवं विस्तारमा निरन्तररूपमा सघाउँदै आएको
कामना न्यूज पब्लिकेसन्स्को ४१औं वार्षिकोत्सवका
अवसरमा असिम बधाई तथा शुभकामना !

सुष्मा महरा
सौन्दर्यविद्/महिला व्यवसायी
फेसियल हाउस

Ladies & Gents
Facial House
"A COMPLETE HAIR & BEAUTY SOLUTION"

सम्पदा र संस्कृति जोगाउन
सेतो मच्छिन्द्रनाथ रथयात्रा

सुजीव वज्राचार्य

आर्यावलोकितेश्वर, करुणामय, सेतो मच्छिन्द्रनाथ आदि नामबाट परिचित नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वरमध्ये काठमाडौंमा विराजमान रहेका एक लोकेश्वर हुन्। काठमाडौंका चार करुणामध्ये श्वेत वर्णका आर्यावलोकितेश्वर र सृष्टिकान्त लोकेश्वर (नाला) हुन् भने रक्तवर्णका बुंगम लोकेश्वर (रातो मच्छिन्द्रनाथ, बुंगमती) र आनन्दादि लोकेश्वर (चोभार) हुन्। काठमाडौं महानगरपालिका २७ वडा केलटोल, कनकचैत्य महाविहार (जनबहाल)मा विराजमान श्वेतवर्णका आर्यावलोकितेश्वरलाई चलनचल्तीको भाषामा सेतो मच्छिन्द्रनाथ वा जनबहा:द्य:को रूपमा पुजिने गरिन्छ। इतिहासको पाना पल्टाउँदो सेतो मच्छिन्द्रनाथको रथयात्राको इतिहास धेरै पुरानो पाउन सकिन्छ। जनबहालको दिगुछें (देवघर)मा सुरक्षित ऐतिहासिक घटनावलीहरूको आधारमा विक्रम संवत् १९७४ सालमा मच्छिन्द्रनाथ कनकचैत्य महाविहारको मन्दिरमा आगलागी हुँदा महत्वपूर्ण ग्रन्थहरू नष्ट भएको थाहा हुन आउँछ। यसै गरी विक्रम संवत् १९९० को महाभूकम्पपछि रथजात्रा गर्ने बाटाघाटा बिग्रेको अवस्थामा पनि खटमा राखेर जात्रा सम्पन्न गरिएको घटनावलीले देखाउँछ। यसले पनि सेतो मच्छिन्द्रनाथको रथयात्रा काठमाडौंको जात्रामध्ये महत्वपूर्ण जात्राको रूपमा रहेको पुष्टि गर्दछ।

सेतो मच्छिन्द्रनाथको रथयात्रा नेपाल संवत्को तिथिअनुसार चौलाथ्व अष्टमीदेखि दशमीसम्म तीन दिन मनाइन्छ। वर्तमान समयमा पाँच दिन मनाइने यो जात्राको महत्वपूर्ण पाटो भनेको यो जात्राको समापनपछि नेपालका अन्य महत्वपूर्ण रथयात्राहरूको थालनी हुनु हो। सेतो मच्छिन्द्रनाथको रथयात्रा सम्पन्न दोलखामा मच्छिन्द्रनाथको रथयात्रा शुरू गरिन्छ भने त्यसपछि ललितपुरमा रातो मच्छिन्द्रनाथको रथयात्रा शुरू गरिन्छ।

विगतमा सुव्यस्थित रूपमा सम्पन्न हुने गरिएको यो जात्रा राजनीतिक परिवर्तनपछि र काठमाडौंको बढ्दो सहरीकरणपछि जात्राको रूपमा रहेन। गुठी संस्थानलगायत जात्रासँग सम्बन्धित सरोकार पक्षको लागि सेतो मच्छिन्द्रनाथको जात्रा परम्परा धान्न मात्र सञ्चालन गरिनुपर्ने जात्राको रूपमा रहन गयो। यसको मुख्य कारण जात्रा व्यवस्थित रूपमा सञ्चालन गर्न नसक्नु हो। ठूलठूला दुई पाङग्रासहितको सेतो मच्छिन्द्रनाथको १२ हाते रथयात्रालाई व्यवस्थित बनाउन नसकिएपछि जात्राको अवधि निश्चित नहुनु, जात्राभित्र अराजकता बढ्नुलगायतका समस्याहरू बढ्दै गयो। जात्रा जनसहभागिताको जात्रा नभएर अराजक भीडको जात्राको रूपमा चित्रित हुनथाल्यो। वि.सं. २०६६ सालतिर सेतो मच्छिन्द्रनाथको रथ तान्न र समयमै जात्रा सम्पन्न गर्न प्रहरी समेत परिचालन गर्नुपर्ने स्थिति आयो। जात्राको समयमा रथ तान्ने डोरी लुकाउनेदेखि लिएर जात्रामा झैझगडा हुने, अराजक भीडको कारण सभ्य नागरिकले जात्रामा सहभागिता जनाउनसमेत गाह्रो भएको स्थिति आयो। अन्तत: सेतो मच्छिन्द्रनाथको रथयात्रा सभ्य र व्यवस्थित रूपमा सम्पन्न गर्न वि.सं. २०६७ सालमा सेतो मच्छिन्द्रनाथका पुजारी नीलकाजि शाक्यको अध्यक्षतामा केलटोलमा एक बैठक आयोजना गरी 'सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन समिति' गठन गरी जात्रा मनाउने निर्णय गरिएको थियो। व्यवस्थापन समितिको गठनपछि स्थानीय क्लब, संघसंस्था, प्रतिष्ठित व्यक्तिहरूलाई व्यवस्थापन समितिको सदस्य बनाएर सेतो मच्छिन्द्रनाथ रथयात्रालाई व्यवस्थित रूपमा सञ्चालन गरियो। वर्तमान समयसम्म आइपुग्दा पनि यो परम्परा निरन्तर चल्दै आइरहेको छ।

यसप्रकार जात्रा व्यवस्थापन समिति गठन गरी जात्रा मनाउने परम्परा शुरू भएपछि जात्रामा युवा पुस्ताको सहभागिता सँगै सांस्कृतिक बाजाहरूको सहभागिता पनि अत्यधिक रहँदै आएको छ। जात्रामा सम्पूर्ण नागरिकले निर्धक्क साथ जात्रामा सहभागी हुने वातावरण पनि बन्यो।

यसअघि गुठी संस्थानले रथ निर्माण गरिदिएपछि जात्रा सञ्चालनको सम्पूर्ण जिम्मा सेतो मच्छिन्द्रनाथका पुजारीहरूले लिँदै आएकोमा व्यवस्थापन समितिले स्थानीय तहअन्तर्गत काठमाडौं महानगरपालिकालाई समेत सहभागी गराई जात्रा सञ्चालन गर्ने परम्परा स्थापना गर्‍यो। जात्रा सञ्चालन गर्न विभिन्न उपसमितिहरू गठन गरी जात्रा सभ्य र भव्य रूपमा सफल पार्न जनस्तरबाटै अभियान सञ्चालन गर्ने परम्परा स्थापित भयो। अहिले पनि सेतो मच्छिन्द्रनाथ रथयात्रा भव्य रूपमा मनाउन २० वटाभन्दा बढी उपसमितिहरू गठन हुँदै आएको छ। विशेष रूपमा ट्राफिक व्यवस्थापन, शान्तिसुरक्षा, रथ तान्न युवा स्वयंसेवक दस्ता, सांस्कृतिक बाजा व्यवस्थापन, जात्रा हुने स्थानको बाटोघाटोको भौतिक संरचना अवलोकन लगायतका कार्यहरूको लागि विभिन्न उपसमितिहरूको माध्यमबाट व्यवस्थापन समितिले कार्य गर्दै आएको छ। जात्रामा युवापुस्ताको स्व:स्फूर्त सहभागिता भएपछि जात्रामा हुने विभिन्न अराजक गतिविधिहरू अहिले रोकिएको छ।

सेतो मच्छिन्द्रनाथको रथयात्रा व्यवस्थापन समितिबाट भइसकेपछि उपत्यकामा मनाइने अन्य धेरै जात्रापर्वमा समेत यसको सकारात्मक प्रभाव परेको छ। सेतो मच्छिन्द्रनाथको रथयात्रा व्यवस्थापन समितिको सिको गर्दै उपत्यकाका विभिन्न स्थानमा मनाइने जात्रापर्वहरू व्यवस्थित गर्न विभिन्न समितिको गठन गरी सभ्य र भव्य रूपमा जात्रापर्व मनाउने परम्पराको थालनी शुरू भएको छ।

युवा पुस्तामा देखिएको संस्कृति, सम्पदाप्रतिको लगावलाई यस जात्राले थप बढाइदिएको छ। उपत्यकामा रहेका युवापुस्ता अहिले आफ्नो संस्कृति, सम्पदा जोगाउन आ-आफ्नो क्षेत्रबाट अभियान नै थालेर अभिन्यताको रूपमा प्रस्तुत हुँदै आएको छ।

सेतो मच्छिन्द्रनाथको रथयात्रा विगतमा काठमाडौंको जात्राको रूपमा लिने स्थापित थियो भने अहिले यो जात्रा नेपालकै एक ठूलो जात्रामध्ये एक जात्राको रूपमा परिचित भएको छ। सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन समिति गठनपछि जात्रालाई राष्ट्रिय जात्राको रूपमा परिचित गराउन राष्ट्रप्रमुखलाई आमन्त्रण गर्ने परम्पराको थालनी भयो। नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको कार्यकालदेखि जात्राको पहिलो दिन असनमा रथ पुगेपछि मच्छिन्द्रनाथको दर्शनार्थ राष्ट्रपति आउने परम्परा स्थापित भयो। यो परम्परा अहिलेसम्म निरन्तर चलिआएको छ।

यसै गरी विगतमा जात्रा शुरू हुने समय निश्चित भएर पनि जात्रा सम्पन्न हुने दिनको टुंगो हुँदैन थियो। जात्राको पहिलो दिन जमलदेखि असनसम्म, दोस्रो दिन असनदेखि हनुमानढोका दरबारसम्म र तेस्रो दिन हनुमानढोका दरबारदेखि लगनसम्म जात्रा हुन्थ्यो। यस अवधिमा विभिन्न कारणले अवरोधहरू आउँदा जात्राको दिन लम्बिने गर्दथ्यो। यसलाई मध्यनजर गर्दै व्यवस्थापन समितिले समयमै जात्रा सम्पन्न गराउँदै आएको मात्र नभई स्थानीय बासीको इच्छाअनुसार लगनयात्रापछि एक दिन बढाएर जात्रा सम्पन्न गर्ने परम्परा बसालिसकेको छ। तीन दिने रथयात्रापछि चौथो दिन लगनटोलमा रहेको सेतो मच्छिन्द्रनाथकी आमाको मन्दिरलाई तीनपटक परिक्रमा गराउने र पाँचौं दिन रथमा विराजमान सेतो मच्छिन्द्रनाथलाई खटमा राखेर सिन्दुरजात्रा गरी पुन: केलटोलमा रहेको मच्छिन्द्रबहालमा विराजमान गराउने परम्परा रहेको छ।

सेतो मच्छिन्द्रनाथ व्यवस्थापन समितिको गठनपछि नेपालको धरोहरको रूपमा चिनिने सेतो मच्छिन्द्रनाथको रथयात्रा व्यवस्थित रूपमा हुँदै आएकोमा भविष्यमा यसलाई नेपालको पर्यटनसँग जोड्ने तयारीमा छ। सेतो मच्छिन्द्रनाथको रथयात्रा पर्यटकको लागि आकर्षक एवं मनोरञ्जक जात्राको रूपमा चिनाउन जात्राको पहिलो दिन पर्यटकहरूबाटै रथ तान्न लगाउने तयारीमा छ। यसले नेपालको मूर्त सम्पदामध्ये एक सेतो मच्छिन्द्रनाथको रथयात्रालाई विश्वसामु चिनाउन सफल हुनेमा विश्वस्त हुन सकिन्छ।

अन्तमा सेतो मच्छिन्द्रनाथको रथयात्रा सम्पन्न गर्न व्यवस्थापन समिति गठन गर्ने कार्यले यो जात्रा युवापुस्तामा पुस्तान्तरण हुँदै गइरहेको अनुभूति समारोह समितिले लिएको छ। युवापुस्तामा रूपान्तरण हुनुले यो जात्राले सदाकाल निरन्तरता पाइरहने विश्वास हामी सबैले लिनसक्छौं।

(लेखक सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन समितिका सचिव हुनुहुन्छ।)

गुठी व्यवस्था र गुठी संस्थान

शैलेसराज कुँवर

नेपालको कला संस्कृति बेजोड छ। त्यसमाथि हाम्रो देशमा आफ्नो कला संस्कृतिलाई काँधमा बोकेर हिन्नेहरूको जोस पनि तारिफ गरेर साध्य छैन। म काठमाडौं न्युरोडमा जन्मिएर त्यहीं हुर्किएको मान्छे हुँ। यहाँको भाषा, संस्कृति र सम्पदाको वैभवले मलाई सधैं लोभ्याएको छ। म क्षत्रिय भए पनि नेवार दाजुभाई र समुदायमा बढी घुलमिल छु। मौलिक परम्पराको जगेर्ना गर्न सकेमा मात्र देशको पहिचान कायम राख्न सकिन्छ भन्ने ज्ञान मैले यहाँबाट सिकेको छु। इन्द्रजात्रा होस् या पचलि भैरवको जात्रा, धिमे बाजा र सिन्दुरे अबिरको उल्लासमा रमाउन म सधैं उत्साहित हुन्छु।

मेरो पृष्ठभूमि व्यापार व्यवसाय भए पनि धर्म संस्कृतिप्रति मेरो सानैदेखि झुकाव रहँदै आएको छ। नेपाल संसारकै सबैभन्दा अद्वितीय कला संस्कृतिले भरिपूर्ण देश भएकोले यसको संरक्षण र संवर्द्धनमा आजका नयाँ पुस्ता झन् जोसिएर लाग्नु पर्छ भन्ने मान्यता राख्छु।

हाम्रो देशका कला संस्कृतिप्रति विभिन्न राजनीतिक कूटनीतिक हमला भएका थुरै घटनाहरू छन्। आ-आफ्नो क्षेत्रबाट देशप्रेमी दाजुभाइहरूले सनातन धर्मको रक्षा गरि नै राख्नुभएको छ। तर, राज्यको तर्फबाट पनि देशको धर्म, कला, र संस्कृतिको जगेर्ना हुनुपर्छ भन्ने मलाई लाग्छ। यही सोचले नीतिगत सुधारका लागि म गुठी संस्थानजस्तो प्रशासनिक निकायसँग जोडिन पुगे।

यस संस्थानमा प्रशासकमा मेरो उपस्थिति नौलो हो किनकि धर्मसंस्कृतिको क्षेत्रमा युवा जमातको चासो कमै हुने गर्छ। कुनै समय नेपालको राजनीतिमा युवाको सक्रियता शून्य बराबर थियो। देशप्रेमी युवाहरूको आगमनसँगै राजनीतिक क्षेत्रमा सुधारको संकेत देखिएको छ। त्यसै गरी आफ्नै पहिनाच बोकेर वर्षौंदेखि देशको कला संस्कृतिलाई जीवन्त राख्न काम गरिरहेको गुठी संस्थान पनि ओझेलमा पर्नु हुन्न भनेर म यो संस्थानमा जोडिएको हुँ।

नेपालमा बोलिने १ सय २३ भाषा बोलिन्छ र लगभग ६० ओटा जातीय समुदाय मिलेर बसेका छन्। यो आफैंमा विविधतामा एकताको प्रतीक हो। हाम्रा पुर्खाहरूमा देशको धर्म संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्ने मान्यता थियो। यही भावनाले सबै समुदायका नेपालीहरूले गुठीसँग आबद्ध भएर काम गरिरहेका छन्। पुर्खाले परोपकारी भावनाले गुठीका नाममा थुप्रै चलअचल सम्पत्ति छाडेर गएका छन्। देशैभर रहेका मूर्त र अमूर्त कला संस्कृतिको स्वामित्व र संरक्षणमा गुठी संस्थान पहिलेदेखि नै लागि रहेको छ।

हाल लगभग देशका २३ सय गुठी यस संस्थाको स्वामित्वमा चल्छ। बिडम्बना गुठी संस्थान आफैंमा यति सम्पन्न भएर पनि राज्यले यसलाई एक भौतिक वस्तुका रूपमा मात्र मूल्याङ्कन गरेको छ।

यसभित्रको चाडपर्व, जात्रा, परम्परा, मठमन्दिर, साधु सन्तको रक्षा गर्नु, धर्म संस्कृति मास्न नदिनु, मठ मन्दिरको संरक्षण गर्नुजस्ता जीवन्त पक्षलाई वास्ता गरिएको छैन।

गुठी संस्थानको मूल काम र कर्तव्य राज्य र जनतासामु ल्याउनु मेरो प्राथमिकतामा छ। यही सिलसिलामा गुठी जग्गामाथि भएको थिचोमिचो, मठमन्दिरको जीर्ण अवस्था, लोप हुन लागेका धर्मसंस्कृतिलाई कसरी उजागर गर्न सकिन्छ भन्ने क्षेत्रमा मैले काम गरिरहेको छु।

मानव मूल्य, धार्मिक आस्था, सत्कर्म र विवेकको बाटोमा अगाडि बढाउन उत्प्रेरित गराउने विज्ञानको आधार स्तम्भका रूपमा तत्कालीन धर्मपरायणहरूबाट स्थापना भएका सांस्कृतिक एवं ऐतिहासिक धरोहरहरू नै समग्रमा गुठी भन्ने मैले बुझेको छु। अर्थात् सामाजिक, धार्मिक र आर्थिक सहकार्यमा आधारित भएर गरिने व्यवस्था नै गुठी व्यवस्था हो। परोपकारी र धार्मिक भावनाबाट अभिप्रेरित भएर स्थापना गरिएका मठ, मन्दिर, पाटी पौवा, बाटो-घाट, हिटी, कुवा र तत् सम्पदासँग जोडिएर रहेका चल अचल सम्पत्तिको प्रयोग/उपयोग गरी चीरकालसम्म नै गुठी व्यवस्थाको व्यवस्थापन र सञ्चालनको आधारस्तम्भका रूपमा दाताहरूले अर्पण गरेका पवित्र निधिहरू नै राजगुठी सम्पदा हुन्। गुठी भनेको सभ्यता, संस्कृति एवं विविधताको अनुपम रूप हो जग्गामात्र होइन। नेपालको संविधानको धारा २६ को उपधारा (२), धारा ११६ धारा २०४ र धारा २९० मा प्रष्ट रूपले गुठीसम्बन्धी व्यवस्था उल्लेख भएको छ।

राजगुठी सम्पदाको महिमाअनुसार अनन्तकालसम्म सञ्चालन र व्यवस्थापन गर्न सहजता होस् भन्ने उद्देश्यले राजस्व रकममा देवश्व (देवी देवताको आम्दानी) रकम मिसाउन नहुने वि.सं. २०१९ सालको संवैधानिक व्यवस्थाका आधारमा वि.सं. २०२१ सालमा गुठी संस्थानको स्थापना भएको देखिन्छ। संस्थानको हालसम्मको अभिलेखअनुसार ६९ जिल्लामा विभिन्न प्रकृतिका गुठी जग्गा, मठ, मन्दिर, पाटी, पौवा र पोखरी रहेका छन्। तिनै सम्पदाको समयानुकूल व्यवस्थापन एवं सञ्चालन गर्नु नै संस्थानको मुख्य जिम्मेवारी देखिन्छ। संस्थान मातहत ७१७ संख्यामा मठ मन्दिर, ६४७ संख्यामा पाटी पौवा र १५९ संख्यामा पोखरीहरू रहेका छन्। त्यसै गरी संस्थानको पूर्ण स्वामित्वमा रहेका गुठी तैनाथी जग्गाहरू पहाडतर्फ २९११ रोपनी र तराईतर्फ १८७८ विगाहा रहेको अभिलेखबाट देखिन्छ। यसबाहेक अमूर्त सम्पदा (जात्रा/पर्व/पूजा आदि) को सञ्चालन र व्यवस्थापनको विशिष्ट कार्यक्षेत्रसमेत संस्थानमा निहित रहेको छ। गुठी व्यवस्था भनेको राष्ट्रिय/अन्तर्राष्ट्रिय मूल्य/मान्यता र चिनारी भएकाले यस विविधतारूपी कला संस्कृति र सभ्यतालाई महत्तम रूपले उपयोग र संरक्षण गर्न जरुरी देखिन्छ। संस्कृति र सभ्यतायुक्त निधिहरू लोप भएर गएमा पुँजी भए पनि पुन: प्राप्ति जटिल विषय हुन जाने आजसम्मको अनुभवहरूबाट देखिएको छ।

गुठी संस्थान ऐन २०३३ ले व्यवसायिक प्रयोजनार्थ स्थायी लगानी गर्ने, पूर्वाधार संरचना निर्माण, धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण, व्यवस्थापन गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। संस्थानको तैनाथी जग्गामा सस्थान आफैंले खेती गर्ने, लिज वा भू-बहालमा दिने वा आफैं पूर्वाधार विकास गरी आयमूलक कार्यमा उपयोग गर्न सक्ने थप व्यवस्था छ।

त्यसका आलवा सालवसाली लामो समयसम्म चलाई राख्नुपर्ने निश्चित जाति समूहबाट तोकिएको विधि, विज्ञान र शास्त्रीय परम्परागत मौलिकतामा आधारित भएर सञ्चालन गर्नुपर्ने जात्रा, पर्वजस्ता अमूर्त सम्पदा बचाई राख्नुपर्ने अर्को चुनौतीपूर्ण अवस्था छ। यस प्रकारका जात्रा पर्वलाई विद्यमान ऐन, नियमहरूको व्यवस्थाबमोजिम खुला प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गर्दा निश्चित जाति समूहहरूको मौलिक संस्कृतिको संरक्षण गर्न र अमूर्त सम्पदा जोगाई राख्न एवं पुस्ता हस्तान्तरणमा अहिलेको परिवर्तित वातावरणले थप चुनौती सिर्जना गरेको छ।

सांस्कृतिक सम्पदाको सञ्चालन र व्यवस्थापनको निरन्तरताका लागि यथेष्ट रूपमा आर्थिक स्रोतको जरुरत पर्दछ। तर, नेपाल सरकारले वि.स. २०४९ सालदेखि दिन छाडेको प्रशासनिक खर्च, राजगुठी सम्पदाहरू पुनर्निमाण/जिर्णोद्धारलगायत दैनिक नित्य नैमित्यका कार्यहरू गर्न बजेट अभावका कारण बाधा परिरहेको छ। संस्थानले तैनाथी जग्गामा वहाल व्यवस्था, घरपसल वहाल व्यवस्था एवं पोखरी ठेक्कालगायतबाट जेनतेन स्रोतको व्यवस्थापन गरिँदै आएको छ।

गुठी संस्थान ऐनमा संस्थानको पूर्व स्वीकृति नलिई वा मुआब्जा/अधिग्रहण नगरी संस्थान मातहतका जग्गा/जमिन प्रयोग/उपयोग गर्न नपाइने स्पष्ट कानुनी व्यवस्था छ तर ६५ प्रतिशतको हाराहारीमा गुठी जग्गा अतिक्रमणमा परेको अवस्थाले आर्थिक स्रोत व्यवस्थापन गर्न निकै कष्ठप्रद अवस्था छ। कानुनी व्यवस्थाविपरीत संस्थान मातहतका जग्गाहरू आफूखुसी अतिक्रमण (सरकारी/गैरसरकारी निकायबाट) गरिरहेका स्थानमा अतिक्रमण हटाउन सबै (स्थानीय तह र प्रशासन) निकायसँग समन्वय गर्दा पनि आशातीत सफलता मिलेको छैन। संस्थानको प्रधान कार्यालय रहेको भवनसमेत लामो संघर्षपछि नेपाल आँखा अस्पतालको कब्जाबाट फिर्ता लिन सफल भए पनि भवन परिसरको जग्गा उपयोग गर्न पटक पटक प्रयास गर्दा पनि पूर्ण रूपमा समस्या समाधान हुन नसकेको अवस्था छ। संस्थान आफैंले मात्र पहल गरेर समस्या समाधान हुन नसक्ने देखिँदा सम्बद्ध सबै पक्षको भरपुर सहयोग भएमा मात्र अतिक्रमित स्थानको संरक्षण हुने अवस्था रहन्छ। संस्थानसँग भएको अभिलेखबमोजिम नेपाल सरकारले गुठी सम्पत्ति उपभोग गरेको र क्षतिपूर्ति/मुआब्जा वापतको संस्थानलाई बुझाउनुपर्ने रकम करिब ४० अर्बको हाराहारीमा पुगेको छ। उक्त रकम प्राप्त भएमा संस्थान एकल रूपमा नै मातहतका सम्पदाहरूको व्यवस्थापन एवं संरक्षण गर्न सक्षम हुन सक्ने आधार देखिन्छ।

गुठी ऐन निर्माण :
संवैधानिक व्यवस्थाबमोजिम गुठीसम्बन्धी ऐन निर्माण हुन नसकेकोले सरोकारवालाहरूको राय सुझावको आधारमा ऐन बनाई लागू गर्नु अपरिहार्य भएको छ।

प्रादेशिक कार्यालयको स्थापना र कर्मचारी दरबन्दी पुनरावलोकन :
प्रादेशिक व्यवस्था लागू भई सकेको अवस्थामा प्रत्येक प्रदेशको राजधानीलगायत अन्य उपयुक्त स्थानहरूमा आवश्यकताअनुसार कार्यालयको स्थापना हुन आवश्यक देखिएकोले सोहीबमोजिम कार्यक्षेत्र तथा कार्यबोझको आधारमा संगठन व्यवस्थापन तथा सर्वेक्षेण प्रतिवेदन गर्ने काममा लाग्नुपर्ने आवश्यकता छ।

लगानी विविधीकरण :
अक्षयकोष रकम वाणिज्य बैंकको मुद्दती खातामा मात्र लगानी नगरी केवलकार, जलविद्युत्, शिक्षा, स्वास्थ, कृषि, सहकारी तथा वित्तीय क्षेत्र एवं बहुउपयोगी पूर्वाधार विकासका परियोजनामा परिचालन गर्नु आवश्यक छ।

जात्रा पर्वमा प्रयोग हुने जनशक्ति र सामग्री व्यवस्थापन :
साविक परम्पराबमोजिम चलाउनुपर्ने परम्परागत सामग्रीहरूको उपलब्धतामा आएका कठिनाइहरूप्रति तत् सामग्रीहरूको परिपूर्ति के कसरी खोज्ने सम्बन्धमा सरोकारवालाहरूसँग छलफल गर्नुपर्ने देखिएको छ। त्यसै गरी परम्परागत कार्यमा सलंग्न जनशक्तिहरूको उत्तराधिकारी के कसरी निर्माण गर्ने भन्नेमा केन्द्रित हुनुपर्ने देखिएको छ।

लगत व्यवस्थापन :
गुठीको लगत, लालमोहर, सनसवालजस्ता पुराना लगत दिनानुदिन जीर्ण हुँदै गएकोले तत्काल डिजिटल प्रविधिमा रूपान्तरण गर्नुपर्ने देखिन्छ। त्यसै गरी श्रेस्ता पुर्जा समेतलाई आधुनिकीकरण गर्नेतर्फको कार्यलाई चुस्त र दुरुस्त बनाउन लागिपरेको अवस्था छ।

देवस्थल संरक्षण तथा व्यवस्थापन :
मूर्त/अमूर्त सम्पदाहरूलाई संरक्षण तथा व्यवस्थापन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार एवं अन्य विकास साझेदारसँग आवश्यक समन्वय गर्न लाग्नुपर्ने अवस्था छ।

अतिक्रमण व्यवस्थापन :
महत्वपूर्ण गुठी जग्गा सबै निकाय/व्यक्तिबाट आफू खुसी अतिक्रमण गर्ने कारणबाट संस्थानको आयस्रोतमा कमी आई गुठी सञ्चालनको लागि चाहिने न्यूनतम रकम उपलब्ध गराउन सकिएको छैन। तसर्थ गुठी जग्गा अतिक्रमण गर्दा आम्दानीमात्र नभएर देवस्थल सम्बद्ध जात्रापर्व चलाउने स्थानसमेत नभएकोले तत्काल अतिक्रमण हटाउनुपर्ने देखिन्छ। प्रचलित कानुनबमोजिम जग्गाहरू लिज, बहाल तथा संरचना निर्माणमा लगाई आर्य आर्जन वृद्धि गर्नेतर्फ लाग्नुपर्ने देखिन्छ।

मुआब्जा र बक्यौता असुली :
गुठीका जग्गामा नेपाल सरकारले कार्यलय भवन बनाएको, परियोजना सञ्चालन गरेको तथा पार्क निर्माण आदि प्रयोजनको लागि विभिन्न स्थानमा उपयोग गरेकोले मुआब्जा र बक्यौता बापतको रकम उपलब्ध गराउन नेपाल सरकारसमक्ष अनुरोध गर्दा हालसम्म पनि संस्थानलाई बहाल वा मुआब्जा केही प्राप्त नभएको अवस्था छ। मुअब्जा र बक्यौता असुली गर्न अभियान चलाउनुपर्ने देखिएको छ।

छुट नापी र जग्गादर्ता :
शुरूमा नापी हुँदाका बखत केही जिल्लामा गुठीको प्रमाणभित्रको जग्गा पनि नाप नक्सा हुन बाँकी रहेकोले तत्काल जग्गाधनी प्रमाणपुर्जा लिनुपर्ने देखिएको छ। यसै गरी गुठीको नाउँमा नाप नक्सा भएर पनि जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न नसकेकोले सम्बन्धित निकायसँग समन्वय गरी प्रमाण पुर्जा लिनुपर्ने भएको छ।

अक्षयकोषको व्याजमा करकट्टी :
संवैधानिक व्यवस्थावमोजिम गुठी रकमबाहेकको संघीय र प्रदेश सञ्चित कोष हुने हुँदा हुँदै पनि देवस्वलाई राजस्वमा मिसाउने गरी अक्षयकोषको व्याजमा करकट्टी भएकोले उक्त कर कट्टी गरिएको रकम नेपाल सरकारबाट फिर्ता लिन र आगामी दिनमा यस प्रकारको कर कट्टी नगर्न सम्बन्धित निकायमा पहल गर्नुपर्ने देखिन्छ।

गुठी व्यवस्था अध्ययन केन्द्र :
परम्परागत रैथाने जात्रा पर्वसहितका कार्यहरूलाई मौलिक ज्ञान, सीप र प्रथाका बारेमा अध्ययन गर्न र नेपाली पहिचान बचाउन गुठी व्यवस्था अध्ययन केन्द्रमार्फत अगाडि बढाउनु पर्ने देखिन्छ।

गुठी संस्थान ऐन, २०३३ बमोजिम राजगुठी लगतमा दर्ता रहेका देवस्थलहरूमा गुठी व्यवस्थापन समिति गठन गर्न सक्ने कानुनी व्यवस्था छ। तथापि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट राजगुठी देवस्थलमा (बूढानीलकण्ठ मन्दिर काठमाडौं, मनकामना मन्दिर गोरखा, दक्षिणकाली मन्दिर काठमाडौं आदि स्थानमा) क्षेत्र विकास समिति/प्रबन्धसमिति गठन गरेको अवस्थाले गर्दा कार्यक्षेत्रमा विवाद र समस्याहरू सिर्जित हुने गरेको छ। कतिपय राजगुठी देवस्थलका नाममा रहेका जग्गा/जमिनहरू तत्तत् देवस्थलका महन्त/पुजारी आदिबाट नैमेरो हो भन्ने प्रवृत्ति पनि समस्याको रूपमा देखापरेको छ। तैनाथी जग्गाको खोजबिन गरी खाली जग्गामा स्पष्ट प्राविधिक योजना र संयन्त्रसहित पूर्वाधार विकासमा केन्द्रित हुनुपर्ने अवस्था छ।

लगतबमोजिमको कार्यलाई समयानुकूल अध्यावधिक गरी व्यवस्थित रूपले अगाडि बढाउन चाहेर पनि स्रोत अभावमा बस्नु पर्ने बाध्यतात्मक अवस्था छ। मौलिक परम्परामा रहेर सञ्चालन गर्नुपर्ने जात्रा, मेला, पर्व आदिमा प्रयोग हुने सामाग्रीदेखि कालिगढ पाउन पनि जटिल हुँदै गएकाले अमूर्त सम्पदाहरू सञ्चालन एवं व्यवस्थापन समेतमा कठिनाई उत्पन्न भएको अवस्था छ। अक्षयकोषको रकम बहुआयामिक क्षेत्रमा परिचालन गर्नेदेखिका अन्य संस्थागत सुधारका लागि चाहिने समसामयिक नीति र जनशक्ति अभावमा रचनात्मक कार्य अगाडि बढाउन सकिएको छैन। अतिक्रमणका बारेमा समयसापेक्ष वस्तुगत विश्लेषण गर्दै स्पष्ट कार्ययोजना तय गर्न जरुरी छ। अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँगको सहकार्यमा सम्पदा संरक्षणदेखि रूपान्तरणकारी विकास आयोजना सञ्चालन गर्दै गुठी सभ्यताको माध्यमबाट राष्ट्रिय आय वृद्धिमा लाग्नु पर्ने देखिन्छ। विश्वका सम्पदायुक्त सहरसँग भगिनी संस्थाको सम्बन्ध जोड्दै अधिकतम पर्यटक भित्र्याउँदै परम्परागत प्रविधि सहितको ज्ञान हस्तान्तरण गर्नु नै आजको आवश्यकता हो।

राष्ट्रको विविधता, पहिचान र सभ्यतालाई प्रभावकारी बनाउन गुठी सम्पदा संरक्षणको रूपमा कार्य गर्न सर्वोच्च निकायमार्फत नियमन, निर्देशन र नियन्त्रण हुने गरी कानुन निर्माण भएमा गुठी व्यवस्थापनमा अपेक्षाकृत सहजता हुने विश्वास देख्दछु। मौलिक संस्कृतिलाई निरन्तरता दिने र परम्परागत जात्रा पर्व सञ्चालनका लागि चाहिने खुला भाग बचाउँदै जान पर्ने हुँदा अतिक्रमण गर्ने जो कोहीलाई दण्ड र जरिवानाको साथमा सामाजिक रूपमा बहिष्कार गर्दै जाने व्यवस्था अवलम्बन हुनुपर्ने देख्दछु। गुठी मानव जातिको जीवन पद्धतिसँग जोडिएर रहेकाले यसलाई विद्यालय तहबाटै अध्ययनको विषय बनाइनुपर्छ। गुठीका सम्बन्धमा आवश्यक नीति विश्लेषण तथा सुझाव केन्द्रसहितको मौलिक कालिगढ उत्पादन गर्ने कार्य संयन्त्रको रूपमा विकास गर्न पनि गुठी संस्थानको रूपान्तरण गरी गुठी व्यवस्था कायम राख्न जरुरी भएको मेरो बुझाइ छ। साथै संस्थानले चाल्नुपर्ने देहायअनुरूपका भावी कदमहरूमा म निरन्तर रूपमा लागि परेको छु :

कर्मचारी पदपूर्ति : लामो समयदेखि संस्थानमा रहेको दरबन्दीअनुसार पदपूर्ति हुन नसक्नु तर भएका कर्मचारी सेवा निवृत हुँदै जानेबाट सञ्चालनमा निकै बाधा परिरहेकोले तत्काल कर्मचारी विनियम स्वीकृत गराई पदपूर्ति गर्नुपर्ने देखिएको छ अन्यथा संस्थानको दैनिकी नै नचल्ने अवस्थामा छ।

लेखक गुठी संस्थानका कार्यकारी प्रमुख (प्रशासक) को पदमा कार्यरत छन्।



शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

जीत बहादुर लामिछाने
प्रधानाध्यापक
जनपथ माध्यमिक विद्यालय
कलंकी, काठमाडौं ।

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

श्री कलंकी मन्दिर संरक्षण तथा समाज सुधार संस्था
कलंकी-१४, काठमाडौं ।

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

श्री पञ्च मन्दिर संरक्षण तथा समाज सुधार संस्था
कलंकी-१४, उत्तरी हाईट, काठमाडौं ।

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

Advance International Model Sec. School
Lagankhel, Lalitpur

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

ED-MARK ACADEMY / COLLEGE
ED-MARK
Kalanki, Kathmandu
01-5225081 | 01-5225059

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

Bright Future Secondary School
Naikap, Kathmandu, Nepal
01-4312178
brightfuture12@yahoo.com

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

सुमन श्रेष्ठ
वडा अध्यक्ष
काठमाडौं महानगरपालिका
वडा नं. १४, भुवनेश्वरी मार्ग, काठमाडौं ।

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.को ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

Prasadi Academy
Man bhawan, Lalitpur
97715430562, +97715441117

आयोजना कार्यान्वयन निर्देशनालय
काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड
अनामनगर, काठमाण्डौ ।

आयोजनाबाट जडान गरिएका खानेपानीका मिटर निरन्तर चोरी भैरहेको सम्बन्धमा अत्यन्त जरूरी सूचना

यस आयोजना कार्यान्वयन निर्देशनालयले मेलम्चीबाट प्राप्त हुने खानेपानी वितरणका लागि उपत्यकाका विभिन्न स्थानमा बनाइएका वितरण सञ्जालहरूको अन्तिम परीक्षण गर्ने र घरघरमा खानेपानीका मिटर जडान गर्ने कार्य धमाधम भइरहेको, जडान गरेका खानेपानी मिटरको सुरक्षाको जिम्मेवारी घरधनीकै हुने भएकोले तपसिल अनुसार हुन यो सूचना प्रकाशन गरिएको छ ।

आयोजनाको अनुरोध:

१. आयोजनाको तर्फबाट निरीक्षण/अवलोकनका लागि कार्यालय वा निर्माण व्यवसायीका कर्मचारीहरू कोही आएमा कार्यालय तथा सम्बन्धित व्यक्तिको परिचयपत्र हेरेर मात्र मिटरमा पहुँच दिनुहुन ।
२. आफ्नो जिम्मामा रहेको आयोजनाले जडान गरिदिएको मिटरको पूर्व सुरक्षाको उपायहरू अबलम्बन गर्नु हुन ।

सम्पर्क ठेगाना:
आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाण्डौ ।
टोल फ्री नं.: ११३९, फोन नं. ०१५७०५७७१ फ्याक्स नं.: ०१५७०५०५७
ईमेल: pidkukl@gmai.com

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको अनुरोध

- पानी नै जीवन हो यसको महत्व बुझी सदुपयोग गरौं ।
- खानेपानीका श्रोत तथा परम्परागत ढुंगेधाराहरुको संरक्षण गर्ने गरौं ।
- खानेपनीका मुहानहरु प्रदुषण हुनबाट जोगाउँ र मुहान संरक्षण गर्ने गरौं ।
- वर्षातको पानी संकलन तथा पुर्नभरण गरौं ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
सैंबु, भैंसेपाटी, ललितपुर ।
फोन नं. : ०१-५५९१७३७, ०१-५५९१९३७
www.kvwsmg.org.np

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि. ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

आत्माराम खड्का
अध्यक्ष
श्री नारायण मार्केट
कलंकी-१४, काठमाडौं ।

शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि. ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना ।

यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।

सुरेन्द्र कुमार दाहाल
प्रबन्ध निर्देशक
सुजन आर्युवेदा फर्मा
फोन नं. : ९८५११४४१५७

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं ।

- खानेपनीका मुहानहरु प्रदुषण हुनबाट जोगाउँ र मुहान संरक्षण गर्ने गरौं ।
- सुरक्षित खानेपानीमा आम नागरिकको पहुँच पुऱ्याउ ।
- गुणस्तरीय खानेपानी प्रयोगमा ल्याऔँ ।
- पानीको मुहानको स्रोत सुनिश्चित गरौं ।
- पानी नै जीवन हो यसको महत्व बुझी सदुपयोग गरौं ।

हार्दिक शुभकामना

निजी क्षेत्रको पहिलो संस्था
कामना न्यूज पब्लिकेसन्स् प्रा.लि. ४१औं वार्षिकोत्सवको
उपलक्ष्यमा हार्दिक बधाई तथा शुभकामना । यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।



FLEUR
Himalayan Ltd.
jeetpur, Birganj
Neptal

भैरवबहादुर थापा

जसले पल्टन छोडेर मौलिक नृत्यलाई संस्थागत गरे

विदुर गिरी

भैरवबहादुर थापाको जन्म नेपालमा नभएको भए सांस्कृतिक कार्यक्रमको शुरूवात सम्भव थियो या थिएन अथवा नेपाली मौलिक नृत्य आजको अवस्थामा आईपुग्थ्यो या पुग्थेन, यसै भन्न सकिन्न।

नेपालका प्रथम नृत्य निर्देशक भैरवबहादुर थापाले सात दशकअघि नृत्य विधालाई नेपालमा संस्थागत गर्नुभयो। उहाँका अनुसार त्यति बेला नाच्ने चलन नै थिएन। नाच्ने भनेको गाइजात्रामा मात्र हुन्थ्यो। त्यो पनि पुरुषले महिला बनेर नाच्नु पर्थ्यो। पुरुषले नाचे अलिच्छिन लाग्छ भन्ने मान्यता थियो। महिलाले नाच्ने भनेको त झन् कल्पना बाहिरको कुरा थियो। नाच्ने अभ्यास पनि घरमा गर्नु हुँदैनथ्यो। नाच्ने अभ्यास पाटी, पौवा, सत्तल आदिमा गर्नुपर्ने हुन्थ्यो। राजधानीको कमलपोखरीमा जन्मिइ हुर्कनु भएका उहाँले विस्तारै विस्तारै नेपाली नृत्यलाई संस्थागत गर्नुभयो भने पहिलो नृत्यकार र नृत्य निर्देशक पनि बन्नु भयो। अनि पहिलो पटक सांस्कृतिक कार्यक्रम र शब्दको शुरूवात पनि उहाँले नै गर्नुभयो।

१९८९ सालमा जन्मनु भएका थापाको शिक्षा भने भारतबाट पूरा भयो। कलिलै उमेरमा ब्रिटिश आर्मीमा भर्ना हुनु भएका उहाँ जागिरे जीवन सुरू गर्दा १७ वर्ष ठिटो हुनुहुन्थ्यो। मलाया सिंगापुरमा ब्रिटिश आर्मीको जागिर खाएको तीन वर्षमा ६ महिने छुट्टि मान्न नेपाल आउनु भएका उहाँ पछि पल्टन फर्कनै पाउनु भएन, उहाँलाई नृत्यकलाले नेपालमै रोकिदियो। पल्टनमा हुँदा ओपेरा, ब्याली हेरेर रमाउने उहाँ आफू पनि नाच्नु हुन्थ्यो। २०१० सालमा छुट्टिमा आएका बेला उहाँलाई पहिलोपटक नाच्ने अवसर जुर्‍यो। थापा नेपाल आउनु भएको थाहा पाउनासाथ साहित्यकार भीमनिधि तिवारीले बोलाउनु भयो। 'त्यो बेला भीमनिधि तिवारीको देशकै एक मात्र नेपाल नाटक संघ थियो। म काठमाडौं आएको तेस्रो दिनमा आफ्नो नाटक संघमा बोलाएर अन्तर्वार्ता लिएर मलाई कलाकार घोषणा गर्नूभयो' थापाले सम्झनु भयो 'म प्रजातन्त्र आएको तीन वर्षपछि छुट्टीमा नेपाल आएको थिएँ। त्यो बेला दलितले मात्र नाच्ने चलन थियो। अरुले नाचे कपाल मुण्डन गरेर थानकोट कटाइन्थ्यो। प्रजातन्त्र आइसके तापनि नाच्न अफ्ठेरो थियो। त्यो जमानामा पुरुषले पनि महिलाको भेष धारण गरेर नाच्नु पर्थ्यो। तर मैले चाहिँ नेपालमै पहिलोपटक स्टेजमा अनि खुल्लमखुल्ला पुरुषकै भेषमा नाच्ने मौका पाएँ। म २०१० साल असारमा नेपाल आएको थिएँ। असोजमा भुरुङखेलमा अखिल नेपाल किसान संघको पहिलो सम्मलेन भएको थियो। पुष्पलाल श्रेष्ठको नेतृत्वमा भएको ७ दिने सम्मेलनको पाँचौं दिन असोज ३ गते त्यहाँ मैले भावनृत्य प्रस्तुत गरेँ।'

उहाँले उत्साहित हुँदै सुनाउनु भयो 'मलाई नेपालकै मान्छे भनेको भए शायद नाच्न दिँदैनथे कि? तर साहित्यकार कृष्णचन्द्र सिंह प्रधानले मलाया सिंगापुरका प्रसिद्ध डान्सर भैरवबहादुर थापाको प्याखा (नृत्य) देखाउने भनेर उदघोषण गरिदिनु भयो। त्यति बेला नृत्यभन्दा नि बुझ्दैनथे, डान्स भन्दा पनि बुझ्दैनथे। प्याखा भनेपछि सबैले बुझ्थे। मैले टाई सर्ट र पाईन्ट लगाएर करिब २० मिनेट विभिन्न खालको नृत्य गर्दै त्यसको व्याख्या गर्दै गएँ। म नाच्दा नाच्दै नेपाली कागजमा भैरवबहादुरको सांस्कृतिक प्याख काठमाडौंभित्र मात्र होइन, उपत्यकाभरीकै मानिसले हेर्न पाउनुपर्छ भनेर लेखेर ४/५ सय मानिसको हस्ताक्षर संकलन भएछ। नृत्य सकिएपछि तपाईंको नृत्य हेर्नका लागि जनसमुदायले आग्रह गरेका छन् ७ दिनको समय दिनुहुन्छ कि हुन्न भनियो। जीवनमा पहिलोपटक त्यति धेरै भीडमा नाचेको थिएँ। त्यसैले गर्दा मलाई रुचि थियो, स्विकार गरेँ। त्यहि कार्यक्रम नै नेपालमा पहिलोपटक सांस्कृतिक कार्यक्रम भयो' भैरवबहादुर भन्नु हुन्छ 'मैले थाहा पाएसम्म नेपालमा मात्र होइन, कल्चर प्रोगाम भनेको वर्ल्डमा नै मबाट सुरु भएको रहेछ। इण्डियाको उत्तर प्रदेश तथा विहारमा पनि कल्चरल प्रोगाम भन्ने थिएन। नाचगानको कार्यक्रमलाई मनोरञ्जन कार्यक्रम भनिन्थ्यो। त्यस्तै नेपालमा भीमनिधि तिवारीहरुले नाटक देखाउने कार्यक्रमलाई विविध कार्यक्रम भनिन्थ्यो।'

पहिलोपटक नै पाँचौं हजार मानिसका विच नाच्नु भएका भैरवले त्यस कार्यक्रमबाट निकै प्रशंसा पाउनु भएछ। उहाँका अनुसार त्यो बेलामा अधिकांश क्षेत्री बाहुनले पनि नेवारी भाषा बोल्ने गर्थे। उनीहरुले नेवारी भाषामा भैरवको नाचको प्रशंसा गरे। भैरवले त्यसको करिब दुई वर्षसम्म नाचेर फुर्सद नै पाउनु भएन। 'मैले नाचेको भोलीपल्ट त पुष्पलालकी बहिनी पुष्पलता, साहना प्रधान पनि नाचे। त्यस्तै कांग्रेसकी शुशीला कोईरालाले पनि नाचिन्। यसरी नाच प्रस्तुत गर्नमा कांग्रेस र कम्युनिष्टको कम्पिटिशन जस्तै हुन थाल्यो' उहाँले सुनाउनु भयो।

असोजकै १५ गते बिपि कोइरालाले टुडिखेलमा भाषण कार्यक्रम आयोजना गरे। भैरवले नाचेर धेरै मानिस बटुल्न सक्नु हुन्छ भन्ने थाहा पाएपछि उहाँको नृत्य राख्न लगाए। भैरवको प्याखः र बिपिको भाषण छ भनेपछि दुवै हेर्न र सुन्न अघिल्लो कार्यक्रमभन्दा त्यसमा दोब्बर मानिसको भीड लाग्यो। भैरवबहादुरको प्याख हेरेका र त्यसबारे सुनेका मानिसहरु बाटोघाटो र यातायातको सुविधा नभएको त्यो समयमा पनि धुलिखेल, ककनीलगायतका टाढा टाढाका ठाउँबाट खर्पन र बोरामा चामल, तरकारी बोकेर खाने बस्ने बन्दोबस्तसहित उहाँको प्याख हेर्न आउन थाले। बिपिले पनि भैरवबहादुरलाई नाच्न लगाएपछि अन्य राजनीतिक पार्टीहरुले पनि आफ्नो कार्यक्रममा भैरवको नृत्य समावेश गर्न थाले। 'बिपि बाबुपछि कम्युनिष्ट नेता पुष्पलाल श्रेष्ठले टुँडिखेलमा अर्को कार्यक्रम राख्नुभयो र मलाई बोलाउनु भयो। त्यस्तै शम्भुराम श्रेष्ठले पनि त्यही सिको गरेर मलाई बोलाए। त्यसरी मलाई कसैले छोड्दै छोडेनन्। करीब २ वर्ष त यस्तै कार्यक्रममा नाचेर र नाच्न सिकाएर नै बित्यो।'

भैरवको नाचबाट प्रभावित भएका दरबार हाइस्कूल, जुद्ध पब्लिक स्कुलका विद्यार्थीले नाच सिक्न इच्छा राखेर आफ्ना शिक्षकलाई अनुरोध गर्न थाले। तर विद्यालय प्रशासनले यस्तो गाईजात्रे काम विद्यालयमा गर्न नदिने, यस्तो कामका लागि स्कुल खोलेको होइन भनिदियो। यस्तो जवाफ पाएपछि विद्यार्थीहरुले आफ्ना अभिभावकसँग नाच सिक्न नपाए स्कुल नै जान्नौं, आत्महत्या गर्छौं भन्न थाले। त्यसपछि अभिभावकले नै नृत्य सिकाइ दिनका लागि आग्रह गर्न थाले। तीमध्येका एकजना ज्यापु नामका विद्यार्थीले (जसको नाममा राजधानीस्थित न्यूरोडको एउटा टोलको नामाकरण नै ज्यापु टोल गरियो) स्काउटको तालिम लिने/दिने र त्यहीं नृत्य सिकाउने उपाय निकालेपछि थापाले स्काउट तालिमको बहानामा नृत्य सिकाउन थाल्नुभयो। त्यति बेला विद्यार्थीलाई स्काउटको तालिम दिन भारतबाट मानिसहरू आएका रहेछन्। तर नेपालमा जाडो बढ्दै गएपछि सहन नसकेर तीन महिना बाँकी हुँदै फर्केका रहेछन्। त्यसैले भैरवबहादुरले स्काउट तालिमको नाममा विद्यार्थीहरुलाई चौरमा भेला गरेर नृत्य सिकाउन थाले।

पछि स्काउटमा साँस्कृतिक कार्यक्रमको शूरूवात नै भयो। यसरी भैरवको ६ महिनाको छुट्टि सकिन लाग्दा विद्यार्थीहरू हामी त सरलाई जानै दिँदैनौं भनेर रुन थालेछन्। ती विद्यार्थीहरूले बाल सखा दल खोलेका रहेछन्। भैरव सर त हामीलाई छाडेर मलाया फर्किने रे, यतै राखिदिनु पर्‍यो भन्दै विद्यार्थीहरू नाट्य सम्राट बालकृष्ण समकोमा पुगेछन्। बालकृष्ण सम विद्यार्थीको हुलसहित भैरवको घरमा नै पुगे। समले बालसखा दलको नाम भैरव नृत्य दल राखेर उनलाई अध्यक्ष बनाई दिनुभयो। 'उनीहरु आँखाको आँशु पुछिरहेका थिए। त्यसमाथि वृद्ध अवस्थामा समजी मेरै घरमा आएर अनुरोध गरेपछि उहाँको कुरा काट्न सकिँन र सिंगापुर नफर्कने निर्णय गरेँ' उहाँले खुलाउनु भयो।

भैरव नृत्य दल खोलेपछि उहाँले सार्वजनिक स्थानमा नृत्य सिकाउने वातावरण पाउनु भयो। पहिले लुकेर सिकाउनुपर्ने नृत्य अब खुल्ला रूपमा सिकाउन पाएपछि निकै खुशी हुनुभएका भैरवबहादुर नृत्य सिकाउन अनुसन्धान गर्न व्यस्त हुनुभयो।

उहाँको नृत्य खुबी र मेहनत देखेर राजा महेन्द्र पनि प्रभावित थिए। सोही क्रममा राजा महेन्द्रले २०१३ सालमा नेपाल र चीनविचको प्रथम सांस्कृतिक सम्झौताका लागि उहाँलाई चीन भ्रमणमा सहभागी गराए। त्यहाँ उहाँले ब्याले र ओपेरा देखाउनुभयो। उहाँको नृत्यबाट नेता माओत्से तुङ प्रभावित हुनुभयो भने चिनका प्रधानमन्त्री चाउ एन्लाईले त थापालाई भाइ नै भनेर सम्बोधन गर्नुभयो। त्यस समयमा राजा महेन्द्रबाहेक माओत्से तुङसँग भेट्न पाउनेमा भाग्यमानी उहाँ हुनु भयो। 'मेरो नाच देखेर तपाईंको डान्स हाम्रो चीनका विभिन्न प्रान्तका जनताले पनि हेर्न पाउनुपर्छ भनेर तीन हप्तालाई गएको मलाई अर्को तीन हप्ता बस्न समय थप्नुभयो। तर हाम्रा नेताले मान्नु भएन र ५ हप्तामात्र दिनुभयो। त्यस समयमा विभिन्न ठाउँमा नाच देखाएँ' भैरवबहादुरले स्मरण सुनाउनु भयो। उहाँले त्यहाँ स्ट्रगल फर स्वेल र ट्याम्बोरीयन नामको ब्याले र ओपेरा प्रस्तुत गरेर वाहवाही पाउनु भयो। माओत्से तुङसमेत भैरवको नृत्यबाट प्रभावित भएको खवर पाएपछि राजा महेन्द्रले थापालाई धन्यवाद दिन दरबारमा बोलाए। राजा महेन्द्रले नेपालको नाम राखेर आयौ तिमीलाई के चाहिन्छ भनेर सोधे। जो कोहीले यस्तो प्रश्नमा घर, सम्पत्ती या यस्तै केही माग्थे। तर चीनका विभिन्न स्थानमा नृत्यसम्बन्धी एकेडेमी देख्नुभएका थापाले नेपालमा पनि नृत्यसम्बन्धी एकेडेमी नभएकाले नृत्य पाठशाला र एकेडेमी खोल्नुपर्छ र पब्लिक स्टेज हल चाहिन्छ भन्ने माग राख्नुभयो।

'राजालाई नाच्ने कलाकार भनेको रमाईलो गर्ने तर बुद्धि नभएका हुन्छन् भन्ने लागेको रहेछ। तर मैले एकेडेमी माग गरेपछि यो त डान्सर मात्र होईन, राम्रो फिलोसोफी लिएर आएको मान्छे रहेछ भन्ने सोचेर ओहो तिमीले त मेरो डायरीमा भएको कुरा पो बोल्यौ त। ल यो हुन्छ धन्दा नमान भन्नुभयो। त्यो बेलो एकेडेमी शब्द जो कोहीले बुझ्दैनथे' उहाँले सुनाउनु भयो।

हालको सांस्कृति संस्थान र नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापनाको श्रेय पनि उहाँलाई नै जान्छ। किनभने भैरवले राजा महेन्द्रसमक्ष एकेडेमीको माग गरेपछि २०१४ सालमा नेपाल प्रज्ञा प्रतिष्ठान खुल्यो। 'तर २०१५ सालमा वार्षिकोत्सव नमनाएपछि कवि माधवप्रसाद घिमिरेलाई बोलाएर कारण सोध्नुभएछ। 'माधव घिमिरेले हामीले आईमाई नपाएर वार्षिकोत्सव नगरेको भन्नु भएछ। राजा महेन्द्र छड्के हान्न जान्ने। आइमाई नपाएर रे? मैले विहे गर्न एकेडेमी खोल्दिएको होइन त भन्नुभएपछि माधवजी नर्भस हुनुभएछ। अनि राजाले तिमीलाई थाहा छैन भैरवबहादुर थापाको नृत्य दल छ, त्यसमा त पञ्जाबी, बंगाली केटीहरु छन्। नेपाली केटीहरू पनि आउन थालिसकेका छन्। त्यही दलबाट महिला ल्याएर कार्यक्रम गर भनेपछि महिलाले सञ्चालन गरेर २०१६ सालमा कार्यक्रम गरियो। त्यो बेला राजा महेन्द्रको रोएल फिजिसियन तथा आर्मीको कर्णेल भारतका थिए। उनका छोरीहरु पहिले कथ्थक र भरतनाट्यम नाच्थे। मेरो नाच आएपछि कथ्थक नाच र भरतनाट्यम बन्दै भयो। बरू यहाँ भएका इण्डियनहरूले पनि मेरै नाच सिक्न थाले। त्यो बेला महिला नपाएकाले गायक कुमार बस्नेतलाई महिला बनाएर नचाउँथे' उहाँले सुनाउनु भयो।

» क्रमश पृष्ठ ११ मा

शुभकामना

राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष
तथा
नेपाल संवत न्हूदँया राष्ट्रिय समारोह समिति ११४५

हार्दिक बधाई

पत्रकारिताको माध्यमबाट नेपाली चलचित्र क्षेत्रको श्रीवृद्धि तथा विकासमा योगदान पुर्याउँदै आएको कामना मासिकको प्रकाशन संस्था कामना न्यूज पब्लिकेशनको ४१ औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछौं ।

नरेन्द्र महर्जन
अध्यक्ष
तथा
नेपाल चलचित्र संघ परिवार

पर्खनुहोस !

के तपाई बिना अनुमति कसैको रचना प्रयोग गर्दै हनुहुन्छ ? बिना अनुमति अर्काको रचनाहरु प्रयोग गरेमा प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ अनुसार त्यस्तो काम गर्दा प्रयोगमा ल्याईएका उपकरण जफत हुनुका साथै तपाईले दण्ड, जरिवाना र क्षतिपूर्ति समेत व्यहोर्नुपर्ने हुन सक्छ । प्रतिलिपि अधिकार हननको विषयमा कानूनी दण्ड, जरिवाना र क्षतिपूर्तिको अभ्यास नेपालमा पनि भैसकेको छ ।

सावधान !

चलचित्र तथा चलचित्रजन्य सृजनाहरुको अनधिकृत रुपमा कहिल्यै प्रयोग नगरौं, दण्ड, जरिवाना र क्षतिपूर्तिबाट बचौं ।

नेपाल सरकार
चलचित्र विकास बोर्ड
बबहिल,काठमाडौं ।
फो.नं. ०१४८१२३३२, ०१४८१२३८७

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
मध्यमस्तरीय करदाता कार्यालय
बबरमहल काठमाण्डौ ।

आयकर तथा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क एवं अग्रिम कर कट्टी बक्यौता रकम दाखिला गर्ने सम्बन्धी सूचना ।

यस कार्यालय अन्तर्गत दर्ता रहनुभएका करदाताहरुले तिर्नुपर्ने आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा अग्रिम करकट्टी वापतको बाँकी/बक्यौता रकम यथाशिघ्र दाखिला गर्नुहुन जानकारी गराइन्छ। कानूनले तोकेको समयावधिभित्र बक्यौता रकम दाखिला नगर्ने करदाता उपर आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्मको व्यवस्था अनुसार तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ को उपदफा १ बमोजिम बक्यौता रकम असुल उपर गर्न कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बद्ध सबै करदाताको लागि जानकारी गराइन्छ ।

गृह मन्त्रालय
अध्यागमन विभाग
अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल
काठमाडौं

यात्रु महानुभावहरुमा अनुरोध ।

- भिजिट भिसा वा पर्यटक भिसामा विदेश जाँदै हुनुहुन्छ भने आफन्त भेट्ने र घुम्ने लगायत भिसाको उद्देश्य अनुसारका काम मात्र गर्नुहोस् र भिसाको अवधिभित्रै स्वदेश फर्कनुहोस् । भिजिट भिसामा घुम्न जान थप शुल्क वा दस्तुर नलाग्ने भएकोले भिजिट भिसामा पठाउनको लागि सेटिङको नाममा बिचौलियाहरुले रकम माग गरेमा त्यस्तो रकम नबुझाउनुहोस्,
- भिजिट वा पर्यटक भिसामा यात्रा गर्दा नक्कली कागजात पेश गर्ने, झुठ्ठा विवरण तयार गर्ने, भिसाको उद्देश्य विपरित एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकहरुसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्ने जस्ता गतिविधिहरुबाट सिर्जित अवस्थाको सम्बन्धमा व्यक्ति स्वयं नै जिम्मेवार हुने हुँदा यस विषयमा भ्रमण गर्ने मुलुकको पूर्ण जानकारी लिई आफ्नो भ्रमणको उद्देश्य अनुरुप मात्र कार्य गरी आफूलाई पूर्ण रुपमा सुरक्षित राख्न थप सजगता अपनाउनुहोस्,
- काम गर्ने मनसायले विदेश जाँदै हुनुहुन्छ भने भिजिट वा पर्यटक भिसामा नगई वर्किङ भिसा (Working Visa) मा नेपाल सरकारबाट श्रम स्वीकृति लिएर मात्र प्रस्थान गर्नुहोस्,
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सूचीकृत भएका विश्वविद्यालयहरुमा भर्ना भएर विदेश जाने र सम्बन्धित विश्वविद्यालयहरुमा नपढी गलत ढङ्गबाट काम गर्दा समस्या आउन सक्ने एवं पछिल्ला दिनहरुमा अध्ययन भिसा (Study Visa) मा रहेर पनि काम गर्न एवं पैसा कमाउन सकिन्छ भनेर विभिन्न बिचौलियाहरु मार्फत विदेशी विश्वविद्यालयहरुमा भर्ना भई काम गर्ने मनसायले भ्रमण गर्दै हुनुहुन्छ भने काम गर्ने र पढ्ने विषय अलग-अलग भएकोले यसमा थप सतर्कता अपनाउनुहोस्,
- विदेश यात्रा गर्दा नेपालको विमानस्थलहरुबाट मात्र यात्रा गर्नुहोस् । भारत वा अन्य तेस्रो मुलुकको विमानस्थल भएर अन्य मुलुकमा यात्रा गर्दै हुनुहुन्छ भने नेपाली राजदूतावासबाट जारी हुने No Objection Certification (NOC) लिएर मात्र यात्रा गर्ने तथा महिलाहरुले भारतका विमानस्थल भएर तेस्रो मुलुक यात्रा गर्दै हुनुहुन्छ भने थप सजगता एवम् सावधानी अपनाउनुहोस्,
- वैदेशिक रोजगारीमा पठाउन इजाजत प्राप्त संस्थाले भिजिट वा पर्यटक भिसामा पठाउन खोजेमा सो सम्बन्धमा गोप्य सूचना दिनको लागि गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग वा अध्यागमन विभागमा तुरुन्त सम्पर्क गर्नुहोस्,
- वैदेशिक रोजगारीको सिलसिलामा वा भिजिट भिसामा ठगीमा परेमा वा पर्न लागेको शंका लागेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरु वा वैदेशिक रोजगार विभागमा तुरुन्त उजुरी गर्नुहोस् ।

जसले पल्टन...

उहाँले ब्याले र ओपेरा नेपालमा शुरू त गर्नु नै भयो, नेपालमा सांस्कृतिक कार्यक्रमका सर्जक बनेर आफ्नो दल लिएर देशका विभिन्न स्थानमा पुगी स्थानीय क्षेत्रमा नाचिने नृत्य संकलन गर्न थाल्नु भयो। ती ठाउँमा समूहका साथ आफ्नो नृत्य देखाउँदै त्यहाँ नाचिने नृत्य सिकेर त्यसलाई परिमार्जन गरि मञ्चन योग्य बनाउनुभयो। त्यसपछि नै नेपालको विभिन्न क्षेत्रका मौलिक र परंपरागत नृत्य संस्थागत र मञ्चियरुपमा देशभर फैलन थाले।

२०१८ साल फागुन ७ गते लोक सेवा आयोगको परीक्षा पास गरी पुरातत्व विभागबाट राष्ट्रिय नाचघरको नृत्य निर्देशक र नृत्य पाठशालाको शिक्षकको रुपमा जागिर शुरू गर्नु भएको उहाँले त्यहाँ अभिनेत्री भूवन चन्द, चैत्यदेवी सिंह, सुभद्रा अधिकारीलगायतलाई नृत्य सिकाउनु हुन्थ्यो भने सांस्कृतिक कार्यक्रमको निर्देशन पनि गर्नु हुन्थ्यो। मनको बाँध र २५ बसन्त नामका फिल्ममा नृत्य निर्देशन समेत गर्नु भएका उहाँलाई स्कुल र कलेजमा नृत्य विषयको शूरूवात गर्ने श्रेय पनि जान्छ।

युरोप र भारतका विभिन्न स्थानका कयौंलाई नृत्य सिकाउनु भएको उहाँले नेपालको मेचीदेखि महाकाली र दरबारका सदस्यलाई पनि नृत्य सिकाउनु भयो। 'अहिले कयौंको दानापानी चलिरहेको मयुर डान्स, याक डान्स, झ्याँक्री नाच, मुकुण्डो नाच मैले नै शूरूवात गरेको हो। तर मैले यसबाट कुनै रोयल्टी पाउँदिन। अहिले विभिन्न होटल, रेष्टुरेन्टमा यस्ता नृत्य देखाइन्छ। तर मैले त्यसको केही पाउँदिन। सरकारले मैले आर्जन गरेको विद्याबाट पनि मैले खान पाउने वातावरण बनाइदिनुपर्ने हो। तर सरकारले मलाई कुनै व्यवस्था नै गरेन। सरकारले संस्कृति विभाग किन खोलेको? त्यसको काम के हो? मैले त आजसम्म त्यसको कुनै काम नै देखेको छैन' उहाँको चित्त दुखाई छ।

वास्तवमै मौलिक र परम्परागत नेपाली नृत्यहरु भैरवले अहिले मञ्चन योग्य नबनाएको भए गाउँगाउँमै मात्र सीमित हुन्थ्यो। उहाँले ७५ जिल्ला भ्रमणगरी विभिन्न नृत्य ल्याएर विभिन्न जाति तथा समुदायले गर्ने नृत्यको पहिचान गराउनु भयो। 'म समूहका साथ लाल्टिनको भरमा दाल चामल बोकेर जाने गर्थें। धर्मशाला, पाटीमा सुत्थ्यौं। कति ठाउँमा त मान्छे हेर्दा त भलाद्मी छौ खान पाएनौ? हाम्रो ठाउँमा नाच देखाएर भाँड्न पाईंदैन भनेर लखेट्थे। तर हामी विभिन्न स्कुलमा नृत्य देखाएर सांस्कृतिक जागरणका लागि हिँडेका हौं, धन कमाउन हिँडेका होइनौं हामीलाई अर्को ठाउँमा पुग्ने खर्च मात्र देऊ भन्थ्यौं' उहाँले सम्झनु भयो 'त्यति बेला बाजा बजाउनेहरूलाई छुन हुँदैनथ्यो। पैसा दिन मन लागे पनि टाढैबाट दिने गर्थे। तर मैले सबै जातजातिलाई आफ्नै घरको भान्छामा खुवाएर क्षेत्री ब्राम्हणको घर आँगनमा पुर्‍याएँ। कम्युनिष्ट भन्दा बढी त मैले क्रान्ति गरेको रहेछु। झलकमान गन्धर्भलाई पनि मैले नै ल्याएको हुँ।'

भैरवले ६५ वर्ष लगाएर तयार पारेको नृत्याक्षर विज्ञान (नृत्यको नोटेशन बुक अल्फा साईन्स) छापेर सार्वजनिक गरेको एक वर्ष भयो। अब उहाँ नृत्यसम्बन्धी अर्को विश्वविद्यालयका लागि पुस्तक प्रकाशित गर्ने तयारी गरिरहनु भएको छ। 'यहाँ कतिलाई भैरवबहादुरको किताब युनिभर्सिटीले पास गर्‍यो भने हाम्रो दानापानी हरिन्छ भन्ने डर छ। संगीतको नोटेशन छ, संसारभर डान्सको नोटेशन छैन। तर सरकारले संरक्षण गर्नुपर्ने किताबबारे कुनै चासो राखेको छैन' भैरवबहादुर भन्नुहुन्छ। भैरव आफ्नो नृत्यसम्बन्धी नोटेशन बुकलाई लिएर नोबेल शान्ति पुरस्कारसम्म पुग्न चाहनुहुन्छ। तर यसका लागि सरकार र प्रज्ञा प्रतिष्ठान कसैले पनि सहयोग नगरेकोमा दुखेसो पोख्नुहुन्छ।

जागिर छोडेर जीवनभर नृत्यका लागि खट्नुभएका भैरवबहादुरले आफ्नो कालमा धेरै सरकार फेरिए पनि आफू कुनै पनि सरकारको नजरमा नपरेको बताउनु भयो। 'म पहिले पनि कुनै वादको पक्षमा थिईन, अहिले पनि पछि लागेको छैन। यही भएर हालसम्म पनि कुनै पनि राष्ट्रिय पुरस्कार पाएको छैन। पाएर मलाई बिटुलो हुनु पनि छैन। किनभने यो परमानेन्ट हुने बाद होइन' भैरवबहादुर भन्नुहुन्छ।

संस्कार र विचारको...

जनमनमा कुनै कुरा यस्तरी गहिरिएर रहनुमा त्यस भूभागमा तत्कालीन समयमा रहेको लोकतान्त्रिक संस्कृतिले सर्वाधिक प्रभावकारी भूमिका निर्वाह गरेको हुनुपर्दछ। मैथिली लोकगीतहरूमा अहिले पनि आफ्नो माटो छोडेर अन्यत्र नजाने प्रतिबद्धता जनकण्ठबाट यसरी अभिव्यक्त भएको पाइन्छ-

अपना किशोरीजीके टहल बजेबै हे हम मिथिलेमे रहबै
हमरा ने चाही चारूधाम हे हम मिथिलेमे रहबै
सागपात खोंटी-खोंटी दिवसा गमेबै हे हम मिथिलेमे रहबै
अहीबाटे औथिन सीताराम हे मिथिलेमे रहबै

आफ्नै माटोमा फलेको साग-सिस्नु सर्वश्रेष्ठ हो र त्यसको उपयोगलाई उच्च महत्व दिइनुपर्छ भन्ने मान्यता मिथिलाको जीवन-दर्शनमै पाइन्छ यसको एक पर्यायावाची नाम तिरहुत तीरभुक्ति भन्ने शब्दको अपभ्रंश हो। तीरको अर्थ हुन्छ नदी र भुक्तिचाहिँ प्रदेशलाई भन्छन्। स्पष्ट छ- मिथिला विभिन्न नदीहरूले अभिसिञ्चित प्रदेश हो।

वृहद विष्णुपुराणमा वर्णित मिथिलाको सीमालाई कवीश्वर चन्दा झाले यस प्रकार अभिव्यक्त गरेका छन्-

गंगा बहथि जनिक दक्षिण दिशि पूर्व कौशिकी धारा
पश्चिम बहथि गण्डकी उत्तर हिमवत वन विस्तारा
कमला त्रियुगा अमृता धेमुरा वागमती कृतसारा
मध्य बहथि लक्ष्मणा प्रभृति से मिथिलाक विद्यागारा

यस आधारमा प्राचीन मिथिलाको सीमा पूर्वमा कोशी, पश्चिममा गण्डकी, उत्तरमा हिमालय र दक्षिणमा गङ्गासम्म रहेको स्पष्ट हुन्छ। तीनतर्फ यी विशाल नदीहरू हुनुका साथै मध्यमा पनि कमला, त्रियुगा, अमृता, धेमुरा, लक्ष्मणा, बलान, लखनदेइ, बागमती जस्ता नदीहरू बगेका छन्।

स्थानीय उत्पादनको महिमामण्डन

नदीहरूको प्रचुरताले गर्दा मिथिलाका उत्पादनहरूमा जलजन्य जीव र वनस्पतिहरूको प्रमुखता रहनु स्वाभाविक हुन्छ। धार्मिक तथा अन्य उद्देश्यले पोखरी खनाउने चलन पनि मिथिलामा व्यापक थियो। यी पोखरीहरूमा माछाको पर्याप्त उत्पादन हुन्छ। स्थानीय उत्पादनलाई टेवा पुर्‍याउने उद्देश्यले माछालाई मिथिलामा सांस्कृतिक महत्वको वस्तु बनाइयो।

खाद्य-पदार्थको रूपमा पनि माछाले मिथिलामा विशिष्ट स्थान ओगेटेको छ। वैवाहिक सम्बन्धमा बेहुला पक्षबाट चतुर्थी (विवाहको चौथो रात मनाइने चलन रहेको सुहागरात) का लागि कोसेलीको रूपमा माछा अनिवार्य पठाइन्छ। सन्तानको आरोग्य, उन्नति एवं दीर्घायुका निम्ति मनाइने जितिया पर्वमा व्रत बस्नुपूर्व ब्रतालुले माछा खानैपर्ने प्रावधान छ। यी पृथक खाले प्रक्रियाका अन्य उद्देश्यहरू जे-जस्ता भए पनि मुख्य उद्देश्य भने स्थानीय उत्पादनहरूको खपत बढाउनु र सो प्रक्रियालाई निरन्तरता दिनु हो भन्ने कुरा उपर्युक्त दृष्टान्तबाट प्रष्ट हुन्छ।

घरायसी पेशाद्वारा उत्पादित वस्तुहरूको अधिकाधिक उपयोग गराउने किसिमका जातीय संस्कारहरू पनि यथेष्ट पाइन्छन् मिथिलामा। यसैको एक कडीको रूपमा तरकारी उत्पादक कोइरी वा कुशवाहा (महतो) तथा दुग्ध उत्पादक अहीर वा गोआर (यादव)हरूमा शाकाहारी वा वैष्णव धर्म निर्वाह गर्नेको संख्या अन्य जातिको तुलनामा बढी हुनुलाई लिन सकिन्छ। आन्तरिक उत्पादन-प्रबर्द्धनको कामलाई धार्मिकता तथा सांस्कृतिकतामा बाँधेर राख्ने नीतिकै परिणति मान्न सकिन्छ यस्ता प्रवृत्ति वा संस्कार हरूलाई। यस आधारमा के भन्न सकिन्छ भने भारतमा महात्मा गान्धीले स्वदेशी उत्पादनलाई प्राथमिकता दिने सम्बन्धमा चलाएको चर्खा आन्दोलन जस्तो नीति मिथिलाले शताब्दियौंदेखि अङ्गीकार गरेको छ।

पानीमा फल्ने वनस्पति मखानको व्यापक उपयोगलाई अर्को उदाहरण मान्न सकिन्छ। नदी, पोखरी, तलाउ जस्ता जलाशयहरूमा फल्ने मखान मिथिलाको सर्वथा मौलिक उत्पादन हो। मिथिलामा मखानको उत्पादन प्रचुर हुने भएकोले यसको खपत गर्ने बाटो संस्कृतिले नै पहिल्याएको छ। मैथिलहरूको एक विशेष पर्व कोजगरा (कोजाग्रत पूर्णिमा)मा मखान अनिवार्य रूपले खाने अनि ख्वाउने प्रचलन छ। यसका साथै विशिष्ट पाहुनालाई ख्वाइने उच्चस्तरीय खाजामा मखानका परिकारहरूको महत्वपूर्ण स्थान हुन्छ।

खोला तथा नदी-नालाहरूको प्राचुर्यले गर्दा मिथिलामा बलौटे जमिन प्रशस्त मात्रामा पाइन्छ। यस्तो जग्गामा सहजताकासाथ मडुआ (कोदो)को खेती गर्न सकिन्छ। आधुनिक कृषि-विज्ञानले बलौटे माटोमा तरभुज, ककडी, परवल इत्यादि लगाउन सकिन्छ भन्ने ज्ञान र सुविधा दिनुभन्दा अघि मिथिलामा त्यस्ता जग्गाको उपयोग मूलतः कोदो खेतीमै गरिन्थ्यो। तर, यो निम्नस्तरको भन्नेमा दरिने र यसलाई कुअन्न भन्ने गरिएकोले यसको प्रयोग विपन्न वर्गमा मात्र सीमित थियो। तथापि अन्न भनेको अन्न हो, यसको सबैले सम्मान एवं उपयोग गर्नुपर्छ भन्ने सन्देश मिथिलाको 'जितिया पावनि' मार्फत् दिइएको छ। यस पर्वमा व्रत बस्नुपूर्व माछाका साथ मडुवाको रोटी खाने प्रथा राखिएको छ, जसलाई 'माछ-मडुवा' भनिन्छ।

नदी किनाराका क्षेत्रहरूमा केराको उत्पादन राम्रो हुन्छ। त्यसैले छठ तथा चौरचन जस्ता विशेष पर्वहरूमा प्रसादको रूपमा केराको सिङ्गो घरी नै चढाउने प्रचलन रहेको पाइन्छ। यस्तै अन्य चाडपर्वहरूमा पनि शीतल प्रसाद बनाइन्छ, जसमा पाकेको केराको महत्वपूर्ण साझेदारी रहेको हुन्छ। यी पर्वहरूले चोया तथा माटाका भाँडाकुडा बनाउने जाति/समुदायको पेशागत संरक्षणका लागि धार्मिक/सांस्कृतिक व्यवस्था गरेको छ।

कृषिसँग सम्बन्धित गबहा सकराँति (गाभा संक्रान्ति) पनि मिथिलाको मौलिक पर्व हो। यस दिन बिहानै किसानहरू चौरीमा गएर सैरबराबर भन्दै जोडजोडले कराउँछन्। धानका बाला सबै बराबरी लागून् भन्ने उद्घोषमा सामाजिक समानताको कामना सन्निहित रहेको हुन्छ। श्रीपञ्चमीका दिन हलो पूजा गरिन्छ। यस्तै रोपाइँ थाल्दा गबलग्गी र सकिँदा कदपखारका विधि चाडपर्व झैं मनाउने चलन छ। खेतीपातीप्रतिको यो आस्था कर्म नै पूजा हो भन्ने मान्यताको उत्कृष्ट उदाहरण हो।

धरोहर जोगाउने सकस र सम्भावना

सामाजिक, सांस्कृतिक, आर्थिक सद्भाव र सुरक्षाको यस्तो सुदृढ परम्परा साँचेर राखे तापनि आज मिथिला अस्तित्वका लागि संघर्षरत हुनुपरेको छ। यसको प्रमुख कारण चौधौं शताब्दीमा मुगलहरूको सिमरौनगढ आक्रमणबाट मिथिला/तिरहुत राज्यको पतन हुनु थियो। रहेसहेको कसर नेपाल-भारतबीचको सुगौली सन्धिले पूरा गरिदियो। यस सन्धिपछि प्राचीन मिथिला नेपाल र भारत दुई देशमा बाँडियो। यसपछि मैथिल संस्कृतिले राजकीय संरक्षण पाउनुको साटो दोहन खेप्नुपर्‍यो। नेपालमा नेपाली भाषाको विस्तारले मैथिली भाषा थिचिन थाल्यो भने भारतमा हिन्दी भाषाले मैथिलीमाथि अतिक्रमण थाल्यो। दुवै देशमा मैथिली भाषाको शिक्षा तथा प्रयोग अनुत्पादक हुँदै गयो। हामीकहाँ राष्ट्रियताको बिम्ब नेपाली भाषा, ढाकाटोपी, पर्वते चाडवाड र संस्कारलाई बनाउँदै लगिएपछि औपचारिक शिक्षामा पहुँच बढेसँगै मिथिलाबासीहरू आफ्नो जराबाट उखेलिन थाले। भाषिक कुपोषणका कारण संस्कृतिलाई सुकेनासले गाँज्यो। पछिल्लो समयमा छठि पर्वजस्ता मिथिलाका केही सांस्कृतिक उपक्रमले वैश्विक विस्तार पाए पनि त्यो बोक्रे विस्तार मात्र हो, ती पर्वहरूले साँचेका विज्ञानसम्मत गुदीतत्व छुट्दै गएका छन्। यतिखेरको प्रसारमा सांस्कृतिक सदाशय कम र धार्मिक पाखण्ड तथा कर्मकाण्डी प्रदर्शन बढी पाइन्छ।

मिथिलाका यावत सद्संस्कृतिको संरक्षणका माध्यमबाट राष्ट्र तथा मानवीयताको कल्याणमा योगदान दिने एउटा महत्वपूर्ण मौका नेपालमा संघीयताका माध्यमबाट आएको थियो। तर विडम्बना के भयो भने संघीयतालाई आधार र उत्कर्ष दिने एकमात्र भूखण्ड मिथिलालाई शहीद बनाउन देशी-विदेशी शक्तिहरू लागे। मिथिलाको स्वर्णसंस्कृति बीजबाट मधेशको चौरी लहलहाउने वातावरण बनाउनुपर्नेमा मिथिलाको चिहानमाथि मधेशको कङ्काल ठढ्याइयो। तर रत्नगर्भा मिथिलाको रत्नबीज खाडलमुनि पुर्दैमा सकिने कुरा हुँदैन। अहिले पनि यहाँको भाषा-संस्कृतिलाई संरक्षण दिएर समुन्नतिको बाटो समाउने वातावरण बनाए पुग्छ। यसो भएमा मिथिलाले सिङ्गो नेपाललाई आत्मनिर्भरतातर्फ हिँड्न मार्गदर्शन गर्दै सघाउन सक्छ। आफ्नै परम्परालाई अँगालिराखेर पनि सम्मानजनक जीवन-यापन गर्ने परिपाटीको विकास भएमा हाम्रो उर्वरताले आफन्त र छरछिमेकलाई समेत भरथेग गर्न सक्नेछ। आवश्यकता छ सांस्कृतिक संवेदनालाई गहिरिएर हेर्ने दृष्टिको र त्यसलाई सुरक्षा दिएर विकासपथमा अगाडि बढाउँदै लैजाने दृष्टिकोणको। यो दृष्टि र दृष्टिकोणमा मिथिलाको भौतिक जागरण प्रभावशाली संयन्त्र बन्न सक्नेछ।

dhipre@gmail.com

नन्दकृष्णका देउडा दुःख

विदुर गिरी

बौ जुका कम्पनी माला दाइ क्यान मास्ता हुन्
मन भन्या साउनकी रात दन्त क्यै हाँस्ता हुन्
ओ बाज झूर्म्यौली बाज।

सुदूर पश्चिमको दुर्गम ठाउँ बझाङका गायक नन्दकृष्ण जोशीले रहरै रहमा गाएको देउडा गीत अहिले सबैतिर फैलिएको छ। २०३४ साल कार्तिक १४ गते रेडियो नेपालमा पहिलोपटक देउडा सम्राट नन्दकृष्ण जोशीले ओ बाज झूर्म्यौली बाज लयमा देउडा गाएका थिए। हाल आम मानिसमा लोकप्रिय देउडा २०३४ सालअघि भने सुदूर पश्चिमाञ्चलमा मात्र सीमित थियो। भारतका शास्त्रीय संगीतलाई प्राथमिकताका साथ बजाउने राष्ट्रिय प्रसारण रेडियो नेपालले नेपालकै सुदूरपश्चिमको देउडालाई चिनेकै थिएन। सेती अञ्चलको हिमाली जिल्ला बझाडको तलकोटमा २०१५ सालमा जन्मेका नन्दकृष्णको काठमाडौं आएर २०३४ सालमा देउडा गाएर रेडियो नेपालमा सुनाएपछि मात्र यसले रेडियोमा प्रवेश पायो र यसको चर्चा हुन पुग्यो।

नन्दकृष्णको गाउँमै रेडियो थिएन। घरमा दाइले ल्याएको रेडियोमा कवि केशरी धर्मराज थापाका होहो माले होहो, स्वर सम्राट नारायण गोपालका अल्झे छ क्यारे पछ्यौरी सुनेर हुर्किएका नन्दकृष्णलाई हाम्रा गाउँका देउडा गीत चाहिँ रेडियोमा किन बज्दैनन् भन्ने खुल्दुली लागिरहन्थ्यो रे। उनकी आमा गङ्गमती देवी माँगल गाउने पहिलो महिला थिइन्। विवाह, व्रतवन्धलगायतका विभिन्न मांगलिक कार्यमा आमाले गाएको माँगल सुनेर उनी पनि माँगल गाउने गर्थे। अनि वनमा गाई बाख्रा चराउन जाँदा उनका दाइ जयकृष्ण निकै मिठा मिठा वन गीत गाउँथे।

छड्क्या नन्द केश हाल बैंजु तोडीका तेल
हामी जन्म्या देश धन पाकी
पहेँलो भैगो हामी जन्म्या देश।

यस्ता गीत सुन्दै र गाउँदै हुर्किएका उनी घरमा आमा र वनमा दाइबाट प्रभावित थिए। 'त्यति बेलाको समाजमा ब्राम्हणको छोराले गीत गाउनु हुन्न भन्ने थियो। गाउँ समाजकाले बाहुनको छोराले गीत गाउँदै हिँडेको मन पराउँदैनथे। तर वनमा गाइने वन गीतलाई मैले विद्यालयमा ल्याएँ। त्यो बेला थलारा प्राईमरी स्कुल, जुन पछि दुर्गा भवानी मावि बन्यो, त्यहाँ सीडीओ र योगी नरहरीनाथ आउनुहुँदा पनि स्वागतमा यिनै देउडा गाएर सुनाएँ' देउडा सम्राट जोशीले जोशिँदै सुनाए 'देउडा गाउँदा गीत बन्छ, लेख्दा कविता र त्यसलाई व्यापक रूपमा लेख्दा सङ्लो साहित्य बन्छ। त्यस कारण देउडा गीत कविता र साहित्यको त्रिवेणी पनि हो। यी गीतलाई पहिला वन गीत भन्थे। पछि देउडा गीत भनियो। डेढ कदम अर्थात् एक कदम अगाडि र आधा कदम पछाडि गरेर खेलिने भएकाले यसलाई डेउडा भनिन्थ्यो। डेडी कदम खेलिने डेउडालाई पछि देउडा भनियो' गायक जोशीले खुलाए।

उनका अनुसार देउडाका विभिन्न लय हुन्छन्। देउडा दशैं, माघी, गौरा पर्व, विशु पर्व आदिमा बझाङ, बाजुरा, अछाम, डडेलधुरा, बैतडी, हुम्ला, जुम्ला, कालीकोट मुगुलगायत धेरै ठाउँमा खेलिन्छ। यसमा १४/१४ वटा शब्द हुन्छन्। देउडा गीतमा एक हजारभन्दा बढी मौलिक भाका छन्। पृथक खालका भाका अनि प्रत्येक लयका आ-आफ्नै विशेषता हुन्छन्। देउडा चार थरीका देखिन्छन्। पहिलो, खेलसम्बन्धी गीतहरू जुन सवाल-जवाफमा आधारित हुन्छन्। दोस्रो थरीका गीतहरू मायाप्रेम, सुखदुःख, मिलनबिछोड, हर्ष विस्मातमा आधारित हुन्छन्। तेस्रो चाहिँ कानमा हात राखेर गाइने गीतलाई ठाडी (ठाडो) भाका भनिन्छ। जुन विरह र कारुणिक हुन्छन्। अर्कोचाहिँ झिट्टा गीत हुन्, जुन विशेषगरी गीतीले मात्र गाउँछन् र प्रश्नोत्तरीमा आधारित हुन्छ।

ब्राम्हणले गीत गाउन बर्जित भए पनि विद्यालयका विविध कार्यक्रममा गीत गाउने नन्दकृष्णले आफू जता जता पुगे, देउडालाई पनि त्यहाँ सँगै पुऱ्याए। उनी अध्ययनका सिलसिलामा बझाङको सदरमुकाम चैनपुरमा पुगे। त्यहाँ पनि धेरै कार्यक्रममा देउडै गाएर सुनाए। चैनपुरपछि थप अध्ययनका लागि उनी काठमाडौं आए। काठमाडौं आउनुको कारण पढाइ भए पनि उनको भित्री इच्छा भने रेडियो नेपाल पुगेर देउडा गाएर देशभर गुञ्जाउनु थियो। 'म २०३४ सालको असारमा हिँडेर करिब १५ दिनमा नेपाल (काठमाडौं) आइपुगेँ। बझाङको दुर्गम गाउँ तलकोटबाट १२ दिनको पैदल हिँडेर धनगढी पुगेँ। त्यहाँबाट रक्सौल भएर भारतको बाटो हुँदै सिमभन्ज्याङको बाटोबाट १५ दिनमा काठमाडौं टेकेको थिएँ। साउनमै रेडियो नेपाल खोज्दै गएँ। म बझाङी भाषामात्र बोल्थें। नेपाली भाषा बुझ्थें तर फर्काउन सक्दिनथें। रेडियो नेपालमा कसैलाई चिन्दिनथें। सबैलाई हजुर नमस्कार गर्दै म गीत गाउन आएको हजुर। मेरो घर बझाङ हो, मलाई गीत गाउन देउ भन्थें' नन्दकृष्णले विगत सम्झिए 'साउन भदौको महिनाभरी रेडियो नेपाल धाएँ। तर, केही मेलोमेसो पाइनँ। असोजतिर त्यो बेला विदेशमा बस्ने नेपालीहरूको लागि कार्यक्रम चलाउने दामोदर अधिकारीले मदन परियार र रत्न बेहोसीलाई उहाँ पहाडबाट आएको मान्छे, उहाँलाई गीत रेकर्ड गराउन लगाईदिनुस भन्नुभयो' गायक जोशीले जोशिँदै संघर्ष र सफलताको कथा सुनाए 'हामी वनमा बाजागाजा बिना त्यसै गीत गाउँथ्यौं। न मादल हुन्थ्यो, न हार्मोनियम। त्यहाँ त हार्मोनियममा सुर ताल मिलाएर गाउनु पर्ने भयो। सुर ताल केही पनि नमिलेपछि गीत रेकर्ड भएन। तर, मैले हार मानिनँ। सोही साल कार्तिक १४ गते फूलबारी कार्यक्रममा रत्न बेहोसीले बजाएको हार्मोनियममा मैले गीत गाएँ।' त्यो गीत रेडियोमा बज्न अलि समय लाग्यो। तर जुन दिन बज्यो, नन्दकृष्णले गीत गाउन गरेको दुःख र संघर्ष एक छिनमै बिर्सिए। 'म धर्तीमा छु कि स्वर्गमा छु जस्तो लाग्यो।'

उनले २०३५ सालमा रेडियो नेपालकै फूलबारी कार्यक्रममा अर्को गीत रेकर्ड गराउने अवसर पाएँ। वनमा गाउने गीतलाई देउडाका रूपमा चिनाउँदै देशव्यापी गरेका नन्दकृष्णले २०३५/०३६ सालको विद्यार्थी आन्दोलनलाई देउडा गाएरै सघाए।

नेपाल हनुमान ढोका तस्विर टाँस्याका छन्
मन भने साउनका रात दन्त हाँस्याका छन्।

विद्यार्थी आन्दोलन चर्काउन उनले गाएको यो गीतको अर्थ नेपालको हनुमान ढोकामा राजाको तस्विर टाँसेका छन् तर जनताहरू गरिब छन्। साउनका रातजस्तै अँध्यारो छ भन्ने हुन्छ। 'त्यो आन्दोलनमा म जेल परेँ, जेलमा पनि गीतै गाएँ। प्रतिबन्धित कालमा पनि ललितपुरको गोदावरीमा देउडा खेल्यौं। त्यसपछि बहुदल कि निर्दल छान्ने भनेर जनमत संग्रहको घोषणा भयो। म बहुदलको पक्षमा गाउँ गाउँमा देउडा गाउँदै डुलें। बहुदलको माग गर्दै नेपाली कांग्रेसले २०४२ सालमा सत्याग्रह गऱ्यो। त्यो आन्दोलनमा नख्खु जेलमा परेँ। १० महिना जेल बस्दा पनि गीतै गाएँ' गायक जोशीले सुनाए। यीमात्र नभई नेपालमा भएका प्रायः राजनैतिक आन्दोलनलाई नन्दकृष्णले देउडामार्फत् थप सघाएका छन्।

हिउँ भौती मालिका पड्डो पाटन पुर्रिदैन झ्याम्म झ्याम्म
साई दुरै म पनि दुरै माया दुर्रिदैन झ्याम्म झ्याम्म।

यो झ्याम्म झ्याम्म लयको देउडा नन्दकृष्णले २०६२/२०६३ सालको जनआन्दोलन सफल पार्न गाएको देउडा गीत थियो। हजारौं मान्छेले उनको गीतबाट प्रभावित भएर प्रतिगमनका विरुद्ध सडक तताएका थिए। रामेश, रायनका गाउँ गाउँबाट उठ, आमा दिदी बहिनी हो जस्तै झ्याम्म झ्याम्म पनि क्रान्ति गीत बनेको थियो।

२०४२ सालको सत्याग्रहका कारण जेल परेका उनी जेलबाट छुटेपछि २०४३ सालमा रेडियो नेपालको लोकगीत कार्यक्रममा प्रतिस्पर्धा गर्न पुगे। उनले त्यहाँ गाइदिए

नेपालगञ्ज शहरैमा पानी पड्यो टिनमा
सम्झना घरकी लाग्दी यति लामा दिनमा
छमक्क छमक्क।

त्यो देउडाले उनलाई प्रथम स्थान दिलायो। 'रेडियो नेपालमा गीत गाउँदा धेरै मानिससँग टक्कर पर्‍यो। त्यो बेला रेडियो नेपाल दरबारको एउटा निकायजस्तै थियो। हाम्रा गीतहरू सेन्सर हुन्थे। सूर्य थुलुङ, रामेश दाई, रायन दाई, जेबी दाईहरू प्रगतीशील विचारका हुनुहुन्थ्यो, म प्रजातान्त्रिक विचारधाराको थिएँ। त्यसैले हामीले गीत गाउँदा हामीलाई रेडियो नेपालमा नै अराष्ट्रिय तत्व भन्थे' नन्दकृष्ण सम्झिन्छन् 'तर अहिले देउडाको जुन लोकप्रियता छ, त्यो एउटा क्रान्ति हो र देउडा संस्कृतिको प्रगति पनि हो।'

यसरी गाउँदै हिँडेका नन्दकृष्णले देउडालाई वनबाट घर, गाउँ, विद्यालय हुँदै रेडियो नेपालसम्म पुऱ्याएका थिए। आफ्नै गाउँमा भने बाहुनको छोरोले सप्ताह लगाएर कथा वाचन गर्नुपर्ने गीत गायो भनेर उनलाई समाज भँडुवाको उपनाम दिएका थिए। हुन पनि त्यति बेलाको समाजमा उनले एक किसिमको क्रान्ति नै गरेका थिए। ब्राम्हण परिवारमा जन्मिएर राम्रो शिक्षा दीक्षाको अवसर पाएका उनी सरकारी जागिर वा अन्यमा लाग्न सक्थे। तर देउडालाई व्यापकीकरण गर्नतिर लागे। 'मलाई २०४० सालसम्म पनि आफ्नै गाउँघरमा गीत गाएर गाउँ समाज भाँड्यो भनेर भाँड भन्थे। त्यति बेला बाहुनले क्षेत्रीसँग खेल्न नहुने क्षेत्रीले दलितसँग देउडा खेल्न नहुने। मैले सबै जातजातिलाई हातमा हात समातेर देउडा खेलाउँदै हिँडे, खेलाएँ। महिलाले देउडा खेल्दैनथे, पछि महिलाले पनि खेल्न थाले। त्यसैले मलाई यसले समाज विखण्डन गऱ्यो भन्थे' उनले सम्झिए।

पहिले नारायण गोपाल, महमद रफि, लता मङ्गेस्कर बज्ने सुदूर पश्चिमका भूमिमा नन्दकृष्णका गीतहरू घन्किन थाले। त्यसपछि भने उनी गाउँ समाजको नजरमा पर्न थाले। यी गीत नन्दकृष्णले कयौं दिन विभिन्न जिल्लामा पैदलमा हिँडेर संकलन गरेका थिए। 'मेला पर्व लाग्ने ठाउँलाई जात भनिन्छ। जस्तै बझाङको सुर्मादेवी, डडेलधुराको उग्रतारा, बैतडीको देहीमाण्डुजस्ता स्थानको जातबाट देउडा भाका संकलन गरेको छु। मैले गाउँ गाउँ गएर विभिन्न देउडा भाका संकलन गरेर काठमाडौंमा ल्याएर रेर्कड गराएँ।

क्रमश पृष्ठ ११ मा

नन्दकृष्णका...

भाकाहरू संकलन गर्ने क्रममा जुम्लाबाट ५ दिन हिँडेर कालीकोट पुग्थैँ। बझाङबाट पैदल यात्रामा डडेलधुरा त्यहाँबाट डोटी, अछाम र त्यहाँबाट सुर्खेत पुगेको छु। यसरी सुदूरपश्चिमका विभिन्न जिल्लाका गाउँमा लगातार हिँडेर गीत संकलन गर्दाको दु:ख वर्णन गरी साध्य छैन’ नन्दकृष्णले भावुक हुँदै सुनाए।

२०४५ सालमा उनले नन्दकृष्ण जोशीका लोकगीतहरू नामक पहिलो एल्वम सार्वजनिक गरे। त्यसपछि उनका सेतीको सन्देश महाकालीको मौसम, कठै दैन, ओ बाज झुम्य्रौली बाज, गलबन्दीमा रातो धागो, जमुना र सुवा, रैबारलगायत करिब दुई दर्जन एल्मब प्रकाशन भएका छन्। जसमा साँढे तीन चार सय जति झर्रा खालका देउडा गीत समावेश छन्।

‘त्यति बेला पैसा हुँदैनथ्यो, त्यति दु:खले संकलन गरेर ल्याएका गीतहरू काठमाडौं आएर ३६ पर्सेन्ट ब्याजमा ऋण लिएर आफ्नै लगानीमा म्युजिक नेपालमा रेकर्ड गराएँ। त्यति बेला नेपालमा फोर कलर थिएन। एल्बमको कभरका लागि गौरी डाँगी भन्ने व्यक्तिलाई मुम्बई पठाएर कभर छपाएँ। उहाँले प्लेन भाडा लिुन भएन।

बाटो नै बनेको थिएन, कर्णाली पुल पनि थिएन। गाडी नेपालगञ्जसम्म मात्र जान्थ्यो। नेपालगञ्जको रुपौडियाबाट भारतको बाटो हुँदै धनगढीको गौरीफन्टासम्म आफ्ना क्यासेटका पोका बोकेर पुग्थैँ। धनगढी, महेन्द्रनगर, बैतडीजस्ता ठाउँमा आफैं क्यासेटका पोका बोकेर एल्बम बेचैं’ -उनले सुनाए।

देशका विभिन्न स्थानममा गई देउडा संकलन तथा रेकर्ड गरि देउडा संस्कृतिलाई देशभर फैलाएका उनले यसलाई विदेशसम्म पनि पुर्‍याएका छन्। ‘मैले २०४१ सालमा पाकिस्तान टेलिभिजनमा लोकलयमा देउडाको अन्तरामा गीत गाएको थिएँ।

सोही साल यसलाई बंगलादेशमा पनि पुर्‍याएँ। भारतका विभिन्न स्थानमा पुगेर देउडा खेलैं। २०६६ सालमा म र स्व. जेबी टुहुरे दाई मिलेर कोरिया पुगेर देउडा सुनायौं र खेलाएँ। २०७४ र २०७५ मा मलेसियामा गएर देउडा खेलायौं। दुबई, अमेरिकालगायत देशमा गएर पनि यो काम गरैं’ उनले हर्ष प्रकट गर्दै सुनाए।

नन्दकृष्णले २०५६ मा देउडा समाजको स्थापना गरेर धेरैलाई देउडा सिकाएका रहेछन्। उनले त्यहाँदेखि निरन्तर टुँडीखेलमा देउडा खेलाउँदै आएका छन्। विशु पर्व अथवा नयाँ वर्षका दिन राष्ट्रियसभा गृहमा देउडा खेलाएका उनले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाका साथमा विभिन्न पार्टीका शीर्ष नेतालाई पनि देउडा नचाएका छन्। यस बाहेक कयौं व्यक्ति र समुदायलाई देउडा खेल्न सिकाएका छन्।

देउडा संस्कृतिको जगेर्ना गर्न अनवरत रूपमा लागेका नन्दकृष्णलाई २०५६ सालमा सुदूर पश्चिमाञ्चल साहित्य समाज धनगढीले देउडा सम्राटको उपाधि दिएको छ। देश विदेशका थुप्रै संघ संस्थाले उनलाई देउडा संस्कृति फैलाएकोमा सम्मान तथा पुरस्कार प्रदान गरेका छन्। नन्दकृष्णले आफूमात्र नभई आफ्नो घर परिवारलाई नै देउडाको जगेर्नाका लागि हौस्याउँदै गायनमा लगाएका छन्। उनकी श्रीमती प्रार्थना, छोरा सुश्रुत र छोरी श्रृंखला पनि गायनमै जोडिएका छन्।

अहिले थुप्रै गायक गायिकाले पनि देउडा गीत गाउँदै आएका छन्। तर, नन्दकृष्णलाई अहिलेका गीत र देउडा नाचमा केही कमी खड्किन्छ। ‘अहिले व्यापारिक युग छ। अहिले गीत गाउनेबित्तिक्कै यति भ्युज आयो भनेर हेर्न थालिएको छ। देउडा त्यही अनुसारले तयार पार्ने गरिएको छ। गीतलाई मर्यादित र लोकप्रिय बनाउने झर्रो खालका मौलिक लय र शब्द नै चाहिन्छ। आयातीत शब्दभन्दा गाउँघरका सङ्लाखालका शब्द नै राख्नु पर्छ जुन शब्दले हाम्रो आमा बुबाका पिँढीदेखि वर्तमान पिँढीसम्मलाई छोओस्। संगीत पनि भड्किलो होइन मादल, सारङ्गीजस्ता सरल खालका बाजा राख्नुपर्छ। त्यसले गीत संगीतलाई मर्यादित बनाउँछ। मैले धेरै मानिसलाई देउडा सिकाएँ। तर, म त अब बुढो भएँ। त्यसैले आम मानिसलाई यो सिकाउनका लागि पाठशालाको आवश्यकता छ’ नन्दकृष्णको सुझाव छ ‘सरकारले अहिले सातै प्रदेशमा प्रज्ञा प्रतिष्ठानको स्थापना गरेको छ। त्यो प्रज्ञा प्रतिष्ठानले देउडा गीत माँगल, मारुनी, टप्पा, सालैज्यूको शिक्षा दिनुपर्छ।’

वज्रयान थेरापी :
बुद्धकालीन विधिबाट रोगको उपचार

स्वास्थ्य उपचार आजको दिनमा त्यति सजिलो छैन। सानोतिनो स्वास्थ्य समस्यामा पनि धेरै खर्च गर्नुपर्ने अवस्था छ भने कडा नै रोग लागेको खण्डमा सामान्य मानिसले घरखेत सबै सकेर पनि उपचार खर्च धान्न नसक्ने अवस्था छ। तर, हामीले हाम्रै परम्परा र संस्कृतिलाई नियालेर हेर्ने हो भने त्यहींभित्र हाम्रो स्वास्थ्यसम्बन्धी ज्ञानको भण्डार भेट्न सक्छौं, निरोगी जीवन जिउन सक्छौं र रोग लागिहाले पनि केही अभ्यासहरूबाट सहजै उपचार गर्न सक्छौं।

म आफैं बौद्ध समुदायको भएकोले मेरो झुकाव वज्रयान थेरापीतिर गयो। मैले २०५८ सालबाटै यो अभ्यास शुरू गरेको हुँ। मेरो बुझाइ र अनुभवको आधारमा भन्नुपर्दा यो थेरापीले धेरै जटिल स्वास्थ्य समस्याको पनि धेरै हदसम्म समाधान दिन सक्छ। अस्पताल धाउँदाधाउँदा आजित भएका बिरामीहरूले पनि यो थेरापीबाट राहत पाएका छन्। धेरै पैसा खर्च नगरिकनै तपाईं आफ्नै घरमै बसेर यो थेरापीमार्फत पुराना र जटिल रोगको उपचार गर्न सक्नुहुन्छ। शाक्यमुनि गौतम बुद्ध र जीवक वैद्यद्वारा अपनाइएका विधिहरूको आधुनिक संस्करण यो थेरापी हो। यो ध्यान, जप, तन्त्र-मन्त्र र पूजा-पाठको संयोजन हो, जुन एक पटक सिकेपछि सजिलै प्रयोग गर्न सकिन्छ। एक पटक सिकेपछि घरमा नै बसेर आफैं, वा परिवारले नै उपचार गर्न र गराउन सकिन्छ।

वज्रयान थेरापी विपश्वी तथागत बुद्धको समयदेखि प्रचलनमा रहेको र शाक्यमुनी बुद्ध स्वयंले निरन्तरता दिनु भएको विविध उपाय र कौशलताको आधारमा २०५८ सालबाट पुनरुत्थान गरिएको वज्रयान बौद्धधर्मको अभ्यासमा आधारित उपचार विधि हो। जुन उपचार विधिमा वज्रयान बौद्धधर्मको क्रिया र चर्याको अभ्यासमा प्रयोग हुने फूल, खाद्य वस्तु, धूप, टीकाका साथै तन्त्र, मन्त्र, जन्त्र, यन्त्र, ज्योतिष विज्ञान आदिको प्रयोग र अभ्यासबाट रोगको निदान गरिन्छ।

कोरोना महामारीको समयमा अस्पतालमा गएर उपचार लिन नसकेका नेपाल, दक्षिण कोरिया, जर्मनी, अमेरिका, भारत, जापान, चीनलगायतका देशमा रहेका बिरामीहरूलाई मैले भिडियो कलमार्फत वज्रयान थेरापी उपचार सिकाएको थिए।

त्यतिखेर अस्पताल जान नपाएर छट्पटिएका सयौं विदेशमा रहेका नेपाली तथा विदेशी बिरामीहरू यो थेरापीबाट स्वास्थ्य लाभ गरेपछि निकै खुशी भएका थिए। कोरोना महामारीको समयमा यो थेरापीले निकै व्यापकता पाएको थियो।

अहिले पनि नेपाल, भारत, चीन र अमेरिकामा रहेका स्तन क्यान्सर, लिबर क्यान्सर (सिरोसिस), घाँटी, आन्द्रा, बोनम्यारो, पाठेघर र फोक्सोको क्यान्सरका बिरामीहरूलाई मैले वज्रयान थेरापीबाट उपचार गरिरहेको छु। त्यसै गरी मोटर न्युरोनबाट पीडितका साथै बेलायतमा रहेका पार्किन्सनका बिरामीको पनि यही पद्धतिबाट उपचार भइरहेको छ। त्यसका साथसाथै साइटिका, माइग्रेन, डेंगु, कलर ब्लाइन्ड भएका बिरामीहरूले पनि यतिखेर निरन्तर यो थेरापी लिइरहनुभएका छन्।

वज्रयान थेरापीले कुन कुन रोगको उपचार हुन्छ ?

यो थेरापीले तुरुन्तै अपरेसन गर्नुपर्ने रोगबाहेक अरू सबै प्रकारका रोगहरूको उपचार हुन्छ। जस्तै:- उच्च वा कम रक्तचाप (ब्लडप्रेसर), हर्नी खिइएको, नशा रोग, डाईबिटिज, प्यारालाइसिस, माईग्रेन, आँखा रोग, छाला रोग, अल्जाईमर, पार्किन्सन, सर्भिकल स्पोन्डलाइसिस, मुटु रोग, ढाड/हात/खुट्टा/कम्मर/टाउको आदि दुखेको, अल्सर/क्यान्सर/मोटर न्युरोन, टिजी/कोलेस्टोरेल, थाईराईड, मानसिक रोग आदि रोगहरू वज्रयान थेरापिबाट उपचार भई रोग निको हुने गरेका छन्।

वज्रयान थेरापीले उपचार गर्दा कति समयमा निको हुन्छ ?

यो थेरापीले ५ मिनेटदेखि बढीमा १० दिनभित्र रोगलाई निको पार्न सक्छ। तर क्यान्सर, मोटर न्युरोन, प्यारालाइसिसजस्ता रोग लागेका बिरामीहरू भने ४ महिनाभित्र हिँडन सक्ने र काममा खट्न सक्ने हुन्छन्।

यो थेरापीले उपचार गरेपछि बिरामी निको भएको हो/होइन कसरी थाहा पाउने ?

उपचार शुरू गर्नुअघि मेडिकल रिपोर्ट हेर्ने र उपचारबाट निको भइसकेपछि पुन: चिकित्सक वा मेडिकल रिपोर्टको आधारबाट नै निको भए/नभएको यकिन गर्ने।

वज्रयान थेरापीबाट उपचार गराउन कतिपटक आउनुपर्छ र उपचार खर्च कति लाग्छ ?

यसबाट उपचार गर्न घटीमा एकपटक र बढीमा ३ पटक आउनु पर्दछ। उपचार गराउन आउँदा घर परिवार वा उपचारमा सघाउने साथीको साथमा आउनु पर्दछ। उपचारका उपायहरू सँगै आउने साथीलाई सिकाएर पठाइन्छ। यहाँ कुनै महँगो औषधि चाहिँदैन। तपाईंको घरमै भएका साधारण सामग्री–जस्तै, फूल, धूप, र खाद्य वस्तुहरू यसमा प्रयोग गरिन्छ। उपचारका लागि कुनै शुल्क तोकिएको छैन। तपाईंको श्रद्धा र इच्छाले दिने सहयोगमात्रै यो थेरापीको लागत हो।

(वज्रयान थेरापिस्ट एवं वज्रयान महासंघ, नेपालका अध्यक्ष डा. राजेन्द्रमान बज्राचार्यसँग सरस्वती कर्माचार्यले गर्नुभएको कुराकानीमा आधारित)

संस्कृति जोगाउन सबैको भूमिका महत्वपूर्ण हुन्छ : यादवलाल कायस्थ

तपाईं त संस्कृति जोगाउने अभियन्ता हालसम्म के-के गर्नुभयो ?

म संस्कृति सम्पदा जोगाउने अभियन्ता हो कि हैन थाहा छैन। अभियन्ता भन्ने शब्दको अर्थ पनि थाहा छैन मलाई। आजसम्म कुनै पनि सरकारी र गैर सरकारी निकायले अभियन्ता भनेको पनि छैन। विगत ८ वर्षदेखि सम्पदा संस्कृति संरक्षणको कामै गरेर परिणामै निकालिरहेको छु। त्यस्तो काम गर्नेलाई अभियन्ता भनेमा मेरो केही गुनासो छैन।

विश्व सम्पदा क्षेत्र हनुमानढोकाभित्र नेपाली सेना र नेपाल प्रहरीले जानेर वा अन्जानमा असाधारण सम्पदाहरुमा नकारात्मक असर पर्ने गरी खोलिएका व्यापारिक पसलहरु हटाउन सफल भएको छु। हनुमानढोकामा कुनै पनि किसिमको सवारीसाधन प्रवेश गराइनु हुँदैन भनी वर्षौंदेखि प्रत्यक्ष अभियान सञ्चालन गर्दै सर्वसाधारण नागरिकदेखि राष्ट्रपतिसम्म सबैलाइ पैदल हिँडाउन सफल भए। पानीको स्रोत उपत्यकाको ढुंगेधारा हो । लोप भइसकेका र हुन लागेका हितिहरुको आफ्नै स्रोत र साधनबाट संरक्षण गरे। अहिले सबै ढुंगेधारा संरक्षण गर्ने अभियान सञ्चालन गरेका छौं।

यस दौरानमा काठमाडौं, भक्तपुर, ललितपुर र नुवाकोटमा समेत दर्जनौं हिति संरक्षणको काम गरें, परिणाम निकालें। उदाहरणका काठमाडौं महानगरपालिका-१ तीनधारा पाठशालासँगै स्वहा हिति पूर्ण रूपमा पुरिएको थियो। पुरातत्व विभागको आर्थिक सहयोगमा संरक्षण गराई पानी नै झार्न सफल भयौं। कामपा १७ ढल्कोमा महानगरको बजेटमा हिति पुनर्निर्माण सम्पन्न गर्‍यौं।

काठमाडौं महानगरको हरेक वडामा कयौं हिति संरक्षण गर्न र गराउन सफल भएँ। भक्तपुरको सूर्यविनायक नगरपालिका जगाती तथा बाचामरीमा थुप्रै हिति तथा फल्चा (पाटी) सडक चौडा गर्न लाग्दा भत्काउन लागेका थिए भने ती हिति तथा फल्चा बचाउन सफल भइयो। नुवाकोटको विदुर नगरपालिकामा रहेका पृथ्वीनारायण शाहको शासनकालमा प्रत्यक्ष इतिहास जोडिएका हितिहरु संरक्षणको गर्ने कामको थालनी गरेका छौं। ती हिटी पुनर्निर्माण गर्न कामपाको बजेट लान सफल भएका छौं।

मैले आजसम्म हितिका साथसाथै थुप्रै फल्चा लगायतका सम्पदाहरु संरक्षण गर्ने क्रममा नुवाकोटस्थित ऐतिहासिक दरबार र अन्य सम्पदा संरक्षणका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेको छु। काठमाडौं उपत्यका स्थित नेपाल प्रहरीको प्रहरी चौकीभित्र बेवारिसे अवस्थामा रहेका करिब २ सयभन्दा बढी भगवान्का पुरातात्विक मूर्तिहरु पुरातत्व विभागको रोहवरमा नेपालको राष्ट्रिय संग्रहालय छाउनीमा सुरक्षार्थ पठाउन सफल भए।

काठमाडौं महानगरपालिका-१ नक्सालमा चोरी भएको ४४ वर्षपछि ३ सय ५७ केजीको करुणामय द्यःको ऐतिहासिक र पुरातातित्वक मूर्ति फिर्ता ल्याई सोही मन्दिरमा प्रतिस्थापन गरेका छौं। सिन्धुपाल्चोकबाट चोरी भएको भगवान्को मूर्ति पुरातत्व विभागमा फिर्ता ल्याउन सक्यौं।

मेयर बालेन साहको तलब सुविधा केही पनि नलिने गरी अवैतनिक सम्पदा सल्लाहकारका रूपमा महानगरभित्र हरेक किसिमको सम्पदा संरक्षण गर्न र गराउने काममा निरन्तर खटिरहेको छु। नुवाकोट विदुर नगरपालिका मेयर राजन श्रेष्ठको समेत तलब सुविधा नलिने गरि अवैतनिक सम्पदा सल्लाहकारको रूपमा सम्पदा संरक्षण गर्न र गराउने काममा जात्रा पर्व सञ्चालन गर्न गराउन निरन्तर खटिरहेको छु।

हालै मात्रै काठमाडौं महानगरपालिका-१७ नघः क्वाडोमा प्रत्येकव्यक्तिको घर-घरमा कसैले १ सुको खर्च गर्न नपर्ने गरी करिब लोप हुन लागेको पिखालखु प्रतिस्थापन गर्न सफल भएको छ। भने नेपालमा विदेशी शैलीको विदेशी झिलिमिली बत्ती मात्रै आयात गरिरहेको अवस्थामा नेपालको मौलिक बत्ती पनि चिनाउनुपर्छ, प्रोत्साहन गर्नुपर्छ भनी घर-घरमा नेपालको मौलिक बत्ती राख्न सफल भएको छ। यी र यस्ता मेरो धेरै संरक्षणका उदाहरण छन्।

अभियन्ता हुन सजिलो कि नेता ? अभियन्ता भए संस्कृति जोगाउन के-के गर्नुभयो ?

नेताको अनुभव त मसाग भएन। मैले कहिल्यै आफूले आफूलाई नेता नै सोच्नै भ्याएको छैन। दिन-रात सधैं घरबाट निस्केपछि मुलुकको संस्कार र संस्कृति जोगाउने अभियान नै चलाइरहेको छु। अभियानमा खटिरहेको र जुन काम गर्दा पनि मनैदेखि गर्ने आनन्दसँग गर्ने बानी छ। त्यसैले नेता भन्दा मलाई अभियन्ता भन्न रुचाउँछु। काममा खुब रमाइलो गर्नुपर्ने भएको मान्छे हुँदा मलाई अभियन्ता भएरै सन्तोष लाग्छ।

संस्कृति सम्पदा जोगाउन सबैभन्दा पहिला त आफ्नो व्यक्तिगत जीवन र परिवार र व्यापार र नातागोता र आफन्त सबैलाई जति समय साथ दिनुपर्ने हो। अलिकति पनि सकेको छैन। भन्नुपर्दा घर-परिवारलाई १० प्रतिशत मात्र समय दिइरहेको जस्तो लागेको छ। अभियन्ताकै रूपमा प्रहरीले पनि पटक-पटक घरमै आएर पक्राउ गरेको थियो। सम्पदा संरक्षण कार्यमा सकारात्मक दबाब दिन चर्को नारा, बहस र तर्क-वितर्क गरिरहनुपरेको छ। कोरोना महामारीको समयमा पनि पानीको महत्व दर्साउन हितिको अर्थ बुझाउन भक्तपुर सूर्यविनायकको थुप्रै हिति उत्खनन गरेर बचाएँ।

कामपामा सल्लाहकार भएपछि सम्झनलायक काम के गर्नुभयो ?

सबैभन्दा पहिला असाधारण सम्पदाहरुमा अतिक्रमण गरिएका संरचनाहरु हटाउन नगर प्रहरीसहित आफैं सक्रिय भएर आफैं खटिएर नगर प्रहरीसामु उपस्थित भएर आफैंले निर्देशन दिएर थुप्रै सम्पदाहरु संरक्षण गर्न र गराउन लागि परें। यो मेरो सम्झन लायक काम हो। यस्ता धेरै सम्पदा संरक्षणमा अहोरात्र लागेको छु।

उदाहरण स्वरूप भद्रकालीस्थित दिगु द्यः (देवाली) पूजा गर्ने क्षेत्रमा सम्पदा नजिकैको शौचालय आफैं गएर भत्काएर आएँ। बौद्ध क्षेत्रमा हिति संरक्षण गरे। सोह्रखुट्टेमा मेयर बालेन साहको उपस्थितिमा अनावश्यक प्रहरी बिट हटाउन लगाएँ। अहिले हितिहरु लगायत थुप्रै सम्पदाहरु पुनर्निर्माण भइरहेको छ।

विश्वसम्पदा क्षेत्र हनुमानढोकामा सर्वसाधारणदेखि राष्ट्रपतिसम्म सर्वसाधारणदेखि सबै ओहदाका व्यक्तिलाई समान नियम बनाएर। अर्थात् हनुमानढोकाको सम्पदा अवलोकन वा कुनै पनि कार्यक्रममा सरिक हुन हिँड्नुपर्ने र आकस्मिक सेवा बाहेकका सवारीसाधन प्रवेश निषेध गराउने कामको थालनी गराएँ।

त्यसका लागि साथीभाइको निरन्तर साथ लिएँ। अबको केही दिनमै काठमाडौंको केन्द्रमा रहेको माइतीघरको वास्तविक पुरानो नाम फिब्वख्य नै कायम गराउन माइतीघरक्षेत्रमा सैनिक मुख्यालयभित्र रहेको अष्टमातृका मध्य एकफिब्व अजिमा द्यः (भगवानको) चित्र कोर्न लागिएको र सैनिक मुख्यालयभित्र रहेको फिब्व अजिमा द्यः को मन्दिरलाई मौलिक स्वरूपमा पुनः निर्माण गर्न लागेका छौं।

तपाईंले नेपालबाट हराएका मूर्ति लेर्‍याउन महत्वपूर्ण भूमिका खेल्नुभएको छ भन्छन् । कति मूर्ति फिर्ता लयाउनुभयो? कति लेर्‍याउने योजनामा हुनुहुन्छ?

प्रश्न सोध्नुभएकोमा धेरै-धेरै धन्यवाद नेपालमा भगवान्का मूर्ति चोरीसम्बन्धी खासै कसैले वास्ता नै गर्दैन। वास्तवमा नेपालमा मूर्ति हराएको मात्रै हैन चोरी भइरहेको हो। यो हाम्रो आस्था चोरी भइरहेको र हराइरहेको हो । मूर्ति त पसल मा किन्न पाइन्छ। त्यस कारण मूर्ति मात्रै हराएको चोरिएको नै हैन ?

हाम्रो पहिचान र राष्ट्रियता र हाम्रो विश्वास र हाम्रो प्रार्थना चोरी भइरहेको हो। मैले आजसम्म थुप्रै चोरी भएको भगवान्को मूर्ति आफ्नो घर नेपालमा फिर्ता ल्याएको छु। कामनपा १ नक्सालको शंकरदेव कीर्ति महाविहारमा ४४ वर्षअघि चोरी भएको भगवान् करुणामयको ३५७ केजीको मूर्ति राष्ट्रिय संग्रहालयबाट साथीभाइको सहयोगमा काम शुरु गरेको एक साताभित्र फिर्ता ल्याउन सफल भएको छु। सेनाको गुरुजुको पल्टन र बग्गी बाजागाजसहित राष्ट्रिय सम्मानका साथ भगवान्कै घर यथास्थानमा प्रतिस्थापन गर्न सफल भएँ।

सिन्धुपाल्चोकबाट समेत भगवान्को मूर्ति ल्याएर राति ११ बजे पुरातत्व विभागमा बुझाएको छु। अझ अचम्म लाग्दो विषय त मैले काठमाडौं उपत्यकाभित्रका पुलिस चौकीहरुमा वर्षौं अघिदेखि बेवारिसे तथा संरक्षणको अभावमा रहेका करिब २ सय वटा भगवान्का असाधारण मूर्तिहरु निकालेर राष्ट्रिय संग्रहालयमा बुझाउन सफल भएँ। त्यो मेरो सबैभन्दा ठूलो सफलता हो।

नेवारले नेपालको संस्कृति जोगाएको हो भन्छन् नि ? यसमा सत्यता छ ? छ भने कसरी र किन ?

सबैभन्दा पहिला त नेवाः भनेको कुनै जात या थर मात्रै हैन यो नेवाःभित्र सयुंक्त राष्ट्रसंघमा देश दर्ता गराउन सम्पूर्ण विधाहरु रहेको छ। जस्तैः नेपालको आफ्नै मौलिक लिपि (रंजना लगायत) मौलिक सम्वत्, मौलिक बाजा, मौलिक पहिरण आदि इत्यादि। त्यस कारण नेवाः भनेको जात र थर मात्रै हैन

यो एउटा विश्वकै उत्कृष्ट सभ्यता, संस्कार र संस्कृति पनि हो। त्यसैले नेवाः ले नेपालको संस्कृति बचाएको भन्ने विषय दुईमत हुनैहुँदैन र छैन पनि।

संस्कृति जोगाउन युवाको भूमिका कस्तो छ ?

पक्कै पनि देशको संस्कृति जोगाउन सबै नागरिक सबै लिंग सबै वर्ग तथा सबै उमेर समूहको भूमिका त हुन्छ नै। निःसन्देह युवाको भूमिका महत्वपूर्ण हुने नै भयो। युवाहरुले आधुनिक युग बमोजिम सक्रिय रूपमा खटेर नयाँ प्रविधिहरुको सीमित सदुपयोग गरेर संस्कृतिको महत्व तथा आवश्यकता छिटोभन्दा छिटो सबैसामु बुझाउन सकिन्छ र सोही अनुरुप काम पनि गर्न सकिन्छ।

यसो भनिरहँदा युवाबाहेकका उमेर समूहले संस्कृति जोगाएनन् भन्न खोजेको होइन। पछिल्लो समय युवामा संस्कृति जोगाउनुपर्छ भन्ने जागरण पलाएकाले युवा नै संस्कृति जोगाउने मुख्य पात्र हो भन्ने लागेको छ।

अधिकांश युवा बिदेसिएका अवस्थामा कसरी संस्कृति संरक्षण गर्न सकिन्छ ?

देशमा युवा बिदेसियकै अवस्थामा हो सम्पदा र संस्कृति जोगाउने महत्व बुझाउने सुवर्ण अवसर हो। नेपाल जस्तो प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण देशमा सम्पदा संरक्षणले नै आर्थिक समृद्धि ल्याउने हो। सरकारले पनि सोहीअनुसारको कार्ययोजना बनाउनुपर्छ।

प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षणले नै विश्वको पर्यटक आकर्षित गर्न सकिन्छ भन्ने मलाई लागेको छ। पर्यटनको मुख्य आधार नै सम्पदा संरक्षणबाट मात्रै हुन्छ।

पर्यटन क्षेत्रबाट नै रोजगारी सिर्जना हुने भनेर राज्यको चौथो महत्वपूर्ण अंग मिडियादेखि नेता कर्मचारीहरु सबैले यो संदेश पुर्‍याउन सक्नुपर्छ।

मच्छिन्द्रनाथको रथयात्राको क्रममा आन्दोलन हुँदा तपाईं केही दिन हिरासतमा बस्नुभएको हो ?

रथयात्राको क्रममा दर्जनौं व्यक्तिहरु पक्राउ परेका थिएँ। भने सबैलाई रिहा गर्नुपर्छ भन्ने माग राख्दा मलाई पक्राउ गरियो। आन्दोलनपछि वार्ताको क्रममा पक्राउ गरेका सबैलाई मुक्त गर्‍यो। मबाहेक सबैलाई रिहा गरेपछि मलाई मात्र ८ दिन हिरासतमा राखियो। बल्ल-तल्ल सोही दिन बेलुकी रिहा गरिएको थियो।

किन आन्दोलन गर्नुपरेको। आन्दोलनबाट औचित्यता पूरा भयो त ?

मच्छिन्द्रनाथ भनेको हामी नेपालीको बुंग द्यः हो। यो जात्रा देशमा धेरै नै अनिकाल हुँदा समाधानका लागि मनाइएको जात्रा हो । कुनै पनि बहानामा रोक्नुहुँदैन, बहानाबाजीमा स्थगित गरेमा देशमा ठूलै अनिष्ट हुने विश्वास गरिन्छ।

उक्त रथ यात्राको समयमा कोभिड महामारीको कारण लकडाउन गरिएको थियो। तर, राज्यले जनताहरुलाई कुनै पनि किसिमको सुविधा नदिई केवल घरबाट बाहिर ननिस्क मात्रै भनिरहेका थिए। अनि जात्रा नगर भनी बन्देज लगाएको थियो।

जात्रा नगर्दा झन् भयानक अनिष्ट हुनसक्छ र हजारौं वर्ष अघिदेखि निरन्तर चलिरहेको रथजात्रा जुन सुकै बहानामा रोकिनुहुन्न भनी रथजात्रा सञ्चालन गर्न र गराउन गएका हौं। नेपाल भनेको नै यही सांस्कृतिक जात्राहरुले गर्दा विश्वमा चिनेको छ। हजारौं वर्षदेखि निरन्तर सञ्चालन भइरहेको जात्रा रोकिएन सजिलै सञ्चालन भयो। यो नै उपलब्धि भयो।

तपाईं कामपाको सम्पदा सल्लाहकार कि संस्कृति सम्पदा सल्लाहकार ?

म एक जना सम्पदा अभियानकर्ता हुँ । त्यसका साथसाथै कामपा लगायत नुवाकोटस्थित विदुर नगरपालिकाको पनि अवैतनिक सम्पदा संस्कृति सल्लाहकार हुँ। कागेश्वरी मनहरा नगरपालिका-२ आलमपुरमा जनप्रतिनिधिहरुसँगै लिच्छविकालीन बस्ती मै सम्पदा संरक्षणको काम गरिरहेको छु।

उपत्यकको ढुंगेधारा जोगाउन तपाईंको मुख्य भूमिका छ भन्छन् ? सत्य हो कि होइन। प्रस्ट गरिदिनोस् ?

सबैभन्दा पहिला असाधारण सम्पदाहरुमा अतिक्रमण गरिएका संरचनाहरु हटाउन नगर प्रहरीसहित आफैं सक्रिय भएर आफैं खटेको र नगर प्रहरीसामु उपस्थित भएर आफैंले निर्देशन दिएर थुप्रै सम्पदाहरु संरक्षण गर्न/गराउन लागिपरें। उदाहरण स्वरूप भद्रकालीस्थित दिगु द्यः (देवाली) पूजा गर्ने क्षेत्रमा सम्पदा नजिकैको शौचालय आफैं गएर भत्काए। बौद्ध क्षेत्रमा हिति संरक्षण गरें। सोह्रखुट्टेमा मेयर बालेन साहलाई समेत उपस्थित गराएर अनावश्यक प्रहरी बिट हटाउन लगाएँ। अहिले हिति लगायत थुप्रै सम्पदाहरु पुनर्निर्माण भइरहेको छ।

विश्वसम्पदा क्षेत्र हनुमानढोकामा सर्वसाधारणदेखि राष्ट्रपतिसम्म सारा मान्छेहरुलाई समान नियमबमोजिम पैदल नै हिँड्नुपर्ने तथा आकस्मिक सेवाबाहेकका सवारीसाधन प्रवेश निषेध गराउन विभिन्न साथीभाइको साथमा आफैं निरन्तर खटेएर सफल पार्ने काम भएको छ भने अबको केही दिनमै काठमाडौंको केन्द्रमा रहेको माइतीघरमा वास्तविक पुरानो नाम फिब्व ख्य नै कायम गराउन माइतीघर क्षेत्रमा सैनिक मुख्यालयभित्र रहेको अष्टमातृकामध्ये एक फिब्व अजिमा द्यः (भगवान्को) चित्र कोर्न लागिएको र सैनिक मुख्यालयभित्र रहेको फिब्व अजिमा द्यःको मन्दिरलाई मौलिक स्वरूपमा पुनर्निर्माण गर्न लागिएको छ।

newsofnepal.com
आइतबार, मंसिर १६, २०८१ Sunday, December 1, 2024

CELEBRATING 41
कामना GLORIOUS YEARS
नेपाल समाचारपत्र

- मधेसमा संस्कृतिको महत्व बोकेको पर्व छठ
- संस्कृति बचाउन गुठीको जग्गा फिर्ता हुनुपर्छ
- जहाँ जहाँ किराँत राई त्यहाँ त्यहाँ साकेला
- पुर्खाले दिएको नासोलाई जोगाई राख्छौं

रञ्जना लिपिले

नेपालको मौलिकतालाई धानेको छ

प्रस्तुति : फिरोज राजोपाध्याय

अनिल स्थापित

नेपाल भाषाको पाठ्यक्रम सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा लागू गरेपछि नेपाल लिपि र नेपालभाषाले युवा माझमा लोकप्रियता हासिल गरेका छन्। युवा वर्गमा नेपालभाषा सिक्ने उत्साह बढेको छ भने नेपाल लिपिमा पनि आकर्षण बढेको छ। काठमाडौं महानगरपालिकामा स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा ६, ७ र ८ मा रञ्जना लिपि समावेश गरिएको छ। यसले विद्यार्थीहरूमा रञ्जना लिपि सिक्ने जाँगर पनि चलाइदिएको छ।

रञ्जना लिपि हेर्दै आकर्षक, मनमोहक देखिने हुँदा नै यसको नाम रञ्जना नामकरण गरिएको भनिन्छ। रञ्जना लिपिको आकर्षण आजभोलि नेवार समुदायमा मात्रै होइन, गैर नेवार र विदेशीहरूमा पनि यसले प्रभाव पारिरहेको छ। रञ्जना लिपि अलग शैलीको अक्षर देखिन्छ। साथै उसले मौलिकता पनि झल्काएको छ।

अहिले नेपालको मौलिक लिपिका रूपमा रञ्जना लिपि पनि छ भन्ने धेरैमा ज्ञान आइसकेको छ। नेपाल संवत्को नयाँ वर्ष ११४५ को उत्सव मनाउन वसन्तपुरमा आयोजना गरिएको कार्यक्रममा हजारौंले आ-आफ्ना नाम रञ्जना लिपिमा लेखेका थिए। जसमा विदेशीहरूले समेत उत्साहित हुँदै उनीहरूको नाम लेखाएका थिए। यो भनेको रञ्जना लिपिको माग बढेको मान्नुपर्छ।

रञ्जना लिपिको डिजिटल एप निस्केपछि यसको माग झनै बढेको छ। यो लिपि सिक्नेको संख्या महिनामा हजारौं पुग्ने गर्छ। रञ्जना लिपिमा सामुदायिक विद्यालयहरूको नामको साइनबोर्डमा लेखिन थालेको छ। साथै हरेक टोलहरूको नाम पनि रञ्जना लिपिमा लेखिन थालेको छ। यो भनेको रञ्जना लिपिप्रति जनमानसमा रहेको चासो र यसलाई जगेर्ना गर्नुपर्छ भन्ने ज्ञान नै हो।

टोल टोलमा सिकाइएको रञ्जना लिपि वर्कसप र क्यालिजात्रा अभियानमा लागेपछि रञ्जना लिपिले जनमानसमा थप प्रभाव पार्न थालेको हो। उपमेयर सुनिता डंगोल र अभियन्ता आनन्दकुमार महर्जनको संयोजनमा मैले टोल टोलमा गएर सडक, बहाल, चोकहरूमै रञ्जना लिपि वर्कसप र क्यालिजात्राको अभियान चलाए। यो निकै प्रभावकारी भयो। एकै पटक सयौं संख्यामा सहभागी भएको देख्दा हामी निकै खुशी र उत्साहित भयौं।

महिनामा ३,४ पटक अभियान चलाउँदा १ वर्षमा सयौं क्यालिजात्रा र रञ्जना लिपि वर्कसप सञ्चालन गरियो। यसको नतिजा पहिले पहिले कक्षा सञ्चालन गर्दा बढीमा २५ जना हुन्थे, यो अभियानपछि रञ्जना लिपि र नेपाल लिपि सिक्नेको संख्या ह्वात्तै बढे। एउटा कक्षामा १ सयभन्दा बढी सहभागिता हुन्छन्।

यसमा चाइनिज, जापानिजहरूले पनि सिक्न आएका छन्।

जनस्तरमा लोकप्रिय हुनुको कारण रञ्जना लिपिको महत्व बुझ्दै जानु नै हो। स्थानीय वासिन्दाहरूसँगै गैर नेवार समुदायका व्यक्तिहरूले समेत यो लिपिमा चासो लिएका छन्। यसले नेपालको संस्कृति बचाएको छ भने मौलिक भाषा भएको हुँदा नेपालमा यस्तो आकर्षक भाषा र लिपि छ भन्ने विश्वमा विस्तारै फैलिँदै गएको छ।

डिजिटल एप बन्यो

नेपाल लिपि र रञ्जना लिपिको डिजिटल एप पनि बन्यो। सन् २०१६ मा नेपाल लिपिको युनिकोड स्वीकृत भयो। यसको लागि धेरै वर्ष संघर्ष गर्नुपरेको थियो। सन् २००८ देखि लिपिलाई डिजिटाइजेसन गर्न प्रयास गरिरहेका थियौं। बल्ल सन् २०१४ डिसेम्बरमा फाइनल प्रपोजल दर्ता गरियो। सन् २०१६ जुलाईमा नेपाल लिपिको युनिकोड स्वीकृत गऱ्यो। सन् २०१८ मा गुगलले फन्ट डेभलपमेन्ट गरेको थियो।

अहिले डिजिटाइलेसन गरेपछि गुगलमै गएर नेपाल लिपिबाट रञ्जना लिपि वा देवनागरी लिपिबाट रञ्जना लिपिमा उल्थाउन सकिने भो। मोबाइलमै एप डाउनलोड गरेर नेपाल लिपि र रञ्जना लिपिमा हेर्न सकिने भएको छ। यसले गर्दा रञ्जना लिपिको जगेर्ना हुनेमा टेवा पुग्ने विश्वास दरो भएको छ।

यसलाई डिजिटल गर्न धेरै जनाले मेहनत गरेका छन्। जसमा पवनराजा महर्जन र आनन्द महर्जनले डिजिटल एपको डिजाइन गर्नुभयो। एप्पल (आई.ओ.एस.) मोबाइलमा सुयोग्य ताम्राकारले डिजिटल एपको डिजाइन गर्नुभयो। नेपाल लिपिको फन्ट रविन्द्र पाछैले विकास गर्नुभयो। रञ्जना लिपिको फन्ट सनिर कर्माचार्यले गर्नुभएको हो। वहाँहरूको अथक प्रयासले अहिले जनमानसको हात हातमा रञ्जना लिपि र नेपाल लिपि परेको छ।

कोरोनाले वर्ल्डवाइड गरायो

कोरोना भाइरसले सन् २०१९ र २०२० तिर संसार नै ध्वस्त गर्ने संकेत देखाएको थियो। कोरोनाले मानवको अवसान, बजार ठप्प, यातायात ठप्प गरेको अवस्था थियो। मानिसहरूबीचको सम्बन्ध टाढा पारिएको थियो। यस्तो अवस्थामा कोरोनाले नेपाल लिपि र रञ्जना लिपिको विकास गर्न अवसर जुराइदियो।

अनलाइन कक्षा सञ्चालन गर्दा यी लिपिले विश्वका केही देशहरूमा समेत स्थान पायो। उपमेयर सुनिता डंगोल, नेपाल भाषाका शिक्षक पवित्र कसा:सहित हामीले अनलाइन कक्षा सञ्चालन गऱ्यौं। त्यतिबेला देशविदेशमा बस्ने धेरै नेपालीहरूले अनलाइन कक्षामा सहभागिता जनाएका थिए। यसमा विदेशीहरूले समेत चासो लिएर कक्षामा सहभागिता जनाएका थिए। यसले रञ्जना लिपि विकासतिर छ भन्ने संकेत देखाएको छ।

संघर्ष

रञ्जना लिपिको इतिहास हेर्दा हालसम्म भेटिएको यसको पहिलो ग्रन्थ ११ औं शताब्दीमा लेखिएको प्रज्ञापारमिता फेला पारिएको छ। रञ्जना लिपि बौद्ध र हिन्दु धर्मका ग्रन्थहरूमा प्रयोग गरिने हुँदा यसको प्रभाव जनसाधारणमा त्यति देखिएन। बौद्ध र हिन्दु धर्ममा मन्त्रहरु लेखिँदा कुटाक्षरमा लेखिने गर्छ। यो एकै ठाउँमा लेखिने हुँदा हतपत कसैले पढ्न सकिँदैन। मन्त्रहरू दीक्षा नलिएकाहरूले पढ्न नहुने मान्यता भएकोले कसैले नबुझ्ने लिपिमा लेखिएको हो।

यतिमै सीमित भएको नेपाल लिपि र रञ्जना लिपिको विकास राजा प्रताप मल्लको पालामा राम्ररी भएको देखिन्छ।

क्रमश: पृष्ठ ५ मा



CELEBRATING 41
कामना
GLORIOUS YEARS

उच्च सफलताको
शुभकामना

निजी क्षेत्रबाट निरन्तर सेवा पुऱ्याउने प्रकाशन गृहका रुपमा नेपालकै निजी क्षेत्रको सबैभन्दा जेठो संस्था कामना न्यूज पब्लिकेसन्सले मंसिर १५ गते ४१औं वार्षिकोत्सव मनाउन लागेको समाचारले पत्रकारिताको माध्यमबाट राष्ट्रियताको सम्मान, लोकतान्त्रिक व्यवस्थाको प्रवर्द्धन, आम नागरिकको उत्थानमा लाग्न सबैलाई ऊर्जा प्रदान गरेको विश्वास लिएकाछौं । यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना प्रकट गर्दछौं ।

Akshaya Publication & G Media Pvt. Ltd.
Kupondole, Lalitpur
Ph.:+977-01-5454815, 5449880

Bahar Media Pvt. Ltd.
Thapagaun, New Baneshwor, KTM
Ph.:9843509211, 9851026747

Blitz Media Pvt. Ltd.
Tripureshwor, Kathmandu, Nepal
Ph.: 01-5320625, 5347636

Cosmos Advertising & Media Pvt. Ltd.
Kupondole, Lalitpur, Nepal
Ph.: +977 1 5904780, 5905667

Everest ad and Event Management
Kupondole, Lalitpur
Ph.: 01- 5441875

Impact Ad Pvt. Ltd.
Chakupat, Lalitpur
Ph.:01-5268769

Kite Advertising Agency Pvt. Ltd.
Anamnagar, Kathmandu
Ph. : 01-5705292

Karobar Media Pvt. Ltd.
Kamaladi, Kathmandu, Nepal
Ph.: 01-5332045, 5332329

Manaslu Advertising & Media Pvt.Ltd.
New Plaza Marg, Kathmandu
Ph.: 01-4536965

Media Solution Pvt. Ltd.
Thapagaun, New Baneshwor, KTM
Ph.: 01-5244014, 5244731

Max Media Pvt. Ltd.
Max Media Villa, Chakupat Road
Ph.: +977 1 5268377, 5268378

Namaste Creation & Advertising Pvt. Ltd.
Hanumansthan, Anamnagar, KTM
Ph.:+977-1-5705741

Rainbow Media Pvt. Ltd.
Anamnagar, Kathmandu
Ph. : 01-4102510

Safal Media House Pvt Ltd.
Nayabazar, Pokhara-9, Kaski
Ph.: 061-588913

Future Hub Media Multipurpose Pvt. Ltd.
Anamnagar–29, Kathmandu
Ph.: 01-4102680, 4102855

Sunmoon Media Pvt. Ltd.
Lazimpat-2, Kathmandu, Nepal
Ph : + 977 1 4541775, 4002032

SP Media Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
Ph : 01-5342296

FullCircle

Tech Media House Pvt. Ltd.
New Baneshwor Plaza, E-Block
Kathmandu, Nepal
Ph: 4573086

Time Media Service Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
Ph :: 45334799, 45334828

Trikon Advertising Service
Subarna Shamsher Marg, Baluwatar, KTM
Ph: 977-1-4525965, 4000536, 4511303

Varieties Consulting Network Pvt. Ltd.
Tripureshwor, Kathmandu
Ph: 5333334, 5333030

World Creative Media Solution Pvt. Ltd.
New Baneshwor, Kathmandu
Ph: 4115066

Zero Media Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
Ph.: 977- 01-5705327, 01-5705695

मधेसमा संस्कृतिको महत्व बोकेको पर्व छठ

छठपर्व विशेषगरी तराईवासीले मनाउने गरे पनि पछिल्लो समय दुवै समुदायले भक्तिभावले मनाउने गरेको संस्कृतिविद्‍हरूको भनाइ छ।

कृष्णउदास खनाल

विरगञ्ज, तराई मधेसमा अन्य पर्वहरू पनि उस्तै धुमधामका साथ मनाउने गरिन्छ। तीमध्ये यो वर्ष भर्खर सकिएको लोक आस्था र भक्तिको पर्व छठको महत्व फरक छ। छठको अवसरमा मधेसका प्राय: सबै तलाउ, पोखरी, अनि वीरगञ्जको घडीअर्वा पोखरीलाई दुलहीझैं सिँगारिने गरिन्छ।

देशभरका विभिन्न पोखरीमा हरेक वर्ष लाखौं भक्तजनहरूले छठ पूरा गर्ने गर्दछन् । तराई मधेस, पहाड र हिमाल जोड्ने छठ पर्व अहिले सेतुको रूपमा रहेको छ। वीरगञ्जमा बसोबास गर्ने मधेसीसहित पहाडी समुदायका श्रद्धालु पनि छठपर्वको दिन बकैया तटमा पुग्ने गर्छन्। सूर्यदेवको आराधना र उपासना गर्नेमा कयौं व्रतालुहरू पहाडिया समुदायका पनि छन्। वीरगञ्जको छपकैया क्षेत्रका केही मुस्लिम समुदायले समेत छठ मनाउने गर्दछन्। छठपर्व विशेषगरी तराईवासीले मनाउने गरे पनि पछिल्लो समय दुवै समुदायले भक्तिभावले मनाउने गरेको संस्कृतिविद्‍हरूको भनाइ छ।

सूर्यदेवको उपासना गर्दै चार दिनसम्म श्रद्धापूर्वक मनाइने छठ पर्वको विशिष्ठ महत्व रहेको धर्मशास्त्रविद् एमव् प्राध्यापक डा. विश्वम्भर शर्मा बताउनुहुन्छ। छठको पहिलो दिन

नहाय खाय अथवा नुहाएर खाने प्रचलन छ। व्रतालुले स्नान गरी अरबा-अरबाइन भोजन ग्रहण गर्ने गर्छन्। पारिवारिक सुख-समृद्धि एवं सन्तानको कल्याणका लागि मनाइने यस पर्वको दोस्रो दिन खरना परेको छ। यो दिन साँझ व्रतालुले चामल, सक्खर र दूधबाट तयार गरिएको खीर प्रसादको रूपमा ग्रहण गरी खरना विधि पूरा गरेका छन्। तेस्रो दिन छठको मुख्य दिन रहेको छ।

यो दिन साँझ अस्ताउँदो सूर्यलाई पूजा सामग्रीसहित जलाशय किनारमा अर्घ दिने परम्परा छ। अन्तिम दिन बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्वको विधिवत् समापन हुनेछ। यस दिनलाई पारन भन्ने गरिन्छ। छठ पर्वमा बाँसको ढाकी, डग्री, माटोको कोसिया कुरबार, हात्तीलगायतका सामग्रीहरू चढाइन्छ। त्यस्तै, प्रसादको रूपमा ठेकुवा, भुसुवा, केरा, खाजा, उखु, हल्दी, अदुवा, तरकारी एवं विविध प्रकारका मिठाई तथा फलफूल आदि सूर्यदेवलाई अर्घको रूपमा चढाउने गरिन्छ।

छठ पर्वमा विशेष गरी अर्घ दिन व्रतालुले ४८ घण्टा अन्न र पानी त्यागेर व्रत बस्ने परम्परा छ। यसकारण छठ पर्वलाई निष्ठाको कठोर साधना मानिन्छ। अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिन चढाइएको सामग्री प्रसादको रूपमा ग्रहण तथा वितरण गर्ने चलन छ। त्यस कारण यस पर्वलाई सामाजिक सद्भाव र एकताको प्रतीक मानिन्छ। तराई-मधेसमा छठ पर्वको तयारीले अहिले पूरै क्षेत्र उत्सवमय बनेको छ।

ठेकुवा लोकप्रिय खाद्य पदार्थ

छठ पर्वको अर्को महत्वपूर्ण कुरा भनेको ठेकुवा पनि हो। ठेकुवा भनेको एक प्रकारको खाद्य पदार्थ हो। चामलको पिठो वा गहुँको पिठोबाट नरीबल, काजु, किसमिसलगायतका पदार्थहरू मिसाएर बनाइने यो पदार्थ छठमा निकै लोकप्रिय रहेको छ। व्रत बसेकाहरूले आफ्नो घरमा आफन्त तथा शुभचिन्तकहरूलाई बोलाएर यही ठेकुवा खुवाउने गर्दछन्। जसरी दशैंमा मासु, तिहारमा सेलरोटी खाने प्रचलन छ, त्यसरी नै यो पर्वमा खानेको विशेषता भनेको ठेकुवा नै हो। ठेकुवाको सेवनले पेटमा रहेका बिकारहरू दिसाको रूपमा शरीरबाट बाहिर ल्याउन सहयोग गर्ने मानिसलाई स्वस्थ राख्नमा सहयोग पुग्ने गरेको पन विश्वास रहेको पाइन्छ।

सबै धर्मावलम्बीहरूको आस्थाको पर्व

त्यसो त यो पर्व विगतको सयमा मधेस तथा तराईका समुदायले मात्रै मनाउने गरेको पाइन्थ्यो तर आजभोलि यो पर्व नेपालको पहाडी भेगमा पनि उत्तिकै मनाउन थालिएको छ। तराईवासी र मधेसवासीहरूले मात्रै मनाउने गरेको यो पर्व नेपालका पहाडी समुदायले पनि धुमधामका साथ मनाउने गरेको पाइन्छ। राजधानी काठमाडौंमा रहेको रानीपोखरीमा छठको दिनमा लाग्ने लाग्ने मेलाले पनि यो कुराको पुष्टि गर्दछ।

यो पर्वमा अहिले आएर हिन्दू बाहेकका धर्मावलम्बीहरूले पनि यसलाई आस्था र भक्तिको रूपमा लिएको पाइन्छ। स्थानीय घडीअर्वा स्पोटर्स क्लबका पूर्व अध्यक्ष शुशील कुमारका अनुसार वीरगञ्जको घडीअर्वा छठ घाटमा पूजा गर्नका लागि अहिले उलेख्य मात्रामा मुस्लिम समुदायका व्यक्तिहरू पनि आउने गर्दछन्। यसबाट पनि के कुरा स्पष्ट हुन्छ भने छठ सबै धर्मावलम्बीहरूको आस्था र श्रद्धाको पर्वको रूपमा स्थापित भइसकेको छ।

घडीअर्वा र छठ

हरेक वर्ष घडीअर्वा पोखरीमा छठ मेला लाग्ने गर्दछ। वीरगञ्जको केन्द्रमा छ घडीअर्वा पोखरी। वीरगञ्ज आउनेहरूका लागि आकर्षणको केन्द्र हो यो। वरिपरि पर्खालले घेरिएको पोखरीको बीच भागमा सूर्यको मन्दिर छ। रथमा सवार सूर्यको प्रतिमा निकै कलात्मक छ। पर्यटकहरू बस्नका लागि ठाउँ-ठाउँमा कुर्सीहरू छन्।

पोखरीमा बोटिङ गर्न पाइन्छ। वीरगञ्ज महानगरपालिकाको स्वामित्वमा रहेको यो पोखरीलाई छठमा सजाएर झनै आकर्षक बनाउने गरिन्छ। घडीअर्वा पोखरीको नामकरण 'घडियाल' अर्थात् गोहीको नामबाट अपभ्रंश भएर बनेको किंवदन्ती छ। स्थानीयका अनुसार यसको पूर्वपट्टिको भागमा 'गोह' थियो। पश्चिममा घडियाल बस्दै आएको थियो। घडियाल भएको ठाउँ विस्तारै घडीअर्वाको नामले परिचित हुन थाल्यो। पहिले वीरगञ्ज व्यापारिक क्षेत्र नहुँदा मानिसहरूको आवत-जावत गर्ने मार्गको रूपमा परिचित थियो। यात्राको समयमा यात्रु आएर पोखरी छेउमा आराधना गर्दै भाँडा वर्तन मागेपछि पाउने र प्रयोगपछि सफा गरेर पोखरीमा खसाएर फर्कने चलन थियो। तत्कालीन राजा वीरेन्द्र वीरविक्रम साहले ०५६ साल पुस १३ गते सौन्दर्यकरण गरिएको घडीअर्वा पोखरीको उद्घाटन गर्नुभएको थियो।

अझै प्रचार प्रसार आवश्यक

यसरी समग्रमा विश्लेषण गर्ने हो भने छठ नेपालको सांस्कृतिक र धार्मिक महत्व बोकेको एक अति नै महत्वपूर्ण पर्व हो। यो पर्वको महत्वको विषयमा अझै पनि झल्काउन सकिएको खण्डमा मुलुकमा धार्मिक पर्यटकहरूको संख्यामा उलेख्य वृद्धि गरी मुलुकको आम्दानीमा समेत वृद्धि गर्न सकिन्छ।

हुन त पछिल्लो समयमा छठको महत्व बिस्तार हुँदैन। नेपालका सञ्चार माध्यमहरूले यो पर्वको महत्वको विषयमा प्राथमिकताका साथ समाचार वा यस्तै विषयवस्तुहरू प्रकाशन र प्रसारण गर्ने गरेका कारण अहिले नेपालमा यसको महत्व बढ्दै गइरहेको भने छ। तर, पनि यसको प्रचार प्रसारमा अझै जोड दिन भने आवश्यक छ।

नेपालको तराई क्षेत्रमा बढी मनाइने यो पर्वको सांस्कृतिक र धार्मिक महत्व रहेका कारण यसको प्रचार भएको खण्डमा विदेशीहरूसमेत यो पर्वको समयमा नेपालमा आउने सम्भावना देखिन्छ। आस्था र विश्वासको पर्व भएकाले धार्मिक पर्यटकहरूलाई सजिलै नेपाल भित्र्याउन पनि सकिन्छ र जसले गर्दा यसलाई पनि आम्दानीको स्रोत भने बनाउन सकिन्छ।



शौभाग्य प्रधानाङ्ग
महानिर्देशक, पुरातत्व विभाग

संस्कृति संरक्षणमा
स्थानीयको भूमिका महत्वपूर्ण

नेपालको संस्कृति कसले जोगाएको छ ?

नेपालको संस्कृति नेपालको सभ्यता हो। प्राचीनकालदेखि नै नेपालको भौगोलिक र पर्यावरणसँग मिल्ने गरी मानव सभ्यतालाई अगाडि बढाउने क्रममा समाजलाई अनुशासित र व्यवस्थित बनाउन भएका वा गरिएका क्रियाकलाप वा संरचना नै नेपाली संस्कृति हुन्।

यी महत्वपूर्ण संस्कृति तथा सम्पदाको छुट्टाछुट्टै विशेषताका साथै अद्वितीय महत्वका छन्। हाम्रा पुर्खाले विभिन्न कालखण्डमा सांस्कृतिक सम्पदा निर्माण गर्ने समयमा त्यसको निरन्तर सञ्चालन, संरक्षण र व्यवस्थापन होस् भन्ने उद्देश्यले दाताले गुठी जग्गासहित आय श्रोतको व्यवस्था गरिएको पाइन्छ। त्यस्तै गरी विभिन्न समयमा तत्कालीन सरकारले संरक्षणका लागि आयश्रोतको व्यवस्था गर्नुका साथै नीति नियमसँगै सम्पदामा हानी नोक्सानी गरेमा दण्ड सजायको व्यवस्था गरेको पनि पाइन्छ।

यसैका आधारमा नेपालका विभिन्न क्षेत्रमा बसोबास गर्ने समुदायले आआफ्नो संस्कृतिको जर्गेना गर्न र निरन्तरता दिनका लागि महत्वपूर्ण भूमिका खेलिरहेका छन्। नेपाल सरकारले पनि संविधानको मर्मअनुरूप संस्कृति संरक्षणका लागि महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ। त्यसका साथै विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट संस्कृति संरक्षण र निरन्तरताका लागि काम भइरहेका छन्। नेपाल सरकारले संस्कृति संरक्षणका लागि प्रत्येक वर्ष बजेट विनियोजन गर्दै आइरहेको छ। पुरातत्व विभागले पनि आफ्नो स्थापनाकालदेखि नै मूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्धन र व्यवस्थापन गर्दै आइरहेको छ। यसरी विचार गर्दा नेपालको संस्कृति स्थानीय समुदाय, सरोकारवाला संस्था र नेपाल सरकारको संयुक्त प्रयास जोगाउँदै आएको छ।

संस्कृति जोगाउन पुरातत्व विभागले के काम गरिरहेको छ ?

सामान्यतया संस्कृति दुई प्रकारका छन् । ती हुन् मूर्त संस्कृति र अमूर्त संस्कृति । यी दुवै एक अर्काका पूरक हुन। पुरातत्व विभागले मूर्त सांस्कृतिक सम्पदालाई जोगाउन संरक्षण, संवर्धन र व्यवस्थापनका कार्यहरू गर्दै आइरहेको छ।

मूर्त सांस्कृतिक सम्पदाको संरक्षणले अमूर्त सांस्कृतिक सम्पदाको सञ्चालन, व्यवस्थापन प्रदर्शन गरी संस्कृतिलाई निरन्तरता र जीवन्तताका लागि उल्लेखनीय योगदान गरिरहेको छ। विभागले देशभर रहेका मूर्त सांस्कृतिक सम्पदाहरू जस्तै मठमन्दिर, पाटीपौवा, विहार, गुम्बा, स्तुप, छोर्तेन, ढुङेधारा, जलद्रोणी, प्राचिन पोखरी, ऐतिहासिक व्यक्ति बसेका घर, दरबारहरू संरक्षण र सम्बर्धन गर्दै जोगाइरहेको छ। यस्ता मूर्त सांस्कृतिक सम्पदाको संरक्षणले अमूर्त संस्कृति जोगाउन सहयोग पुगेको छ। संस्कृतिको अध्ययन, अन्वेषण, उत्खनन, मर्मत, जीर्णोद्वार एवं संरक्षणका साथै व्यवस्थापन र प्रचार प्रसार गर्ने कार्यलाई प्राथमिकतामा राखेर सरोकारवाला निकायका साथै विभिन्न समुदायसँग समन्वय गरी प्राविधिक सहयोग, परामर्श प्रदान गरी मूर्त संस्कृतिको संरक्षण गरी अमूर्त संस्कृतिलाई निरन्तरता दिने कार्यमा सहयोग गर्दै आएको छ।

सम्पदा र संस्कृति जोगाउने दायित्व विभागको हो कि गुठी संस्थानको ?

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार सार्वजनिक प्राचीन सम्पदाको स्वामित्व र संरक्षणको दायित्व पुरातत्व विभागको हो भने निजी स्वामित्वमा रहेका सम्पदाहरू पुरातत्व विभागको निर्देशनमा स्थानीय सरकार वा सम्वन्धित व्यक्तिले संरक्षण गर्नु पर्नेछ। गुठी संस्थानअन्तर्गत रहेका निजी सम्पदाहरूको संरक्षण, मर्मत तथा जीर्णोद्वार पुरातत्व विभागको प्राविधिक सहयोग, निरीक्षण र निर्देशनमा गुठी संस्थानले गर्नुपर्ने प्रावधान रहेको छ।

त्यसै गरी गुठी संस्थान ऐनअनुसार गुठी संस्थानअन्तर्गत रहेको गुठीद्वारा सञ्चालन गर्नु पर्ने पूजापाठ, जात्रापर्व सञ्चालन गराउने दायित्व गुठी संस्थानको हो। यसरी हेर्दा सम्पदा जोगाउने काम विभागको हो। सम्पदासँग सम्बन्धित जात्रा, पर्व, पूजा आजा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने काम गुठी संस्थानको हो। निजी गुठीद्वारा सञ्चालन हुने सम्पदा तथा संस्कृतिको संरक्षण गर्ने दायित्व सम्वन्धित गुठियारले गर्नु पर्ने हुन्छ।

विभागले धेरैजस्तो मूर्त संस्कृतिको जगेर्ना गरेको देखिन्छ , अमूर्त संस्कृति जोगाउन कस्तो पहल गरेको छ ?

साधारण वा प्रत्यक्ष रुपमा हेर्दा यहाँले उठाउनुभएको सवला ठिक हो कि जस्तो लाग्छ तर पुरातत्व विभागले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले निर्दिष्ट गरेको प्रावधान र विभागको कार्य अधिकार भित्र रहेर प्राचीन स्मारक अर्थात मूर्त संस्कृतिको संवेदनशीलता, मौलिकताको संरक्षण गरी परम्परागत स्वरूपमा मौलिक प्रविधिमा मर्मत, जीर्णोद्वार र संरक्षण गरिरहेको छ। यसको साथै ऐतिहासिक तथा पुरातात्विक महत्वका मूर्त संस्कृति वा सम्पदामा दुरुपयोग गर्न वा सम्पदाको मर्मविपरीत प्रयोग हुन नदिन आवश्यक प्रवन्धगर्ने कार्य पनि पुरातत्व विभागले नै गरेको छ।

मूर्त संस्कृति र अमूर्त संस्कृति बीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। एक संस्कृतिको संरक्षण गर्दा अर्को संस्कृति पनि सँगसँगै संरक्षण हुन्छ। जस्तै, मठमन्दिर, विहार, गुम्बालगायत अन्य भौतिक अर्थात मूर्त सम्पदाहरू मर्मत, जीर्णोद्वार एवं संरक्षण कार्य गर्नु पूर्व गरिने पूजापाठ (क्षमा पूजा) सम्पन्न भई सकेपछि गरिने प्रतिस्थापन पूजा, संरक्षणको क्रममा प्रयोग हुने विभिन्न किसिमका परम्परागत कला र सिपहरू, त्यसमा प्रयोगहुने मौलिक तथा परम्परागत प्रविधि, ज्ञान र कौशलता पनि जगेर्ना हुने गरेको छ। जुन अमूर्त संस्कृतिका महत्वपूर्ण विधाहरू हुन।

यी विधाको संरक्षण गर्ने थप जनशक्ति तयार गर्ने उद्देश्यले नयाँ पुस्तालाई परम्परगत कलाकौशलता तयार गर्न सिप र प्रविधिको तालिमलाई निरन्तरता दिइएको छ।

जात्रा परम्परा जोगाउन विभागको भूमिका कस्तो छ ?

जात्रा परम्परा अमूर्त संस्कृतिका एक महत्वपूर्ण विधा हुनुका साथै पर्यायवाची शब्द हुन। मूर्त संस्कृति र अमूर्त संस्कृति भनेको एक रथका दुई चक्का हुन। एकको अभावमा अर्को सहज र सही ढंगले संरक्षण र सञ्चालन हुन सक्दैन र कालान्तरसम्म संरक्षण हुन पनि सक्दैन। पुरातत्व विभागले जात्रा परम्परा सञ्चालन र प्रदर्शन गर्न आवश्यक भौतिक पूर्वाधारहरू मठमन्दिर, विहार, गुम्बा, सत्तल, डबलीको संरक्षण र संवर्धन गरेको छ। विभागको यो मुख्य दायित्व पनि हो।

यसका साथै जात्रासँग सम्बन्धित ऐतिहासिक, सांस्कृतिक महत्वका वस्तुहरूको हानी नोक्सानी, चोरी निकासी रोक्ने कार्यमा पुरातत्व विभागको प्रमुख भूमिका रहेको छ।

पुरातत्व विभागअन्तर्गतका स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डामार्फत् दरबारसँग सम्वन्धित र दरबार परिसरमा हुने जात्रापर्व संचालन गर्न आवश्यक सहयोग, समन्वय र सहकार्य गर्दै आएको छ। यसर्थ जात्रा परम्परा जोगाउन पुरातत्व विभागको पनि महत्वपूर्ण भूमिका रहने गर्दछ।

मठमन्दिर संरक्षण गरेर जात्रा परम्परा जोगिन्छ त ?

जोगिँदैन तर धेरैजसो जात्रापर्व कुनै न कुनै देवी देवतासँग सम्बन्धित हुन्छ। देवी देवताहरूको वासस्थान मठमन्दिर भएकोले जात्रा परम्परा जोगाउन जात्राको तयारी, सञ्चालन, व्यवस्थापन र प्रदर्शन गर्न पूजापाठ गर्न मठमन्दिर संरक्षणले पनि अहम् भूमिका निर्वाह गरेको हुन्छ।

मठमन्दिर र जात्रापर्व एक अर्काका परिपूरक हुन। मठमन्दिर मानव शरीर हुन भने जात्रापर्व आत्मा हुन। जात्रापर्व र पूजापाठले मठमन्दिरलाई जीवन्तता दिने गर्दछ। नेपालीहरूको इतिहास र संस्कृतिको पहिचानको रूपमा रहेका जात्रा परम्परा जोगाउन स्थानीय समुदाय, गुठी, सरोकारवाला निकाय, स्थानीय निकायलगायत सबै सक्रिय हुन जरूरी देखिन्छ।

जात्रापर्व कसले जोगाएको जस्तो लाग्छ ?

वर्तमान परिप्रेक्षमा स्थानीय समुदायबाट जात्राहरू सञ्चालन, संरक्षण र व्यवस्थापन हुँदै आएको देखिन्छ। हाम्रा पुर्खाले सांस्कृतिक सम्पदा निर्माण गर्ने समयमा जात्रा, पर्व, पूजा आदि सञ्चालन र व्यवस्थापन गर्न आयश्रोत सुनिश्चित गरी विभिन्न गुठीहरूको व्यवस्था गरेको पाइन्छ।

जसको कारण जात्रापर्वले हजारौं वर्षदेखि निरन्तर हुँदै आजसम्म जीवित रहन सफल भएको छ। वर्तमान सन्दर्भमा जात्रालाई सजह, शान्त र सुव्यवस्थित रूपमा सम्पन्न गर्न समुदायको महत्वपूर्ण भूमिका छ। साथै विभिन्न संघ, संस्था एवं सरकारको प्रत्यक्ष परोक्ष रूपमा संलग्न भइरहेको छ।

नेपालको विभिन्न ठाउँमा प्रचलनमा रहेका जात्राहरू नेपाली संस्कृतिका अभिन्न अंगहरू हुन। यस्ता जात्राहरूले सामाजिक सद्भाव र सांस्कृतिक एकता कायम गर्न महत्वपूर्ण भूमिका खेल्ने हुँदा राज्यका तीनवटै निकायबाट जात्राहरूको संरक्षण र संवर्द्धन हुन जरुरी देखिन्छ।

हामीले संस्कृति जोगाउने विषयमा कुरा गरिरहेका छौं, हालसम्म विभागले कसरी संस्कृति जोगाएको छ ?

विगतदेखि निरन्तर रूपमा संस्कृति जोगाउन पुरातत्व विभागले प्रत्यक्ष अप्रत्यक्ष रूपमा काम गरिरहेको छ। विसं २०५७ साल भन्दा अगाडि जात्रापर्व सञ्चालन गर्न मन्त्रिपरिषद्को निर्णयबमोजिम आर्थिक अनुदान दिँदै आएको थियो। हाल पनि देशका विभिन्न क्षेत्रमा सञ्चालन हुने पूजा पर्वमा पुरातत्व विभाग र यसअन्तर्गतका कार्यालयहरू मार्फत पूजापर्वहरू सञ्चालन गर्ने र जात्रा सञ्चालन कार्यमा समन्वय र सहकार्य गर्दै आएको छ।

जस्तै गोरखा दरबार परिसरमा रहेको गोरखकालीको पूजापर्व, गोरखनाथको नियमित एवं पर्वपूजा सञ्चालन तथा व्यवस्थापन कार्य गोरखा दरबार हेरचाह अड्डामार्फत् हुँदै आएको छ। हनुमानढोका दरबारक्षेत्रमा हुने जात्रापर्वहरू इन्द्रजात्रा, चाँगुनारायणको कलशयात्रालगायत अन्य जात्रा पर्वहरूमा स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डामार्फत समन्वय र सहकार्यमा भइरहेको छ।

त्यसै गरी भक्तपुर दरबारक्षेत्र र पाटन दरबार क्षेत्रमा हुने जात्रापर्वमा समुदायलगायत अन्य निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ।

त्यसै गरी पुरातत्व विभागको स्थापनाको उद्देश्य हाम्रा पूर्वजहरूले निर्माण गरी छोडेर गएका सयवर्ष भन्दा पुराना मठमन्दिर, विहार, पाटीपौवा सत्तल, गुम्बा र प्राचीन दरबार आदिलाई मौलिक स्वरूपमा परम्परागत निर्माण सामग्री र प्रविधिहरू प्रयोग गरी तिनीहरूको ऐतिहासिक पुरातात्विक, धार्मिक र सांस्कृतिक पक्षलाई जीवित राखी भावी पुस्तालाई हस्तान्तरण गर्नु हो।

अघि भनेजस्तै यी सम्पदाहरू देशका मूर्त संस्कृति हुन, जसले अमूर्त संस्कृतिलाई साकार स्वरूप दिई निरन्तरता पाउन सहयोग गर्दछ। विभागले हरेक वर्ष आफ्नो क्षमता र उपलब्ध आर्थिक स्रोतले भ्याएसम्म सयौं सम्पदाहरू जोगाइरहेको छ। यो निरन्तर जारी छ।

विभागको स्थापना र यसको उद्देश्य के हो ? हामीले संस्कृति जोगाउने विषयमा कुरा गरिरहेका छौं ? हालसम्म विभागले कति संस्कृति जोगाएको छ ?

पुरातत्व विभागको स्थापना विसं २००९ सालमा भएको हो। यसको स्थापनाको प्रमुख उद्देश्य देशभर रहेका मूर्त सांस्कृतिक सम्पदाहरूको अध्ययन अनुसन्धान, संरक्षण र व्यवस्थापन गर्नुका साथै पुरातात्विक स्थलहरूको अन्वेषण उत्खनन् र संरक्षण गर्नु हो।

साथसाथै संग्रहालयहरूको व्यवस्थापन, विश्वसम्पदा स्थल र सम्भावित विश्व सम्पदा स्थलहरूको व्यवस्थापन गर्नु पनि हो। साथै इतिहास, पुरातत्व, संग्रहालय र संस्कृतिसम्बन्धी अनुसन्धान मूलक लेखहरू र कृतिहरू पनि विभागले प्रकाशन गर्दै आएको छ। नेपालका ७७ जिल्लामा हालसम्म प्रकाशनमा आएका करिब ६ हजार सूचीकृत सम्पदाहरू छन्। यी सम्पदाहरूको मर्म र संवेदनशिलताअनुसार मौलिक स्वरूपमा परम्परागत निर्माण सामग्री र प्रविधिहरू प्रयोग गरी संरक्षण गरिरहेको छ। यसका साथै विभागले विसं २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भएका ९२० सम्पदाहरूमध्ये करिब ८० प्रतिशत सम्पदाहरू संरक्षण, जिर्णोद्वार र पुनः निर्माणको कार्य पनि सम्पन्न गरिसकेको छ।

संस्कृति संरक्षण गर्न गुठी संस्थान, विभाग र स्थानीय निकाय बीच समन्वय भएको छ ?

गुठी संस्थान, पुरातत्व विभाग र नगरपालिका र महानगरपालिकाको फरक फरक कार्यक्षेत्र, कार्य प्रणाली र दायित्व रहेको छ। संस्कृति सम्पदा संरक्षण गर्नु तीनवटै निकायको कार्यक्षेत्रअन्तर्गत पर्दछ। त्यसैले संस्कृति संरक्षण गर्न गुठी संस्थान, पुरातत्व विभाग, नगरपालिका, महानगरपालिका र अन्य स्थानीय निकायहरू बीच समन्वय हुनु आवश्यक छ।

सम्पदा संरक्षणका लागि सम्बन्धित निकायसँग आवश्यकता अनुसार समन्वय गरी संरक्षणको कार्यहरू भइरहेका छन्। सम्पदा संरक्षण कार्यमा कुनै समस्या आएमा तीनवटै निकायहरू बसेर समस्याको समाधान गर्ने गरिएको छ।

प्रस्तुतिः ईश्वरराज ढकाल

पवित्र बज्राचार्य
अध्यक्ष, नेवा: देय् दबू

संस्कृति बचाउन
गुठीको जग्गा फिर्ता हुनुपर्छ

उपत्यकाको सांस्कृतिक परिवर्तनको अवस्था कस्तो पाउनु भएको छ ?

संस्कृति देखिने र नदेखिने गरी दुई किसिमका हुन्छन्। मन्दिर, देवालय, प्यागोडा, चैत्यलगायत आँखाले देख्न सकिने संस्कृति हुन् भने परम्परागत रूपमा मनाउने रीतिरिवाज नदेखिने संस्कृति हुन्। केही वर्ष पहिले देखिने संस्कृति मासिने अवस्थामा थिए। विस्तारै स्थानीयतहरूले संरक्षण गर्ने कार्य गरिरहेका छन्।

जसमा पुन:निर्माण कार्यका लागि बजेट नै छुट्याएर काम गरिरहेका छन्। स्थानीय नागरिकको चासो पनि उत्तिकै बढेको छ। भूकम्पले क्षति पुर्‍याएका संस्कृति सम्पदा पुन:निर्माणमा संघसंस्थाको सहयोग प्रसंशनीय छ। परम्परादेखि अपनाउँदै आएको संस्कृति अहिले पनि निरन्तर अगाडि बढिरहेको छ। यसमा सामान्य परिस्कृतबाहेक भएको छैन। संस्कृतिप्रति नयाँ पुस्ताको चासो पनि बढेको छ ।

संस्कृति परिवर्तन वा परिमार्जन हुँदै गएको हो ?

कतिपय अवस्थामा संस्कृतिलाई अन्य देशको संस्कृतिले असर पारेको छ। भारतीय सिरियल हेरी विवाहमा हल्दी लगाउने, चप्पल लुकाउने जस्ता कार्य भएका छन् । मान्छे मर्दा पहिले चप्पल नलगाई जाने परम्परा थियो। अहिले चप्पल नलगाई जान सक्ने अवस्था छैन। घाटमा घरबाट आगो लिएर जानुपर्ने व्यवस्था परिवर्तन भएको छ। त्यतिबेला सलाईको विकास नहुँदा घरबाट आगो लगिएको हुन सक्छ। यसमा राम्रो पक्ष संस्कृतिप्रति युवापस्तामा चेतनाको लहर बढेको छ।

सेतो मछिन्द्रनाथको रथ तान्ने बेलामा रथ तान्न मान्छे नभएर प्रहरी बोलाउनुपर्ने, धिमे बाजा बजाउन ब्यान्ड बाजा बोलाउनुपर्ने, कुमारी पूजाका बेला बाजा बजाउने मानिस नहुने जस्ता समस्या परेको थियो। तर, केही सयमयता युवाहरूको जनलहर बढ्दा स्वयम्सेवक राखेर व्यवस्थापन गर्नुपर्ने अवस्था आएको छ। २५ सय वर्षदेखि गुठी व्यवस्था कायम रहेको छ।

गुठीको आयस्ता सरकारले लिन थालेको धेरै भइसकेको छ। सरकारले गुठीको जग्गा व्यक्तिको नाममा लाने वातावरणले मन्दिर व्यवस्थापनमा समस्या बन्दै छ। जसले गर्दा मठमन्दिरहरू उचित तरिकाले सञ्चालन भएका छैनन्। मन्दिरलाई उपयुक्त तरिकाले सञ्चालन गर्ने हो भने गुठीको जग्गा मन्दिरलाई फर्काउनु पर्छ, होइन भने गुठीमा राखिएको जग्गा मन्दिरलाई नै फिर्ता गर्नुपर्छ।

संस्कृति बचाउँदा कस्ता फाइदा हुन्छन् ?

धेरै समयसम्म एउटै काम गर्दै जाँदा संस्कृति बन्छ। संस्कृति बाहिरबाट ल्याई मनाइएको हुँदैन। पुर्खाहरूले जुनजुन काम गर्दा सकारात्मक प्रभाव पर्छ, त्यसलाई स्वीकार गर्दै अगाडि बढ्दै जाँदा संस्कृति बनेको हो। आमाबुबाको मुख हेर्ने चलन काठमाडौंका नेवार समुदायको मात्र हो। यो संस्कृति विस्तारै गैर नेवार समुदायमा पनि लोकप्रिय भइरहेको छ।

पहिला सरकारले बिदा दिने गरेको थियो। बिस्तारै संस्कृतिका रूपमा सबैले स्वीकार गरेका थिए। संस्कृतिको संरक्षणमा सरकारको भूमिका उल्लेखनीय हुन्छ। दशैंमा सरकारले बिदा दिने हुँदा अन्य जातिका मानिसले पनि दशैं मनाउने गरेका छन्।

सरकारले बिदा नदिने हो भने बिस्तारै संस्कृति लोप हुने थियो। नेवार समुदाय वा अन्य जातिमा पनि भोजभतेर हुने भनेको सम्पन्न भएपछि मात्र हो। नेवारी समुदायमा खेतीपाती हुने बेलामा जात्रा पर्व हुँदैन। जब खेतीपाती सकिन्छ अनि मात्र जात्रा, पर्व हुने गरेको छ। यस्तै बाजा बजाउन पनि धान रोपी सकिएपछि मात्र बजाइन्छ। हरेक संस्कृति प्रकृतिसँग मिलेर गएको हुनाले यसले निरन्तरता पाएको छ।

जनजीवनसँग मिल्ने र प्रकृतिले पनि सपोर्ट गर्ने भएको हुनाले निरन्तरता पाएको छ। कतिपय आर्थिक अवस्था कमजोर हुने नेवार समुदायमा संस्कृति बचाउन नसकेर विभिन्न जिल्लामा विस्थापित भएका हुन्। अहिले आर्थिक अवस्था सुध्रिएपछि भने फेरि संस्कृति मान्ने मानिस बढ्न गइरहेको छ। म भएर होला देशैभरका नेवार समुदायले दशैं, म्ह: पूजा कसरी मनाउने भनेर सम्पर्क गर्न आउने गरेका छन्। नेवारहरूको मूल थलो काठमाडौं नै भएको हुनाले संस्कृतिलाई जगेर्ना गर्न खोजिरहेका छन्। यसरी बाहिरी जिल्ला वा बाहिरी देश जानेमा व्यापार गर्ने धेरै देखिन्छन्।

थर परिवर्तन गरेर काठमाडौंबाट पलायन भएका उदाहरण छन् ?

कतिपय अवस्थामा थर नै परिवर्तन गरेर बसेका उदाहरण छन्। भारतका विभिन्न ठाउँका बसेका समुदायले फुपूलाई निनी, मामालाई पाजु भन्ने गरेका छन्। तर, त्यो बाहेकका अरू केही पनि थाहा छैन। उनीहरूले पनि नेवारी परम्परा कस्तो हुन्छ र कसरी अगाडि बढ्ने, सिकाइ दिनु परो भनेर भनिरहेका छन्।

नेपालबाट भारतको सिक्किम, दार्जिलिङ जहाँ गए पनि सबैले प्रधान लेख्ने चलन थियो। तर, अहिले कतिपय परिवारलाई भने शाक्य, प्रधान भएको थाहा भएको छ। सिक्किममा म आफैं गएका बेला भव्य रूपमा इन्द्र जात्रा मनाएको देखेको थिएँ। अखिल भारतको तथ्यांकअनुसार भारतमा मात्र ४ लाखभन्दा बढी नेवार समुदाय रहेको पाइएको छ।

तपाईंले संस्कृति बचाउन गर्नु भएको उदाहरणीय काम के के हुन् ?

म सानैदेखि सामाजिक कार्यमा सहभागी हुने गर्दथें। म बसेको ठाउँ वरपर फोहोरको समस्या थियो। म आफैं गएर फोहोर व्यवस्थापन गर्थें। टोलका सबैले मनपराउने भएका कारणले सानै उमेरमा वडाअध्यक्ष भएँ।

बहुदल आएपछि पनि वडावासीले मलाई नै अध्यक्ष बनाउनुभयो। मैले जितेको वडा भनेको जात्रा पर्वको मनाउने वसन्तपुर क्षेत्र हो। यहाँ संस्कृति बचाउन मेरो महत्वपूर्ण योगदान भएका कारण सबैले मन पराउँथे। वडाअध्यक्ष भएर काम गर्न पञ्चायत र बहुदल दुवै कालमा अप्ठ्यारो भएन।

बहुदलमा कुनै पार्टीबाट वडाअध्यक्ष जिते पनि आफूलाई काम गर्दा पार्टीले हस्तक्षेप नगर्ने लिखित सर्तमा गएको थिएँ। त्यो लिखित सर्त अहिले पनि सुरक्षित छ। मैले जनताको चाहनाअनुसार जनतालाई सोधेर काम गर्दथें।

अहिले कुन कुन संस्कृति छायामा परेका छन् र यसलाई बचाउन के गर्नु पर्दछ ?

नेवारी संस्कृतिसम्बन्धी अध्ययन गर्नु पर्दछ। नेवार सभ्यता भनेको काठमाडौंको नेवार समुदायको मात्र होइन। यो बौद्धिक सम्पत्तिले सबैलाई फाइदा दिन सक्छ। धेरै ठाउँबाट आएर यहाँ बसेका हुनाले नेवार सभ्यतालाई मान्ने सबै नेवार हुन्। अस्ट्रेलियामा खेती हुन थालेको २ सय वर्ष पनि भएको छैन। नेपालमा खेतीको परम्परा शुरू भएको हजारौं वर्ष भएको थियो।

पृथ्वीनारायण शाहले जितेपछि सा:गुथी भन्ने ग्रन्थ महिनौंसम्म जलेको थियो भन्ने भनाइ छ। ५ सय वर्ष पहिले बनेको ५ तले मन्दिर बनाउँदा पनि इन्जिनियरहरू रहेका थिए। नेपाल धेरै वर्ष पहिले नै सबै क्षेत्रमा सम्पन्न थियो। पृथ्वीनारायण शाहपछि बौद्धिक सम्पत्ति संरक्षण भएन। युनेस्कोलगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाले पनि पुरातात्विक विषय पहिलेकै अवस्थामा बनाउनु पर्छ भन्ने गर्दछ। विदेशीले पनि भूकम्प प्रतिरोध नेवारी आर्किटेक्चर भनेर भन्ने गरेको छ। काष्ठमण्डप भत्किनुमा पनि नयाँ तरिकाले पिलर थप्नाले हो। पुरानो तरिकाले बनाएको भए भत्किने थिएन।

नेवारी आर्किटेक बचाउने हो भने नेपाल पनि युरोपजस्तै विकसित हुने थियो। त्यसै गरी संस्कृति बचाउने हो भने गुठीको जग्गा फिर्ता गर्नुपर्छ। गुठी संस्थान खारेज गर्नुपर्छ।

अबको पुस्तालाई संस्कृति बचाउन के सन्देश दिन चाहनुहुन्छ ?

नयाँ पुस्ता बुझेर भन्दा पनि मान्नु पर्छ भनेर लागिरहेका छन्। युवाहरूले बुझेर लाग्दा अझ प्रभावकारी हुने थियो। नबुझी संस्कृति मान्दा काम चलाउमात्र हुन्छ। पुरानो पुस्ताले नयाँ पुस्तालाई ज्ञान छोडेर जानु पर्छ। तन्त्र, मन्त्र गोप्य राख्नु पर्छ भनेर नयाँ पुस्तालाई नदिने गर्दा लोप भइरहेका छन्।

प्रस्तुति : भवनाथ प्याकुरेल

रञ्जना लिपिले...

कान्तिपुर (पहिले काठमाडौंलाई भनिने नाम) का राजा प्रताप मल्लले झण्डै नेपाल संवत् ७७४ मा हनुमानढोकामा १५ थरि लिपिमा शब्दहरू कोर्नुभएको थियो। यसमा रञ्ज आखर भनेर लेखिएको देख्न सकिन्छ।

प्रताप मल्लको अवसानपछि भने रञ्जना लिपिको प्रयोग घट्दै गएको थियो। यो पढ्न र लेख्न नसकिने हुँदा लोप नै भएको अवस्थामा थियो। राणाकालीन समय भारतमा गई उच्चशिक्षा अध्ययन गर्न गएका समय कलकत्ता विश्वविद्यालयमा नेपाल भाषा समावेश गर्नका लागि माग गरिए।

यसका पाठ्यक्रमका लागि प्रस्तावना पेस गर्नेक्रममा धर्मादित्य धर्माचार्यले नेपालका प्राचीन साहित्य तथा नेपाल लिपि र रञ्जना लिपिसहित अन्य चार लिपिका बारे प्रस्तुत गर्नुभयो। पछि २००७ सालमा प्रजातन्त्र आएपछि भने फेरि एकपटक रञ्जना लिपिको चर्चा भयो।

२००८ सालमा शताब्दी व्यक्ति सत्यमोहन जोशीको अध्यक्षतामा रहेको सामाजिक संस्था रक्षामण्डलले कला प्रतियोगिता आयोजना गरिएको थियो। त्यसमा रञ्जना लिपिबाट लेखिएको कलाकृति नै पहिलो भएको थियो। त्यतिबेला राजा त्रिभुवन र भारतका प्रधानमन्त्री जवाहरलाल नेहरूको पनि सहभागिता जनाउनुभएको थियो। उहाँहरूले समेत रञ्जना लिपिबाट लेखिएको कलाको प्रशंसा गर्नुभएको सत्यमोहन जोशीले स्मरणमा बताउनुभएको थियो।

तर, पनि यसलाई स्थान दिन संघर्ष गर्नुपरेको थियो। २०३६ सालमा पंचायती काल भए पनि नेपालको मौलिक लिपि सिक्नु पर्छ भन्ने भावनाबाट नेपाल र रञ्जना लिपिको कक्षा सञ्चालनमा ल्याइयो। तर, खासै प्रभावशाली भएन। त्यतिबेला शुभकामना, निमन्त्रणा कार्ड र पुस्तकका शीर्षकमा रञ्जना लिपि लेखिने गरियो। बिस्तारै हस्तलिखित पत्रिका प्रकाशन गरी नेपाल लिपि र रञ्जना लिपि उकास्ने काममा टेवा दिनथाल्यो।

संघर्ष जारी छ

जनमानसमा यसले चेतना जगाए पनि सरकारीस्तरमा भने रञ्जना लिपिको कुनै महत्व देखिएको छैन। विद्यालयको पाठ्यक्रममा पुग्यो तर, सरकारी कार्यालयहरूमा यसले जग बसाल्न सकिएको छैन। नेपालको मौलिक लिपिका रूपमा विकसित यस लिपिलाई जगेर्ना गर्न सरकारीस्तरबाट पनि पहल गर्नु पर्दछ।

यसको संरक्षण र प्रवर्द्धन कार्य अझै जनस्तरबाट नै गर्नुपर्ने बाध्यता रहेको छ। वागमती प्रदेश सरकारले रञ्जना लिपिलाई कार्यान्वयन गर्ने घोषणा गरेको पनि १ वर्ष भइसकेको छ। तर, हाल सम्म पनि यसले मूर्तरूप लिन सकेको छैन। नेपाल लिपि र रञ्जना लिपि संरक्षण तथा प्रवर्द्धनमा काठमाडौं महानगरपालिकाले भने सहयोग गरिरहेको छ।

लोकप्रियता बढ्दै

आजभोलि रञ्जना लिपिको लोकप्रियता डिजाइनमा समेत बढेको पाइएको छ। औंठीमा रञ्जना लिपिमा नाम लेखाएर लगाउने गरेका छन्। महिला वर्गमा लकेटमा नाम लेखाएर लगाउने गरेका छन् भने कानको झुम्कामा समेत लिपिबाट नाम लेखाएर लगाउने चलन विस्तारै बढ्दै छ।

रञ्जना लिपि मौलिकता र आकर्षक देखिएको हुँदा विदेशमा समेत यसको प्रयोग भएको देखिन्छ। ११ औं शताब्दीमा विकास भएको रञ्जना लिपि तिब्बत, जापान, मंगोलिया, भियतनाम जस्ता पूर्वी देशमा समेत प्रयोगमा ल्याइएको देखिन्छ। बौद्ध धर्मअन्तर्गत बज्रयान र महायानमा प्रयोग गरिएको छ।

अहिले काठमाडौं महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका, बनेपा नगरपालिका, कीर्तिपुर नगरपालिकाको साइनबोर्डमा रञ्जना लिपि प्रयोगमा ल्याइसकेको छ। टोल टोलका नामहरू समेत रञ्जना लिपिमा लेखिने भएपछि यो लिपि सिकेर काम समेत पाइरहेका छन् र आम्दानी पनि गरिरहेको छ। यसले रञ्जना लिपिको संरक्षण हुने पक्कै देखिन्छ।



गौरा पर्व र यसको महत्व

विमल विष्ट

संस्कृति संस्कारको धनी सुदूरपश्चिम प्रदेशको प्रसिद्ध पर्व गौरा (गमरा) पर्वले यहाँ भाइचारा र विश्वासको वातावरण सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। गौरा पर्व सुदूरपश्चिम क्षेत्रको महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्व हो। गौरा पर्व विशेष गरेर डोटीमा परापूर्व कालदेखि नै मनाउँदै आएको पर्व हो।

गौरा पर्व भाद्र कृष्णको षष्ठीदेखि अष्टमीसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरेर मनाइन्छ। गौरा पर्वको पहिलो दिन गौरापर्व मनाउने समुदायका महिलाहरूले निराहार रही आ-आफ्नो घरमा तामा वा पित्तलको भाँडोमा 'बिरुडा' अर्थात् पाँचथरीका गेडागुडी भिजाउने गर्छन्।

यस पर्वले सुदूरपश्चिममा मात्र नभई कर्णाली प्रदेशसहित समग्र देशभरमा कला, धर्म, संस्कृति, संस्कारले मुलुकको समृद्धिमा हाम्रो धार्मिक रीतिरिवाजले झन टेवा पुऱ्याएको छ। गौरा पर्व सुदूरपश्चिमको महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्वको रूपमा रहे पनि सबै नेपालीले गौरव गर्ने र राष्ट्रिय भावना जागृत गरी सबैलाई एकताबद्ध बनाउने प्रेरणा प्रदान गरी राष्ट्रियता संवर्धनमा समेत टेवा पुऱ्याएको छ।

गौरा पर्वको बारेमा विभिन्न धारणा रहेको पाइन्छ। गौरा पर्व भाद्र शुक्ल पञ्चमीको बिरुडा पञ्चमीबाट शुरू भई अष्टमीसम्म मनाउने प्रचलन रहेको पाइन्छ। गौरा पर्वको सुरुवात बिरुडा अर्थात् पाँचथरीका गेडागुडी भिजाउने र महिला निराहार व्रत बसी शिव र गौरीको पूजाअर्चना गरी बिरुडालाई प्रसादको रूपमा ग्रहण गरी सुख शान्ति र समृद्धिको कामना गरिन्छ।

केराउ, गहत, गहुँ, गुराँस र मासको मिश्रण गरेर भिजाउने अन्न नै बिरुडाको रूपमा चिनिन्छ। बिरुडा भिजाएको दोस्रो दिन महिलाले पानीको मुहानमा गएर शुभ साइतमा बिरुडा धोएर गौरादेवीको प्रतिमा प्रतिस्थापन गर्ने चलन रहेको पाइन्छ। पार्वती शिवको नामसँग जोडिएको यस पर्वमा विशेष गरी पार्वतीको पूजा गरिन्छ अर्थात् पार्वतीको कठोर तपस्यापश्चात् शिवलाई पतिको रूपमा प्राप्त गरेको धार्मिक विश्वाससमेत यसमा जोडिएको छ।

सप्तमीमा गौरादेवीलाई मन्दिरमा भित्र्याएर प्रसादको रूपमा महिलाले दुबधागो भगवानलाई चढाई अभिषेकका साथ लगाउने चलन रहेको छ। दुबधागो पुरुषको यज्ञोपवित धारण गरेजस्तै हो। बिरुडासँगै धान, साउँ (सौं) तील, अपमार्ग आदि बिरुवाबाट गौरीदेवीको प्रतिमा बनाई गौरा घरमा भित्र्याउने र विसर्जन नगरिएसम्म पूजाअर्चनाका साथ महिला पुरुषले स्थानीय लोकभाकामा डेउडा, फाग, धमारी आदि खेल खेली आनन्दका साथ गौरा मनाउने प्रचलन रहेको छ। गौंरा पर्वले धार्मिक आस्था आपसी सद्भाव बढाउन र शिव पार्वतीको पूजा गरी सुख शान्ति प्राप्त हुने विश्वासका साथ ठूलाबाट सानासम्म पूजा गर्ने (बिरुडाले पुज्ने) चलन रहेको छ। गौरा पर्वलाई रोचक बनाउँदै अष्टमीभन्दा अझ ३/४ दिन थप मनाउने र गो:रा सेलाउन (गौरा विसर्जन) गर्ने प्रचलन पनि रहेको पाइन्छ।

गौरा पर्व एकताको पर्व हो। काम विशेषले बाहिर अर्थात् विदेश गएका व्यक्तिसमेत घरमा फर्किने र आपसी सद्भाव वृद्धि गरी सुख शान्तिको कामनासहित एक आपसमा बन्धुत्व कायम गरी आपसी सद्भाव वृद्धिमा टेवा पुऱ्याएको छ। गौरा पर्व मनाउने विषयमा विभिन्न तिथिमितिको कुरा पनि उठेको छ।

प्रचलित मूल्यमान्यता, परम्परा, विद्वानवर्ग, पञ्चांग निर्णायक र आधिकारिकताका आधारमा यस पर्वलाई मनाउँदै यसले समाजमा सद्भाव, शान्ति विश्वास कायम गरी एकताको भावना सिर्जना गरी यो पर्वलाई सबैको पर्व राष्ट्रिय पर्वको रूपमा मनाउँदै यसको महत्वलाई बुझाउँदै गौरी माताले हामी सबैलाई कृपा प्रदान गरुन भन्ने आदर्शका साथ महिला, पुरुष, बालकदेखि वृद्धसम्म यो पर्व सबैको पर्व बनाई आपसी भाइचाराको वृद्धि गरी मौलिकतालाई कायम राख्दै हाम्रा पर्व, हाम्रा संस्कृति र जगेर्ना गर्दै हाम्रा पर्व राम्रा पर्व, हामी सबैका पर्वमा परिणत गरी संस्कृतिको संरक्षण गर्नु आवश्यक छ।

सुदूरपश्चिम क्षेत्रमा मात्रै मनाईने गौरा पर्व पछिल्लो समय संघीय राजधानी काठमाडौंसहित देश विदेशमा पनि मनाउन थालिएको छ।

यस पर्वले सुदूरपश्चिममा मात्र नभई कर्णाली प्रदेशसहित समग्र देशभरमा कला, धर्म, संस्कृति, संस्कारले मुलुकको समृद्धिमा हाम्रो धार्मिक रीतिरिवाजले झन टेवा पुऱ्याएको छ। गौरा पर्व सुदूरपश्चिमको महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्वको रूपमा रहे पनि सबै नेपालीले गौरव गर्ने र राष्ट्रिय भावना जागृत गरी सबैलाई एकताबद्ध बनाउने प्रेरणा प्रदान गरी राष्ट्रियता संवर्धनमा समेत टेवा पुऱ्याएको छ।

सुदूरपश्चिम प्रदेशमा दशैं, तिहारभन्दा पनि बढी धुमधामसँग मनाइने गौरा पर्वको व्रत बसेमा पतिको दीर्घायुको साथै सुखी जीवन प्राप्त हुने जनविश्वास रहिआएको छ। यही विश्वासले यो प्रदेशभर सप्तमीसम्म महिलाहरू गौराको व्रत बस्ने गर्दछन्।

वैदिक विधिअनुसार गौरा माताको व्रत बसी पूजापाठ गरेमा सन्तान, सुख, दीर्घायु प्राप्त हुने गरेको डोटीको शैलेश्वरी मन्दिरका पुजारी प्रेमशंकर भट्टले बताउनुभयो। उहाँले भन्नुभयो, 'यो पर्वमा सौभाग्य प्राप्तिका लागि गौरा पार्वती माताको पूजन गरिन्छ, वैदिक विधिअनुसार व्रत बसे मनोकामना पूर्ण हुन्छ।'

गौरा पर्वलाई यो क्षेत्रका महिलाहरूले मांगलिक कामना गर्दै मनाउने गरेका छन्। यो प्रदेशको पहाडी जिल्लावासीले मनाउने प्रमुख चाड हो गौरा। पछिल्लो समय पहाडबाट बसाइँ सरेर तराई झरेकाहरूले पनि तराईमा गौरा पर्व धुमधामसँग मनाउँदै आएका छन्। गौरा पर्वमा बितरण गरिने विरुवालाई आयुर्वेदको दृष्टिकोणले महत्वपूर्ण मानिने तथा नवदूर्गाको प्रतिकको रूपमा लिने गरेको तथा गौरा पर्वलाई विशेष महत्व दिएर राज्यबाट नै यसको संरक्षण गरिनु पर्ने संस्कृतिविद् एवं साहित्यकार पदमराज जोशीले बताउनुभयो। उहाँले भन्नुभयो, 'गौरा पर्व भनेको एक आपसमा भाइचाराको सम्बन्ध राख्ने, मित्रता कायम गर्ने र संस्कृतिको जगेर्ना गर्ने पर्व भएकाले राज्यबाट नै यसको संरक्षण गरिनु पर्छ।'

प्राचीन हैहयवंशी राजामध्येका सहस्त्रार्जुनले भृगुवंशी ब्राह्मणहरूबाट आफ्नो धन फिर्ता माग्ने क्रममा ब्रह्मणलाई मारिदिएपछि विधवा भएकी ब्राह्मणीहरूले आफ्नो सतित्व रक्षार्थ निराहार रही गरेका उपासनाको फलस्वरूप एक ब्राह्मणीले तेजिलो पुत्र लाभ गरिन् र सोही पुत्रको तेजले अन्धा हुन पुगेका सहस्त्रार्जुन नाम गरेका ती राजाले माफी माग्नु परेकाले गौरीलाई सर्वशक्तिमान सम्झी उनकै सम्झनामा गौरा पर्व मनाउन थालिएको डोटीको दिपायलका पुजारी मेखराज भट्टले बताउनुभयो।

गौरा पर्वमा देउडा गीतका माध्यमबाट एक अर्काका दु:ख, सुख बाँड्नुका साथै माया, प्रेम बाँड्ने गरिन्छ। गौरा पर्व मनाउन तथा संरक्षणका लागि सुदूरपश्चिम प्रदेश सरकारले विभिन्न किसिमका सहयोगहरू तथा कामहरू गर्दै आएको प्रदेश सांसद शिवसिंह ओलीले जानकारी दिनुभयो।

यसै गरी गौरा पर्व छिमेकी मुलुक भारतको कुमाउ, गढवालमा पनि मनाउने गरिन्छ भने केही वर्ष यतादेखि अमेरिकामा बस्दै आएका नेपालीहरूले पनि अमेरिकामा मनाउँदै आएका छन्। उता, ज्योतिषी देवीलाल उपाध्यायका अनुसार गौरा पर्व सुदूरपश्चिम प्रदेशसहित भारत, श्रीलंकाका केही भूभागमा समेत मनाइन्छ। धार्मिक ग्रन्थहरूमा भारत, श्रीलंकामा गौरा मनाइने तिथिसमेत उल्लेख गरेको उहाँले बताउनुभयो।

धार्मिक ग्रन्थलाई उद्धृत गर्दै उहाँले भन्नुभयो, 'पञ्यते उदितो लंका पञ्चयते हस्तीनापुर, पञ्च पञ्च पुन पञ्च गौरा व्रत तुकारयत।' उहाँका अनुसार गौरा पर्व श्रीलंकामा र भारतको हस्तीनापुरमा भदौ ५ गते मनाइन्छ भने नेपालमा भदौ १० देखि २५ गतेभित्र मनाइन्छ। अगस्त्य ऋृषिको उदयपछि गौरा नमनाइने गरेको प्रचलन भएकाले भदौ २५ पछि गौरा नमनाइने उहाँको भनाइ छ।

'सामान्यतया भदौ २५ गते अगस्त्य ऋृषिको उदय हुन्छ। तर, भदौ २३ र २४ गते पनि हुन सक्छ,' उहाँले भन्नुभयो, 'अगस्त्य ऋृषिको उदयपछि गौरा मनाइँदैन।' उक्त दिनभन्दा पछि गौरा पर्व नमनाइने गरेको उहाँले जानकारी दिनुभयो।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राज्य हो। विश्वको सर्वोच्च शिखर सगरमाथाको नामले विश्वमा परिचित पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपालको मुख्य भाषा नेपाली हो। नेपालमा बोलिने सबै भाषा, धर्म र संस्कृतिका आआफ्नै विशेषता रहेका छन्। सयौं थुँगा फूलका हामी, रंगी विरंगी अर्थात् विभिन्न भाषा, संस्कृति र धर्मले अनेकतामा एकताको सन्देश प्रवाह गरेको छ। हिन्दुहरूको जनसंख्या सबैभन्दा बढी रहेको हाम्रो देश विभिन्न संस्कृतिको सन्देशले धर्म नैतिकता र विश्वासमा अडिएको छ।



जहाँ जहाँ किराँत राई त्यहाँ त्यहाँ साकेला

गणेश राई

आदिवासी जनजातिमध्ये किरात राई जाति एक हुन्। किरात राई जाति एक, भाषा अनेक अर्थात् राई जातिभित्र २६ भाषा बोलिन्छन्। किरात राईहरू आफूलाई प्रकृतिपूजक जाति मान्दछन्। यिनै किरात राई जातिलाई चिनाउने साकेला संस्कृतिबारे यहाँ चर्चा गर्न लागिएको छ। साकेला संस्कृतिलाई साकेन्वा, साकाला, साखेवा, साक्ले, तोषी भनिन्छ।

उभौली र उधौलीमा घर-घरै पितृपूजा गर्दछन्। प्रकृतिपूजा गर्दछन्। ठूलो रूखमुनि थापित साकेला थान अथवा खुल्ला ठाउँमा सेउली गाडेर निर्माण गरिएका साकेला थानमा सामूहिक रूपमा सिमेभूमेको पूजा गर्दछन्। ढोल र झ्याम्टा बजाउँदै महिला र पुरुष गोलाकार साकेला सिली (साकेला नाच) नाच्दछन्। बुढापाका, किशोरकिशोरी, बालबालिका या भनौं बाजे-बोजु, बाबु-आमा, छोरा-छोरी/नाति-नातिनी एउटै गोलघेराभित्र बाजाको तालमा अभिनयात्मक नाच प्रदर्शन गर्दछन्।

सुम्निमा र पारुहाङको आराधना नै उभौली-उधौली साकेला हो। मुन्दुम पर्गेल्ने काम नाक्छोङ, नाक्सो, न्वाक्सो (कुलपुजारी)ले गर्दछन्। त्यसपछि सामूहिक रूपमा सिली प्रदर्शन गर्नु नै यसको सार हो। परम्परागत मौलिक भेषभूषाले त्यसको रौनकता थप्ने गरेको छ।

साकेला प्राचीन संस्कृति हो। उहिल्यैदेखि पुर्खाहरूले उभौली र उधौलीमा पितृपूजा गर्दै आएकै हुन्। प्रकृतिको मानमनितो गर्दै आएकै हुन्, जुन आजपर्यन्त निरन्तर छ। ढोल, झ्याम्टालगायत बाजा बजाएर नाच्ने यो संस्कृतिको समयले घुम्टो उघारिदियो र आज विश्वव्यापी चाड बनेको छ। गाउँघर कुनाकन्दरामा सीमित साकेला थानहरू सहर हुँदै हङकङ र बेलायतसम्म स्थायी रूपमा विस्तार भएका छन्। साकेला सिलीले नवीन पुस्तालाई आकर्षित तुल्याएको छ। जहाँ जहाँ किरात राई, त्यहाँ त्यहाँ साकेला नाचिन्छ।

वास्तवमा राज्यसत्ताले आफ्नो अनुकूलतामा जनताका संस्कृतिलाई प्रदर्शन गराउँथ्यो। जथाभावी प्रदर्शन गरेमा जेलनेल ठोक्थ्यो। त्यसैले किरातीहरूको परम्परागत संस्कृति पनि कुनाकाप्चामै सीमित थियो। राज्यअनुकूलतामा सम्भवतः पहिलोपटक काठमाडौंमा २०२२ सालमा साकेला सिली प्रदर्शन भएको थियो। खोटाङ जिल्लाको तत्कालीन महिला संगठनकी अध्यक्ष कुमारीकृष्ण राई भन्नुहुन्छ, '२०२२ सालमा तत्कालीन युवराज वीरेन्द्र र ऐश्वर्यको विवाह भएको वर्ष काठमाडौंको राष्ट्रिय नाचघरमा ५ मिनेट साकेला देखायौं ('सितिमी' मासिक, २०७५ वैशाख, अंक २ ९, सम्पादक तिलक चाम्लिङ)।'

> गाउँघर कुनाकन्दरामा सीमित साकेला थानहरू सहर हुँदै हङकङ र बेलायतसम्म स्थायी रूपमा विस्तार भएका छन्। साकेला सिलीले नवीन पुस्तालाई आकर्षित तुल्याएको छ। जहाँ जहाँ किरात राई, त्यहाँ त्यहाँ साकेला नाचिन्छ।

खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-६ नेर्पास्थित निवासमा कुमारी कृष्ण राई आफ्नो कालमा पाएको प्रमाणपत्र, कदरपत्रहरू देखाउनु हुँदै।
फोटो सौजन्यः दमन राई

काठमाडौंमा साकेला सिली

राजधानी काठमाडौंमा साकेला सिलीलाई औपचारिक रूपमा सार्वजनिक रूपमा प्रदर्शन गर्ने काम भने २०३८ जेठ १० गते भएको थियो। 'साकेला सिली' अंकित ब्यानरसहित पुतलीसडकस्थित शंकरदेव क्याम्पसको प्राङणमा प्रदर्शन गरिएको थियो। त्यसको अगुवाइकर्ता उतिखेरका जल्दाबल्दा युवाहरू गोपाल छाङ्छा (वरिष्ठ पत्रकार, छहरा साप्ताहिकका सम्पादक), शान्तिकुमारी राई (अधिवक्ता तथा नेपालको अन्तरिम संविधान, २०६३ का मस्यौदा समितिकी सदस्य), डिक बान्तावा (बान्तावा भाषाका कोशकार तथा चलचित्र निर्माता), श्याम लाओती, इन्द्र किरात, खगेन्द्र जबेगु, मिलन राई, खड्ग चाम्लिङ, भैरव राई, खम्बाशेर राई, अर्जुन राईलगायत धेरैजना हुनुहुन्थ्यो। पत्रकार गोपाल छाङ्छाको संयोजकत्वमा किरात हितकोष संस्था गठन गरेको र त्यही संस्थामार्फत् साकेला सिलीको आयोजना गरिएको थियो।

'त्यतिखेर हामीले मेरो संयोजकत्वमा किरात हितकोष खडा गरेका थियौं। हामीले साकेला समिति गठन गरेर झ्याम्टा किन्यौं। इन्द्र किरात र डिक बान्तावाले बाँसबारी छालाजुत्ता कारखानामा गएर सामग्री जुटाएर ढोल बनाउनुभएको थियो। त्यसपछि पद्मोदय हाई स्कुलको कोठामा रिहर्सल गर्‍यौं। बान्तावा सिलीको डिक बान्तावाले अभ्यास गराएका थिए भने चाम्लिङ सिलीको प्रशिक्षण भैरव राईले दिएका थिए। मलाई नाच्न, बजाउन आउँदैनथ्यो, भावनामात्रै हो। मैले सबै साथीभाइहरूलाई जुटाएँ,' ४३ वर्षअघिको त्यो घटना सम्झिँदै वरिष्ठ पत्रकार गोपाल छाङ्छा भन्नुहुन्छ, 'पहिलोचोटि शंकरदेव क्याम्पसमा साकेला नचायौं। प्रशासनले रोक्न खोजेको तर भनाउसुनाउ गरेपछि अनुमति पायौं। त्यसपछि दुई-तीन साल निरन्तर नचायौं। टुकुचा पुलसँग खसीबजारमा घर भएका बुद्धिकर्ण राईले साकेला सिलीमा सहभागीलाई खाजापानीको व्यवस्था गर्नुभएको थियो। पछि अरू अग्रजहरूको साथसहयोग मिल्यो। २०४५ सालदेखि किरात राई यायोक्खा संस्था गठन भएपछि साकेला सिली साझा संस्कृतिका रूपमा अगाडि बढ्यो।'

> उतिखेर भर्खर जातीय संगठन निर्माण गर्ने क्रमको बिजारोपण हुन थालेको थियो। पढ्न आएका युवाहरूले काठमाडौंमा २०४५ साउन २२ गते किरात राई सांस्कृतिक तदर्थ समिति गठन गरेका थिए।

किरात राई यायोक्खा

उतिखेर भर्खर जातीय संगठन निर्माण गर्ने क्रमको बिजारोपण हुन थालेको थियो। पढ्न आएका युवाहरूले काठमाडौंमा २०४५ साउन २२ गते किरात राई सांस्कृतिक तदर्थ समिति गठन गरेका थिए। २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको उदय भयो। त्योसँगै २०४७ भदौ २३ र २४ गते काठमाडौंमा सोही संस्थाको प्रथम राष्ट्रिय सम्मेलन भयो। सम्मेलनले सम्पूर्ण किरात राई जातिको प्रतिनिधित्व हुनेगरी किरात राई यायोक्खा नामकरण गरी वैधानिक रूपमा अगाडि बढाएका थिए।

किरात राई यायोक्खा अहिले (२०८१ साल) देशको २३ जिल्ला कार्यसमितिहरू र सयौं प्रारम्भिक कार्यसमितिहरू छन्। यसै गरी हङकङ र बेलायतमा स्थायी रूपमा किरात राई यायोक्खा रहेका छन्। अमेरिका, जापान, अस्ट्रेलिया, साउदी, यूएई, कतार, बहराइनलगायत १८ मुलुकमा किरात राई यायोक्खा क्रियाशील रहेका छन्। किरात राई यायोक्खा केन्द्रीय कार्यसमितिले 'वृषमान-जसरानी राई स्मृति साकेला कप-२०५५' स्थापना गरी साकेला सिली प्रतियोगिता आयोजना गर्दैआएको छ। 'किरात राईहरूको आदिम युगबाट सुरू भएको मौलिक संस्कृति र परम्परालाई संरक्षण, प्रवर्द्धन र संवर्द्धन गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लैजानु, ऐतिहासिक संस्कृतिलाई विश्वसामु परिचित गराउनु, विभिन्न थर पाछाका किरात राईहरूमा समन्वय र सद्भाव कायम गर्ने उद्देश्यमा प्रतियोगिताले महत्वपूर्ण भूमिका निभाएको छ (निप्सुङ, वर्ष ७, अंक ११, २०५७ असोज)।' यसै गरी यायोक्खा जिल्ला तथा प्रारम्भिक कार्यसमितिहरूले साकेला थानहरू विस्तारसँगै उभौली र उधौलीमा महिना दिनसम्म साकेला सिली आयोजना गर्ने गरेका छन्। उनै अधिवक्ता शान्तिकुमारी राईको मननीन भनाइ छ- 'आज साकेला विश्वभरि छ। संस्थागत अनुशासन जरुरी छ। मौलिकता कायम हुनुपर्छ।'

पुतलीसडकस्थित शंकरदेव क्याम्पसको प्राङणमा २०३८ जेठ १० गते शनिवार 'साकेला सिली' अंकित ब्यानरसहित सिली प्रदर्शनमा सहभागीहरूको सामूहिक तस्विर। सौजन्यः छविकार अर्जुन राई (भोजपुर बोखिम)

'साकेला दस हजार वर्ष पुरानो सांस्कृतिक दस्तावेज हो'

भोगीराज चाम्लिङ
मुन्दम अध्यता

साकेला संस्कृतिलाई कसरी लिन सकिन्छ ?

साकेला अहिले समकालीन किरातीहरूको सांस्कृतिक पहिचान स्थापित गर्ने सशक्त माध्यमका रूपमा स्थापित भएको छ। त्यसले किरातीहरू एउटा जीवित सांस्कृतिक सम्पदासहित इतिहासको यथार्थमात्र होइन, वर्तमानको पनि यथार्थ समुदाय हो भन्ने परिचय सहरलाई अनि काठमाडौंमा बसेर शासन गर्ने सत्ताधारीहरूलाई ठूलो सन्देश साकेलाले दिइरहेको छ। यो नै सबैभन्दा ठूलो सामर्थ्य हो।

यसले समग्र किरातीहरूको परिचय स्थापित गरिदिएको छ। साकेला भन्नासाथ किरातीलाई चिन्ने स्थिति बनेको छ। विस्तारै साकेलाप्रति गैरकिराती समुदायको पनि आकर्षण बढ्दैछ।

दोस्रो, साकेलाको राम्रो पाटो मानवशास्त्रमा डिफ्युनिजम (प्रसारवाद) सिद्धान्त रहेछ। त्यसले कुनै पनि प्रभावशाली संस्कृतिचाहिँ एक ठाउँदेखि अर्को ठाउँ जान्छ। फैलिन्छ। विस्तार हुन्छ भन्दोरहेछ। यदि, त्यो मानवशास्त्रीय सिद्धान्तलाई मान्ने हो भने अहिले साकेला पनि त्यस्तै एउटा प्रभावशाली संस्कृति हो।

त्यो अहिले गाउँमा मात्रै सीमित छैन। बजारमा पुगेको छ। सहरमा पुगेको छ। राजधानीमा पुगेको छ। त्यो अन्तर्राष्ट्रिय राजधानीहरू, ठूलठूला सहरहरूसम्म विस्तार भएको छ। भन्नुको अर्थ साकेला एउटा प्रभाशाली संस्कृति रहेछ। अन्तर्राष्ट्रिय स्तरसम्म प्रसार भइरहेको छ। साकेला सशक्त प्रभावशाली संस्कृति हो।

गाउँको कुना-कुनासम्म सयौं नयाँ साकेला थान स्थापना भएका छन्। सहर बजारहरू, राजधानीको वरिपरि पनि निक्कै नयाँ थानहरू स्थापना गरिएका छन्। अन्तर्राष्ट्रिय स्तरमा पनि नयाँ साकेला थानहरू स्थापना गरिएका छन्। त्यसले हाम्रो परिचय निक्कै फराकिलो बनाइदिएको छ।

प्राचीनता र एक रूपतालाई कसरी हेर्ने ?

विविधतामा एकरूपता खोजिनु पर्छ। विविधताविनाको एकरूपता खोजिनु हुन्न। किनभने आफ्नो-आफ्नो स्थान, आ-आफ्नो भूगोल, आ-आफ्नो सांस्कृतिक विशिष्टताअनुसार आफ्नो-आफ्नो पक्ष पनि विकास भएको छ। साकेला भूमिको पूजा हो। साकेला कृषिको उत्सव हो।

साकेला गर्दा भूमिलाई पुज्छौं। खुसी बनाउँछौं। अन्न उत्पादन राम्रो होस् भनेर पुकार गर्छौं। त्यो बेला चुलाको पूजा गर्छौं। पितृको पूजा गर्छौं भन्ने कुरा सबैको साझा हो। त्यो एकरूपता त्यहाँमात्रै खोज्ने हो।

त्यसपछि साकेलाको क्रममा विभिन्न प्रकारको सिलीहरू गर्छौं। त्यहाँ आधारभूत एकरूपता र भिन्नता पनि छ। त्यो दुइटैलाई स्वीकार गर्नुपर्छ। सिकार गर्ने सिली (अभिनयात्मक नाच), कृषि गर्ने सिली गर्छौं। त्यसमा सबैको समानता छ। तर, त्यसभन्दा अतिरिक्त जस्तो जुका पाइने ठाउँको राईले जुका सिली गर्छ। किनभने त्यो उसको सरोकारको विषय हो। तर, हलेसी वा सोक्मटारमा रहेका राईले जुका सिली खोजेर भएन। किनकि यहाँ त जुका हुँदैन।

आ-आफ्नो विशिष्टताअनुसारका सिलीहरू पनि निर्माण भएका छन्। र साझा सिली पनि हामीसँग छ। त्यसैले विविधतासहितको एकरूपता साकेला हो भनेर बुझ्नुपर्छ।

अर्को, प्राचीनताको हिसाबले साकेला किरातीहरूको सांस्कृतिक दस्तावेज पनि हो। कसरी हो भने यसमा सबैभन्दा पुरानो सिकारी सिली पाइन्छ। त्यो भनेको किरातीहरू कुनै बखत सिकारी जीवन प्रणालीमा थियो। त्यो भनेको दसहजार वर्षभन्दा अगाडिको पूर्ण जीवन सिकारमा आधारित थियो। कन्दमूल संकलनमा आधारित थियो।

कन्दमूल र सिकारसँग सम्बन्धित हाम्रो सिली छन्। कृषिकर्म भस्मे, खोरियादेखि व्यवस्थित खेतीपाती गरिएको सिली गरिने भएको कारणले यो सिलीको उमेरचाहिँ कृषिको आधारमा दसहजार वर्षसम्म पुरानो हो। कृषिभन्दा अगाडि कन्दमूल संकलन र सिकारी जीवनको पनि सिलीमार्फत् प्रस्तुत गरिने भएको हुनाले साकेला दसहजार वर्षभन्दा पुरानो इतिहासको दस्तावेजीकरण मान्न सकिन्छ।

संस्थागत प्रवर्द्धनमा कसरी लिन सकिन्छ ?

राईहरूको एउटा साझा समस्या भाषिक विविधता हुनु हो। त्यस कारणले साझापन खोज्न एउटा सूत्र बनाउनु पर्ने स्थिति छ। जस्तो चाम्लिङका 'साकेला' एउटा साझा शब्द बनायौं भने 'यायोक्खा' बान्तावाबाट बनायौं। 'निप्सुङ' थुलुङबाट बनायौं।

अब अरू सांस्कृतिक शब्दलाई साझा सिम्बोल बनाउँदा अर्को भाषाबाट बनाउनु पर्छ। एकताको सूत्र त्यहाँ खोज्नु पर्ने भएको छ। नत्र २६ भाषामा एकरूपता खोज्न थाल्यौं भने 'चण्डी'मा जानुपर्छ। चण्डीमात्र साझा हुन्छ। हाम्रै साझापन खोज्नको निमित्त कुनै एउटाको मूलभूत संस्कृति प्रतिनिधित्व गराएर गर्नुपर्छ। र यसको समग्र प्रतिनिधित्व गर्ने/गराउने संस्था किरात राई यायोक्खामात्रै हो। त्यसको कुनै विकल्प छैन।

पुर्खाले दिएको नासोलाई जोगाई राख्छौं

संस्कृति के हो ? यसलाई जोगाउन कसको के भूमिका रहन्छ ?

संस्कृति मूर्त सम्पदाको अभिन्न अंग हो। मानव जीवन सभ्यताको सांस्कारिक रूप हो। जुन हाम्रो पहिचान र अस्तित्वसँग जोडिएको हुन्छ। यसलाइ जोगाउन पूर्वजदेखि चलिरहेको परम्परा निरन्तरताका लागि पुस्तान्तरणको जरुरी हुन्छ। जसका लागि अस्तित्वलाई अपनत्वसँग व्यावहारिक रूपमा जोडन सक्नुपर्छ। जुन विविधताले अन्तर्राष्ट्रिय जगत्मा नेपालको जस्तो चिनारी छ। त्यो चिनारीलाई संरक्षण र प्रवर्धनमा राज्य सबैभन्दा बढी संवेदनशील हुन जरुरी छ।

युवाले संस्कृति जोगाउन के कस्तो भूमिका खेलेको पाउनुभएको छ ?

समय परिस्थिति त्यो पनि थियो जहाँ अग्रजहरूको बढी उपस्थिति ले जात्रा, पर्वहरू, प्रथाजन्य गुथिहरू निरन्तरता दिइन्थ्यो। समयको परिवर्तनसँगै अहिले प्राकृतिक, सांस्कृतिक सम्पदा तथा जात्रा पर्व व्यवस्थापन गर्न युवाको लहर बढेको छ। त्यतिकै सहभागिता पनि। नेपालमा अभिलेखीकरणको कमी र संसारमा नै महत्व फैलाउन प्रविधि र दस्तावेजीकरणको काम समेत भोलिका पुस्ताका लागि सुरक्षित गर्न अहिले महत्वपूर्ण भूमिका युवाले नै गर्न थालिसकेका छन्।

जात्राको उल्लास विभिन्न बाजाको परम्परागत धुनले मौसमअनुसारको धुनले र त्यहीसँग जोडिएको विभिन्न समुदाय जातिले बजाउने बाजा हाल अग्रज, युवा, साना भाइबहिनीहरुले समेत अग्रसरता देखाउँदा यसको चिरकालसम्म जीवन्त रहिरहने कुरामा हामी ढुक्क भएका छौं।

पुर्खाले दिएको नासो अझ उपत्यकाको कुरा गर्नु पर्दा हिजोको समाज र त्यसको बनावट सामाजिकीकरण हाम्रो चुकः, बहाः, बहि, ख्य, ननि यो सबै सु-संस्कृत, नैतिक र व्यावहारिक शिक्षा ग्रहण गर्ने थलो थियो।

हाल यो सबैको महत्व लोप हुँदै गएको छ। यो व्युँताउनुपर्ने आवश्यकता देखिएको छ। जसमा अहिले युवा अग्रसरताले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित तुल्याउन र देशको अर्थतन्त्रलाई टेवा पुर्‍याउनसमेत महत्वपूर्ण आफ्नो उपस्थिति अवलम्बन गर्न थालेको छ।

संस्कृति जोगाउन युवाको भूमिका कस्तो हुनुपर्छ ?

देश विकास, व्यवस्थापनसँगै देशको मौलिक चिनारी यहाँको विभिन्न जाति समुदाय, भाषा र भेषभुषा र एक अर्कामा सद्भाव संस्कृतिले जोडेको र चिनाएको छ। सबैले सबैको सम्मान र राष्ट्रको नै गौरवको रूपमा मनन पनि गरेको छ, संविधानले पनि सुनिश्चितता प्रदान गरेको छ।

कहिलेकाहीँ सरकारले कानुन बनाउने कुरामा जनताको मर्म नबुझ्दा बाटो बिराउँदा गुठी विधेयकविरुद्ध घर घरबाट स्वस्फूर्त अभियान आन्दोलन आफ्नो अस्तित्वको लागि ऐतिहासिक जनप्रदर्शनको उदाहरण पनि युवाबाट नै शुरू भएको हो जसको नेतृत्व म आफैंले पनि राष्ट्रिय पहिचान संरक्षण संयुक्त संघर्ष समितिको संयोजक भएर लिएको थिएँ।

जब जब आफ्नो पहिचान जुन राष्ट्रसँग नै जोडिएको हुन्छ त्यो प्रति कसैको दुष्भाव हुँदा दुई तिहाइको बहुमतको सरकारलाई समेत झुकाउन सफल भएर विधेयक राष्ट्रसभाबाट फिर्ता गराउन सक्यौं।

त्यसले पनि प्रमाणित गर्छ युवा जोशमा मात्र हैन होसमा शान्तिपूर्ण आफ्नो सभ्यताको रक्षा गर्न पनि त्यति नै जिम्मेवार भूमिका बहन गर्न सक्छ भनेर। देशमा विपद २०७२ को शक्तिशाली भूकम्प स्मरण गर्दा मानवता जगाउने सहयोगी हातहरू युवा नै थिए।

सम्पदा भत्किँदा पुरातात्विक सामग्री सुरक्षित बनाउनेदेखि सम्पदा पुनः निर्माणमा समेत बुलन्द आवाज अभिव्यक्ति लिएर उभिने युवा जमात नै थियो। हामीले संघर्ष विसं १९९० सालको भूकम्प अगाडिकै प्राचीन रानीपोखरी स्वरूप ग्रन्थकुट शैलीमा फर्काउन सफल भयो।

थुप्रै ठाउँमा सांस्कृतिक थलोमा भएको विकृति विसंगति हटाउन सामाजिक सञ्जालमा भए पनि चेतना विकास र बिस्तार भएको छ त्यो जागरणको घण्टी आजको उपलब्धि पनि हो। हनुमानढोका दरबार क्षेत्र निजी स्वामित्वमा सरकारी निकायहरूले नै दिन सम्झौता गरेपछि त्यो बेलाको आन्दोलनमा स्थानीय जसमा अझ मर्म हुन्छ सब एकजुट भएर सडक, सदन र सम्मानित अदालतसम्म पुगेर समेत न्यायको जित गराउन सफल भएका थियौं जुन ठूलो नजिर थियो।

तपाई त इन्द्रजात्रा व्यवस्थापन उप समितिका संयोजक भएर १५ वर्ष काम गरिसक्नुभएको छ ? इन्द्रजात्राले नेपालको संस्कृति जोगिएको छ त ?

उपत्यकाको काठमाडौंको सबैभन्दा ठूलो जात्रा यँया(इन्द्रजात्रा) तथा जनबहाःद्यः(सेतो मच्छिन्द्रनाथ) रथ जात्रा व्यवस्थापन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरेको १५ वर्ष भयो। सापारु (गाइजात्रा) व्यवस्थापन गर्न १९ वर्ष भयो सहजीकरण गरिरहेको। नेपाल संवत् न्हुदँ राष्ट्रिय समारोह समितिअन्तर्गत १२ वर्ष भयो सांस्कृतिक ऱ्याली व्यवस्थापन गर्दै आएको।

पक्कै पनि यँया (इन्द्रजात्रा) ले पक्कै पनि अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई सांस्कृतिक पर्यटकलाई आकर्षित गरेको छ। इन्द्रजात्राको गरिमा किंवदन्तीहरू, इन्द्रको जात्रासँगै जीवितदेवी कुमारी मा, श्री गणेश, श्री भैरवको रथयात्रा, ठाउँठाउँमा राखिने श्री भैरव भगवानको बिराट मूर्तिहरू सबैको आ-आफ्नो महत्व छ।

आठ दिनसम्म मनाइने जात्रामा देश विदेशबाट थुप्रै पर्यटक र भक्तजनको उपस्थिति रहन्छ। श्री पुलुंकिसी (एरावत हात्ती), श्री लाखे आजु, श्री हलचोक आकाश भैरव नाचहरू पनि यही समयमात्र निकाल्ने गरिन्छ। राष्ट्रप्रमुख सम्माननीय राष्ट्रपतिदेखि राज्यसत्तामा रहेका भएका व्यक्तित्वहरू, राजदूतहरूलगायतको उपस्थितिले जात्राको अझ रौनक बढाएको छ।

इन्द्रजात्रा व्यवस्थापन गर्न कतिको गाह्रो छ ?

इन्द्रजात्रा व्यवस्थापन गर्न चुनौती र अवसर दुवै छ। आठ दिनसम्म चल्ने जात्रामा शान्ति सुरक्षा तथा ट्राफिक व्यवस्थापन सबै भन्दा जटिल विषय हो। हजारौंको संख्यामा जात्रामा सहभागी हुने मानिसहरूको भीड व्यवस्थापन भित्री कोर सिटीमा चल्ने सवारीहरूको डाइभर्सन र वैकल्पिक पार्किङको व्यवस्था हामी बढी संवेदनशील यसमा हुन्छौं।

रथ यात्राको समयमा विपद् व्यवस्थापनको जिम्मा नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटीको टिम, स्थानीय संघ-संस्था क्लबको आ-आषनो क्षेत्रमा सहयोग सबैको उपस्थितिले जात्रा व्यवस्थापन गर्न सहज भइरहेको छ।

सञ्चार माध्यमकै महत्वपूर्ण भूमिका छ। सूचना प्रवाहसँगै जात्राको महत्व पनि बिस्तारै जनमानसमा बुझाउन नेपाल समाचारपत्रले दैनिकले त जसरी सम्पदा-संस्कृतिलाई कोलम नै छुट्याएको छ त्यो सराहनीय छ।

सम्पूर्ण व्यवस्थापन गर्न विभिन्न उपसमितिहरू गठन गरी जिम्मा बाँडफाँट गरी सहजीकरण गर्छौं। हजारौंको उपस्थितिलाई जात्रामा सहजताका लागि हामी जात्रा पूर्व तयारीदेखि अन्तिमसम्म रातदिन खटि नै रहन्छौं।

जब जात्रा कुनै घटना र दुर्घटनारहित बन्छ तबमात्र हामी सफल भएको महसुस गर्छौं। समूहगत कार्य (टिम वर्क) मा काम गर्नु सबैको लागि सिकाइ नै हो। यसमा पनि युवा सहभागिता र पुस्तान्तरणको लागि हामी प्रतिबद्ध छौं। प्रशासनिक रूपमा नेपाल प्रहरीको ठूलो भूमिका छ।

गुरुजुको पल्टन नेपाली सेनाको ऐतिहासिक, सांस्कृतिक टोली जसको पनि शुरूदेखि अन्तिमसम्म बिधिबत उपस्थिति अनिवार्य रहेको छ। विगतदेखि हालसम्म हेर्ने हो भने जात्रा थप व्यवस्थित भएको छ। त्यसैको परिणामस्वरूप हरेक वर्ष आन्तरिक तथा बाह्य पर्यटक बढदै गरेको हामी सबैले महशुस गरेका छौं। यो वर्ष भदौमा सम्पन्न जात्रामा कामपा २३ वडाले गुठीको सहभागिता एक अर्काको विधि सबै अभिलेखीकरण गर्न तत्परता देखाएको छ।

इन्द्रजात्राले नेपाल र विदेशीबिच कसरी संस्कृति जोगिएको छ ?

इन्द्रजात्रा विदेशसम्म परिचित भएको सबैलाई जानकारी छ। नेपालको राजधानी र अझ विश्व सम्पदामा सूचीकृत हनुमानढोका दरबारक्षेत्र र कोर क्षेत्र जसको आफ्नै महत्व छ जहाँ इन्द्रजात्रा मनाइन्छ। नेपालको नै गौरबको रूपमा बाह्य पर्यटकले बुझ्ने र चिन्ने गरेको छ यो जात्रा। त्यसैले पनि उल्लेखनीय सहभागिता रहने जात्रामा बाह्य पर्यटकको उपस्थिति रहने गर्छ।

हामीले रथ तान्न पर्यटकलाई पनि सहभागी गराउन थालेका छौं जसले उनीहरूको देशमा हाम्रो राम्रो प्रचार हुन्छ भन्ने पनि लिएका छौं। अहिले सुरक्षाको लागि प्रहरीले र इन्द्रजात्रा व्यवस्थापन समितिले संसारलाई देखाउन ड्रोन क्यामराले प्रयोग गर्न शुरू गरेका छौं। जसले यो जात्राको उत्साह उमंग बढाएको छ।

संस्कृति जोगाउन तपाईंको भूमिका के ? अर्थात् जसले संस्कृति जोगाइरहेको छ ? भन्ने शीर्षकमा तपाईंको कुरा मेल खान्छ ?

संस्कृति जोगाउन मेरो भूमिका मेरो जन्म थलो र कर्म थलो काठमाडौंको कोर सिटी हो। यही ठाउँ जहाँ म जन्मिए नेपालको पुरानो पहिलो पर्यटक नगरी झोछें (ाचभबप क्तभभत),जात्रा पर्व, फल्चा, चुक स्वहाँ बहि, ननि, ख्य सबैबाट नैतिक र सांस्कृतिक शिक्षा विद्यालय सङै पाए। जुन मेरो जीवनको लागि महत्वपूर्ण थियो।

सम्पदामा केही समस्या हुँदा मेरो मन पोल्थ्यो। केही गरौं भने भावना थियो। आज फर्केर हेर्दा मैले आफ्नो जीवनमा यही सम्पदा र संस्कृतिमा काम गर्न शुरू गरे। यही भावनाले केही गर्ने अवसर पाए यही गौरवको विषय हो। म त एकजना पात्र मात्र हुँ धेरै छन् तर त्यो बेला सीमित थियो आज असीमित अभियन्ता छन् जुन उपलब्धि नै मान्छु म। हामीले नगरे कसले गर्ने भन्ने मनमा लिए।

तपाई युवाहरू नेपाली संस्कृति, संस्कार र परम्परालाई चासो दिनेलाई कसरी प्रोत्साहित गर्नुहुन्छ ?

अहिले देशको अवस्था राजनैतिक अस्थिरताका, देशभित्र कुनै सम्भाव्यता भएर पनि सरकारको अभिभावकत्वमा कमीको कारण दिन प्रतिदिन युवाहरू बाहिरिँदा हामीले ती युवालाई ढाडस र सम्भाव्यतामा पनि सरकारलाई उत्तरदायी बनाउने अभियानमै छौं।

सांस्कृतिक अभिभारा र बहनको विषयमा सबैभन्दा मान्छे जहाँ पुगे पनि उस्लाई चाहिने आफ्नो पहिचान हो त्यो पहिचान यही संस्कृति नै हो यही माटो नै हो। त्यसैले पनि कतिपय जात्राको समयमा छुट्टी लिएर नेपाल आउने गरेका छन्।

केही युवाहरू त हाम्रो जात्रा व्यवस्थापन गर्न सहयोग गर्न आउँछन् उनीहरूप्रति लगाव छ अझ बढी युवामा नै देखेको छु । किनकि जात्रामा बाजादेखि व्यवस्थापनसम्म युवा नै छन्। म सबैलाई आग्रह पनि गर्न चाहन्छु कि हामीले भविष्य त हेरेर बाहिरिन्छौं तर तपाईंभन्दा पछिका पुस्तालाई जसरी हाम्रो पुर्खाले नासोको रूपमा विशाल सम्पदा र संस्कृति तपस्याले दिए त्यो नासो हामीले पनि हस्तान्तरण गर्न सक्नु पर्छ त्यो कसैले नभुलौं।

■ **गणपतिलाल श्रेष्ठ**
अभियन्ता

सांस्कृतिक संरक्षणमा लाग्ने युवालाई तपाईंले के सन्देश दिनहुन्छ ? अर्थात युवालाई संस्कृतिको जगेर्ना गर्न कसरी प्रोत्साहन गर्नुहुन्छ ?

मेरो सबैभन्दा पहिलो प्रेरणा नै घर थियो बुवा स्व. चैतन्यलाल श्रेष्ठ नेपालको प्रथम पद यात्री हुनुहुन्थ्यो समाजसेवी हुनुहुन्थ्यो। बुवासँग सानो बेला भजन सुन्न जानेदेखि हरेक जात्रापर्व अवलोकन गर्न पुग्थे। आज जात्रा व्यवस्थापन र संस्कृति संरक्षण गर्न अग्रसर छु। जात्रा व्यवस्थापन गर्न मुख्य नेतृत्व लिदा बुवा नभए पनि बुवाको आशीर्वाद पाएको नै छु।

हाम्रो घरको सबै सदस्य सामाजिक कार्यमा नै अग्रसर छन्। त्यति बेला जयप्रकाश मल्ल राजाको समयमा हाम्रो पुर्खा मन्त्रीको पद सम्हालेका धनज्युको सन्तान हौं हामी। जतिबेला हनुमानढोका मुल राजदरबार हुँदा झोछें मन्त्री क्वार्टर थियो जहाँ श्रेष्ठ परिवार साहुखलः भनी चिनिन्थ्यो। सायद त्यही रगत सम्पदाको लागि केही पर्दा पोल्ने गर्छ र लाग्न प्रेरित गर्छ।

सामूहिक क्रियाकलाप र अभ्यास नै संस्कृति हो

चाडपर्वले संस्कृति जोगाइरहेका छन्

प्राडा वीणा पौड्याल

हाम्रो संस्कृतिको जगेर्ना गर्न, विभिन्न समूदायको भाषा, साहित्य, संस्कार, कृषि, चाडपर्व, कलाकौशल, वास्तुकला सबैको अहम भूमिका रहेको छ। हाम्रो संस्कृति जोगाउन स्वदेश र विदेशमा रहेका कर्मठ नेपालीहरूको अहम भूमिका छ। स्वदेश र विदेशमा बसेका युवा पुस्ताले आफ्नो संस्कृति प्रति गौरव गर्दै त्यसको प्रचारप्रसार र संरक्षण गर्ने कार्य गरेका छन्। हाम्रो संस्कृति जोगाउन युवा पुस्ताको महत्वपूर्ण भूमिका भएकोले, अग्रजहरूले आफ्ना ज्ञान, सिप हस्तान्तरण गर्ने कार्यलाई महत्व दिनुपर्छ।

पृष्ठभूमि :

विश्वका कुनै पनि स्थानमा बस्ने मानिसको सामूहिक क्रियाकलाप, अभ्यास नै संस्कृति हो। मूर्त र अमूर्त संस्कृतिले ओगटने क्षेत्र विशाल छ। संस्कृतिलाई विभिन्न ढंगले विभिन्न कोणबाट परिभाषित गरिएको छ। कुनै पनि समुदायको पहिचान र गौरवको रूपमा संस्कृतिलाई बुझ्ने गरिन्छ। राष्ट्रिय परिचयमा, संस्कृतिको प्रमुख भूमिका हुन्छ।

कुनै पनि देशको सांस्कृतिक, प्राकृतिक र मिश्रित सम्पदालाई मूर्त र अमूर्त संस्कृतिमा वर्गीकरण गरेर अध्ययन गर्ने परिपाटी छ। मूर्त संस्कृतिअन्तर्गत कला र वास्तुकलाका विभिन्न स्वरूप छन्। ती स्वरूपहरूमा मन्दिर, बिहार, स्तुप, दरबार, घर, पाटी पौवा, इनार, ढुंगेधारा आदि पर्दछन्। अमूर्त संस्कृतिअन्तर्गत जातजाति तथा समुदायको भाषासहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू, अभिनय कलाहरू, सामाजिक व्यवहार, अनुष्ठानहरू तथा चाडपर्व उत्सवहरू, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू र परम्परागत कलाकौशल आदि पर्दछन्।

आजको स्थितिमा राज्यस्तरबाट मूर्त र अमूर्त सम्पदालाई संरक्षण गरेर जन समुदायमा अपनत्वको भाव जगाउन लगातार प्रयन्त गरिरहनु पर्छ। संस्कृतिको क्षेत्र विशाल छ।

हाम्रो संस्कृतिको जगेर्ना गर्न, विभिन्न समूदायको भाषा, साहित्य, संस्कार, कृषि, चाडपर्व, कलाकौशल, वास्तुकला सबैको अहम भूमिका रहेको छ। हाम्रो संस्कृति जोगाउन स्वदेश र विदेशमा रहेका कर्मठ नेपालीहरूको अहम भूमिका छ। स्वदेश र विदेशमा बसेका युवा पुस्ताले आफ्नो संस्कृति प्रति गौरव गर्दै त्यसको प्रचारप्रसार र संरक्षण गर्ने कार्य गरेका छन्। हाम्रो संस्कृति जोगाउन युवा पुस्ताको महत्वपूर्ण भूमिका भएकोले, अग्रजहरूले आफ्ना ज्ञान, सिप हस्तान्तरण गर्ने कार्यलाई महत्व दिनुपर्छ।

महत्वपूर्ण श्रोतहरू:

हाम्रा प्राचीन इतिहास, संस्कृतिको बारेमा जान्न हामीसँग पुरातात्विक र साहित्यिक दुवै श्रोतहरू उपलब्ध छन्। मौखिक परम्परा, किंवदन्ती, लोक गीत, बाजा, टुक्का, उखान, ठ्यासफु, धलपौ (डायरी),विदेशीद्वारा लिखित साहित्य, अनुश्रुति, लोककथा र बंशावलीबाट हाम्रा पुर्खाको बासस्थान, विश्वास र तन्त्रमन्त्रबारे पनि धेरै कुरा थाहा पाउन सकिन्छ।

साहित्यिक श्रोतको आधारमा पुरातात्विक श्रोत खोज्न सजिलो हुन्छ। पुरातात्विक श्रोतलाई विश्वको कुनै पनि कुनामा बस्ने मानिसका समुदायले पूर्ण रूपले स्वीकार गरेर इतिहास लेखेको पाइन्छ। सिद्धार्थ गौतम बुद्धको जन्म लुम्बिनी उपबनमा भएको घटनालाई विश्वका संपूर्ण मानिसहरूले मान्यता दिनुको एउटै प्रमुख कारण हो, त्यहा भएको राजा अशोकले स्थापना गरेका शिलालेख।

यस्तै, चाँगुनारायणमा राजा मानदेवले स्थापना गरेका शिलालेखको आधारमा नेपालको प्रथम प्रामाणिक राजा मानदेवलाई मानिएको छ। यसरी शिलालेखलाई महत्वपूर्ण पुरातात्विक श्रोत मानिन्छ। श्रोत खुलाएर इतिहास र संस्कृति को बारेमा हामीले बोल्न र लेख्न सक्यौ भने त्यो विश्वको लागि अमूल्य खजाना हुन्छ।

धर्म र दर्शन:

संस्कृतिको प्रमुख आधार हो धर्म र दर्शन। नेपालका विभिन्न समुदायले सनातन, बौद्ध र किरात धर्म प्रमुख रूपले मानेको देखिन्छ। जंगली अवस्था, ढुंगेयुगमा शिकारी जीवनयापन गर्दै मानिसले हजारौ बर्ष बितायो। कृषि गर्न जाने पश्चात मानिसको जीवनमा ठूलो परिवर्तन आयो। रोपेको अनाज काट्न मानिस एकै ठाउमा बस्न थाल्यो । उसको जीबन सहज हुँदै आयो। खान पुगेर अनाज भण्डारण गर्न थाले पछि उसले आफूले देखेका भोगेका वरपरका वातावरणको बारेमा सोचेर अनेक तर्क गर्न थाल्यो, दर्शन त्यहीँ बेला जन्मियो। विभिन्न मानवशास्त्रीहरूले भनेजस्तै सरल सोच व्यवहारबाट मानिसले आफूलाई पहिलेको तहभन्दा माथिल्लो विकसित तहमा पुर्यायो। सनातन धर्माबलम्वीहरुले यो सम्पूर्ण विश्व, चराचर जगतको निर्माणकर्ता परमात्मा परमेश्वरलाई मानेर आफूलाई सानो कणको रुपमा स्थापित गरेको पाइन्छ।

विष्णुजीको शब्दमा भन्नु पर्दा दर्शन भनेको कुनै पनि बिषयको दृष्टिबोध हो, जो आषनो विशिष्ट सिद्धान्त र विधियुक्त हुन्छ। दर्शनको गुदीमा रहेका चार आधरहरू तत्व, ज्ञान, तर्क, र परिणामको संयोजनमा हाम्रा ऋषि गुरुहरूले निकै लामा वाद-संवाद गरेर आषना समयको वौद्धिक सार हामीसामु राखेका थिए।

व्यक्तित्व विकासदेखि प्राकृतिक विनाशसम्म सबैतिर ईश्वरीय लीला देख्ने हुँदा धर्म दर्शनले खोज, प्रयोग र प्रमाणीकरणमा भन्दा विश्वास, भक्ति र मोक्ष कामनामा समर्पित हुनु पर्ने बताउँछ। यसरी धर्म र दर्शनले संस्कृति जोगाउने कार्यमा अहम भूमिका खेलेको देखिन्छ।

कला कौशल:

संस्कृति जोगाउने अर्को महत्वपूर्ण पाटो हो कला कौशल। मानिसको रचना र सिपको सुन्दर प्रष्फुटन हो कला। कला विभिन्न माध्यम, शैली र स्वरूपमा प्रकट हुने गर्दछ। सामान्यत: कलालाई मूर्त (भौतिक) र अमूर्त (अभौतिक) रूपमा विभाजन गरेर अध्ययन र अनुसन्धान गरिन्छ। शैव आगममा चौसट्ठी कलाको उल्लेख भएको पाइन्छ। कलाभित्र विविध सिप पनि पर्दछन्। प्रकृतिमा भएका विभिन्न बोटबिरुवा, नदीनालालाई पनि परमात्मा, परमेश्वरको कला मानिन्छ।

हाम्रा कलाकृतिहरू शास्त्रीय पध्दतिमा निर्माण गर्ने विधान छ। वेद, पुराण, विभिन्न शास्त्र, रूपमण्डन, अपराजित पृच्छा, शिल्परत्न, मयदीपिका, मयमत, शिल्पशास्त्र विधान, मानसार, समरांग सूत्रधार आदि ग्रन्थमा उल्लेख गरिएका नियमलाई अक्षरश: पालन गरेर कलाकारले मूर्ति निर्माण गर्दा रहेछन्।

पूर्वीय कलाकारको मुख्य उद्देश्य आषनो कलामा अन्तरआत्माको प्रस्तुति हो, शारीरिक सौन्दर्य प्रस्तुति हैन। त्यसैले पूर्वका कलाकारहरूले कुनै मानिसको मूर्ति बनाउँदा उसको शरीरको विभिन्न भागहरू जसको त्यस्तै बनाउनुभन्दा उसको अन्तस्करणको मूल भाव व्यक्त गर्न मिहिनेत गर्दछन्। मनमा आएको भावलाई कलाकारले आषनो कलाकृतिमा सफलतापूर्वक झल्काउन सके त्यसलाई जीवन्त कला मानिन्छ।

वास्तुकला कलाकै अर्को मूर्त स्वरूप हो। अधंकासुर दैत्यलाई मारेपछि शिवको पसिनाबाट जन्मिएका वास्तुपुरुषको पूजा गरेपश्चात् हाम्रा मन्दिर, घर, दरबार, इनार, पाटीपौवाको निर्माण गरिन्छ। सामान्यत: धार्मिक कलाअन्तर्गत मन्दिर, विहार, स्तूप, मठ पर्दछ, लौकिक कलाअन्तर्गत घर, दरवार, पाटी पौवा पर्दछ।

प्राणप्रतिष्ठा गरेको प्रतिमा मात्रै पूज्न योग्य मानिन्छ। प्राण प्रतिष्ठाको विधान कठिन हुँदा धेरैले यो पालन गर्न छोडेका छन्।

चाडपर्वहरू

हाम्रा चाडपर्वले हाम्रो संस्कृति जोगाइराखेको छ। नेपालका अधिकांश चाडपर्व सूर्य र चन्द्रको गतिअनुसार निर्धारण गरिएका छन्। कालवेलालाई आठ भागमा (संवत्बसर, अयन, ऋतु, मास, पक्ष, तिथि, वार र नक्षत्र) मा वर्गीकरण गरिन्छ। पञ्चांगमा कालका प्रमुख ५ वटा पक्षहरू, तिथि, बार, नक्षत्र, योग र करणको संयोजनमा पञ्चांग निर्माण गरिएको देखिन्छ।

कालबेला र मुहूर्तको आधिकारिक जानकारी दिन वार्षिक रूपमा पात्रो, क्यालेन्डर प्रकाशित गरिन्छ। पात्रोमा शुभलग्न, साइत, ग्रह दोष निवारण, सम्पूर्ण संस्कारको मुहूर्तको जानकारी दिइएको हुन्छ। पात्रोमा दिइएको तिथि मितिकै आधारमा हामी चाडपर्व मनाउने गर्दछौं।

हाम्रा चाडपर्व पितृसम्मान, खानपान र मनोरञ्जनको संगम हो। हाम्रा चाडपर्वलाई विज्ञहरूले यसरी वर्गीकरण गरेका छन्।

१) ऋतुसम्बन्धी चाडपर्वहरू
२) देवदेवतासम्बन्धी चाडपर्व
३) पितृसम्बन्धी चाडपर्वहरू
४) पशुपंक्षीसम्बन्धी पर्वहरू
५) देवत्वमा परिवर्तित भएका मानवसँगसम्बन्धी चाडपर्वहरू
६) असुर जातिलाई विशेष महत्व दिएर मनाइने पर्वहरू
७) खट र रथसँग टोलटोल घुम्ने पर्वहरू

यसरी समष्टि रूपमा भन्नुपर्दा पर्यावरण र पुर्खाप्रति कृतज्ञता र मनोरञ्जन सँगै खानपानको त्रिवेणी हो। नेपाली चाडपर्व नेपाल चाडपर्वको घर हो। अन्न रोप्ने, काट्ने, नयाँ अन्न घर भित्र्याउने आदि कार्य गर्दा हामी उत्सवको रूपमा केही न केही गर्दछौं।

हिन्दूहरूको चार पुरुषार्थ धर्म, अर्थ, काम र मोक्षसँग जोडेर पनि पर्वहरूको वर्गीकरण गरिएको छ। वैद्धिक कालदेखि कुनै न कुनै रूपमा प्रचलनमा रहेको चाडपर्वमध्ये विजया दशमीलाई धर्म, तिहारलाई अर्थ,फागुलाई काम र श्रावणी अर्थात रक्षावन्धनलाई मोक्ष प्राप्त गर्ने संस्कार र ताडपर्वको रूपमा वर्णन गरिएको छ। चाडपर्वलाई एक सामयिक र अनेक सामयिक (समय) गरेर पनि वर्गीकरण गरिएको छ ।

चाडपर्वको अध्ययन, अनुसन्धान गर्दा यसले समेटेको दर्शन र सामाजिक परिवेश दुवै छर्लंग हुन्छ। ईश्वर, प्रकृतिप्रति कृतज्ञता, पारिवारिक मूल्य मान्यता, साथी भाइसँगको जमघट र मनोरञ्जन (जसमा खानपान, गीत , नाच र अभिनय पर्छ) सबैको संगम हो हाम्रा चाडपर्व। हाम्रो संस्कृति जोगाउन चाडपर्वको प्रमुख भूमिका छ।

हार्दिक शुभकामना

४०औं वर्ष पूरा गरी ४१ औं वर्षमा प्रवेश गर्न सफल भएकोमा नेपालकै सबैभन्दा जेठो मिडिया संस्था कामना न्यूज पब्लिकेसन्सलाई हार्दिक बधाई ।
देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकासमा सशक्त योगदान पुयाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

रवि सिंह
अध्यक्ष
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
Federation of Contractors' Associations of Nepal (FCAN)
अनामनगर, काठमाडौं



खड्ग जात्रा जुटाउन को को जुटे ?

सुनील महर्जन

पाटन दरवार क्षेत्रमा दसैंको रौनक हराइसकेको थियो। सप्तमीको दिन मानमानेश्वरी भवानी देवीलाई तलेजु मन्दिरमा विराजमान गराई विधिपूर्वक भगवतीको खड्ग प्रतिष्ठान (थापं) गर्ने चलन लोप भइसकेको थियो। त्यस्तै, विजयादशमीमा पाटन दरवारको लिच्छविकालीन मू छेः आँगन घरबाट निस्कने पायो (खड्ग जात्रा) र थेच्वको नवदुर्गा नाच पनि इतिहासमा सीमित भइसकेको थियो।

त्यस्तै मल्लकालीन तलेजु मन्दिरबाट निस्कने पायो र गमन पर्व (लिच्छविकालीन थेच्वको नवदुर्गा नाच, मल्लकालीन पाटनको अष्टमातृका नाच एकै पटक दरबारको दशै घरमा राखिएको जमरा जता ढल्कियो त्यतै नगर परिक्रममा गर्ने परम्परा) पनि बन्द भइसकेको थियो। यसले गर्दा पाटन दरबार क्षेत्र वरिपरि बिहान किनमेल गर्न आउने मानिसको भीड बाहेक सांस्कृतिक रौनक उमंग गायब भइसकेको थियो।

जात्रा, पर्वहरु हराएपछि २४ वर्षअघिदेखि पाटन दरबार क्षेत्रको माहौल यस्तै थियो। २४ वर्षअघिसम्म ती पर्वहरू हेर्दे रमाएको दृष्य ४० नाघिसकेका मानिसहरूको केवल स्मृतिमात्र कैद थियो। भर्खरका युवायुवतीलाई सोबारे याद हुने कुरो पनि भएन। केही व्यक्तिहरूले त्यस्तो वातावरण बनाउन लाग्नुपर्नेमा यदाकदा कुरो उठाउने गर्दथ्यो। तर, ठोस पहलको अभावमा ती कुराहरू केवल चिया गफ वा कुराको लागि कुरामा मात्र सीमित भइरहेको थियो।

२०७३ असोजतिरको कुरो थियो। दशैं आउन एक, दुई सातामात्र बाँकी थियो। ठेचोस्थित नवर्दुगा भवानीका गुठीयारहरूले दरबार क्षेत्रमा हराइसकेको नवदुर्गा नाच (गथु प्याखः) पुनः सञ्चालन गर्नुपर्ने कुरा उठाएका थिए। नवदुर्गा भवानीका गुठीयारहरूले लोप भइसकेको परम्परा ब्युँताउन कहाँ जान्नुपर्ने हो, कसलाई भन्नुपर्ने हो भनेर उनीहरू तयारी अवस्थामा बसिरहेका थिए। त्यसबीचमा गुठीयारका सदस्य प्रशान्त मालीले नाच पुनःसञ्चालन गर्ने विषयमा पत्रकार सम्मेलन गर्ने प्रस्ताव गुठीयार समक्ष राख्नुभएको थियो। गुठीयारहरू पत्रकार सम्मेलन गर्न तयार भए।

त्यसपछि पत्रकार सम्मेलन गर्न मंगलबजारको पुरानो प्रहरी चौकी अगाडिको एउटा चियापसलमा सञ्चारकर्मी समेत रहेका मालीको र केही पत्रकार हरूबीच त्यसबारे कुराकानी भएको थियो। छलफलमा गुठीयार नाइके भक्तबहादुर मालीसहित सहित पत्रकार माली, पत्रकार सुनील महर्जन र नेवाःपत्रकार राष्ट्रिय दबू ललितपुर शाखाका तत्कालीन सचिव राजेश बज्राचार्य सहभागी हुनुहुन्थ्यो। छलफलमा पत्रकार सम्मेलन नभनी अन्तर्क्रिया कार्यक्रम भनेर नाचसंग सम्बन्धित सरोकारवाला, गुठीयार, प्रहरी, प्रशासन र गुठी संस्थान लगायत सबैलाई बोलाउनु बेश हुने कुरो निस्कियो।

अन्तरक्रिया कार्यक्रमको लागि कसले पत्राचार गर्ने, कसले आवश्यक व्यवस्था मिलाउने भनेर छलफलका क्रममा कुरो निस्किँदा विषयको सान्दर्भिकताको दृष्टिले नेवाः पत्रकार राष्ट्रिय दबू ललितपुर शाखाबाट गर्दा उपयुक्त हुनेमा सबैको एकमत रहयो। यसरी तीन जना पत्रकारको अगुवाई र पत्रकार राष्ट्रिय दबू ललितपुर शाखाको आयोजनामा २०७३ असोज १३ गते विहीबार ललितपुर उद्योग वाणिज्य संघको सभाहलमा जिल्लाका प्रहरी, प्रशासन, स्थानीय निकाय, सञ्चारकर्मी, निजी क्षेत्र, गुठी संस्थान, गुठीयारहरूबीच नाच पुनःसञ्चालन गर्नेबारे पहिलो बृहत् अन्तरक्रिया कार्यक्रम भएको थियो।

यसरी पाटन दरबार क्षेत्रमा हराइसकेको नाच सञ्चालनको लागि औपचारिक रूपमा पहिलो प्रयास यहाँबाट शुरू भएको जनाउँदै नवदुर्गा भवानी गुठी पूर्व नाइके समेत रहेका मालीले भन्नुभयो यो कार्यक्रम नभएको भए अरू कार्य अघि बढ्दैन थियो। सो कार्यक्रम बारेमा विभिन्न कोणबाट स्थानीय पत्रपत्रिकादेखि राष्ट्रिय दैनिक र टेलिभिजनहरूमा समाचार आएपछि यसमा सबैको ध्यान सोझिएको थियो। नाच सञ्चालन नभएसम्म सञ्चार क्षेत्रबाट निरन्तर खबरदारी, झकझक्याउने कार्य भइरहेको थियो।

मालीका अनुसार नाच पुनः सञ्चालन गर्ने दिशामा पहिलो अन्तरक्रियाले दुई तीन वटा प्रभाव पारेको थियो। पहिलो नाच सञ्चालनका कठिनाई, समस्याहरू एउटा फेहरिस्त तयार भयो। दोस्रो, कार्यक्रममा उपस्थिति सबैले नाच सञ्चालनको लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

तत्कालीन ललितपुर उपमहानगरपालिकाका कार्यकारी प्रमुख भरतमणि पाण्डेले बजेट विनियोजित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। तेस्रो, यस विषयमा निरन्तर पैरवी गर्नुपर्ने र विभिन्न गुठीहरू जोडिएकोले तिनीहरूबीच समन्वय र सहजीकरण गर्नुपर्ने खाँचो देखिएको थियो। संस्कृतिका अध्येयता समेत रहेका पत्रकार राष्ट्रिय दबूका तत्कालीन सचिव बज्राचार्यले भन्नुभयो।

एउटा अन्तरक्रिया कार्यक्रमले मात्र बन्द भइसकेको जात्रा पुनःसञ्चालन गर्न सम्भव नभएपछि पत्रकार राष्ट्रिय दबूकै पहलमा २०७३ असोज १७ गते पुनः ललितपुर उद्योग वाणिज्य संघको सभाहलमा सरोकारवाला बैठकको आयोजना गरेको थियो। अन्तरक्रियाबाट आएको निष्कर्षअनुरूप सरोकारवालाबीच समन्वय गर्ने, सम्बन्धित निकायमा ज्ञापनपत्र बुझाउने, डेलिगेसन जान गुठीयारहरू सम्मिलित एउटा समिति गठन गर्ने निर्णय गरियो।

समितिको नाउँ यल सांस्कृतिक पर्व संरक्षण समिति राख्ने निर्णय भयो। समितिको संयोजकमा ललितपुर उद्योग वाणिज्य संघको अध्यक्ष रहने निर्णय गरिएको थियो।

शुरूशुरूमा पत्रकार दबूले संयोजनको भूमिका निर्वाह गर्नुपर्ने कुरो पनि उठेको थियो। पत्रकारको काम भनेको विषय उठान गर्ने हो। गुठीयारहरूको आवाज सम्बन्धित निकायमा पुऱ्याइदिने हो। 'संयोजनकै भूमिकाको नेतृत्व गर्दा अभियन्ता झै देखिने र त्यसले पत्रकारको भूमिकामा असर पर्नसक्छ कि भन्ने कुरो सचेत भएको थिएँ।' पत्रकार दबू ललितपुर शाखाका पूर्व सचिव बज्राचार्यले भन्नुभयो। यसले गर्दा उद्योग वाणिज्य संघको तत्कालीन अध्यक्ष सविन श्रेष्ठको संयोजन रहँदा समन्वयमा प्रभावकारी र पैरवी कार्य अघि बढाउन सहज हुने कुरो लगभग सर्वसम्मत झै भएको थियो।

त्यहीअनुरूप सबै सरोकारवाला राखेर तत्कालीन ललितपुर उद्योग वाणिज्य अध्यक्ष सविन श्रेष्ठ संयोजन रहने गरी यल सांस्कृतिक पर्व संरक्षण समिति गठन भएको थियो। पत्रकार राष्ट्रिय दबूका तत्कालीन सचिव बज्राचार्यलाई सदस्य सचिवको जिम्मेवारी दिइएको थियो। पहिलो अन्तरक्रिया कार्यक्रम आयोजना गर्नेदेखि लिएर समिति गठन गर्दासम्ममा तत्कालीन निर्वतमान अध्यक्ष अजरमान जोशीको पनि महत्वपूर्ण भूमिका रहेको थियो। त्यसपछि गुठीयार, सरोकारवालाबीच चरणबद्ध छलफलको क्रम अघि बढ्यो। यसरी गुठीयारको आवाजलाई मुखरित गर्ने कार्यमा शुरू पत्रकार, त्यसपछि उद्योगी व्यवसायी, संस्कृतिककर्मी र अभियन्ताहरू पनि जोडिए।

लोप भइसकेको पायः (खड्ग) जात्रा, नवदुर्गा नाचको सेतुका रूपमा मानमानेश्वरी भवानीदेवीलाई लिइन्छ। यसले गर्दा मानमानेश्वरी भवानी गुठी तयार नभइकन सो नाच चलाउन असम्भव थियो। ती सबै जात्रा पर्व चलाउनको लागि मानमानेश्वरी गुठीयारको भूमिका रहन्छ। मानमानेश्वरी भवानीलाई फुलपाटीको दिन तलेजु भवानीमा विराजमान नगराए खड्ग जात्रा नहुने, मानमानेश्वरी भवानीलाई बाहिर ल्याएर नवदुर्गा भवानीका देवगणले माल्यार्पण नगरेसम्म नवदुर्गा नाच सञ्चालन हुँदैन। सप्तमीको दिन मानमानेश्वरी भवानीलाई तलेजुमा विराजमान गराउने कार्यदेखि अरू धार्मिक कार्यमा मानमानेश्वरी गुठीका मुख्य भूमिका रहन्छ। यसले गर्दा मुख्य गुठीयारको खोजी हुनथाल्यो। खोज्दै जाँदा मुख्य गुठीयार साम्राज्यदेव श्रेष्ठसँग भेट भयो र कुराकानी शुरू भयो। शुरू शुरूमा श्रेष्ठ नाच सञ्चालनका लागि तयार हुनुभएको थिएन।

किनभने २०७२ सालको भूकम्पले मानमानेश्वरी भवानीको आगन घर भत्किएको थियो। श्रेष्ठबाहेक अरू गुठीयार थिएन। त्यसले गर्दा सो को व्यवस्थापनदेखि धार्मिक विधि प्रक्रिया गर्न महिनौं समय दिन नसकिने कुरा श्रेष्ठले निकाल्नुभयो। श्रेष्ठलाई यस विषयमा बुझाउन र उहाँको कुरो सुनेर नाच चलाउनको लागि सहमत गर्न वर्षौ दिन लागेको बज्रँचार्यले स्मरण गर्नुभयो। पायो जात्रामा थेच्वको नवदुर्गा भवानी देवी, तलेजु, नायः बाजा खलः, यल मुःखल, कोन्ति खलः, महालक्ष्मी धःपाला, कुमारी घर, कुम्भेश्वर मन्दिरका पुजारी, गः प्याखः खलः नकबहिल (अष्टमात्रिका नाच), डंगु खलः हौगलगायत गुठीसम्बन्धी छन्। सबैसँग कुराकानी अघि बढ्दै गएको थियो।

यस क्रममा यल सांस्कृतिक पर्व संरक्षण समितिले २०७३ चैत्र १५ गते मंगलबार श्री उग्रचण्डीमाई परिसर ताम्रकार समाजको सभाहलमा संस्कृति संरक्षणमा दीगो विकास : समस्या, चुनौती र अवसर विषयक अन्तरक्रिया गोष्ठी तथा बृहत् सरोकारवाला भेला आयोजना गरिएको थियो। ललितपुर उद्योग वाणिज्य संघ तथा यलपर्व संरक्षण समितिको आयोजनामा तत्कालीन जिल्ला विकास समितिको सहयोगमा सहयोगमा सो भेला भएको थियो। भेलाले नाच संञ्चालनको लागि सरोकारवालासँग संवाद गर्ने भेला, डेलिगेसन र ज्ञापनपत्र बुझाउने कार्यलाई तीव्रता दिने निष्कर्ष निकालेको थियो।

पहिलो अन्तरक्रिया आयोजना गरेको दिनदेखि देखि दोस्रो अन्तरक्रिया भएको छ। महिनाको अवधिमा नाच सञ्चालनको माहौल बन्दै गएको थियो। ललितपुर महानगरपालिकाले नाच सञ्चालनको २ लाख बजेट प्रस्तावित गरिसकेको थियो। गुठीयारहरुबीच लोप भइसकेको जात्रा, पर्व चलाउने मनस्थिति बलियो बन्दै गएको थियो। सञ्चारमाध्यमहरूले लगातार यसबारे गरेको ध्यानाकर्षणले सम्बन्धित निकाय सामु २०७४ सालमा जसरी भएपनि नाच सञ्चालन गर्नुपर्ने परिस्थिति बनेको थियो।' ललितपुर उद्योग वाणिज्यका तत्कालीन अध्यक्ष एवं समितिका संयोजक सविन श्रेष्ठले भन्नुभयो।

भैरव, काली र बाराहीको नृत्यसहित मनमानेश्वरी देवीलाई माल्यार्पण जात्राको मुख्य आकर्षण हो । पायो जात्रा पाटन दरबार क्षेत्रसँग सम्बन्धित लिच्छवि, मल्ल र शाहकालीनमध्ये सबैभन्दा पुरानो जात्रा हो। यो जात्रा लिच्छविकालीन मू (मूल) छेः (घर) आँगन गुठीद्वारा सञ्चालन गरिन्छ।

मनमानेश्वरी देवीको पूजा विधि अर्को महत्वपूर्ण पर्व हो। नवदुर्गा नाच मंगलबार चतुर्थी र कोजाग्रत पूर्णिमाका अवसरमा पाटन दरबार क्षेत्रस्थित मूलचोकमा प्रदर्शन गरिन्छ। लगातारको प्रयासपछि शुरूमा २०६९ सालमा बन्द भएको कोजाग्रत पूर्णिमाको अवसरमा पाटन दरवारको मूलचोकमा नचाउने ठेच्वको नवदुर्गा नाच २०७४ मा पुनः सञ्चालन गर्न सफल भयो। २०७४ मा खड्गजात्रा पनि पुनः सञ्चालनमा ल्याउने उद्देश्यले मू छैं आँगन घरका गुठीयार, पुजारीद्वारा मूलचोकमा क्षमापूजा गरियो। मानमानेश्वरी भवानी विराजमान नगराइएकोले चलन अनुसार विजया दशमीको दिन नवर्दुगा नाच सञ्चालन हुन सकेन। मूः छेः आगः द्यः गुठी व्यवस्थापक साम्राज्यदेव श्रेष्ठले आफनै खर्चमा क्षमा पूजा आयोजना गरेकोले पूर्णिमाको दिन नाच सञ्चालन सम्भव भयो। यसरी लोपभइसकेको एउटा पर्व बल्लबल्ल सञ्चालन भयो, त्यो पनि आंशिक रुपमा। यसले अर्को वर्ष नाच पूरै सञ्चालन गर्नको लागि अर्को आधार तयार गरिदियो।

यसबीचमा स्थानीय तहमा जनप्रतिनिधिबहाल भइसकेको थियो। सो अवसरमा नाच, पर्व अर्को वर्ष सञ्चालनका लागि जनप्रतिनिधिहरूलाई ध्यानाकर्षण गराइएको थियो। यसबीचमा गुठीयारहरूले पनि ललितपुर महानगरपालिकामा ध्यानाकर्षण गराउने कार्यलाई तीव्रता दिएको थियो। मूलचोकमा आयोजना गरिएको क्षमापूजामा ललितपुर उद्योग वाणिज्य संघ, ललितपुर महानगरपालिकाका जनप्रतिनिधि, गुठी संस्थान, प्रहरी प्रशासन, पाटन संग्रहालयलगायत निकायबाट सहभागी थिए। यसरी बन्द भइसकेको जात्रापर्व पुनः सञ्चालनमा ल्याउन गुठीयार, खलःको पनि महत्वपूर्ण भूमिका रहेको छ। नवदुर्गा भवानी गुठीले ललितपुर महानगरपालिकामा औपचारिक रूपमा पत्र दर्ता गरेर नाचको लगातार ध्यानाकर्षण गर्दै आएको थियो।

यसैको परिणति र अरू गुठीयारको दबाबले खड्ग जात्रा सञ्चालनको लागि २०७५ भदौंतिर महानगरपालिकाले बैठक बोलाउन थालियो। यसबीच उद्योग वाणिज्य संघको अध्यक्षमा कृष्णलाल महर्जन आइसक्नुभएको थियो। यसरी सरोकारवालाको बैठक अब महानगरपालिका हुन थाल्यो। गुठीयार, पत्रकार, निजी क्षेत्र, लगातारको प्रयासपछि महानगरपालिकाले जात्रा,पर्व सञ्चालनको केही बजेट बिनियोजित गर्ने र त्यसमा उद्योग वाणिज्य संघले रकम थपेर जात्रा सञ्चालन गर्ने निर्णय भएको थियो।

लगातारको प्रयत्नपछि अन्ततः २४ वर्षदेखि रोकिएको पायः खड्ग जात्रा सञ्चालन भयो। २०७३ सालमा असोज १३ गतेबाट शुरू भएको औपचारिक प्रयासले २०७५ सालमा सार्थकता पायो। त्यस वर्ष विजया दशमीको दिन मानमानेश्वरी भवानीलाई नवदुर्गाका देवगणले माल्यार्पण गर्ने, पायः जात्रा सञ्चालन भएको थियो। भने २०७६ सालमा पट्को टोल सुधार समिति, गुठीयारको पहलमा र ललितपुर महानगरपालिकाको १६ को सहयोगमा पट्कोमा डबली विजया दशमीको दिन नवदुर्गा नाच देखाइएको थियो।

यसरी एकपछि अर्को श्रृंखलाबद्ध प्रयासको परिणतिस्वरूप हराइसकेको नाच सञ्चालन भयो। दरबार क्षेत्रको रौनक फेरि फर्कियो। अन्ततः गुठीयारको प्रतिबद्धता र इच्छाशक्ति, सरोकारवालाको पैरवी, सञ्चार क्षेत्रको भूमिका, उद्यमी व्यवसायी र स्थानीय तहको संयुक्त आर्थिक सहयोगलगायत समष्टिगत प्रयासको नतिजास्वरूप पायः जात्रा, नवदुर्गा नाचले पहिलोपटक पुनर्जीवन पाएको थियो।

लोप भइसकेको जात्रा, पवलाई कसरी पुनर्जीवन दिने ? पुनर्जीवन दिने क्रममा के कस्ता कठिनाईसँग जुध्नुपर्ने हुन्छ ? संस्कृति जोगाउने सवालमा यी प्रश्नहरू निकै महत्वपूर्ण छन्। खड्ग पायः जात्रा, नवदुर्गा नाचको पुनरामणको संघर्षले यही प्रश्नहरूको उत्तर दिएको छ। लोपोन्मुख एउटा अमूर्त संस्कृति सबैको निरन्तरको प्रयासले पुनर्जीवित भएको छ। जिम्मेवार सबै पक्षले आ-आफ्नो स्तरमा संयुक्त प्रयास थालनी गर्ने हो भने संस्कृति जगेर्नाको क्षेत्रमा सफलता हासिल हुन सक्छ भन्ने पाठ पनि यस सन्दर्भले सिकाएको छ।

जिम्मेवार सबै पक्षले आ-आफ्नो स्तरमा संयुक्त प्रयास थालनी गर्ने हो भने संस्कृति जगेर्नाको क्षेत्रमा सफलता हासिल हुन सक्छ भन्ने पाठ पनि यस सन्दर्भले सिकाएको छ तर, अझै पनि विजयादशमीको अवसरमा निस्कने लायेकु पायो अर्थात गमन पर्व निकाल्न सकेको छैन। जुन जात्राको मुख्य पाटोमध्ये एक हो।

लोप भइसकेको जात्रा, पवलाई कसरी पुनर्जीवन दिने ? पुनर्जीवन दिने क्रममा के कस्ता कठिनाईसँग जुध्नुपर्ने हुन्छ ? संस्कृति जोगाउने सवालमा यी प्रश्नहरू निकै महत्वपूर्ण छन्। खड्ग पायः जात्रा, नवदुर्गा नाचको पुनरामणको संघर्षले यही प्रश्नहरूको उत्तर दिएको छ। लोपोन्मुख एउटा अमूर्त संस्कृति सबैको निरन्तरको प्रयासले पुनर्जीवित भएको छ। जिम्मेवार सबै पक्षले आ-आफ्नो स्तरमा संयुक्त प्रयास थालनी गर्ने हो भने संस्कृति जगेर्नाको क्षेत्रमा सफलता हासिल हुन सक्छ भन्ने पाठ पनि यस सन्दर्भले सिकाएको छ।

संस्कृतिको सुवास छर्दै, कुटुम्ब ब्यान्ड

रश्मी थापा

धुन सुनाएको भरमा सबैलाई मन्त्रमुग्ध बनाउँदै आएको सांगितीक समूह कुटुम्ब ब्यान्डले सँगसँगै नेपालको कला संस्कृतिको संरक्षण र जगेर्ना त गर्दै आएकै छ, यसलाई नेपालका कुनाकुनादेखि विश्वमाझ पनि परिचित गराउँदै नेपाली मौलिक सांगीतिक संस्कृतिको सुवास पनि छर्दै आएको छ।

दुई दशकदेखि निरन्तर सांगीतिक यात्रालाई अघि बढाउँदै आएको मौलिक बाजाहरू बजाएर मन्त्रमुग्ध बनाउँदै आएको कुटुम्ब ब्यान्ड अहिलेसम्म पनि उत्तिकै उत्साहका साथ आफ्नो कर्ममा क्रियाशील छ। संगीतको माध्यमबाट नेपाली संस्कार र संस्कृतिका साथमा मौलिक नेपाली बाजाको बचाउमा दुई दशकअघि सांगीतिक यात्रा शुरू ब्यान्ड आफ्नो यात्रामा डगमगाएको छैन। सन् २००४ मा स्थापना भएको व्यान्ड परम्परागत नेपाली मौलिक बाजाहरूको धुनका साथ नेपाली संस्कृतिको बचाउमा अहोरात्र खटिइरहेको छ। संस्कृति श्लोक वसुधैव कुटुम्बकम अर्थात् संसार नै परिवार होबाट प्रभावित भएर कुटुम्ब नाम राखिएको ब्यान्डको नाम पहिले पूरै श्लोकमै भए पनि पछि सो नाम लामो भएकाले छोट्याएर कुटुम्ब नामाकरण गरिएको थियो।

ब्यान्ड गठनको संयोग पनि रोचक छ। काठमाडौंका पवित मर्हजनले सानैदेखि मादल बजाउन सिकेका थिए। उनका हजुरबुवा प्रख्यात नेवारी गीतकार तथा गायक भएकाले उनी संगीतमय वातावरणमा नैं हुर्किए। पछि लिटल स्टार ब्यान्डमा किबोर्ड बादकका रूपमा सक्रिय उनी संगीतमा कसरी अगाडि बढ्ने र कसरी नयाँ काम गर्ने भन्नेबारे आफ्नो साथीहरूसँग आफ्नै पसल आरती स्विट्समा गफिन्थे। साथीहरूसँगको सल्लाह र योजनापछि कान्तिपुर टेलिभिजनमा ताल नामक कार्यक्रममा प्रस्तुति दिन थाले उनले। त्यस्तै, उनीहरूले पाटन दरबार संग्रहालय परिसरमा दुई वर्षसम्म हरेक महिनाको अन्तिम शुक्रवार शुक्रवार नामक सांगीतिक कार्यक्रमको संयोजन गरे। त्यो समय उनीहरू टिकट बेच्ने, पाम्प्लेट टाँस्नेलगायतका सबै काम गर्थे। कार्यक्रममा सुरसुधालगायत अन्य ब्यान्डले प्रस्तुति दिन्थे।

पवितका अनुसार दुई वर्षसम्म कार्यक्रम गर्दा निकै कम ब्यान्डले मात्र नेपाली बाजा बजाए। धेरैलाई नेपाली बाजा पनि समावेश गर्न अनुरोध गर्दा ईच्छा नदेखाएपछि उनको मनमा मौलिक नेपाली बाजासम्बन्धी ब्यान्डको आवश्यकता रहेको खट्कियो। सो समय राजु महर्जन र रुबिनकुमार श्रेष्ठ त्यस बेलाको झरना ब्यान्ड र अर्कै ब्यान्डमा रहेका अरुण गुरूङ पनि शुक्रवारको प्रस्तुतिमा संलग्न हुन्थे। यसरी एक आपसमा भेटघाट भइरहने उनीहरूले सन् २००४ मा नेपाली लोक बाजाहरूको ब्यान्ड कुटुम्ब स्थापना गरे। ब्यान्ड गठन गर्न पवित, अरुण, रुबिन, राजुलगायत अघि बढेका थिए। ब्यान्डको व्यवस्थापन र प्राविधिक पक्ष भने अरुण गुरुङले सम्हाले। हाल ६ जनाको बाद्यवादक संलग्न ब्यान्डमा सारंगी बाधक किरण नेपाली भने सन् २००९ ब्यान्डमा आवद्ध भएका हुन्।

ब्यान्डमा पवित महर्जन धिमे, मादल, दमाहा आदि बजाउँछन्, राजु महर्जन मादल, न्याखी, नगरा र खीँ बजाउँछन् भने अरुण मानन्धर तुङ्ना र अरबाजो, सिद्धार्थ महर्जन घुङरू, झ्याली, झ्याम्टा, भुस्या, किरण नेपाली सारंगी र रुबनिकुमार श्रेष्ठ बाँसुरी बजाउँछन्। त्यस्तै, निरज महर्जन ब्यान्डका लाइन म्यानेजरका रूपमा छन्। 'मैले त्यो बेला धेरै ब्यान्डलाई मौलिक नेपाली बाजा पनि बजाउनुस भनें। तर, त्यसमा चासो नदिएपछि आफैं गरी हेरौं न भनेर ब्यान्ड खोलियो र सन् २००४ मे ३ मा कुटुम्बको पहिलो कार्यक्रम भयो। त्यो बेला द्वन्द्वकाल थियो। संगीतको माध्यमबाट केही न केही गरौं भन्ने थियो। देशमा कसरी शान्ती ल्याउने भन्ने थियो। हामीले कार्यक्रम मार्फत विभिन्न समुदाय जोड्ने काम गर्‍यौं' - पवित भन्छन्।

कुटुम्बको चाहना नै नेपालभरका मौलिक बाजा कुनै समुदायले मात्र नभई देशभरका मानिसले बजाउन र सबैले चिनुन रहेछ। 'देशभर करीब दुई सयभन्दा बढी मौलिक बाजा छन्। यबै बाजा देशभरका मान्छेले आफ्नो हो भन्ने धारणा रहोस् भन्ने हाम्रो सोच हो। हामीले मात्र बजाएर सक्दैनौं, हामीले बजाएको देखेर अरूले पनि बजाउन र मौलिक बाजाहरू एक पुस्ताबाट अर्को पुस्तामा पुगोस् लोप नहोस् भन्ने हो'- पवितको भनाइ छ।

स्थापनाकालदेखि नै नेपाली लोक बाजामार्फत् अगाडि बढीरहेको ब्यान्डले सन् २००७ मा सर्च फर कमन ग्राउन्ड नामक संस्थाको सहकार्यमा पूर्वमाओवादी, पूर्वसैनिक, तत्कालीन लिम्बूवान संगठनका कार्यकर्तालगायत विभिन्न क्षेत्रका मानिसबीच अन्तरक्रिया गरेर शान्तिको गीत नामक कार्यक्रममार्फत देशका विभिन्न स्थानको सांगीतिक भ्रमण गरेको थियो। ब्यान्डले त्यो समय जानकी मन्दिरभित्र बाजागाजासहितको कार्यक्रम गरेको थियो। त्यस कार्यक्रमले मधेसी र पहाडीबीचको सम्बन्ध अझ सुमधुर बनाएको पवितको अनुभव छ।

त्यस्तै, ब्यान्डले सन् २०१३ मा मिथिला नाट्य परिषद् (मिनाप) का कालाकारका साथ मिलेर सांगीतिक यात्रा गरेको थियो। विविधताको उत्सव नामक कार्यक्रममार्फत् ब्यान्डले डडेलधुरादेखि फिदिमलगायतका पहाडी क्षेत्रमा गएर बाँसुरी, मादल, धिमे, सारंगीजस्ता बाजा गुञ्जायो। तराईदेखि पहाडसम्मका स्थान भ्रमण गर्दा उनीहरूले त्यहाँका स्थानीय बाजाबा बारेमा जान्ने र सिक्ने मौका पाए। ती बाजा संकलन गर्न थाले। 'हामीले मिनापसँग मिलेर टुर गर्नुअघि धुलिखेलमा देशका विभिन्न भागबाट त्यहाँ प्रचलित स्थानीय बाजाका वाद्यबाधक बोलाएर स्थानीयछ' बाजा र धुन सिक्यौं। त्यसरी टुरमा निस्किँदा हामीले मौलिक नेपाली बाजा लोक धुनको प्रमोसन गर्दै नयाँ जेनेरेसनसम्म पुर्‍याउन र संगीतको माध्यमबाट एक समुदाय र अर्को सदुदाय जोडन् सक्यौं भन्ने लाग्छ, पवित भन्छन्। यसरी सांगीतिक यात्रा निस्किँदा कुटुम्ब जहाँ जहाँ जान्छ त्यहाँका स्थानीय बाद्यवादकहरूलाई पनि स्टेजमा स्थानीय बाजा बजाउन लगाउने गर्छ।

लोप हुन लागेको मौलिक बाजा संगीत र मौलिकताको जगेर्नाका लागि कयौं कार्यक्रम र पहल गर्दै आएको ब्याण्ड सम्पदा संरक्षण र सामाजिक कार्यमा पनि उत्तिकै अडिग छ।

संस्कृति संरक्षण र हस्तानरणका लागि कुटुम्बले स्कुल टु स्कुल कार्यक्रमसमेत गर्दै आएको छ। जसमा ब्यान्डले कुनै स्कुलमा गएर प्रस्तुति दिन्छ र त्यहाँका बालबच्चाले स्वस्फूर्त रूपमा दिएको शैक्षिक सामग्री दुर्गम ठाउँका स्कुले बालबालिकासम्म पुर्‍याउने गर्छ। त्यस्तै, ब्यान्डले प्लेइङ फर हेरिटेज कार्यक्रममार्फत संस्कृति र सम्पदा बचाउने सन्देश दिँदै १ सय ६० वटा कार्यक्रम गरेको छ। अन्य ब्यान्डको सहकार्यमा विभिन्न देशका संगीतकर्मीसमेत सहभागी हुने संगीत महोत्सव ईकोज इन द भ्याली कार्यक्रममा काठमाडौंका स्थानीय र विदेशी कलाकारमाझ प्रस्तुति समेत दिँदै आएको छ। कुटुम्बले नेपाली बाजा बजाउन चाहने विदेशीलाई पनि बाजा सिकाउँदै आएको छ। मौलिक नेपाली बाजाहरूको धुन समावेश ९ वटा एल्बम निकालेका कुटुम्बले एप्स पनि बनाएको छ। जसमा वर्षको ५ सयमा ९ वटा एल्बमको धुन सुन्न मिल्छ। ब्यान्डका सारंगी वादक श्याम नेपालीले सारङ्गी प्रोजेक्ट मार्फत सारंगीको प्रर्वधन गर्दै आएका छन्।

'जताजता जसरी हुन्छ, हाम्रो बाजा देखाउने, सुनाउने र संस्कृति बचाउने हाम्रो लक्ष्य हो। अहिले बाजाको प्रयोग धेरै राम्रो भएको छ। अहिलेको ब्याण्डहरुले पनि नेपाली बाजा समावेश गरेको देख्छु'- पवित हर्ष व्यक्त गर्नुहुन्छ।

कुटुम्बले विदेशमा पनि नेपाली धुन गुञ्जाएर त्यहाँ रहेका नेपालीसँगै विदेशीलाई पनि नेपाली कला र संस्कृतिसँग परिचित समेत गराउँदै आएको छ। 'हामी जहाँ जहाँ जान्छौं, सोही अनुसारको बाजा बजाएर रमाईलो गराउँछौं। विदेशीले बोलाएमा नेपलालाई चिनाउने गर्छौं। नेपालमा भूगोल अनुसारको संगीत छ। तराईमा फास्ट खालको संगीत हुन्छ भने पहाडमा अलि स्लो र हिमाली भेगमा गयौं भने अझ स्लो खालको म्युजिक छ। त्यसैले भूगोल अनुसारको संगीत सुनाएर नेपाली बाजा र धुनको प्रचार गर्छौं' पवित सुनाउँछन् 'अहिलेको पुस्ताले स्वतन्त्रता रुचाउँछ, हामी पनि त्यसैमा जोड दिन्छौं।

हाम्रा कतिपय बाजा, धुन र नाचहरू विशेष अवसरमा मात्र निकालिने गरिन्छ। कतिपय स्थानमा महिलाहरूले बाजा बजाउन नहुने निश्चित नियम बाँधिएको पाइन्छ। हामी फ्रिडमको कुरा गर्छौं, अहिलेको पुस्ताले फ्रिडम मन पराउँछन्। संगीतमा पनि फ्रिडम चाहिन्छ। संगीतलाई निश्चित नियममा बाँधियो भने सबैले प्रयाक्टिस गर्न पाउँदैन। त्यसैले समयअनुसार यसलाई परिमार्जन गर्दै जानुपर्छ। त्यही भएर त अहिले नारीहरु पनि बजाउनमा समावेश हुन थालेको छन्।'

अरु ब्यान्डमा जस्तो कुटुम्ब ब्यान्डमा शुरूदेखि नै भोकलिस्ट छैन। यो ब्यान्डले गीत पनि प्रस्तुत गर्दैन। धुनबाटै सबैलाई लठ्याइदिन्छ। 'हामी समानतामा विश्वास गर्छौं। हाम्रो लागि सबै ब्यान्ड मेम्बर समान छौं। त्यसैले हाम्रोमा कुनै पनि भोकलिस्ट छैन। जसले गर्दा एक जना मात्र हाईलाईट हुदैनन्, सबै जना बराबर हो' पवितले खुलाउनुभयो।

कुटुम्ब जन मानसमा प्यारो हुनुको अर्को कारण हो यसको सरलपन। 'हामी जस्तो छ, त्यस्तैमा बाजा बजाउन तयार हुन्छौं। लोकल ठाउँदेखि क्लबमा गएर पनि बजाउछौं। विदेशी सगीतमात्र बज्ने क्लबमा पनि नेपाली मौलिक बाजाको धुनमा आनन्द लिन मिल्दो रहेछ। त्यस्तै, बाजा बजाउँदा अडियन्स हेरेर बजाउने गरिन्छ। युवा, बालबच्चा बुढाबुढी छन् भने त्यहीअनुसार बजाइन्छ। तराईतिर जाँदा मैथली, अवधी, पश्चिमतिर जाँदा देउडा धुन बजाउँछौं। यसरी हामीलाई हाम्रो बाजाले नै पुग्छ। पश्चिमी बाजा बजाउन पर्छ भन्ने छैन भन्ने सन्देश दिन सकिन्छ। हाम्रो बाजा बजाउन धेरै मिहिनेत गर्नु पर्दैन। कतिले त सानैमा सिकिसकेको हुन्छ। लगानी पनि धेरै छैन र मिहिनेत पनि धेरै पर्दैन। आफ्नैमा भएको मादल बोकेर गयो भने पनि हुन्छ' पवित भन्नुहुन्छ।

कुटुम्बको अबको योजना भने आफ्नो कार्यक्रमलाई विस्तार गर्ने रहेको छ। 'अहिले नेपाली बाजाको प्रयोगमा विशेष गरी काठमाडौं उपत्यकामा धेरै कार्यक्रम गरियो र काठमाडौंका मानिसले बाजाको महत्वबारे पनि बुझेका छन्। नेपालकै अन्य भूभाग पहिचान गरेर कार्यक्रम गर्ने र इन्टरनेसनल एरिनाहरू जहाँ हजारौं दर्शक हुन्छन्। त्यहाँसम्म नेपाली बाजा लिएर कार्यक्रम गर्ने योजना छ। यसमा हामीले वर्कअप पनि गरेका छौं'- पवितले जानकारी गरानुहुन्छ।

नेपाली लोक बाजा मासिनु हुन्न, नेपाल चिनाउने यही हो भन्ने कुटुम्बले प्रस्तुति दिन गएका बेला भेटेसम्म त्यहाँका स्थानिय बाजा आफ्नो साथमा ल्याएर संरक्षण गर्ने गर्छ। सारंगी, मादल, ढोलक, तुङ्नाको, अरबाजोलगायत करिब ६० बाजा संकलन गर्दै कतिपय लोप हुन लागेका बाजाको संरक्षणसमेत यो ब्यान्डले गरिरहेको छ।

'नेपाली मौलिक बाजाको संख्या नै २ सयभन्दा बढी छ। परम्परागत नेवारी बाजा अनेकौं छन्। मादल र बाँसुरी पनि अनेक खालका छन्। कुटुम्बले आफूसँग समावेश गर्न चाहेर पनि नपाएको बाजा भने हुड्क्यौली हो। डमरु आकारको यो बाजा सुदूरपश्चिममा लोकप्रिय र लोप हुन लागेको अवस्थामा पुगेको छ। हामीले लिन खोजेका थियौं, उहाहरूसँग पनि सीमित भएर दिनु भएन' -पवितले दुःखी हुँदै सुनाउनुभयो।





मगर समुदायको संस्कार र संस्कृति जोगाउने योद्धाहरू

ज्ञानेन्द्र पुन मगर
अध्यक्ष, नेपाल मगर संघ केन्द्रीय समिति

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक नेपाल सहिष्णुता, सहअस्तित्व र समानताका आधारमा बलियो सामाजिक सद्भावमा अडिएको छ। बहुलतायुक्त नेपाली समाजमा एक अर्काले गर्ने आदर सम्मानका कारण नेपाली समाज आपसमा मेलमिलापका साथ बसेको छ। कुनै पनि जाति, समाजलाई अप्ठ्यारो पर्दै गर्दा अन्य जाति समाजले साथ सहयोग गर्दछन्।

त्यसैले पनि जुनसुकै जाति समाजबाट सामाजिक र धार्मिक रूपमा विकसित भएको चाड पर्वहरू एक आपसमा मिलेर नै मनाउने गरिन्छ। जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कारमा पनि टोल छिमेकमा बसोबास गर्ने सबैको सहभागिता हुने गर्दछ। त्यस मानेमा पनि नेपाली समाज बहुलतायुक्त भए तापनि मिलेर एकताबद्ध भई बसेका छन्। तथापि, यहाँका राजनैतिक पार्टी र धार्मिक संघ संस्थाहरूले आ-आफ्नो अनुकूलताको स्वार्थपूर्ण कुरा र व्यवहार गर्ने गर्दा समाजभित्र विभाजनको रेखा बन्न खोजेको छ जसको न्यूनीकरण गरिनु पर्दछ।

बहुजातीय नेपाली समाजमा आदिवासी मगर जाति एक प्राचीन र ऐतिहासिक जातिको रूपमा रहेको समुदाय हो। गोरखा राज्य बिस्तार हुँदै विशाल नेपाल बन्नुभन्दा अगाडि मगरात राज्यको राजा भएर राज्यसत्ता सञ्चालन गरेको यस समुदाय पनि नेपाली समाजजस्तै बहुलतायुक्त रहेको छ। यस समुदायको बसोबास प्राचीनकालमा मगरात भूगोल (राप्ती, धवलागिरी, गण्डकी-तल्लो पहाड र लुम्बिनी-पहाडी) भए तापनि हाल ७७ वटै जिल्लामा बसोबास रहेको छ। २०७८को जनगणनाको प्रतिवेदनबमोजिम २० लाख १३ हजार ४ सय ९८ मगरको जनसंख्या देखाए तापनि नेपाल मगर संघले ३० लाखभन्दा बढीको संख्यामा रहेको दाबी गरेको छ। मगर समुदायभित्र भाषिक हिसाबले मगर ढुट, मगर खाम र मगर काईके बोलिने गरिन्छ भने सांस्कृतिक हिसाबले भेगभूगोलबमोजिम बसोबास गर्ने मगरहरूको फरक फरक रहेका छन्।

(क) मगर संस्कृति :

बाह्रमगरात भूगोल, अठारमगरात भूगोल र डोल्पातराली भूगोल गरेर तिनै भूगोलमा बसोबास गर्ने मगरहरूले फरक फरक तरिकाले संस्कृति अवलम्बन गर्ने प्रचलन रहेको छ। बाह्रमगरात भूगोलमा बसोबास गर्ने मगरहरू (विशेषगरी गण्डकी क्षेत्र) ले कौराह (कानराहा), मारुनी नाँच/सोरठी/ठूलो नाच, जिवैमामा/ज्यो मा रे, झाम्रे, रोदी, घाँटु, दिउसुरे आदि संस्कृतिहरू अबलम्बन गर्ने गर्दछन् भने पूर्वी नेपालतिर बसोबास गर्ने मगरहरूले हुर्रा संस्कृति अवलम्बन गर्ने गर्दछन्। त्यसै गरी अठारमगरात भूगोलमा बसोबास गर्ने मगरहरूले भूमे/भुम्या नाच, पैसेरु/पईस्यारु नाच, जौमारे/ज्योमारे, डिग्रे, ज्यामदाबाने, सिंगारु, नचारु, भूमे नाच, सरङ्डे नाच, झामरे (लस्केभाका, तेस्रोभाका, ठाडोभाका, चुड्केभाका), दमाचाला नाच, गर्रा नाच, जोरा नाच, ह्याम्पई नाच, रमा नाच, देउआगो, मारुनी नाच, सिंगारुनाच, सोरठी नाच, पुख्यौलीनाच, भैलोनाच, सराँयनाच, आदि संस्कृति अबलम्बन गर्ने गर्दछन्।

संस्कृतिक हिसाबले वर्षमा दुई याम बनाई माघ १ गतेदेखि उभेली शुरू हुन्छ। उभेली याम ६ महिना (माघ १ देखि असार सम्म) र उधेली याम ६ महिना (साउन १ देखि पौष) सम्मको हुने गर्दछ। माघबाट वसन्त ऋतु सुरुआत हुने हुनाले माघेसंक्रान्तिदेखि ठूलठूलो आवाज निस्कने बाजाहरू बन्द गरिन्छ अर्थात् नचारु आदि नाचहरू बन्द गरिन्छ। किनकि वनमा पालुवा पलाउँछ, चराचुरुङ्गी तथा वनका जनावरहरूले बच्चा हुर्काउने समय भएको हुनाले उक्त अवधिमा जीवजन्तु चराचुरुङ्गीहरूलाई आवाजले असर गर्नुहुँदैन भन्ने मान्यता रहेको छ। यसबाट प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध अनोन्याश्रित छ भन्ने बुझिन्छ।

(ख) मगर संस्कार र चाडपर्व :

मगर संस्कारहरू पनि ठाउँ भूगोल विशेषमा जन्म, विवाह र मृत्यु संस्कार, पूजाआजा, खानपान, भेषभुषा पनि फरक फरक नै रहेका छन्। मगर समुदायमा प्राचीन कालदेखि पितृ प्रकृतिलाई शक्तिपीठको रूपमा पूजाआजा गर्ने गरिन्छ। भूयाँर/भयाँरथान पूजा, भूमे/भूम्या पूजा, पितृथान पूजा, सिद्धथान पूजा, बराहथान, बरजु/बाजेबजै थान पूजा, चण्डी पूजा, आलम पूजा, मोईथान पूजा, कोट-मौला पूजा, देउराली पूजा, कुलकुलायन पूजा, देउली पूजा गर्ने गर्दछन् भने ठाउँ विशेषमा फरक फरक विधिले पूजाआजा गर्ने र बलीदिने प्रचालन छ।

मगर समुदायलाई कुनै धार्मिक समूह विशेषबाट चिनिने भन्दा पनि सांस्कृतिक र जातीय समुदायको रूपमा चिनिने गरिन्छ। तर, प्रकृतिसँग सम्बन्धित अनेक अभ्यासहरू छन्, जुन रैथाने अभ्यास हुन्। संसारमा रहेका प्रायः सबै आदिवासीहरूको कुनै अमुक धर्म हुँदैन भन्ने पनि गरिन्छ। यस कारणले गर्दा यो समुदाय कुनै पनि विषयमा कट्टर देखिँदैन। मगर समुदाय सदैव ईमान्दार र बफादारी हुने भएको हुनाले अह्राएको काम खुरुखुरु गर्नुको कारण पनि उसको कुनै निश्चित धर्ममा कट्टरता नभएर हो भन्ने बुझिन्छ।

फलको आशामा कर्मकाण्डमा नअल्झिएको कारण पनि हो। यस समुदायमा अहिले सम्म कुनै धार्मिक वा सांस्कृतिक झैझगडा देखा परेको छैन। त्यसै गरी मगर समुदायमा प्रथाजनित संस्थाको रूपामा भेजा र तैमाल मुख्या (कचरी) प्रणाली प्रचलनमा छ। यही प्रणालीमार्फत मगर समाज समुदायमा नियमित गरिने खेती प्रणाली, वनजंगलको उपयोग तथा संरक्षण विधि, झैझगडा मिलाउने विधि, उत्पादित अन्नपात र पशुपक्षीको मूल्य निर्धारण विधि आदिको अवलम्बन गरिन्छ।

(घ) मुख्य चाडपर्वहरू र समुदायभित्रका थरहरू :

मगर समुदायले आफ्नो राष्ट्रिय पर्वको रूपमा माघेसंक्रान्ति पर्वलाई मनाउने गर्दछन्। माघेसंक्रान्तिलाई २०६५ सालमा नेपाल सरकारको मन्त्रिपरिषद्ले मगर समुदायको राष्ट्रिय पर्व भनी निर्णय गरेको छ। यस पर्वमा चेली, प्रकृति र पितृको पूजा गर्ने प्रचलन रहेको छ। यस पर्वलाई मगर समुदायले नयाँ आर्थिक वर्षको रूपमा लिने प्रचलन पनि छ। माघ पञ्चमीमा बिउबिजन ख्यारो (जाँच) गर्ने गरिन्छ।

फागुन महिनालाई शिकार गर्ने महिनाको रूपमा लिइन्छ र ज्योमारे नाच नाच्ने र परम्परागत खेलकुद धनुषवाण (ताराखेल्ने) खेल्ने चलन छ। चैते दशैंलाई उभेली दशैं भनिन्छ। जेठासी पुन्ने वा चण्डी पुन्नेमा सिद्धको पूजाआजा गर्ने, न्वागी चाख्ने र पितर पूजा गर्ने गरिन्छ।

असार १ गते भूमे भूम्या पर्व मनाउने गरिन्छ। यस पर्वलाई ठाउँ विशेषमा फरक फरक नामबाट मनाइन्छ। यस पर्वमा भेडाको साँढ बलि दिने गरिन्छ। साउन १ गते साउने सकराई राङ्ख्यातिवार मनाउने, लुतो फाल्ने, मादल बाजा फुकाउने गरिन्छ।

यसै दिनदेखि उधेली याम शुरू हुने नचारु ओखला पस्ने, जल जमिन आगोको पूजा गर्ने गरिन्छ। यसको अलवा मगर समुदायमा भूमे वर्ष, साउनेसकराई पर्व, ज्यूमारे, बलिहाङ तिहार पर्व, पुसे पन्ध्र पर्व, न्वागी पर्व, चण्डी पर्व, मंसिर पूर्णिमा आदि पूजा गर्ने परम्परागत प्रचलन रहेको छ। उपर्युक्त पूजा आजा चालचलन र पद्दति तथा पूजाको नाम ठाउँ विशेषमा फरक फरक हुनेहुनाले एकरूपता नहुन सक्दछ।

मगर समुदायभित्र हजारौं मुख्यथर र थरहरू रहेका छन्। पुन, बुढा, घर्ती, रोका, आले, राना र थापा गरी ७ वटा थरहरूलाई मुख्यथरको रूपमा लिइन्छ भने सारु, पुलामी, सिंजाली, गाहा, पाईजा, गर्बुजा, पाईजा, पहरे, तिलिजा, पूर्जा, चोचाङ्गी, श्रीस, खपाङ्गी, लुंगेली, दर्लामी, नामजाली, रेश्मी, मास्की, दगाई, साई, खाई, भलाई, भलामी, काउछा, बगाले, छन्टेल, भूजेल, उलुङे, सुतपहरे, बैजाली, खप्तरी, भण्डारी, खड्का, हितान आदि गरेर १ हजारभन्दा बढी मगर थरहरू रहेका छन्।

(ङ) संस्कार संस्कृति संरक्षणमा क्रियाशील भइरहेका संस्थाहरू र अभियन्ताहरू :

मगर संस्कार संस्कृति संरक्षण संवर्द्धनका लागि नेपाल मगर संघ र यसको भ्रातृसंस्था मगर सांस्कृतिक संघ, मगर महिला संघ, मगर विद्यार्थी संघ क्रियाशील रहेका छन् यसको सांगठनिक संरचना नेपालका प्रायः सबै जिल्लाहरूमा र तीन सयभन्दा बढी पालिका समितिसमेत गठन क्रियाशील रहेका छन् भने मगर लेखक संघ, मगर युवा संघ, मगर खेलकुद संघ, सम्पर्क समन्वय मगर संघ पनि आ आफ्नो क्षेत्रमा क्रियाशील रहेका छन्।

संस्कार संस्कृति विशेष संस्थाहरू क्रमशः अठार मगर कलाकार संघ, हुर्रा देउसी संरक्षण तथा संवर्द्धन समिति, मौलिक कौराहा संरक्षण समिति नेपाल, पुर्खेउली नाँच संरक्षण नेपाल, कर्वाकेली समाज, पुनमगर समाज, कानुङ लांघाली समाज, रोष गुष्ठा, मगर भेजा समाज, मगर उत्थान समाज, मगर परिवार नेपाल, तकसेरा समाज, भूमे पर्व संरक्षण नेपाल, थवाङ्गी समाज, लुकमेल समाज, अठार मगरात मगर प्रतिष्ठान, भूमे समाज नेपाल, लिसरा सांस्कृतिक समूह, प्रकृति पूजक समाज, सेरोफेरो लांघाली समाज, तैमाल मुख्या संस्था, म्याग्दी मगर समाज, बाजेबजै थान संरक्षण नेपाल, मगर झाँक्री समाज, चेलीवेटी महिला समूह, सोरठी संरक्षण प्रतिष्ठान, सती घाँटु संरक्षण मञ्च, रुङ समाज, भुयाँर थान संरक्षण नेपाल आदि संस्थाहरू रहेका छन् भने संस्कार संस्कृति संरक्षणका लागि संस्कृतिविद् बमकुमारी बुढा मगर, डा. मिन श्रीसमगर, एम.एस थापा मगर, सुरेश आले मगर, लोकबहादुर थापामगर, प्राडा केशरजंग बराल मगर, बलबहादुर घर्ती मगर, नवीन रोका मगर, डा.विष्णु सिंजाली मगर, झकेन्द्र घर्ती मगर, तारा थापा मगर, खड्ग गर्बुजा मगर, कविता आले मगर, खड्ग बुढा मगर, राजेश थापा मगर, सोम राना मगर, जगबहादुर बुढा मगर, हर्क पहरे पुन मगर, बिल पुर्जा पुन मगर, चन्द्रज्योति आले मगर, हर्क आले मगर, मेखबहादुर सारु मगर, बलवीर थापा मगर, बलविक्रम थापा मगर, कृष्ण थापा मगर, तिलक रोका मगर, गोपाल पुन मगर, कविराज मगर, प्रसाद खप्तरी मगर, हर्क घर्ती मगर, मदन रोका मगर, तिर्शना घर्ती मगर, दिपसागर थापा मगर, श्रीराम थापा मगर, चन्द्रबहादुर थापा मगर आदि अभियन्ताहरू मगर मौलिक संस्कृति संरक्षणमा विगत लामो समय देखि क्रियाशील हुनुहुन्छ।

(च) समस्या तथा चुनौतीहरू :

१) बसाइँ सराइले संस्कार संस्कृति संरक्षण नभई लोप हुने अवस्थामा छ।
२) पुराना र पाको पुस्ताले नयाँ र युवा पुस्तालाई पुस्तान्तरण अर्थात हस्तान्तरण गर्ने यथोचित वातावरण नहुनु।
३) संस्कार संस्कृति संरक्षण संवर्द्धन गर्ने नेपाल सरकारको यथोचित नीति, योजना र कार्यक्रमहरू नबन्नु।
४) विद्यालय तथा विश्वविद्यालय तहमा संस्कार संस्कृतिको बारेमा पाठ्क्रमहरू नबन्नु।
५) आफ्नो मौलिकता बचाउने भन्दा पनि युवा पुस्ताहरू आर्थिक उपार्जनका लागि आफ्नो सबै समय खर्चिनु।
६) नेपाली संस्कार संस्कृतिको बारेमा सञ्चार जगतले स्थान नदिनु।

(छ) संरक्षण संवर्द्धन उपायहरू :

मगर समुदाय पृथक सामाजिक संरचना भएको समुदाय भएको हुनाले मगरात सभ्यताको जगबाट विकसित भएको यस समुदायमा उत्पत्तिको अवधिमा एकै प्रकारको संस्कार संस्कृति भेषभुषा, रहनसहन, रीतिथिति, चालचलन, प्रथा प्रचलन भए तापनि शिक्षा, स्वास्थ्य, रोजगारी तथा विविध अवसरहरूका कारण मगरहरू बसाइँसराई गर्न बाध्य भए फलस्वरूप मगर समुदायमा भाषिक, सांस्कृतिक, थरगत, भेषभुषा, संस्कार रीतिरिवाजहरूमा फरकपनहरू देखिएका छन्।

फरक क्षेत्र भूगोलमा बसोबास गर्ने मगरहरूमा उक्त भूगोलको सामाजिक परिवेशअनुसार पनि संस्कार संस्कृतिमा फरकपन देखिएको छ। आजको दिनमा मगर समुदायको विविध पक्षहरूमा देखिएका फरकपनहरूको मौलिक पक्षको संरक्षण संवर्द्धन गर्न युवा पुस्ताहरूलाई पुस्तान्तरण गर्नका लागि ठोस कार्ययोजना बनाएर काम गर्नुपर्ने छ।

मगरभित्र भएको विविधता समस्या नभई सम्पत्तिको रूपमा आत्मसात गरिएको छ। नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने हो भने पर्यटकहरू नेपालमा कि प्रकृति हेर्न आउँछन् कि त संस्कृति हेर्न आउँछन्। प्रकृति स्वनिर्मित हुनेभए तापनि संस्कृति मानव समुदाय निर्मित हुन्छ। नेपाल सरकारको संस्कृति संरक्षण संवर्द्धन गर्ने यथोचित नीति कार्यक्रम नहुँदा, बसाइँ सराइको प्रभाव र युवा पुस्ताको संस्कृति संरक्षणमा कम प्राथमिकता हुँदा मगर मौलिक संस्कार संस्कृतिहरू छिट्टै नै लोप हुने देखिन्छ। नेपाल मगर संघले आफ्नै बलबुताले संरक्षणका लागि जागरण कार्यक्रम गर्ने र यसको दस्तावेजीकरण गर्ने कार्य गरिरहे तापनि पूर्ण छैन। त्यसैले संस्कृति बच्यो भने देश बच्छ भन्ने मान्यतालाई आत्मसात गरी नेपाल सरकारले पनि विशेष नीति कार्यक्रम बनाउनु पर्दछ र मगर समुदायले संस्कार संस्कृति बचाउनुपर्दछ। यसको लागि हामी सबै लागौं।

CELEBRATING 41 कामना GLORIOUS YEARS
नेपाल समाचारपत्र

- कुमारी प्रथा र सर्वोच्चको निर्णय
- गीतमा भजन मिसाएर लोकप्रियता कमाउँदै कुम सागर
- नेपालको मौलिक संस्कृति संरक्षणमा देखिएका चुनौती
- जात्रापर्वमा आफैंले बाजा बजाउँदा आत्मसन्तुष्टि मिल्छ

रातो मच्छिन्द्रनाथः

जसमा धेरै सांस्कृतिक अभियन्ताहरू जोडिए

सुनील महर्जन

पृथबिन्दु महर्जनले पाँच वर्षयता संस्कृति, सम्पदासँग सम्बन्धित थुप्रै विषयहरू उठान गरिसक्नुभएको छ। उठाइएका धेरै विषय सम्बोधन पनि भएको छ। तर, पनि उहाँलाई धेरैले ललितपुरको रातो मच्छिन्द्रनाथको अभियन्ताका रूपमा चिनेका छन्।

हुनत उहाँ अहिले ललितपुर-११ बंगलामुखीस्थित मिसा हिटीमा ऐतिहासिक मूर्ति चोरी हुँदा प्रहरी प्रशासन धाउन्ने मात्र नभई पुरातत्व विभागसँग समन्वय गरी चोरी भएको मूर्ति पुनःस्थापनाका लागि उतिकै खटिरहनुभएको छ। एक समय पुल्चोकस्थित समय फल्चा (पाटी) बनाउनुपर्ने पक्षमा लागेका महर्जन अहिले ऐतिहासिक कमलपोखरीको जग्गा मिचेर बनाएको छाया सेन्टरका विरुद्ध कानुनी तथा सडक संघर्षमा पनि सक्रिय रहनुभएको छ।

तैपनि महर्जनलाई काठमाडौं उपत्यकामाझ रातो मच्छिन्द्रनाथको अभियन्ताको रूपमा चिनिनुमा रातो मच्छिन्द्रनाथको २०७७ सालको रथयात्राको सन्दर्भ जोडिएकोले हो। त्यही सन्दर्भमा महर्जनलाई एक सातासम्म प्रहरी हिरासतमा राखिएको थियो।

कोरोना महामारी नियन्त्रण गर्न सरकारले २०७७ चैत्र ११ गते मंगलबारदेखि पहिलोपटक लकडाउनको घोषणा गरेको थियो। रातो मच्छिन्द्रनाथको रथ निर्माण गर्ने साइत २०७७ चैत २७ गते परेको थियो। सो दिन स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी रातो मच्छिन्द्रनाथको स्नान गराइएको थियो। तर, कोरोना महामारीका कारण रथ बन्न सकेको थिएन। पछि रथ बनाउने भनेर पूजा गरिएको थियो। यसले जात्रा होला कि नहोला भन्ने अन्यौल नै थियो। यसअघि वैशाख ११ गते बसेको सरोकारवालाको बैठकले जेठ ११ गते रथ बनाउने भने जेठ ९ गते ललितपुर महानगरपालिकामा बसेको सरोकारवालाको बैठकले त्यसलाई स्थगित गरी उपयुक्त समयमा रथ निर्माण गर्ने भनेर निर्णय गरेको थियो।

यसैबीच असार १० गते लकडाउन खुकुलो भएका बेला गुठी संस्थानले रथ बनाउने काम शुरू गर्न अनुमति दियो। सम्बन्धित गुठियारहरूले क्षमा पूजा गरी दिनरात रथ बनाउनमा लागे। रथ बनाउन सकिएपछि असार २४ गते देवतालाई रथमा विराजमान गराउने भनिएकोमा त्यसको अघिल्लो दिन असार २३ गते जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले रथारोहण कार्य स्थगित गरियो। त्यसपछि श्रावण ७ गते रथारोहण गर्ने भनिएकोमा श्रावण ६ गते बसेको बैठकले त्यसलाई स्थगित गरेको थियो।

त्यसपछि जिल्ला प्रशासन कार्यालयको निर्देशनमा संस्थानले पटक-पटक रथारोहणको साइत तोक्ने र पछि सार्ने काम गरिरह्यो। त्यसपछि सरोकावालाहरूको आग्रहअनुरूप महानगरपालिकामा बसेको बैठक अनुसार श्रावण १० गते रथारोहण गरियो। जात्रा हुने कि नहुने अन्यौल थियो। त्यसदिनदेखि भदौ १८ गतेसम्म रथयात्राको टुंगो लागेको थिएन।

विधिपूर्वक रथारोहण पछि रथयात्रा हुनेमा स्थानीय ढुक्क भए। तर, यति हुँदा पनि रथयात्रा शुरू गरिएन। बरू रातो मच्छिन्द्रनाथलाई महिनौंदेखि बीच सडकमा अलपत्र छाडियो। यही विषयमा महर्जनले सामाजिक सञ्जालमार्फत् लगातार ध्यानाकर्षण गर्दै आउनुभएको थियो। भने अर्का अभियन्ता रवि शाक्य भने सामाजिक सञ्जाल, युट्युब च्यानल, र विभिन्न सञ्चारमाध्यमबाट रथयात्राको अन्योलको विषयमा आफ्ना धारणा राख्दै आउनुभएको थियो। त्यसले जनतास्तरमा एकखालको धारणा बनाउन निकै सघाएको थियो।

हुन त कोरोना कालमा उपत्यकाका अन्य जात्राहरू भएका थिएनन्। तर, ललितपुरमा भने रातो मच्छिन्द्रनाथको स्नानदेखि रथ बनाउने तथा रथारोहण गरिएको थियो। रथारोहणको प्रक्रिया पूरा भएपछि त्यसपछि रथथात्रा हुनुपर्ने हो, तर प्रशासनले रथयात्राको लागि अनुमति दिएको थिएन। यदि, रथ नै नबनाएको भए रथारोहण र रथयात्राको कुरौ नै आउँदैन थियो। रथ बनाइसकेपछि त्यसलाई परम्पराअनुसार तान्नुपर्ने थियो। यसमा अनिर्णयको बन्दी हुनुभएन भन्ने अभियन्ताहरूको कथन थियो। रथ निर्माण गर्ने बाराही, रथ निर्माणमा बेतबाँसको काम गने यँग्वाल, पुजारी पानेजु, रथमा मोड्ने घकू, ज्योतिषीहरू सबै यही धारणा थियो। यी धारणाहरू सामाजिक सञ्जालमा लगातार आइरहेका थिए।

लकडाउनको समयमा कोरोना महामारी नियन्त्रणको शर्तमा प्रशासनले नागरिक स्वतन्त्रता समेत केही बन्देज लगाएको थियो। त्यसले गर्दा रातो मच्छिन्द्रनाथको महास्नानदेखि रथारोहणसम्मको प्रक्रियामा प्रशासनको निर्णायक भूमिका थियो। परम्परामा बढी नै प्रशासनीकरण भएको महसुस गरिएको थियो। कतिपय सरकारी निकायहरूले यसलाई सहज रूपमा लिएका थिए भने कतिले दोहोरो भूमिका निर्वाह गरेका थिए। स्थानीय तह गैर जिम्मेवार देखिएका थिए। त्यसप्रति सम्बद्ध गुठीयारहरूलाई पटक्कै चित्त बुझेको थिएन।

परापूर्वकालदेखिको जात्रा बीचैमा रोकिँदा र आफ्नो आस्थाको केन्द्र रातो मच्छिन्द्रनाथलाई बीच सडकमा छाडिँदा गुठियारहरू चिन्तित र आक्रोशित भए। उनीहरूले कोरोना महामारीको जोखिम ख्याल राख्दै सुरक्षा उपाय अपनाएर

> ‘लकडाउनको समयमा कोरोना महामारी नियन्त्रणको शर्तमा प्रशासनले नागरिक स्वतन्त्रता समेत केही बन्देज लगाएको थियो। त्यसले गर्दा रातो मच्छिन्द्रनाथको महास्नानदेखि रथारोहणसम्मको प्रक्रियामा प्रशासनको निर्णायक भूमिका थियो।

जसरी पनि जात्रा सम्पन्न गर्न सरकारसँग आग्रह गरे। कफ्र्यू लगाएर कसैलाई घरबाट निस्कन नदिई रथयात्रा चलाउन पनि उनीहरूले प्रस्ताव गरेका थिए।

यही क्रममा रातो मच्छिन्द्रनाथका मूल पुजारी (पानेजु) कपिलमुनि बज्राचार्यका तर्फबाट कफ्र्यू वा निषेधाज्ञा लगाएर भए पनि रथयात्रा गराउन राष्ट्रपतिका नाममा लिखित आग्रह पेस गरियो। कसरी सुरक्षित रथयात्रा गराउने भनेर खाका समेत पेस गरिएको थियो।

कोरोनाको जोखिम हेरेर सुरक्षित रूपमा रथयात्रा सम्पन्न गर्न सरकारलाई पटक - पटक सुझाव दिएका थियौं। संक्रमण फैलिने जोखिम छ भने रथ तान्नेहरूको पीसीआर परीक्षण गराएर जात्रा सञ्चालन गरौं पनि भनेको हो। कफ्र्यू लगाएर अरू कसैलाई आउन नदिउँ पनि भनेको हो। सरकारले हाम्रो कुनै कुरा सुनेको थिएन’ उहाँले भन्नुभयो। यसमा रथयात्रामा ललितपुर महानगरपालिकाको कुनै भूमिका नहुने भन्दै बीचमै पन्छिएको थियो। प्रशासनले कुनै सुनुवाइ गरेन।

यसबीचमा रातो मच्छिन्द्रनाथको रथ पुल्चोकमा राखेर महिनौं दिन अनिर्णयको बन्दीमा रहेको अवस्थामा २०७७ भदौ १८ गते बिहीबार बिहान ११ बजे रथयात्राको बारेमा निर्णय गर्न सरोकारवालासहित गुठी संस्थान केन्द्रीय कार्यालयमा अन्तिमपटक निर्णायक बैठक बस्ने तय भएको थियो। सरोकारवालालाई दबाब दिने उद्देश्यले अभियन्ता महर्जनको अगुवाइमा पुल्चोकमा मच्छिन्द्रनाथको रथ सामुन्ने सोही दिन बिहान ९ बजे शान्तिपूर्ण धर्ना कार्यक्रम चलिरहेको थियो। सामाजिक सञ्जालको माध्यमबाट त्यसको जानकारी पाएर स्वस्फूर्त रूपमा ती युवाहरू त्यहाँ जम्मा भएका थिए। उनीहरूले हातमा प्ले कार्ड लिएर प्रदर्शन गरेका थिए।

गुठी संस्थानमा बिहान ११ बजे बोलाइएको बैठक पनि १ बजेको लागि सऱ्यो भन्ने सूचना आउने बितिक्कै धर्नामा भेला भएका युवावर्गको सरोकारवालाप्रति भरोसा टुटेको थियो। पटक पटक बैठक बस्ने अनि निर्णय नगर्ने स्थितिले हैरानी भएका युवाहरू अन्तिम निर्णायक भनेर बोलाइएको बैठक पनि निर्णायक नभएपछि आक्रोशित हुँदै रथ तान्न शुरू गरेका थिए। रथ तान्ने खोजेको भिडियो सामाजिक सञ्जालबाट धमाधम लाइभ गरिएपछि करिब आधा घण्टा अवधिमा हजारौं युवाहरू स्वस्फूर्त रूपमा रथ तान्न पुल्चोकमा आएका थिए।

» क्रमशः पृष्ठ १८ मा

कुमारी प्रथा र सर्वोच्चको निर्णय

प्राडा चुन्दा वज्राचार्य

परिवार पढेलेखेको भएको र विद्यालय तहदेखि आईए, विए नेपाल भाषा र थप विषय अर्थशास्त्रमा पनि गरेको थिए। मास्टर्स गर्न इलेक्टीभमा ६क्रेडिट आवर पुग्नुपर्ने हुन्छ। तर, त्रिविको कोर्समै क्रेडिट ६ राख्नुपर्नेमा ५ मात्र राखेर पढाइमै स्कोर नपुगेको भनेर त्रिविले अल्झायो। लामो लडाईंपछि प्रोफेसर त दियो पोखराको लागि तर परिवारबाट अनुमति पाइन। एउटा विषयमा मास्टर्स गरेपछि अर्को विषयमा डिप्लोमा भए पनि पढाउन पाउने नियम बन्यो। पाटन क्याम्पसमा रुटिन दिइसकेको भोलिपल्ट जाँदा डिन कार्यालयबाट सधैं अनुमति लिएर अर्कै व्यक्ति गइसकेछन्। त्यसपछि नेपाल भाषाको मास्टर्स गर्न टीयूमा निवेदन दिन जाँदा क्रेडिट आवर पुगेन भन्यो। गल्ती टीयूको सजाय हामीले किन भोग्ने भनेर लडाईं लडें। मैले पढाएको विद्यार्थीले मास्टर्स पढ्न पाउने मैले पढन नपाउने कहाँ छ भनेर मंगलराज जोशीसँग बहस गरेपछि नीति संशोधन भयो र मैले नेपाल भाषामा मास्टर्स गरें। म नेपाल भाषा नै पढ्छु भनेर लागें र आफ्नो पहिचान दिन पनि सजिलो भयो।

नेपाल भाषा पढेकाले मैले धनबहादुर सरसँग संस्कृतिसम्बन्धी इन्साइक्लोपेडिया निकाल्दा कमल प्रकाश मल्लले हेर्ने जिम्मा दिनुभयो। त्यतिबेला निकालेकै इन्साइक्लोपेडियाबाट नेवा इन्साइक्लोपेडिया निक्लियो। यसमा पनि सांस्कृतिक पक्षमा म संयोजक भएर निकाल्यौं। त्यस्तै, बृहत् राष्ट्रिय इतिहासमा पनि ईश्वरलाल प्रधानांग, त्रिरत्न मानन्धर माडसाब, तुल्सीराम वैद्यलगायत थुप्रै विद्वानसँग बसेर काम गर्ने अवसर पाए। मलाई नेपाल भाषामा प्रोत्साहन दिने धनबज्र बज्राचार्य सर नै हो। धरपउ, अभिलेख, घटनामा केन्द्रित भएर काम गर्न उहाँले नै मलाई हौस्याउनुभयो। यसरी थुप्रै सामग्री संकलन गरी नेपाल भाषाको इतिहास बुझ्ने र काम गर्ने अवसर पाएँ।

नेपाल भाषामा कमलप्रकाश मल्लले आर्टिकल राम्रो छ भन्नुभयो तर मेरो आर्टिकल आएन। कसैले मलाई नेपाल भाषामा पहिलो हुनलाई रोक लगाउन खोज्यो र अर्कैलाई छनोट गरियो। त्यसपछि जो महिलालाई पीएचडीको लागि छनोट गरेको थियो उहाँसँग एउटा कार्यक्रममा मेरो भेटभयो। मैले पीएचडीको काम कति सकियो भनेर सोधे। उनले परिचयको च्याप्टर नै सकिएको छैन भनिन्।

त्यसपछि म फेरि नेपाल भाषामा पीएचडी गर्छु भनेर आधुनिक नाटक महिला सम्बन्धी, पूर्णाकीमा गर्छु भनेर लागे। त्यतिनै बेला विज्ञापन पनि आयो मैले विश्व विद्यालयलाई नै चुनौती दिन पहिलाको एउटा पनि आर्टिकल राखिन सबै नयाँ बनाएँ। पहिला पावर पोल्टिक्समा अर्को महिला छनोट हुनु भएको थियो। मेरो स्ट्याटिजी जसरी पनि नेवारी भाषामै पीएचडी गर्ने थियो। यस्तो कुरा टीयूले बुझ्ने कुरै भएन।

यसैबीचमा छात्रवृत्ति पनि निस्कियो। त्यतिबेला पीएचडी गर्दा पहिला अस्थाई र एक वर्ष पछिमात्र स्थायी दर्ता हुन्थ्यो। स्थायीको एकबर्ष कुर्ने समयमा मैले नाटक साहित्यको इतिहास लेख्न टीयूमै अप्लाई गरे, त्यो अप्रुभ भयो। यसले ऐतिहासिक पृष्ठभूमिका लागि जति सामग्रीहरू संकलन गर्नुपर्ने हो त्यो सबै सामग्री यही अवधिमा संकलन गरें। पीएचडी गर्न एउटा एक्स्ट्रा ब्यागग्राउन्ड पनि चाहिन्थ्यो। यो १ वर्षको अवधिमा प्रोजेक्ट पनि सकियो र सामग्री संकलन गर्ने काम र ऐतिहासिक ब्यागग्राउन्ड गरी दुईवटा काम एकैपटक सकियो।

मेरो ३ वर्षको छात्रवृत्ति थियो। तर, काम पहिला नै सकिएकोले २ वर्षमै सकियो। छात्रवृत्तिमा वर्षमा यो यो कामको यति यति बजेट भनेर शीर्षकअनुसार तोकिएको हुन्थ्यो। मेरो थेसिर प्रिन्ट गर्न तोकिएको बजेट र बुक मोटो नै थियो। मैले काम फटाफट सकेर साढे २ वर्षमा थेसिस सकेर बुझाएँ। शुरूमा ६ सयको छात्रवृत्ति बढेर १ हजार भयो। पहिला गरेको प्रोजेक्टमा पनि पैसा नै आउने भयो। त्यसले गर्दा मैले पाएको छात्रवृत्ति पुरै मलाई खर्च गर्नुपरेन र टीयूलाई फाइदा भयो। यसरी लिट्रेचरमा नेपाल भाषामा पीएचडी गर्ने पहिलो महिला म नै भएँ। भित्री चाहना भयो भने गर्न सकिन्छ भन्ने यो एउटा उदाहरण हो। यस अघि लेक्चरल, प्रोफेसर हुनलाई निकै सघर्ष गरी मुद्दा नै हाल्नुपर्यो। म कुनै पार्टीमा पनि नलागेको र कडा मिजासको भएका कारण छनोटमा पर्न गाह्रो थियो। आफ्नो इकोनोमिक क्यारियर बनाउन कडा र मिहिनेती हुनैपर्छ। अध्ययन गर्ने, पढ्ने र लगनशील भएर अघि बढ्नेका अगाडि जस्तासुकै चुनौती पनि सामान्य भएर जान्छ।

कुमारी प्रथा

कुमारी प्रथाको इतिहास धेरै पुरानो छ। कुमारीको विरोधमा शुरूमा नेकपा एमालेको तर्फबाट विद्या भण्डारी नै लाग्नुभयो। उहाँलगायत कुमारीको संस्कृति नबुझ्नेहरूले हेर्ने दृष्टिकोण फरक छ। कुमारी प्रथा बुझ्नेले सम्मान पूर्वक हेर्छन्। कुमारी भनेको श्रीशक्ति हो। एकपटक अस्मितामा महिला सशक्ति करण भनेको कुमारी हो भनेर मैले लेखेको थिएँ। इन्द्र जात्रा भनेकै श्रीशक्तिको प्रदर्शन हो। कुमारीको जात्रा श्रीशक्तिको नै जात्रा हो भनेर लेखेको छु।

नेवार समुदाय बुद्धिस्ट या हिन्दु जे भए पनि कुमारीलाई आफ्नै तरिकाले मान्छन्। हिन्दुहरूले तलेजु भवानीको रूपमा मान्छन्। बुद्धिष्टहरूले कुमारी महिला शक्तिमा सर्वशक्ति एकीकृत हुने शक्ति भनेको कुमारी भन्ने मान्यता साथ मान्छन्। कुमारी भनेको बसुन्धरा धनको देवी हो। पहिलो पृथ्वीबाट निस्कने धनको प्रतिकको रूपमा कुमारी मानिन्छ। अर्को खानीबाट निस्कने खनिज लक्ष्मी, समुन्द्रको तलबाट निस्कने मोती, मुगाजस्ता चीज धन हो। नवरत्नको रत्नहरू जुन पानी मुनीको सम्पत्ति हो। यो तीनवटाको स्वरूप बसुन्धरा हो। बसुन्धरा भनेको पनि कुमारीकै प्रतीक हो। अजिमा, बज्रयोगिनी कुमारी हो। सरस्वती, श्रीदेवी कुमारी हो। जन्मेदेखि मृत्युसम्मको ठुलो ठूलो पुजा गर्नुपर्दा पनि कुमारीलाई नै पुजा गर्नुपर्छ। बुद्धिष्टहरू र हिन्दुहरू दुवैले कुमारीलाई देउताकै रूपमा मान्छौं। जति पनि अजिमा छ आफ्ना आफ्नै विशेषताको छ त्यो शक्ति प्रदान गर्ने कुमारी नै हो। श्रीदेवीको एकारूप भनेको कुमारी हो।

कुमारी भनेको हाम्रो दिमागमा देउताको, धर्मको फिलोसपी हो। साधारणतया ई नगरेको केही थाहा नपाएको स्वच्छ दैवी शक्ति भएका जे बोल्छन् सत्य बोल्छन् त्यस्ता बालिका हुन्। नेवारी समाजमा कुमारी भनेको पाटनको, वसन्तपुरको अहिले जो आशनमा बसिरहेको हो त्यो नै कुमारी हो भन्नेछ। तर त्यो मात्र होइन जो ई नगरेका बालिकाहरू छन् ती सबै कुमारी हुन्। कुमारीको इस्यु भएको बेला मानव अधिकारवादीहरू, सिविनका गौरी प्रधानलगायतका व्यक्तिहरूलाई राखेर समस्याको समाधानका लागि छलफल गरेका थियौं। त्यतिबेला गौरी प्रधानले सडक बालिकाहरू पनि कुमारी हो र भन्ने प्रश्न गर्नुभयो। मैल ती पनि बालिका हुन र कुमारी नै हुन भनेको थिए। नेवारी समाजमा बालिकाहरू सबैलाई ई गर्नु पहिला कुमारी नै मान्छौं। यो फिलोसपी नेवारको मात्र होइन। अझ बालिकामात्र कुमारी मान्ने नभई बालकहरूलाई पनि कुमारको रूपमा मान्छौं। इन्द्र जात्राको बेलामा गणेश कुमार हुन्छन्। कुमारी एक जना केटी हुन्छ। कुमार केटा र कुमारी केटीलाई समान रूपमा देउताको रूपमा मान्छन्। बच्चा बच्चीहरूलाई देउताको रूपमा मान्ने भनेको नराम्रो होइन। बच्चाहरूसँग दैवीय शक्ति भएकाले उनीहरूले जे भन्यो त्योअनुसार जीवन चलाउन लगायो भने ठीक ठाउँमा जान्छ। त्यसैले सबै बच्चा र बच्चीहरू कुमार कुमारी हो र उनीहरूमा दैवीय शक्ति हुन्छ।

जतिबेला कुमारीको इस्यु उठ्यो आवाज उठाउनेहरूले कुमारीको महत्व र दैवी शक्तिका बारेमा बुझेर आउन सकेको थिएन। अहिलेका कुमारीहरू कुमारीको दैवी शक्ति र महत्वका बारेमा आफैं बोल्छन्। पाटनको कुमारी एसएलसी दिँदा त्यतिबेलै डिस्टिन्सन ल्याएको। पाटनको कुमारी पनि बाहिर जाँदैनन् र शिक्षकले त्यही आएर पढाउने र जाँच लिने गर्छन्। अहिले उनले बोल्दा म त छिरिङै हुन्छु। उनले दैवी शक्ति छ भन्छिन्। उनले उदाहरण दिएको दरबार हत्याकाण्ड हुनुभन्दा अगाडि उनी रोएको रोएकै। बस्दा, खाँदा, पढ्दा जतिबेलै रोएको रोएकै अनवरत रूपमा आँशु आएको आएकै भयो रे। ३ दिन सम्म पाटन र काठमाडौंको कुमारीलाई पनि त्यही भयो रे। यो संकेतको रूपमा देखा परेको हो रे। क्षमापूजा गर्न आमाहरूले सामग्री तयारी गरेको थियो रे पूजा गर्न नपाउँदै राति दरबार हत्याकाण्ड भयो। सुतीराखेको कुमारी जुरुक्क उठेर अब मेरो काम सकियो भनेर हाँसेर सुत्यो रे। आँशु पनि रोकियो।

काठमाडौं कहिल्यै डुबानमा परेको थिएन यही अशोज १२ गतेको भीषण वर्षामा डुब्यो। इन्द्रजात्रामा कुमारी खसेको, गणेश रिसाएको रोएको र अर्को एकजना कुमारी आँसु नै झारेर रोएका थिए। कुमारी हाँस्नु र रुनु भनेको अनिष्ठ हुन्छ भन्छन् त्यो डुबानलगायत धनजनको क्षतिले देखाउँछ। इन्द्रजात्रालगत्तै काठमाडौंलगायत विभिन्न जिल्लाहरूका बाढी, पहिरो आयो ठूलो धनजनको क्षति भयो। त्यतिबेला दोलखा भीमसेनमा पसिना आयो।

क्रमशः पृष्ठ २७ मा

जनक शिक्षा सामग्री केन्द्र लि.को गौरवमय इतिहास

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड शिक्षा क्षेत्रमा योग्य र प्रशिक्षित जनशक्ति उत्पादन गर्ने उद्देश्यले विसं. २०१२ सालमा स्थापना भएको हो। यसले शिक्षक-प्रशिक्षण तालिम सामग्री उत्पादन गर्दै यात्रा शुभारम्भ गरेको थियो। शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्रका रूपमा रहेका संस्था विसं. २०१८ सालमा एकीकृत भए, विसं. २०२८ सालमा नयाँ शिक्षाको तर्जुमा भए पश्चात् सम्पूर्ण विद्यालयस्तरीय पाठ्यपुस्तक उत्पादन गरी बिक्री-वितरण गर्ने जिम्मेवारी यस केन्द्रले पायो। नेपाल सरकारको शिक्षा नीतिको उद्देश्य परिपूर्तिका निमित्त आवश्यक पाठ्यपुस्तक उत्पादन गरी उचित मूल्यमा उपलब्ध गराउनु यसको प्रमुख जिम्मेवारी भयो। केन्द्रले सेवामूलक संस्थाको रूपमा स्थापना कालदेखि देशको शिक्षा क्षेत्रमा जनताप्रति उत्तरदायी रही सरकारको सहयोगी संस्थाको रूपमा आफ्नो व्यावसायिक कार्य गर्दै आइरहेको छ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐनअनुसार विसं. २०३५ साल आश्विन ८ गते कम्पनीको रूपमा विधिवत स्थापना भएको यस संस्थाको अधिकृत पुँजी ५० करोड तथा चुक्ता पुँजी ४५ करोड ६३ लाख रुपियाँ रहेको छ। मध्यपुर थिमी नगरपालिका वडा नं. २ सानोठिमी, भक्तपुरमा २ सय ३५ रोपनी क्षेत्रफलमा केन्द्रीय कार्यालयसहित विराटनगर, भरतपुर, पोखरा, नेपालगन्ज र धनगढीमा आफ्नै जग्गामा कार्यालय भवन र गोदाम रहेको छ। जनकपुर, बुटवल र सुर्खेतमा भाडामा कार्यालय भवन तथा गोदाम लिई सबै प्रदेशहरूमा कार्यालय सञ्चालन गरिएको छ। पाठ्यपुस्तक उत्पादन गर्ने आधुनिक प्रेस केन्द्रीय कार्यालयमा रहेकोमा प्रादेशिक स्तरमा पनि प्रेस सञ्चालन गर्दै लगिने योजना मुताविक लुम्बिनी प्रदेशको बाँके जिल्लाको खजुरामा भवन तथा गोदाम निर्माण भइसकेको छ। छिट्टै प्रेस मेसिन जडान गरी सञ्चालन गर्ने प्रक्रियामा रहेको छ।

देशभरिका विद्यालयस्तरीय कक्षा १ देखि कक्षा १२ सम्मका पाठ्यपुस्तक वार्षिक २ करोड ५० लाख थान उत्पादन गरी बिक्रीबितरण गरिदै आएको केन्द्रमा अत्याधुनिक ४ रङमा छपाइ गर्ने मेसिन उपकरणबाट दैनिक ३ लाख थान पाठ्यपुस्तक उत्पादन गर्ने क्षमता रहेको छ। गुणस्तरीय पाठ्यपुस्तक उत्पादन गर्नका लागि पुराना मेसिन विस्थापित गरी नयाँ रंगिन छपाइ गर्ने मेसिनहरू जडान गरिएको छ। पाठ्यपुस्तक उत्पादन गर्ने केन्द्रको मुख्य कार्य भए पनि सुरक्षण छपाइसम्बन्धी कार्य गर्न छुट्टै सुरक्षण भवन निर्माण गरी उक्त भवनमा आधुनिक मेसिन उपकरण जडान गरिएको छ। राष्ट्रिय परीक्षा बोर्डका प्रश्नपत्र, उत्तरपुस्तिका, राष्ट्रिय चिकित्सा शिक्षा आयोगका प्रवेश परीक्षाका प्रश्नपत्र, यातायात कार्यालयहरूका ई-बिल, निर्वाचन आयोगका मतपत्र यस केन्द्रबाट नै नियमित छपाइ हुँदै आइरहेको छ। केन्द्रमा रहेको सुरक्षण छपाइ कार्यको विस्तार गरी आन्तरिक राजस्व विभागको चुरोट र मदिराजन्य पदार्थमा प्रयोग हुने अन्त:शुल्क स्टिकर आव. २०७७।७८ देखि २०८०।८१ सम्म सुरक्षण प्रावधानसहित सुरक्षितरूपमा छपाइ कार्य सम्पन्न गरेको छ। आव. २०८०।८१ मा हुलाक टिकट र जग्गाधनी दर्ता प्रमाणपत्रको छपाई कार्य समेत सुरक्षण प्रावधान सहति सम्पन्न गरेको छ। सुरक्षण मुद्रण ऐन लागू भएपछि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१।७।८ को निर्णय अनुसार यस केन्द्रले हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाणपत्र र भीसा स्टिकरको छपाई कार्यको स्वीकृति पाएको छ।

पाठ्यपुस्तक उत्पादनका लागि आवश्यक हुने कागज, मसी, केमिकल्स तथा अन्य कच्चा पदार्थहरूको मूल्यवृद्धि वर्षेनि हुने लामो समयसम्म पाठ्यपुस्तकको मूल्य समायोजन नहुँदा आ.व. २०६३।६४ देखि २०७३।७४ सम्म केन्द्र लगातार घाटामा सञ्चालन भएको थियो। पाठ्यपुस्तक बिक्रीका साथसाथै, सुरक्षण छपाइबाट थप आयआर्जन गरी सञ्चित घाटालाई क्रमश: कम गर्दै लगिने गरी योजना ल्याइएकोमा आ.व. २०७४।७५ देखि आ.व. २०७९।८० सम्म रु. ११४ करोड नाफा आर्जन गर्न सफल भएको छ। आगामी शैक्षिक सत्रका पाठ्यपुस्तक समयमै उत्पादन गरी बिक्री-वितरण गर्नका लागि कागज तथा कच्चापदार्थहरू खरिद कार्य नियमित भइरहेको र छपाइ कार्ययोजना अनुसार पाठ्यपुस्तक उत्पादन समयमै गरी देशभरका सामुदायिक विद्यालयहरुमा आगामी शैक्षिक सत्र २०८२ का लागि शैक्षिक सत्र प्रारम्भ हुनु अगाडी नै पुर्याइने छ।

कक्षा १, कक्षा २ र कक्षा ४ मा निजी क्षेत्रसँग प्रतिस्पर्धासमेत गरी कक्षा १ देखि कक्षा १२ सम्म २ करोड थान पाठ्यपुस्तक उत्पादन गरी बिक्री-वितरण गर्ने लक्ष्य रहेकोमा हालसम्म करिब १ करोड १० लाख थान पाठ्यपुस्तक उत्पादन भइसकेको हुँदा द्रुत गतिमा केन्द्रका सबै मेसिन सञ्चालन गरी समयमै पाठ्यपुस्तक उत्पादन गरी देशभर रहेका १ हजार २ सय ६७ वटा सूचीकृत बिक्रेतामार्फत बिक्री-वितरण गरिनेछ।

कुमारी प्रथा...

पसिना कताबाट आयो र कसलाई नराम्रो हुने भनेर सोध्दा कुमारीले जनतालाई नराम्रो हुने बताउनु भएको थियो। पहिला पहिला दरबार, शासकहरूलाई नराम्रो हुने भन्ने थियो। त्यतिबेला शासकको कुरा नै उठेन। यो क्षतिमा मार परेको जनतालाई मात्रै हो। त्यसैले दैवी शक्ति छ भन्ने प्रमाणित गर्छ। जुन कुमारीले एसएलसीमा डिस्टिन्सन ल्याइन उनले कुमारीमा अजिवको शक्ति छ र देशमा राम्रो वा नराम्रो हुने कुमारीहरूलाई थाहा हुन्छ भन्ने दाबी नै गरेकी छन्।

इन्द्र जात्रामा कुमारी खस्ने कहिल्यै भएको छैन। कहिलेकाहीँ गजुर खस्ने हुन्थ्यो। त्यतिबेला पनि राजनैतिक अस्थिरता हुने गर्छ। त्यसैले कुमारी स्वच्छ दैवीशक्ति भएको देवता हो। नेवारी समाजमा हामीसँग देउता छ भन्ने विश्वास गर्छौं। हामी सबैभन्दा ठूलो भनेकै आत्मा हो भनेर पूजा गर्छौं। दैवीशक्ति भएको देवी भनेकै कुमारी हो।

यसको परम्परा कहिलेदेखि भन्ने ऐतिहासिक पृष्ठभूमि हेरि हेरिछ। यज्ञमानले दुई तिन शताब्दीमा शुरू गरेको पनि भनिन्छ। धेरै ऐतिहासिक दस्तावेजले ५, ६, ७, ८ शताब्दीदेखिको हो भन्ने उल्लेख गरेको पाइन्छ। हामीले इतिहास पढ्दा देख्ने भनेको मान्छेलाई कुमारीको रूपमा प्रतिस्थापना गरिसकेपछिको हो भन्ने छ। त्यो प्रतिस्थापनाको कुरा पनि नेवारहरूकोमा आषनो समुदायको, क्षेत्रको, राज्य नै रक्षाका लागि पनि राखेको पाइन्छ।

बुद्धिस्ट नेवारहरूको बहाल बहालमा कुमारी हुन्छ उनीहरूले देउताको रूपमा रक्षा गर्ने भनेर राख्ने हो। नेवारहरूको समुदायमा यस्तो देखेपछि राजाहरूले पनि राख्न लगाए। तलेजु भवानी भक्तपुरमा राखे। ज्योति मल्लले कुमारीसँग कुरा गरेर नै राजकाज चलाउने कुरा गरे। यो देखेर राजाको श्रीमतीले शाक्य, बज्राचार्यको छोरीहरू ल्याएर कुमारी स्थापना राखे र तलेजु भवानीको रूपमा स्थापना भयो।

काठमाडौंमा तलेजु भवानी थिएन राजा महेन्द्र मल्लभन्दा अघिदेखि नै कुमारीको पूजामा तलेजु भवानी भक्तपुर जान्थे। त्यसपछि काठमाडौंको हनुमान ढोकामा पनि तलेजुको स्थापना गरियो। अमर मल्लदेखि शुरू गरेको भन्ने धेरैजसो जात्रापर्वको परम्परा हेर्दा सुनिन्छ, अनुसन्धान गर्न बाँकी नै छ। मल्ल राजाहरूको होडबाजीले पाटनमा पनि सिद्धि नरसिंह मल्लले तलेजु भवानीको स्थापना गरी कुमारी राखे।

राजाहरूले राज्य सुरक्षाका लागि कुमारीको प्रतिस्थापना गरेका हुन्। इतिहसमा हेर्दा नेपाल समाचारपत्रको कार्यालय परिसर नजिकै एउटा रुख थियो। त्यहाँ कसैले खेती गर्दैनथे। त्यो कुमारी खेल्ने ठाउँ भनेर सुरक्षित राखिएको हो। कुमारीले खेल्ने ठाउँको त्यो ठूलो रूखले परेको पानी सोस्छ र त्यसको मुनी पानीको मूल (कुवा) हुन्छ। त्यही पानी नजिकैका खेतवारीमा सिंचाइको लागि प्रयोग गरिन्थ्यो। त्यो रूख अहिले छैन।

बज्रयोगिनी भनेको पनि कुमारीको प्रतीक हो। कुमारीले समुदायको सुरक्षा गर्ने देखेर मल्ल राजाहरूले पनि कुमारीलाई राज्यको संरक्षकत्वका रूपमा राखेका हुन्। यसरी परम्परा शुरू भएको हो। यो परम्परा नबुझ्नेहरूले कुमारी भनेको बच्चाहरूलाई समाजबाट अलग गर्ने, बाल अधिकार शोषण गर्ने भनेर इस्यु बनाएका हुन्। त्यतिबेला मसँग पनि धेरै प्रश्नहरू गरेका थिए। जतिबेला कुमारी परम्पराको सुरुवात भयो त्यतिबेला पढ्ने परम्परा नै थिएन। कुमारी परम्परा राम्रो हो। त्यसलाई दैवीय शक्ति जुन छ स्वच्छ मनले सम्मान गर्यो भने ऊ राम्रो नायक भएर अघि बढ्छ।

कुमारीलाई देउता मान्नु नराम्रो होइन। आषना बच्चाहरूलाई देउता मानेर राख्नुभनेको नराम्रो संस्कृति होइन। अहिले मोर्डन युगमा पनि आषनो बच्चाले भनेको जस्तो गर्छौ नि। नेवारहरूमा कुमारीको परम्परा त्यही हो। फिलोसोपी नबुझ्ने, सस्कार नबुझ्नेहरूले कुमारीलाई उपहास गरेजस्तो भयो। कुनै पनि धर्म, संस्कृति या विषयलाई गहिराईसम्म नबुझी विरोध गर्नुहुन्न।

कुमारीको विरोध हुँदा देउकी प्रथा, कुमारी देउता, झुमाको विरोध भएको थियो। कामना पब्लिकेसन्स प्रालिको परिसरमा भएको कुमारी मूर्तिको रूपमा छ यो परम आन्दपछि मूर्तिमा परिणत भएको हो। त्यो छुट्टै प्रकारको मूर्ति छ। नेपाल समाचारपत्रको वरिपरि ४ वटा कुमारीको मन्दिर छ। नेपाल समाचारपत्रको संस्थापक स्व. पुष्करलाल श्रेष्ठले कार्यालय बनाएपछि त्यहाँको कुमारी मन्दिर राम्रो बनेको छ। अन्यत्र देख्नै गाह्रो भइसकेको छ। तलेजु भवानी त्रिकोण आकारको छ। मन, बुद्धि र आत्माको कुरा समिश्रण छ। त्यो परम शुख, परम आनन्द, परम ज्ञानको कुरा भयो। कुमारी शून्यमा खोज्ने कुरा हो। जो कुमारी भए उनीहरूमा दिव्य ज्ञान प्राप्ति भएको छ र उनीहरू आफैंले कुमारीको शक्तिका बारेमा बोल्छन्। जो कुमारी बने उनीहरूले यो परम्परा नराम्रो भनेकै छैन। दैवीशक्ति हुन्छ त्यसलाई कसरी र कहाँ प्रयोग गर्ने भन्नेमात्र फरक हो।

२०४६ पछि देशमा प्रजातन्त्र आएपछि कुमारी, झुमा, देउकी प्रथा हटाउनुपर्छ भनी एमालेले चर्को विरोध गर्यो। २०६३ को अन्तरिम संविधानदेखि २०७२ को संविधान आएपछि जति पनि जात जाति, भाषा, धर्म, संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने आयो। सिडको रिपोर्ट अहिले पनि कुमारी प्रथालाई महिला विरुद्धको प्रथाका रूपमा उल्लेख गरिएको छ।

कुमारी पूजा गर्दा केटाहरूलाई एक ठाउँमा बसेर पूजा गर्छन्। गुरुज्यूहरूले एक ठाउँमा बसेर पुजा गर्छन्। महिलाहरू गएर भोज बनाएर ठागुहरू राखेर कुमारी पूजा गर्ने भनेर महिला महिला बसेर कुमारी पूजा गरेर प्रसाद खाइसकेपछि मात्र गुरुज्यूहरूले पूजा गरेको ठाउँमा ल्याउँछन्। त्यसपछि मात्र सबैलाई राखेर प्रसाद बाँड्छन्। यो महिला सशक्तीकरण होइन ? यो महिलालाई सम्मान गरेको भयो। महिलाको शक्ति बिना अरू पूजा नै खेर जाने हो। कुमारी पूजा भनेको ठूलो ठूलो पूजामा मात्र गरिन्छ। पूजाको मूल स्रोत महिलाको शक्तिको लागि भयो। त्यसैले कुमारीको परम्परा हटाउने भन्ने हुँदैन। नेवारी परम्परामा कुमारी र कुमार भनेको सबै बालबालिका हुन र ती देउता हुन भन्ने मान्यता छ।

हाम्रो देउतालाई न्यास गर्दा १० कर्म गर्नुपर्छ। १० कर्मभित्र ईही गर्नुपर्छ। ईही गर्दा कुमारी बच्चीहरूलाई पुजा गर्नुपर्छ। त्यतिबेला सबैभन्दा पहिला कुमारीकै पूजा गर्नुपर्ने हुन्छ। सांस्कृतिक रूपमा सेन्सेटिभ छु। यस्ता विषयमा धेरै मिडियाले मसँग कुरा गरे। मैले कुमारी संस्कृति हुनुपर्छ भन्ने विषयमा नै अडान लिए। त्यसपछि विरोधको नेतृत्व गर्दै आउनुभएकी निवर्तमान राष्ट्रतिले लिखित रूपमै माफी पनि माग्नुभयो। एमालेका नेता कृष्णगोपालले लिखित रूपमै माफी मागी सकेपछि गाली गर्न पुग्यो भन्दै लिखित माफी हातमा थमाइदिनुभयो। त्यसपछि उहाँले कुरा गर्ने छामछुम भयो तर अरूले सर्वोच्च अदालतमा मुद्दा पर्‍यो। यो मुद्दाका बारेमा मैले एउटा किताब सर्वोच्च कुमारी भनेर किताब नै निकालेको छु।

मुद्दा गणतन्त्र आउनुअघि दरबार हत्याकाण्डपछि राखेको हो। मुक्ति प्रधानले नेवारहरूको तर्फबाट बहस गर्नुहुन्थ्यो। उहाँकै सल्लाहमा मेरो नेतृत्वमा २५ जनाको समूह बनाएर कुमारी प्रथाको पक्षमा मुद्दा दायर गर्यो। फैसला हुन झण्डै २ वर्ष लाग्यो। ९९ वटा प्रमाण राखेर कुमारी प्रथा हुनुपर्छ मास्नु हुँदैन भन्ने फैसला भयो। ज्ञानेन्द्र राजाको पालामा आन्दोलन जारी थियो। कुमारीको सपोर्ट गर्दा केही हुन्छकी भनेर राजालाई नै डर थियो। राजा र कुमारीको ट्युनिङ नमिले पनि कुमारीलाई हटाउने गरिन्छ।

कुमारी चयन गर्दा निकै खोजतलास गरेर गरिन्छ। हनुमानढोकामा घोडा राखेको छ त्यो घोडा कतै संसर्गमा नगएको कुमार घोडा छानिन्छ। कुमारी बदलिन्छ घोडा बदलिँदैन। दरबारहत्या काण्ड हुँदा कुमारी परिवर्तन भयो। राजा सर्वोपरि हो कुमारी सर्वोपरि होइन भन्ने कुमारी जात्राको बेला रथयात्रा गर्न राजा आउने, जात्रापछि टीका थाप्न आउने हुन्थ्यो।

कुमारी भनेको देशको रक्षा गर्ने भएकाले पहिला पहिला कुमारी रथयात्रा वर्षमा २ पटकमात्र हुन्थ्यो। एउटा तलको भेग निरीक्षण गर्ने, अर्कोमाथिको भेग हेरेर निरीक्षण गर्ने र नवीकरण गर्ने शुरूदेखिको परम्परा हो। पृथ्वीनारायण शाहले अरूबेला जित्न सकेनन् कुमारीको रथयात्रा गरेको बेला जिते। कुमारीको रथयात्रा भइरहेको बेला भीमसेनस्थाबाट पृथ्वीनारायण शाहको दलबल आयो। त्यतिबेला जयप्रकाश मल्ल भक्तपुरमा गएर लुकिराखेका थिए। काठमाडौंमा इन्द्र जात्रा शुरू भइसकेको र कुमारी जात्रा भइरहँदा राजा नै भएन। कस्लाई राजा बनाउने भन्दा पृथ्वीनारायण शाहले कुमारी संस्कृति मान्छु भनेपछि राजा तोकिदिएको भन्ने भनाइ छ। त्यसपछि शाह राजाहरूले नेवारी संस्कृतिलाई दबाउँदैनन्। यो संस्कृति हटाउनु पर्छ भनेर एमालेका नेताहरू लाग्नु भयो तर पुनदेवीले सर्वोच्चमा मुद्दा हाल्नुभयो।

यो समूहमा विविध जातजातिलाई समेटेर अधिवक्ता मिरा ढुंगानाले लिड गर्नुभएको थियो। त्यो मुद्दामा नेवारका तर्फबाट न्यून संख्या थियो एमालेको दलबलसहित ठूलो संख्या थियो। उनीहरूको तर्फबाट पुनदेवीले बाल अधिकारको रक्षाका लागि कुमारीलाई के के गर्नुपर्छ भनेर दिँदा हामीले लगाएको प्रतिउत्तर देखेर हामीले मागेको भन्दा तपाईहरूको कति ठूलो इतिहास रहेछ भन्दै हार स्वीकार्नु भएको थियो।

त्यो मुद्दाले कुमारी प्रथाको महत्व, आवश्यकता बुझ्ने, बुझाउने काममा जागरण आयो र राम्रै भयो। गणतन्त्र आएपछि फेरि इस्यु भयो। राजा नै भएन भने कुमारीको अस्तित्व नै भएन। कसरी चिनो हेर्छ, कसरी चिनो मिलाउने भने। त्यसपछि राजा भए पनि नभए पनि राष्ट्र प्रमुख त हुन्छ।

पहिलाजस्तो राजा फेरिँदा कुमारी फेरिने हैन। अहिले कुमारी र घोडाको योगअनुसार राष्ट्रका प्रमुख बदली हुन्छ। पहिला राष्ट्रको चिनो हेर्ने थिएन राजाकै हेर्थे। अहिले राष्ट्रमा के हुन्छ भनेर राष्ट्रबाट ज्योतिषहरूले मुर्हत निकाल्छन्। लोकतन्त्रपछि राष्ट्रपति कामचलाउ हुँदा इन्द्रजात्रा चलाउँदा मैले कुमारी प्रथाको विषयमा बिहानदेखि बेलुकासम्म मेट्रो एफएममा कुमारी प्रथाको विषयमा बोलेको बोलेकै गरें।

राजा नहुँदैमा कुमारी हट्दैन भनेर बोले। त्यतिबेला काष्ठमण्डप भरि, चोक, गल्ली, हनुमानढोका भित्रका सबै मन्दिरमा प्रहरी नै प्रहरी र सुरक्षा तैनाथ थियो। बाहिर सामान्यजस्तै देखिन्थ्यो। वसन्तपुरदेखि न्यूरोड गेटसम्म हतियारसहितका प्रहरी तैनाथ थिए। यस्तो गरेर कुमारीलाई बचाई राखेको हो। अब समाजले स्वीकारे स्थापित भइसकेको छ

कुमारी प्रथाको महत्व पछिल्लो समय बढेको छ। आर्थिक रूपमा पनि सबल भएको छ। काठमाडौं महानगरपालिकाले नै बजेट दिएको छ। यसमा नेपाल सरकार, गुठी संस्थानलगायतका सरोकारवाला निकायको सपोर्ट छ। अहिले एकपटक कुमारी भएपछि उसको खातामा आर्थिक बचत गर्ने प्रचलन शुरू गरिएको छ। यो राम्रै भयो। पढ्न पनि सुविधा छ। अहिले कुमारीले जुन स्कुलमा पढ्छु भन्यो त्यो स्कुलमा छात्रवृत्ति दिन्छन्। यतिमात्र नभई कुमारीलाई आषनो स्कुलमा पढाउनका लागि आग्रह गर्छन्। विद्यालयहरूले हाम्रोमा कुमारी पढेको भनेर प्रचारमा आउन चाहन्छन्। बाहिर जान हुनेले स्कुलमै गएर पढ्छन्। नहुनेलाई जुन स्कुल हो त्यहीबाट शिक्षक गएर पढाउने, परीक्षा लिने गरिथ्यो। कुमारी भइसकेकाले बोलेको भनाइ आत्माको बोली हो। उनीहरूको दैवी शक्ति छ भनेर प्रमाणित गर्दैछन्।

अहिले प्रधानमन्त्री, प्रधान सेनापति, राष्ट्रपति, प्रधानमन्त्री जो हुँदा पनि कुमारीकोमा योग हेर्न आउँछन्। कुमारीका विषयमा नयाँ पुस्तालाई हामीले भनिराख्नु पर्दैन। अब उनै कुमारी भइसकेकाहरूले नै भन्दै र बुझाउँदै छन्। केशव स्थापितको पालाबाट महानगरपालिकाले नै बजेट छुट्याएर दशैंको बेलामा हनुमानढोकामा सम्मान गरेर वर्षभरिको भत्ता दिन्छन्। अहिले त पूर्व कुमारीहरूलाई पनि महानगरपालिकाले भत्ता दिन्छ। वर्षको एकैपटक हनुमानढोकामा कुमारीको सम्मानसहित नगद दिइन्छ। कुमारीको विषय स्थापित र मर्यादित भयो।

(नेपाल भाषाको पहिलो महिला प्रोफेसर बज्राचार्यसँग नेपाल समाचारपत्रकी सहसम्पादक भगवती तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)

मैथिली कला र संस्कृतिका अभियन्ता प्रेमर्षि

कला, साहित्य तथा सञ्चार क्षेत्रका माध्यमबाट मैथिली संस्कृति संरक्षणमा र प्रवर्द्धनमा क्रियाशील नाम हो धीरेन्द्र प्रेमर्षि। मैथिली साहित्य र संस्कृति संरक्षणका एक अभियन्ता प्रेमर्षिले आफ्ना सिर्जनामार्फत् आफ्नो संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने मात्रै होइन देशलाई जोड्नसमेत सफल हुनुभएको छ।

मिथिला क्षेत्रमा सीमित संस्कृतिलाई काठमाडौं र देशका अन्य भागसम्म पुऱ्याउनुभएका प्रेमर्षि एक परिचित नाम हो। सिरहाको लहान नगरपालिकास्थित गोविन्दपुर (बस्तीपुर)मा जन्मिनुभएका उहाँको वास्तविक नाम धीरेन्द्र झा हो। तर, कला साहित्य क्षेत्रमा भने 'धीरेन्द्र प्रेमर्षि' उपनामले प्रख्यात हुनुहुन्छ।

विभिन्न रेडियो तथा पत्रपत्रिकाहरूमार्फत् मिथिला संस्कृति, कला, साहित्यको जर्गेना गर्न सक्रिय उहाँ 'पल्लव' मैथिली साहित्यिक पत्रिका तथा 'समाज' मैथिली पत्रिका, कामना सिने मासिकको सम्पादकसमेत हुनुहुन्थ्यो।

वि.सं २०४४ देखि साहित्य लेखनमा थालनी गर्नुभएका प्रेमर्षि मिथिला संस्कृतिका अभियन्ताहरूसँगको संगतसँगै वि.सं २०४६ देखि मिथिला साहित्य र संस्कृतिमा सक्रिय रहनुभएको थियो। उहाँद्वारा लिखिति विभिन्न पुस्तक विद्यालय तहमा अध्यापनसमेत भइरहेको छ। उहाँको गजल त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र र मानविकी संकायको चारवर्षे स्नातक तह प्रथम वर्षको अनिवार्य नेपाली पाठ्यक्रममा समेत समावेश गरिएको छ। प्रेमर्षि २०७५ देखि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ परिषद् सदस्य एवम् परम्परागत तथा शास्त्रीय संगीत विभागमा कार्यरत हुनुहुन्छ।

लेखनसँगै कुशल अनुवादसमेत रहनुभएका प्रेमर्षिले मिथिलाका प्रसिद्ध, कवि कोकिल तथा महाकवि विद्यापतिका ४४ वटा कथा नेपालीमा समेत अनुवाद गर्नुभएको छ। उहाँले विद्यापतिलाई नयाँ पुस्तामाझ चिनाउन आवश्यक रहेको बताउनुहुन्छ।

संस्कृति, साहित्य, भाषा र सञ्चार जगत्मा अतुलनीय योगदान पुऱ्याउनुभएका उहाँ विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मानबाट सम्मानितसमेत हुनुभएको छ। भारतका पूर्व प्रधानमन्त्री अटल विहारी वाजपेयी नाममा दिँदै आएको अटल सम्मान, २०१९ मा उहाँलाई मिथिला सम्मान प्रदान गरिएको थियो। यस्तै, यात्री-नागार्जुन सम्मान २०१८ कोलकाता, इन्द्र मिथिला रत्न सम्मान २०७९ विराटनगर, मिथिला रत्न सम्मान २००५ दिल्ली, सरस्वती-नागार्जुन कला पुरस्कार २०७२, रामानन्द युवा क्लव जनकपुरधाम, नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कार २०७१, विद्यापति पुरस्कार कोष तथा मैथिली समाज बुटवललगायत दर्जनौं पुरस्कार प्रमुख रहेका छन्।

यस्तै, मिथिला-रत्न सलहेश सम्मान, भानु पदक, नवरंग सम्मान, माटी की गंध कथा सम्मान, साहित्य भास्कर आदिबाट पनि सम्मानित भइसक्नुभएको छ।

प्रेमर्षिले नेपालमा संस्कृति विविधतालाई मूलधारमा समेट्ने इमान्दार प्रयास नभएको बताउँदै आउनुभएको छ। विगत ४ दशकको कार्यअनुभवमा उहाँले नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद् सदस्य, नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञसभा सदस्य, संस्कृति मन्त्रालय विज्ञ सदस्य (अभौतिक सांस्कृतिक सम्पदा परिषद्), रेडियो नेपाल, समाचार-वाचक तथा सम्पादक (मैथिली, नेपाली र हिन्दी समाचार) लगायतका जिम्मेवारी पनि पूरा गर्नुभएको छ।

उहाँका प्रमुख साहित्य कृतिहरू समयलाई सलाम, (नेपाली गजल संग्रह), कोन सुर सजाबी ? (मैथिली गीत-संग्रह), मैथिली कविता संग्रह, कर्मयोद्धा योगेन्द्र नेपाली, (सम्पादित कृति) प्रकाशक: मिथिला नाट्यकला परिषद्, जनकपुरधाम, नेपाल: २०६५, मिथिला मन्थन (सीके लालका मैथिलीमा अभिव्यक्त विचारोद्‌गार संकलनको अनुवाद तथा सम्पादन), स्वेद-राग (सम्पादित कृति, खाडीमा सिर्जनारत १८ जना युवाका मैथिली गजलहरूको संकलन) जस्ता कृति जनप्रिय छन्। त्यस्तै, मैथिली गीति एल्बम चेतना, प्रियतम हमर कमौवा, डेग, भोर, सङ अफ लाइट, नेहक बएन सँगै दर्जनभन्दा बढी गीति एल्बममार्फत् पनि मैथिली संस्कृतिको संरक्षण र प्रवर्द्धनमा सक्रिय रहनु भएको छ।

प्रस्तुति : अजित मिश्र

नेपाल आयल निगम लि.

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ताहरूमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

टेकु, काठमाडौं, नेपाल

रातो मच्छिन्द्रनाथ...

त्यसको दुई घण्टापछि प्रहरीसँग झडप भएको थियो। झडपमा क्रममा प्रहरीले दर्जनौं अश्रुग्याँस प्रहार गरेको थियो। जनजीवन पुरै तनावग्रस्त बनेको थियो। त्यतिबेलाको घटनाको स्मरण गर्दै महर्जनले भन्नुभयो लकडाउनको समयमा स्वतस्फूर्त रूपमा रथ तान्ने कुनै योजना थिएन। मात्र सरोकारवालाहरूलाई ध्यानाकर्षण गराउन सामाजिक सञ्जालमार्फत् सो भेला आह्वान गरिएको थियो। भेलाकै बीचमा गुठी संस्थानको बैठक स्थगित भएको सूचना आएपछि प्रदर्शनकारीहरु अचानक रथ तान्नतिर अग्रसर भएका थिए।'

त्यसको भोलिपल्ट शुक्रवार कर्फ्यु हुने आदेश जारी गरिएको थियो। प्रशासनले एक सातासम्म रथवरपर निषेधाज्ञा जारी गरेको थियो। प्रशासनले लकडाउनको समयमा सयौं मानिसहरुको भीडकाबीच रथ तान्ने संलग्न हुनेलाई अराजक, उच्छृंखल तत्वको संज्ञा दिएका थिए। रथ तान्नुपूर्व गर्नुपर्ने धार्मिक विधिविधान नगरी रथ तानिएकोमा आपत्ति जनाउनेहरूको दृष्टिमा रथ तान्नेहरूलाई अराजक ठहरिएको थियो।

त्यसपछि प्रदर्शनको अगुवाई गरेका कारण महर्जनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। प्रहरीलाई ढुंगा हानेको वा गाली गरेको कारणले महर्जनलाई प्रहरीले पक्राउ गरेको भने होइन। सामाजिक सञ्जालमार्फत् प्रदर्शनका लागि आह्वान गरी बिहान शान्तिपूर्ण प्रदर्शन गरेका कारण दिउँसो झडप भएको बुझाइले गर्दा प्रहरीले महर्जनलाई नियन्त्रणमा लिएको थियो।

२०७७ भदौ १९ गते शुक्रवार कर्फ्युको दिन प्रहरीले रथतान्ने युवाहरूलाई घरघरमै गएर धरपडक गरेको थियो। यस क्रममा अभियन्ताहरू महेश बज्राचार्य, श्याम था, नरेश शाक्य, सुविन शाक्य, निरोज बाडे, यादवलाल कायस्थ, ध्रुव बज्राचार्य, पुनम शाक्य, अशोक महर्जन, नेपाल शाक्य, लक्ष्मण महर्जन, अनिल शाही, दलबहादुर देउला, अमन महर्जन, सञ्जय शाक्य रवि शाक्य, असोज महर्जन, रविन शाक्य लगायत २४ जना अभियन्ताहरूलाई पक्राउ गरिएको थियो। झडपकै क्रममा प्रदर्शनकारीहरूमध्येको एउटा अराजक समूहले एक जना ट्राफिक प्रहरीलाई मरणासन्न हुने गरी पिटेकोले पनि प्रहरीले सो प्रदर्शनका अभियन्ताहरूलाई पक्रिन बाध्य भएको थियो।

घरघरमा गएर गिरफ्तार गर्न उक्साहट गरेर कोही पन्छिए र कोहीले अहं तुष्टि गरेको थियो। अभियन्ताहरूलाई अराजक घोषणा गर्दै प्रशासनले आफ्नो गैरजिम्मेवार लुकाउने बहाना पाएको थियो।

थुप्रै अभियन्ता र स्थानीयलाई एक सातासम्म हिरासतमा राखेर मुद्दा चलाइएको थियो। सांस्कृतिक अभियन्तालाई पक्राउ गरिएको विरोधमा नेवा: देय् दबू, नेपाल भाषा मंका खल:विभिन्न राजनीतिक दललगायत तीन दर्जनभन्दा बढी संस्थाहरूले विज्ञप्ति प्रकाशित गरेको थियो। जनस्तरबाट व्यापक दबाब प्रदर्शनपछि प्रहरीले अभियन्ताहरूलाई तारिखमा रिहा गरेको थियो।

उनीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा ६६ अन्तर्गत राष्ट्रसेवकलाई गैरकानुनी भेला रोक्न काम गर्दा बाधा अवरोध गरेको आधारमा मुद्दा चलाइएको थियो। स्थानीय प्रशासनले २०७७ माघ २६ गते सोमबार सो मुद्दाको अन्तिम किनारा लगाइएको थियो।

सोही दिन साँझ करिब दुई सय मिटर पर रथ तानेर सांकेतिक रुपमा रथयात्रा सम्पन्न गर्ने योजना सार्वजनिक गरिएको थियो। सोहीअनुरूप भदौ १९ गते क्षमा पुजा, २१ गते सांकेतिक रथयात्रा,२२ गते साइत हेरेर भाद २६ गते मच्छिन्द्रनाथलाई बुंगमती लगिएको थियो। महर्जनको अगुवाईमा पुल्चोकस्थित रातो मच्छिन्द्रनाको रथ अगाडि बसेर शान्तिपूर्ण प्रदर्शन नगरेको भए सांकेतिक रूपमा नै भएपनि रातो मच्छिन्द्रनाथको रथयात्रा शायद २०७७ र २०७८ सालमा हुँदैन थियो होला। यसप्रति गुठी संस्थान, स्थानीय प्रशासन र निकायको मतैक्यता थिएन। तर, पनि त्यतिबेलाको घटनाक्रम र परिस्थितिको विश्लेषणले त्यतैतिर संकेत गरिरहेको थियो।

रथयात्राको सम्बन्धमा झडप हुनुअघिसम्म रथयात्राको बारेमा ठोस निर्णय आएको भए त्यस्तो झडप हुँदैन थियो। कतैबाट निर्णय नआएपछि स्वस्फूर्त रथतान्ने घटनाले आफ्नो धार्मिक विश्वास,परम्परा, सांस्कृतिक भावनामाथि कुल्चिँदा चुप लागेर बस्दैन भन्ने सन्देश प्रभावकारी रूपमा प्रवाह गरेको अभियन्ता रवि शाक्यको भनाइ रहेको छ।

सुरक्षा व्यवस्थापनको हिसाबले केन्द्रीय सरकारलाई समेत चुनौती दिने गरी २०७७ भदौ १८ गते विहीबार भएको झडप कसैको निम्ति पनि प्रिय थिएन, न पूर्व नियोजित नै थियो। अप्रत्याशित रूपमा घटेको घटनाले समुदायमा धार्मिक, सांस्कृतिक चेतलाई अझ ह्वातै बढाइदियो। धार्मिक र सांस्कृतिक विश्वासले गर्दा भेला हुन रोक लगाइएकोलाई सो घटनाले चुनौती दिएको थियो। सो घटना समुदायको धार्मिक र सांस्कृतिक विश्वासको ठोस अभिव्यक्ति थियो। यद्यपि, यसलाई तत्कालीन अवस्थामा प्रशासन स्वीकार गरेको थिएन। पछि यसको अन्तरनिहित कारण, सन्दर्भलाई केलाउन थालिएपछि सांस्कृतिक संवेदनशीलताको रूपमा बुझ्ने र बुझाउने जनमत बलियो बन्दै गएको थियो। त्यसमा विशेष सामाजिक सञ्जालमार्फत् जात्रा, पर्व र संस्कृतिको प्रवर्द्धन गर्ने युवा अभियन्ता जमातको सशक्त भूमिका रहेको थियो। उनीहरू यस घटनालाई युवापुस्ताको सांस्कृतिक विद्रोहका रूपमा स्मरण गर्न रुचाउँछन्।

अभियन्ता महर्जनले भन्नुभयो - 'युवावर्गको संघर्ष, प्रदर्शनले, जात्रा, पर्व सञ्चालन गर्ने, व्यवस्थापनमा खटिने जोकोही भए पनि जनताप्रति जवाफेदही र उत्तरदायी हुनुपर्दछ भन्ने बोध गराएको छ। यो एउटा किसिमको सांस्कृतिक विद्रोह भने पनि हुन्छ। यही सांकेतिक रथयात्रा २०७८ सालमा पनि निरन्तरता दिएको थियो। २०७७ सालदेखि रोकिएको भोटो जात्रा २०७९ सालमा मात्र भएको थियो।'

बरु कोरोना महामारी बिर्सिसकेको होला। त्यो झडपपछि तरङ अझै बिर्सिएका छैनन्। त्यसलाई बिर्सिनु पनि हुन्न। कोरोना महामारी त्यसमाथि लकडाउनको समेत परर्वाह नगरी सामाजिक सञ्जालको माध्यमबाट सयौं मानिसहरू पुल्चोकमा किन आएका थिए ? भन्ने प्रश्नको उत्तरभित्र परम्परादेखि चल्दै आएको धार्मिक, सांस्कृतिक परम्पराप्रतिको आस्था निहित रहने छ।

त्यस भावनालाई कतै खेलवाड पो गर्न लागेको हो कि भनेर संशय सामाजिक सञ्जालमार्फत छताछुल्ल भइरहँदा पनि निर्णयकर्ताहरूले त्यसलाई आश्वस्त तुल्याउनसमेत आवश्यकता नठान्नु नै त्यो घटनाको अन्तरनिहित कारण हुन्। त्यस घटनालाई नजिकबाट नियालेका अधिवक्ता राजु शाक्यले भन्नुभयो।

परिस्थतिको मागअनुरूप प्रतिकूलतासँग संघर्ष गर्दै जाँदा अभियन्ताको पहिचान बनिने रहेछ। महर्जन भन्नुभयो पदमा बसेकाहरुले ध्यान नदिँदा, गैरजिम्मेवार हुँदा नागरिकको धर्म निर्वाह गर्दै आएको हुँ। आवाज उठाउँदै जाने क्रममा मानिसले अभियन्ताका रुपमा चिनिँदो रहेछ। बेथिति माथि खबरदारी, झकझक्याउने त नागरिकको कर्तव्य नै हो।

गुठी संस्थान, रथ निर्माणदेखि लिएर, मच्छिन्द्रनाथको महास्नान, रथारोहण, रथ तँन्ने, सबै कार्यमा स्रोत, साधन, जनशक्तिको परिचालन र व्यवस्थापनमा भूमिका निर्वाह गर्ने राज्यको इकाई हो। तत्कालीन समयमा घटेको त्यो घटनाले यी कार्यमा संस्थानलाई अझ गम्भीर र थप जिम्मेवार बनाएको संस्थानका पूर्वप्रशासक प्रशासक किरण शाक्यले बताउनुभयो।

त्यो घटनापछि गृह मन्त्रालयले उच्च सुरक्षा सतर्कता अपनाउँदै सुरक्षा प्रबन्ध गर्दै आएको छ। चार वर्षयता रथयात्राको समयमा सुरक्षा चुनौतीलाई ध्यानमा राखेर जिल्ला प्रहरी परिसरले सुरक्षा योजना तयार गरी नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्दै आएको छ। त्यसका साथै सरोकारवाला, गुठीयारबीच समन्वय र छलफललाई उच्च प्राथमिकता दिँदै आएका छ।

त्यो घटनाको सिकाइको रूपमा चार वर्षपछि नेवा: समुदायका २१ जाति अब एउटै संरचना अटाउने गरी साझा संयन्त्रण निर्माण गरिएको थियो। विशेषत: पाटनलाई मुख्य कार्यक्षेत्र बनाई क्रियाशील ती संगठनहरूको संस्थागत प्रतिनिधिमूलक संगठनको रूपमा यल नेवा: समाजको स्थापना गरिएको हो।

स्थानीयको आवाजलाई सांस्कृतिक संवेदनशीलताको हिसाबले व्यवहार गर्नुको साटो प्रहरी प्रशासनको बलमा डिल गरिएको थियो। सामुदायिक एकतामा आँच आउन सक्ने स्थिति बनेको थियो। सो घटनापछि ती संगठनलाई आआफ्नो परम्परागत जातीय संगठनको घेराभन्दा माथि उठेर सोच्नुपर्ने, सँगै बस्नुपर्ने र मिलेर काम गर्नुपर्ने अवस्था उत्पन्न गराईदिएको समाजका अध्यक्ष विनोद ताम्रकारले बताउनुभयो।

झडप नकारात्मक घटना हो। यसले समुदायमा अझ एकताको भाव बनाउन उत्प्रेरित गर्नु सकारात्मक उपलब्धि हुन्। अध्यक्ष ताम्रकारले भन्नुभयो- यसमा अभियन्ताहरूको महत्वपूर्ण भूमिका रहेको छ।

जाडोबाट बच्न तातो चिजहरु मात्र पिउने गरौं ।



इतिहासको त्यो कालो दिन जसलाई कोतपर्वका रुपमा चित्रण गरिएको छ...

अवश्य पढौं जंगबहादुर

कामना न्यूज पब्लिकेसन्सद्वारा प्रकाशित ऐतिहासिक उपन्यास क्रिमरुमा तपाईहरूबाट असाध्यै रुचाइएको ऐतिहासिक उपन्यास

नेपाल भूगोलमा सानो

सांस्कृतिक र जैविक विविधतामा अपरम्पार

डा. जगमान गुरुङ
संस्कृतिविद्

> दशैंको समयमा हिन्दुहरूले टीका लगाउँछन्। पहिले त सबैले सेतो टीका लगाउने गर्थे। तर, पछि पछि भने हिन्दुले रातो लाउने चलन भएको हो। आफूलाई आदिबासी भन्ने कतिपय गुरुङ, मगर, र राई-लिम्बूहरूले हिजोआज हामी त बुद्धिष्ट हौँ, रातो टीका लाउँदैनौं, अबिर त हिन्दुको हो भनेर सेतो टिका लगाउँछन्। तर, जब बलि पूजा हुन्छ, नेपालमा त राँगोको बली दिएर गणेशको पूजा गर्छन्। वायु पूजा, देवी देउराली पूजा नाग पूजा आदिमा कुखुराको भालेपोथी, परेवा बोका आदि बली दिइन्छ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले एउटा निबन्ध लेखेका थिए के नेपाल सानो छ ? वास्तवमा नेपाल भूगोलमा त सानो छ, तर यहाँको जैविक विविधता र संस्कृति अपरम्पार छ। किनभने जहाँ डाँफे पाइन्छ, त्यहाँ मयुर पाइँदैन, जहाँ मयुर पाइन्छ, त्यहाँ डाँफे पाइँदैन। जहाँ कस्तुरी पाइन्छ, त्यहाँ गैँडा पाइँदैन, जहाँ गैँडा पाइन्छ, त्यहाँ कस्तुरी पाइँदैन। तर, नेपालमा कस्तुरी र डाँफे हुने हिमाली सरङ पनि छ। डाँफे र मयुर हुने मधेस पनि छ। अति विषालु सर्प हुने मधेस पनि छ, सर्पै नहुने हिमाली क्षेत्र पनि छ। मान्छेलाई ठक्रक्कै पारेर मार्न सक्ने विष पनि नेपालमा छ। विष परेको मान्छेलाई बचाउने औषधि पनि नेपालमै छ। च्यावन ऋषिले बुढेसकालमा च्यावनप्रास बनाएर खाएर तन्दुरुस्त भएका थिए। त्यसलाई हामी मृत सञ्जीवनी बुटी भन्छौं, त्यो भनेको यार्सागुम्बा पो रहेछ। त्यो नेपालमा पाइन्छ। अहिले त्यसलाई अरू नै कुरामा पनि प्रयोग गर्न थाले। तर, त्यसको काम शरीरलाई तन्दुरुस्त बनाउने हो। त्यो पनि नेपालमै छ।

डोल्पातिर जाने हो भने भेडाको छालाको कपडा लाउने चलन थियो। भेडाको भुत्ला तातो हुने भएकाले भित्र भुत्ला र बाहिर छाला पारेर लाउने चलन थियो। त्यस्तो ठाउँ पनि नेपाली भौगोलिक विविधतामा छ। मधेसतिर अचेल लुगा लगाउन थाले। नत्रभने गर्मी हुने हुनाले तल धोती र माथिल्लो आङ खाली राखेर र टाउकोमा गम्छा बेर्ने चलन थियो। महिलाहरूले पनि ब्लाउज लाउने चलन थिएन। तल धोती र माथि सप्को मारेर टाउकोमा सप्को हाल्ने चलन थियो। त्यो पनि नेपालमै छ। हिमाली भेगमा सबै दाजुभाइको एउटै श्रीमती हुने बहुपति प्रथा थियो। अहिले शेषको रूपमा छ। अलि तल आएपछि गुरुङ जातिमा मामा चेली, फूपू चेली विवाह गर्ने चलन अनि मगर र ठकुरीको मामाको छोरी विवाह गर्ने फुपूको छोरीको विवाह नगर्ने, बाहुन क्षेत्रीको मामाचेला फुपूचेला हाडनाता पर्ने भएकाले विवाह नचल्ने त्यो सांस्कृतिक विविधता पनि हाम्रै नेपालमा छ।

नेपाल भनेको पार्वतीले रचना गरेको शिवको देश र बुद्धको जन्मभूमि हो। अहिले हाम्रो मानसिकता के छ भने देवी देउता तीर्थ व्रत सबै भारतमा छ भन्ठान्छौं। संस्कृतका महाकवि कालिदासले कुमार सम्भव महाकाव्य लेखेका छन्। जसको पहिलो श्लोकमै भनिएको छ अस्त्युत्तरस्यां दिशी देवातात्मा हिमालयो नाम नगाधिराजः। भारतको उत्तर दिशामा देउता स्वरूपका हिमालय नामका पर्वत राजाहरू छन्। नेपाल भनेको हिमालै हिमालको देश हो, यहाँ गणेश हिमाल छ, कुम्भकर्ण हिमाल छ, महालङ्गुर हिमाल छ, जो भनेको हनुमान हुन्। जुन रामायणको महापात्रसम्बन्धी हिमाल छ। विश्वको नाथ विश्वनाथ काशीमा रहेका छन्। माता अन्नपूर्णको हातबाट भिक्षा ग्रहण गर्ने इच्छाले काशीमा विश्वनाथ रहे पनि काशीमा अन्नपूर्णमाताको पिठ मात्र छ। अन्नपूर्ण हिमाल भने नेपालमा छ। भगवान शिवका अनेक नामहरू छन्। जसमध्ये एक हो दक्षिणामूर्ति। शिवले आषाढ शुक्ल पूर्णिमाको दिन हिमालय पर्वतमा दक्षिणतिर फर्केर शास्त्रको उपदेश गरेको हुनाले दक्षिणामूर्ति भनियो। जसलाई गौरीशंकर हिमाल भनियो। राष्ट्रगुरु योगी नरहरीनाथले त गौरीशंकर हिमाललाई महाकैलाश भन्नु भएको छ। अहिले नेपाल सरकारको स्ट्यान्डर्ड टाईम गौरी शंकर हिमालको टुप्पोमा घाम झुल्केपछि सूर्योदय हुन्छ भने त्यही घाम अस्ताएपछि सूर्यास्त हुन्छ।

विश्वमा जीवको सृष्टि युरोप, अमेरिका, चीन, जापान अथवा नेपाल कहाँ भयो होला ? जीवको सृष्टि नेपालमा भयो। कसरी भने अहिले समुन्द्र दक्षिणमा र हिमाल उत्तरमा छ। पहिले त समुन्द्र उत्तरमा थियो। महाप्रलयकालमा भूगर्भ एक आपसमा ठोक्किँदा अग्लो भूभाग उठ्यो र समुन्द्रका पानी जति दक्षिणतिर बगे र जलजन्तुहरू एक ठाउँमा थेग्रिए र त्यसलाई हामी अहिले शालीग्राम भनेर पूजा गर्छौं। जीवास्माहरू युरोपमा पनि पाइन्छ, तर त्यहाँ यसलाई ढुंगा मान्छन्।

नासाका वैज्ञानिकले केही समयअघि हामीले सूर्यको ध्वनि पहिचान गर्‍यौं, जसको ध्वनिले ओमकारको ध्वनि प्रवाह गर्ने रहेछ भनेर बडा गर्वका साथ भने। तर, हजारौं वर्ष पनि विश्वामित्र ऋषिले नेपालको ब्रम्हाक्षेत्रमा साधना गरेर ब्रम्हा गायत्रीको अनुष्ठान गरेका थिए। जुन नेपालका लागि ठूलो कुरा हो। त्यस कारण नेपालमा धार्मिक, जैविक, सांस्कृतिक विधिधता छ। तर, यसो भए तापनि यहाँ एकता छ।

नेपाली संस्कृतिको कुरा गर्दा हिमालदेखि पहाड, तराई र पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न समुदायको संस्कृति जान्नुपर्छ। आ-आषनो भाषाअनुसार हाम्रा पर्वका नाम अनेक छन्, पर्व मनाउने विधि पनि भिन्नाभिन्नै छन्, तर संस्कृतिको अन्तर्वस्तु एउटै हो।

वैशाख शुक्ल पूर्णिमा, जसलाई चण्डीपूर्णिमा पनि भनिन्छ। चण्डी पूर्णिमामा लुम्बिनीमा बुद्ध जन्मिए। सोही दिन गोरखामा खोरखनाथजी जन्मिए। नेपालमा बुद्ध धर्म भनेको भोटेको धर्म, वाणाको धर्म भन्छन्। शाक्यमुनी बुद्ध क्षेत्री थिए र आफूले पाएको ज्ञान सबैभन्दा पहिले ब्राम्हणलाई सुनाएका थिए। यो पनि जातिबीचको समन्वयको कुरा हो। यही पूर्णिमामा राईहरूको साकेला सिली, पश्चिममा गुरुङ, मगर, दराई कुमालहरूको घाटु सेलाउने दिन पनि हो। कतिपय ब्राम्हण क्षेत्रीको देवाली पनि यही दिन हुन्छ। भनेपछि यसलाई कसको पर्व भन्ने, छैन त सांस्कृतिक समन्वय ?

जनै पूर्णिमाको कुरा गर्दा यो पर्वमा सबैभन्दा ठूलो मेला रसुवाको गोसाईकुण्डमा लाग्छ। त्यहाँ ब्राम्हण क्षेत्री ठूलो आस्थाका साथ जनै फेर्न जान्छन् भने तामाङका झाँक्रीहरू सोही आस्था लिएर आफ्नो ज्ञानलाई रिन्यु र रिचार्ज गर्न जान्छन्। भनेपछि त्यहाँ जातभातको भेद भएन।

दशैंको समयमा हिन्दुहरूले टीका लगाउँछन्। पहिले त सबैले सेतो टीका लगाउने गर्थे। तर, पछि पछि भने हिन्दुले रातो लाउने चलन भएको हो। आफूलाई आदिबासी भन्ने कतिपय गुरुङ, मगर, राई-लिम्बूहरूले हिजोआज हामी त बुद्धिष्ट हौँ, रातो टीका लाउँदैनौं, अबिर त हिन्दुको हो भनेर सेतो टिका लगाउँछन्। तर, जब बलि पूजा हुन्छ, नेपालमा त राँगोको बली दिएर गणेशको पूजा गर्छन्। वायु पूजा, देवी देउराली पूजा नाग पूजा आदिमा कुखुराको भालेपोथी, परेवा बोका आदि बली दिइन्छ। जेसुकैको भोग दिए पनि, रगत पहिले मन्दिरमा चुहाइन्छ र त्यसपछि थालमा रहेको अक्षतामाथि चुहाएर रगतले मुछेको टीका गुरुङ मगर, राई लिम्बूले लगाउने चलन थियो। यसरी रगतमा मुछेको टीका लाउने गुरुङ-मगर राई लिम्बूले अबिर भनेको रगत हो भनेर सेतो टीका लाउनु भनेको अपव्याख्या हो। खासमा ब्राम्हण काटमार गर्ने जात होइन। बलि दिने, काटमार गर्ने जात भनेको गुरुङ, मगर, राई लिम्बू नै हुन्, उनीहरूले नै रातो टीका हाम्रो होइन भन्नु तर्क संगत देखिँदैन। दैलेखको दुल्लुमा खस ब्राम्हणहरूले रातो टीका लगाउँदैनन्, दही चामल मुछेर, त्यसमा बेसार मिसाएर पहेँलो टीका लगाउँछन्। खस ब्राम्हणहरूको प्राचीन थलोमा दुल्लुमा हिजोआज पनि पहेँलो टीका लाउँछन्। यसको अर्थ बलि पूजा हुनअघि खस ब्राम्हणमा रातो टीका लगाउने चलन थिएन भन्ने हो।

नेपाली संस्कृतिको अर्को विशेषता के छ भने तागाधारीहरूले तागा लगाउँदा बायाँपट्टिको काँधमा गाँठो अड्याएर दायाँपट्टि फेरो छोड्छन्, जुन सव्य (सभ्य होइन) भनिन्छ। जब क्रियाको थलोमा अथवा पितृथलोमा पिण्डदान गर्दा ठिक उल्टो गरिन्छ। त्यो असव्य हो। काँधो लगाउने जात गुरुङ मगर तामाङले पनि काँधो लाउँदा पहिलो गाँठो बायाँपट्टिको काँधमा अड्याएर दाहिनेको काँधमा फेरो लाउँछन्। त्यस्तै घलेक लाउने महिलाले पनि यसै गरी लाउँछन्। गुरुङ समुदायमा मान्छे मर्दाखेरी झाँक्रीले घलेक लाउँछ। त्यति बेला दाइनेपट्टिको काँधमा गाँठो अड्याएर देब्रेतिर फेरो छोड्छ। जुन हिन्दुको सव्य असव्य भनेको जस्तै भयो। हिमालमा बख्खु लाइन्छ भने नाच्ने बेलामा बायाँको काँधलाई बख्खुले छोप्छ, दाहिनेतिरको काँध खुल्ला राख्छ। यसरी हेर्दा जनै लाउनेले जनै काँधो लाउनेले काँधो, घलेक धलेक र बख्खु लाउनेले बख्खु लगाए तर लाउने तरिका त एउटै रहेछ त्यसमा समन्वय छ।

अहिले काठमाडौंको टुडिखेलमा गुरुङ, शेर्पा, तामाङको ल्होसार पनि त्यहीँ, गौरा पर्व पनि त्यहीँ, थारूको जितिया पर्व र नयाँ वर्ष पनि त्यहीँ मानिन्छ। यो सबैको देशभरको समन्वयको थलोसमेत बनेको छ। अहिले हुँदाहुँदा गंगाको मैदानमा विकास भएको छठ पर्व मिथिला हुँदै काठमाडौंको वागमती, विष्णुमती, रानी पोखरी र कमलपोखरीमा आइसक्यो। कतिपय पहाडी महिलाहरूले छठको व्रत बस्न थाले, जुन सांस्कृतिक समन्वय भयो। संस्कृति बलियो भयो भने राष्ट्र र राष्ट्रियतालाई बलियो बनाउँछ। अहिले नुवाकोटमा बाहुनहरूले घाटु नाच्न थालेका छन् रे। गुरुङको घाटु बाहुनहरूले अहो यो त देवीको नृत्य रहेछ छोड्न हुँदैन भनेर नाच्न थालेका छन्। यसरी गुरुङ संस्कृतिको जगेर्ना भइरहेको छ।

• जातीय र सांस्कृतिक समन्वय

मन्दिर भन्नासाथ पुजारीको कल्पना आउँछ। पुजारी भनेको टुप्पी पालेको माथिपट्टि भोटो र धोती लाएर श्रीखण्ड चन्दन लगाएको आकृति आउँछ। तर, गोरखाको मनकामना मन्दिरमा राँगा सुँगुरको मासु खाने मगर पुजारीले हरि ऊँ तत्सत भन्छन्, उपाध्याय बाहुन बाहुनी चाहिँ पानी समाएर मनोकामना पूरा गर्छन्। यहाँ ठिक उल्टो भयो। तर, यो सांस्कृतिक समन्वय हो। जातीय धरातल भए पनि समन्वय चाहिँ छ।

भद्रकाली मन्दिरमा देउपाल पोडे र पोडीनी छन्। त्यहाँ भक्तजनले चढाएको कुरा तुरुन्तै उनीहरूले टिपे भने देवी खुशी भएको मानिन्छ। त्यहाँ पूजारीचाहिँ टेबहालको गुभाजु छन्। शोभा भगवती, पलाञ्चोक भगवती, नुवाकोट भैरव भैरवीको पुजारी पनि बज्राचार्य छन्। गण्डकी प्रदेशका कोटहरूमा मगर पुजारी बाहुन पुरोहित छन्। कालरात्रीको मध्यरातमा मगर पुजारीले केराको पातमा पोको पारेर भातीको जाँड चढाउँछन् र बाहुन पुजारीले हरि ऊँ तत्सत् भनेर संकल्प पढेर कालीलाई बली दिन्छन्। त्यहाँ तागाधारी र मतवालीको भेद छैन।

धनकुटाको सिन्ताङ भगवतीमा राई पुजारी छन्। धरानको बुढासुब्बा लिम्बुवानको लिम्बूको देउता हुन्, त्यहाँ लिम्बू पुजारी छन्। त्यही दन्तकालीको मन्दिरमा बाहुन पुजारी छन्। बाराको गढीमाई विश्वमा सबैभन्दा बढी पशु बलि हुने ठाउँ हो, त्यहाँ भारतबाट पनि भक्तजन आउँछन्। त्यहाँ थारू पुजारी छन्। नेपालीका ठूल्ठूला शक्तिपीठमा जनजाति नै पुजारी छन् । भगवान पशुपतिनाथलाई वर्षमा एकपटक कार्तिक शुक्ल अष्टमी जसलाई नेपाल भाषामा मुख अष्टमी भनिन्छ, त्यो दिन भगवान् पशुपतिनाथलाई बुद्धको मुकुट लगाएर बुद्ध अवतारको पूजा गरिन्छ। दोलखाको कालिञ्चोक माईको डाँडाको टुप्पोमा पानीको कुण्ड छ, त्यहाँ तामाङको झाँक्री र ब्राम्हण पुजारी मिलेर बसेका छन्।

• उस्तै खानपान फरक नाम

जनै पूर्णिमा, गाइजात्रामा नेवारहरूले विभिन्न खालका गेडागुडी भिजाएर टुसा उमारेर क्वाँटी खान्छन्। नेवार समुदायकै संस्कृतिको प्रभावले पछिल्लो समय सबै जातजातीमा क्वाँटी खाने चलन छ। सुदुर पश्चिमाञ्चलमा जनैपूर्णिमाको एक हप्तापछि मनाइने गौरा पर्वमा पनि गेडागुडी भिजाएर टुसा उमारेर बिरुला बनाएर खाने चलन छ। कहाँको नेपाल मण्डलको नेवारहरूको क्वाँटी, कहाँको सुदूर पशचिमका खस बाहुनको बिरुला ? खानेकुरा त एउटै रहेछ।

• नाच र बाजाको तालमेल

हिमाली क्षेत्रमा महिला पुरुष हातोमालो गरेर स्याब्रु नाच्छन्। देउडा नाच्दा पनि सोहीअनुसार हातोमालो गरेर गोलबद्ध भएर नाच्छन्। कर्णालीमा हिमाली भेगलाई भोट भनिँदैन, जडान भनिन्छ र त्यहाँका मानिसलाई जड भनिन्छ। जडानका जडहरूको स्याब्रु र खसानका खसहरूको देउडा नाच्ने पद्दति त एउटै छ। गीत गाएको छ, भाषा अलग छ तर गीतको भाव नाच्ने चाल एउटै छ। जसले सांस्कृतिक समन्वय ल्याएको छ। लिम्बूहरूको अलि ठूलो खालको ढोल, बाजा हुन्छ, जस्लाई लिम्बू भाषामा के भनिन्छ। उनीहरूको नाचको चाल अलि ढिलो हुन्छ।

क्रमशः पृष्ठ ३२ मा



गीतमा भजन मिसाएर लोकप्रियता कमाउँदै

कुम सागर

रश्मी थापा

भक्तपुरका एक युवाले हिजोआज गीत संगीत क्षेत्रबाट लोभलाग्दो लोकप्रियता कमाई रहनुभएको छ। त्यो पनि गीतमा नेवारी भजन मिसाएर। उहाँ हुनुहुन्छ कुम सागर। धेरैले उहाँलाई कुमार सागर भन्ने गर्छन्। खासमा उहाँको नाम सिद्धि सागर प्रजापति हो। प्रजापति भनेको माटोको भाँडा बनाउने समुदाय हो। जसलाई कुम भनिन्छ। कुमले थरको कुम र नामको सागर जोडेर फेसबुकमा कुम सागरको नाममा आईडी बनाउने प्रयास गर्नुभयो। तर, स्पेलिङ लेख्न नजानेर कुम सागरका नाममा आईडी खोल्नुभयो। त्यसपछि उहाँले कुम सागर र कुमा सागरको नाममा लोकप्रियता कमाई रहनुभएको छ।

पछिल्लो समय नेपाली संगीत क्षेत्रमा कुम सागर आफ्नो अलग गायन शैली र व्यक्तित्वका साथ छाइरहनुभएको छ। कुमका गीतहरू सामाजिक सञ्जालमा लोकप्रिय छन्। फरक पहिचान बोकेर हिँडिरहनुभएका कुम मौलिक नेवारी वाद्यवादन र आधुनिक संगीतको गज्जबको फ्युजन गर्दै संगीत दुनियाँमा फरक स्वाद पस्किरहनु भएको छ। नेवार संस्कृतिको थलो ख्वप (भक्तपुर) मा जन्मेर हुर्कनु भएका कुमको मौलिक नेवारी लवजका कारण उहाँ भिन्न स्वरका साथ छाइरहनुभएको छ। आफू जस्तो हुनुहुन्छ, त्यस्तै रूपमा प्रस्तुत हुने शैलीले पनि उहाँ दर्शकमाझ फरक व्यक्तित्वका साथ उभिएनुभएको छ।

कुम आफ्ना हरेकजसो गीतमा नेवारी भजन मिसाएर संगीतप्रेमीको मन जितिरहनुभएको छ। संस्कृतिमा धनी नेवार समुदायको संस्कृतिसँग जोडिएका भजनलाई गीतमा रेकर्ड गरी आम मानिसबीच ल्याउने प्रेरणा भने कुमले आफ्नो पुर्खा र परिवार अनि टोलका बाजेहरूबाट पाउनुभएको छ।

गीत संगीतको माध्यमबाट आफ्नो संस्कार र संस्कृतिलाई अगाडी बढाउँदै आउनुभएका उहाँ संगीत क्षेत्रमा लागेको करिब आधा दशक भए पनि गत वर्ष सार्वजनिक ओ चम्पा गन वानबाट धेरैमाझ चिनिनु भएको हो। परम्परागत नेवारी बाजागाजा र आधुनिक वाद्यवादन तथा संगीत प्रयोग गरिएको सो गीतमा उहाँले मौलिक नेवारी भजन श्री रानेन्द्रको एक खण्ड प्रयोग गर्नु भएको छ। 'यही गीतपछि हो मलाई मान्छेहरूले बबाल नोटिस गरेको' गायक सागर आफ्नै मौलिक लवजमा सुनाउनु हुन्छ।

सानैदेखि आफ्नो हजुरबुवाका साथ डफामा भजन गाउन जाने उहाँले आफ्नो अनुभव, हजुरबुबाको प्रेरणा र साथ सहयोगले सो गीतमा भजनको मिश्रण गरेर फरक शैलीमा ल्याउनुभएको हो। 'ओ चम्पा बोलको गीतमा भजन समावेश गरेर रेकर्ड गराउँदा टोलका बाजेहरूले निकै सपोर्ट गर्नुभयो।

बाजेहरूसँग सानैदेखि भजन गाउने भएकाले अधिकांश नेवारी भजन मलाई कण्ठै थियो। आफ्नो मौलिक भजनलाई किन रेकर्ड नगर्ने त भन्ने सोच आयो र भजन मिसाएर ओ चम्पा रेकर्ड गरेको हो। यसरी रेकर्ड गर्नुअघि टोलका भजनमा गाउने बाजेहरूसँग पनि सहल्लाह लिएँ।

उहाँहरू हाम्रो भजन पनि रेकर्ड हुने भयो भनेर दंग पर्नुभयो। 'झन् त्यसका लागि भिडियो खिच्ने बेलामा त अब हामी टिभीमा पनि देखिने भयौं भनेर दौरा सुरुवाल लगाएर आउन भएको रहेछ' गायक सागरले हर्ष व्यक्त गर्दै सुनाउनु भयो। कुमका साथ श्री ब्रम्हायनी डफा भजन मण्डलको स्वर रहेको गीतको भिडियोमा परम्परगत नेवारी भजन गाउने शैलीका साथै नेवारी संस्कृतिलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ।

गीत संगीतको माध्यमबाट मौलिक नेवारी भजनको प्रचार गर्दै नयाँ र पुरानो पुस्तालाई जोड्दै आउनुभएका कुम सानैदेखि नै मौलिक नेवारी भजन गाउनमा रुचि राख्नु हुन्थ्यो। 'मेरो बाजे डफामा भजन गाउनु हन्थ्यो। साथै नेवारी बाजा खिङ बजाउनुहुन्थ्यो। म सानैदेखि बाजेसँग भजन गाउन जान्थेँ। बाजे बितेपछि बजैले भजनमा पठाउनु हन्थ्यो र बाजाहरू सिक भन्नु हन्थ्यो। 'म भजनमा जाँदा खिङलगायत भजनमा बजाइने परम्परागत बाजा बजाउथेँ' कुमले भजनमा पोख्त हुनुको कारण खुलाउँदै भन्नु भयो। 'स्कुल पढ्दा पनि म गीतहरू लेख्ने गाएर साथीहरूलाई सुनाउने गर्थें। यसो गर्दा निकै आनन्द आउँथ्यो। मनपर्ने केटीलाई पट्याउन पनि गीत लेख्ने र गाउने गर्थें। गीत लेखेर गर्लफ्रेन्डलाई सुनाउने गर्थें ऊनी अहिले मेरो श्रीमती छिन्।'

सन् २०१७ तिरबाट आफैं गीतार बजाएर मोबाइलमा गीत रेकर्ड गर्न थाल्नुभएका उहाँले संगीत सम्पादन एपको मद्दतबाट पहिलो गीत बाजेको बझाङ आफ्नो युट्युबमा सार्वजनिक गर्नु भएको थियो। यसै गरी केही गीत सार्वजनिक गर्नुभएका उहाँले हालसम्म एक दर्जन हाराहारीको गीतमात्रै सार्वजनिक गर्नु भएको छ। तर, यिनै गीतले उहाँलाई देशदेखि विदेशसम्म लोकप्रियता दिलाएको छ।

केही समय गितार सिक्नुभएको उहाँ गीतार बजाएर विभिन्न रेस्टुरेन्टमा गीत गाउने गर्नु हुन्थ्यो। 'त्यो बेला मलाई भजनको साथी बिकेशले साथ दिन्थ्यो। तर जहिले घरमा जान ढिला हुने भएपछि उसले मसँग हिँड्न छोडेर अर्कै काम गर्न थाल्यो' सागरले सुनाउनु भयो। एक दिन कुमको भेट गायक रोजमान महर्जनका साथ भयो। रोजमानले म पनि बजाउँछु कुनै गीतमा बजाउन परेमा म आइदिन्छु भनेपछि उहाँहरूबीच भेटघाट हुन थाल्यो। करिब एक डेढ वर्षसम्म कुमले गीतार र रोजमानले खिङ बजाएर गीत गाउने गर्नु हुन्थ्यो। 'गीत गाउँदै जाँदा बाँसुरी एउट पनि थप्न पाए अझ राम्रो हुने थियो भन्ने लाग्यो। बाँसुरीमा अमन मालीलाई हालियो। उहाँ संगीत पढेर बाँसुरीवादनमा निकै राम्रो गर्नु भएको मान्छे हो।

कति अरूको गीत मात्र गाउने अब आफ्नै ओरिजिनल गीत गरौं भन्ने लागेर ३ जना मिलेर गीत निकाल्न थाल्यौं। हामी कोही पनि प्रोफेसनल थिएनौं' कुम गफिनु भयो 'अधिकाशं गीत संगीतमा रुचि भएको तर सिक्न नपाएका टोलका अन्य साथीलाई पनि व्यान्डमा थप्दै गयौं। अनि कुम सागर एन्ड ख्वप व्यान्डको स्थापना गऱ्यौं।'

ब्यान्डमा कुम गायनका साथ गितार बजाउनु हुन्छ भने रोजमान खिङ, प्रविन लाबजु र नगरा, रोसिक जौधरी सारंगी, रोशन बज्रचार्य बेस गितार, सुमन गैडा गितार, बिके प्रजापति भुस्या बजाउनु हुन्छ भने सरद देउलाले व्यवस्थापन सम्हाल्नु हुन्छ, साउन्ड इन्जिनियर राम सुन्दर धुसु हुनुहन्छ। कुमलाई अमन मालीभन्दा पहिले बाँसुरीमा साथ दिने यजु आचार्य भने हाल ब्यान्डबाट केही समयका लागि अलग हुनुभएको छ।

त्यस्तै, अर्को गीत फूरफूरीमा कुमले कुमारीसम्बन्धी भजन कुमारी जननी देवी समावेश गर्नुभएको छ। जसलाई धेरैले रुचाए भने चहरे सारीलाई उहाँले राजा रणजित मल्लप्रति समर्पित गर्नु भएको छ।

उहाँले नेवारी भजनबाट प्रभावित भएर युट्युबमा खोकना डफा भजन मण्डलको सहकार्यमा रुक्मिा बोलको भजन सार्वजनिक गर्नु भएको छ। जुन युट्युबमा नवौं नम्बरको ट्रेन्डिङमा परेको छ। कुमको उपत्यकामा पहिलो कन्सर्ट कीर्तिपुरमा भएको थियो। 'हामी त्यहाँ पुगेर साउन्ड चेक गर्दा खासै दर्शक थिएनन्। कीर्तिपुरमा त्यो पनि डाँडामा को आउला र भन्ने लागेको थियो। मान्छे आएनन् भने त मजा हुँदैन भन्ने सोचिरहेका थियौं।

गीत शुरू गर्दा नगर्दै कयौं मानिसको भीड जम्मा भयो र उनीहरुले हाम्रै गीत पो गाउन थाले' पहिलो कन्सर्टको सफलताप्रति रमाउँदै गायक सागरले सुनाउनुभयो 'उपत्यकापछि पहिलो कन्सर्ट पोखरामा गरियो।

त्यसपछि धरान, ईटहरी, लेटाङलगायत दुई दर्जन बढी कन्सर्ट गरेको यो व्यान्ड अब अस्ट्रेलियाबाट पहिलो विदेश यात्रामा निस्किने तयारीमा छ। गत वर्ष म अस्ट्रेलियामा सोलो प्रस्तुति दिएर आएँ।

त्यहीको व्यान्डसँग सहकार्य गर्दा के नमिलेको जस्तो महसुस भयो, मज्जै आएन र हामीलाई हाम्रै बाजा चाहिने रहेछ भन्ने लाग्यो। त्यसैले अब बरू थोरै ठाउँको कन्सर्टमा मात्र जाने तर आफ्नै ब्यान्डको साथीहरूसँग मात्र कन्सर्ट गर्ने निर्णय गरेका छौं। नेपालका विभिन्न सहरमा कार्यक्रम छन्।

नेपाली भएका धेरै देशबाट कार्यक्रमका लागि बोलाईरहेका छन्। तर, हाम्रो मेहनत पुगेको छैन। अलि मेहनत गरौं अनि जाने भनेर बसिरहेका छौं।'

कुम र उनको ब्यान्डले आफ्ना गीतमा परम्परागत बाजा प्रयोग गरेपछि अहिले युवामाझ यसको प्रयोग ह्वात्तै बढ्न पुगेको छ। 'पहिले भजनमा बाजा बजाउनलाई युवाहरू नै पाउँदैनथ्यो। परम्परागत बाजा बजाउन अरूले रुचि राख्दैनथे। जब मैले गीतका साथ भजन ल्याएँ अनि हाम्रो परम्परागत बाजाहरू नै राख्न थालेँ, त्यसपछि यहाँका युवाहरू पनि हाम्रो मौलिक भजन र बाद्यवादनमा रुचि राख्न थालेका छन्। अस्ति मात्र पाँचतले मन्दिरमा धाँ सिकाउने अनाउन्स भएको थियो। त्यहाँ धाँ सिक्न एक सयभन्दा बढी युवा जम्मा भएका थिए। त्यो देख्दा यति खुशी लाग्यो कि अब चाँही हाम्रो बाजा युवाहरुमा पनि रुचिको विषय बन्यो भन्ने लाग्यो' - उहाँले खुशी प्रकट गर्दै भन्नुभयो।

कुमको अनुभवमा मन्दिर तथा सामुदायिक फल्चाहरूमा गरिने भजनले मौलिक संस्कृति झल्काउने मात्र नभई मानिसहरूलाई तनाव मुक्त गराई मानसिक स्वास्थ्य राम्रो बनाउन पनि मद्दत गर्छ। 'मानिसहरू एक किसिमको फिल लिन पनि भजनमा आउँछन्। अनेकथरी टेन्सन भइरहेको हुन्छ, एक छिन आनन्द लिन र टेन्सन दुर गर्न पनि भजनमा आउने गर्छन्। म्युजिकमा रमाउन पुग्छन्। म्युजिक नभए त मानिसहरुमा डिप्रेसन हुन्छ नि' -उहाँ भन्नु हुन्छ।

कुम आगामी दिनमा नेवारी भाषाको गीतहरू निकाल्ने सोचमा छन्। 'मलाई नेवारी भाषामै गीत गाउने र त्यसमा मौलिक भजन, नेवारी भाषा, संस्कृतिलाई निरन्तरता दिनु पर्छ भन्ने लाग्छ। वास्तवमा हाम्रो चाहना भनेको त नेवारी गीत गाउने नै हो। नेपाली त हामीलाई जबर्जस्ती गाउन लगाएको हो। तर सबै दर्शकको मागअनुसार नेपाली भाषा पनि मिसाउनुपर्छ'-उहाँको भनाइ छ।

उच्च सफलताको
शुभकामना
निजी क्षेत्रको नेपालकै सबैभन्दा जेठो सञ्चार संस्था कामना न्यूज पब्लिकेसन्सले आज मंसिर १५ गते ४१औं वार्षिकोत्सव मनाउन लागेको खबरले हामीलाई उत्साहित बनाएको छ । निजी क्षेत्रबाट निरन्तर सेवा पुऱ्याउँदै आएको यस प्रकाशन गृहले पत्रकारिताको माध्यमबाट राष्ट्रियताको सम्मान, लोकतान्त्रिक व्यवस्थाको प्रवर्द्धन र आम नागरिकको उत्थानमा लाग्न सबैलाई ऊर्जा प्रदान गरेको विश्वास लिएका छौं ।
यस समूहका प्रकाशनहरु नेपाल समाचारपत्र, कामना, साधना र न्यूज अफ नेपाल डट कमको उच्च सफलताको कामना गर्दछौं ।
अध्यक्ष
निलकाजी शाक्य
सेतो मछिन्द्रनाथ रथयात्रा
व्यवस्थापन समिति
केलटोल, जनबहाः
फोन : ९८४१७८५१११

Best wishes to
Kamana News Publication
for successful
41 years.
We Print
& Deliver
beyond the
imagination
Biggest
Fastest
& the most dependable
printing company
in Nepal
To drive the printing
ecosystem of Nepal,
growing internationally
and being known for the most
dependable printing solutions of any scale.
SAMA Papers and
Publication Ltd.
138 Bista Marg, Bhaisepati-25, Lalitpur
☎ +977 1 559 1167, 559 1606 | ✉ contact@samaprinters.com.np

नेपालको मौलिक संस्कृति संरक्षणमा देखिएका चुनौती

नेपालका सांस्कृतिक धरोहर र परम्परा हजारौं वर्ष पुराना र मौलिक छन्। तर, आधुनिकता, सहरीकरण र विविध आन्तरिक-बाह्य दबाबका कारण यी संस्कृतिहरू संरक्षणमा कठिनाइ आइरहेको छ। केही संस्कृति लोप भइसकेका छन् भने केही लोप हुने खतरामा छन्। यद्यपि, संस्कृति संरक्षणमा आ-आफ्नो क्षेत्रबाट धेरै जनाको सक्रियता र प्रतिबद्धता छ।

राज्यको लगानी, समुदायको प्रतिबद्धता, नागरिकको सक्रियताका बाबजुत पनि नेपालको संस्कृतिमाथि विभिन्न माध्यमबाट आक्रमण भएको छ। राज्यको पहिचान नै त्यो देशको संस्कृति र परम्परा रहेको हुँदा त्यसको संरक्षण र जर्गेना गर्नु महत्वपूर्ण पक्ष हो। नेपालमा रहेको १४० भन्दा बढी जातजातिका आ-आफ्नै भाषा, संस्कृति र परम्परा रहेका छन्।

विविधतामा एकता नै नेपालको पहिचान पनि हो। तर, पछिल्लो समयमा भएका राजनीतिक दुष्प्रचारलगायतका कारणले सबैको हरेक क्षेत्रमा नकारात्मक प्रभाव परिरहेको छ। जसको पहिलो शिकार सांस्कृतिक अतिक्रमण पनि हो। त्यसबाहेकका अन्य चुनौती पनि छन्।

सहरीकरण र आधुनिकता

परम्परागत जीवनशैलीमा क्षय : सहरीकरणका कारण गाउँदेखि सहरसम्म परम्परागत कला, शिल्प र संस्कारहरू हराउँदै गएका छन्। नयाँ पुस्ता परम्परागत मूल्यहरू भन्दा आधुनिक जीवनशैली र औद्योगिकीकरण प्रति आकर्षित देखिन्छ, जसले संस्कृतिको निरन्तरतामा बाधा पुर्‍याएको छ।

आर्थिक चुनौती

संस्कृति संरक्षणका लागि राज्यको बजेट पर्याप्त छैन। मठमन्दिरको मर्मत, लोककला संरक्षण परम्पराको संरक्षण र सांस्कृतिक कार्यक्रम सञ्चालनजस्ता काम आर्थिक अभावका कारण ओझेलमा परेका छन्। सरकारको नियमित र अनिवार्य दायित्व व्यवस्थापन गर्नका निम्ति स्रोतको अभाव भइरहेको छ।

राज्यको स्रोत न्यून हुँदा संस्कृति संरक्षणका लागि विनियोजन गरिएको बजेट अपर्याप्त देखिन्छ। राज्यको स्रोत न्यून हुँदा सांस्कृतिक जात्रा, परम्परालाई निरन्तरता दिनका लागि वैकल्पिक स्रोत पनि बलियो देखिँदैन। धेरै संस्कृति, परम्परागत कला जीवित राख्न स्थानीय कलाकार र कालीगढलाई प्रोत्साहन गर्ने स्थानीय स्रोत पनि सीमित छ। कतिपय ठाउँमा गुठी र स्थानीय कोषबाट गर्जो टार्ने काम भइरहेको छ। तथापि धेरै जात्रा र परम्पराहरू अर्थ अभावकै कारण रोकिएका घटना कयौं छन्।

जनचेतनाको अभाव

संस्कृति हाम्रो पहिचान हो भन्ने ज्ञानको अभाव पनि देखिँदै गएको छ। विशेषगरी युवा पुस्तामा आफ्नो मौलिक संस्कृतिभन्दा बाह्य संस्कृतिप्रतिको आकर्षण छ। त्यस्तै, कतिपय अभिभावकमा पनि संस्कृतिलाई अनावश्यक दायित्वका रूपमा बुझ्ने बानी छ। यसको मूल कारण विद्यालय र समुदायस्तरमा परम्परा र संस्कृतिबारे पर्याप्त ज्ञान र शिक्षा प्रदान नहुनु नै हो।

विकास र आधुनिकताको नाममा सांस्कृतिक सम्पदाहरूलाई कम प्राथमिकता दिँदै आएको छ। जसले गर्दा क्रमशः नेपालको मौलिक संस्कृति हराउँदै गएका छन्। जसरी समुदाय यसप्रति जिम्मेवार हुनुपर्ने हो त्यसै गरी स्थानीय निकाय पनि जिम्मेवार र जवाफदेही हुन आवश्यक छ। आफ्नो क्षेत्रमा कुन जाति, धर्म र समुदायको बसोबास गर्छन्। उनीको संस्कृति र परम्पराको संरक्षणका निम्ति कति जागरुक छन् भन्ने बारेमा पनि स्थानीय तहका नेतृत्व तह सचेत हुन जरुरी छ।

जलवायु परिवर्तन र प्राकृतिक प्रकोप

वि.सं. २०७२ सालको भूकम्पले धेरै पुरातात्विक सम्पदाहरू नष्ट गर्‍यो, जसको पुनर्निर्माण गर्न धेरै समय र ठूलो धनराशी खर्च भयो। अधिकांश भौतिक संरचना पुननिर्माण भए तर त्यससँग जोडिएका संस्कृति र परम्पराहरू सही योजना र स्रोतको अभावमा छायामा परेका छन्। भूकम्पले नेपालका कयौं मौलिक सांस्कृतिक धरोहरहरूमा क्षति पुर्‍याउँदा केही पहिचान लोप पनि हुन पुगेका छन्। यद्यपि, यसको तथ्यांक फरक फरक आउने गर्दछ।

त्यसबाहेक जलवायु परिवर्तन, प्राकृतिक प्रकोप एवम् बसाइँ सराइका कारण पनि नेपालको पहिचान गुम्दै गएको छ। जस्तै, पहाडका गुरुङहरू तराईमा बसाइँ सर्दा गुरुङ संस्कृति अंगालेको पाइँदैन। जसरी लमजुङ, कास्की र स्याङ्जामा रोधीको रौनक छ। त्यसै गरी चितवन, रूपन्देही नवलपरासीका गुरुङ समुदायमा छैन।

पर्यटनमा निर्भरता:

सांस्कृतिक क्षेत्रहरूमा अनियन्त्रित पर्यटनले प्राचीन सम्पदामा क्षति पुर्‍याइरहेको छ। पर्यटनको अत्यधिक प्रयोगले यस क्षेत्रमा समस्या उत्पन्न गरेको छ। यसका निम्ति नेपालको मौलिक संस्कृति, परम्पराहरू पर्यटकहरूलाई देखाउनका निम्ति हो भन्ने भाष्य रहेका कारण पनि यसको अत्यधिक प्रयोगको भइसकेको छ।

सूचना प्रविधिको प्रभाव

सूचना प्रविधिले संस्कृति संरक्षणमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पारिरहेको छ। सकारात्मक प्रभावअन्तर्गत प्राचीन ग्रन्थ, हस्तकला र सांस्कृतिक घटनाहरूलाई डिजिटल प्लेटफर्ममा संरक्षित गर्न सकिन्छ। नेपालको मौलिक परम्परा र संस्कृतिलाई डिजिटल माध्यमबाट विश्वभर फैलाउन सकिन्छ। त्यस्तै, सामाजिक सञ्जाल र अनलाइन माध्यमले सांस्कृतिक महत्वबारे जनचेतना फैलाउन भूमिका खेलेको छ।

नकारात्मक प्रभावअन्तर्गत धेरैजसो डिजिटलमा सीमित छ। शारीरिक रूपमा संस्कृतिलाई जोगाउन आवश्यक प्रयासहरू ओझेलमा पर्ने खतरा छ। आधुनिक जीवनशैलीको प्रभावले डिजिटल संस्कृतिको विकासले परम्परागत जीवनशैलीलाई विस्थापन गर्ने सम्भावना छ। साथै सांस्कृतिक सम्पदाहरूलाई डिजिटलाइज गर्दा यसको मौलिकता गुम्ने जोखिम बढेको छ।

समाधानका उपायहरू

आर्थिक समाधानहरूका निम्ति संस्कृति संरक्षण गर्न सार्वजनिक-निजी साझेदारी अवधारण अगाडि बढाउन सकिन्छ। कतिपय ठाउँमा अपनाइएका त्यस्तो अवधारण सफल पनि भएका छन्। सांस्कृतिक क्षेत्रमा सरकारले छुट्टै कोष स्थापना गर्नुपर्ने देखिन्छ। हाल रहेका गुठी संस्थान र पुरातत्व विभाग, संस्कृति महाशाखालगायतका निकायलाई एकीकृत गरी विशेष प्रकारको संरचना आवश्यक छ। त्यस्तै, सांस्कृतिक पर्यटन प्रवर्द्धन गरी राजस्व वृद्धि गराउन पहल गर्ने, पर्यटकलाई देखाउनमात्रै होइन भन्ने ज्ञान पनि बढाउनुपर्छ।

सूचना प्रविधिको सही उपयोग

डिजिटल पुस्तकालय, अनलाइन सांस्कृतिक संग्रहालय स्थापना गर्ने, परम्परागत ज्ञान र संस्कारलाई डिजिटल माध्यमबाट नयाँ पुस्तासम्म पुर्‍याउने, सांस्कृतिक कार्यक्रमहरूलाई अनलाइन स्ट्रीमिङ गरी दर्शक र सहभागी संख्यामा वृद्धि आदि।

जनचेतना अभियान

विद्यालयस्तरमा सांस्कृतिक शिक्षालाई प्राथमिकता दिने, समुदायस्तरमा प्रशिक्षण र कार्यशालाहरू सञ्चालन, स्थानीय चाडपर्व र परम्पराहरूलाई थप व्यवस्थित गर्नुपर्छ।

नीति र कानुनी सुधार

सम्पदा संरक्षणका लागि कानुनी रूपमै संरक्षण नीति लागू गर्ने, अनियन्त्रित पर्यटनलाई व्यवस्थित गर्न उचित नीति निर्माण गर्ने

निष्कर्ष

नेपालको मौलिक संस्कृति संरक्षणमा आर्थिक स्रोत, जनचेतना, र आधुनिक प्रविधिको भूमिका अत्यन्त महत्वपूर्ण छ। आर्थिक स्रोतको अभाव र आधुनिकताप्रतिको अतिविश्वासले चुनौतीहरू उत्पन्न गरिरहेको भए पनि सही रणनीति, स्रोतको कुशल उपयोग, र प्रविधिको सदुपयोगले यी समस्या समाधान गर्न सकिन्छ। सांस्कृतिक धरोहरहरू केवल हाम्रो पहिचानमात्र होइनन्, भविष्यका पुस्ताका लागि सन्देश र सम्पत्ति हुन्। त्यसैले संरक्षण कार्यलाई राष्ट्रिय प्राथमिकताका रूपमा लिनु अत्यावश्यक छ।

प्रस्तुति : राजु श्रेष्ठ

सत्तरी वर्ष पुरानो हस्तलिखित पात्रो

रोहिणीप्रसाद घिमिरे

कुरा झन्डै ४० वर्षअघिको हो। पहाड-घरमा कागजपत्र खोज्ने क्रममा पुरानो खाँडीको रुमालको पोको खोलेर बेला-बेलामा बालाई सघाउँथेँ। त्यस पोकामा चिना बेरेजस्तो बेरेर राखिएका अनगिन्ती कागजपत्रहरू थिए। एकदिन ती कागजपत्रमध्ये सबैभन्दा कम चौडाइ (साढे २ इन्च) को बेरिएको नेपाली कागजमा मेरो ध्यान गयो। मैले सो कागज फुकाएर हेरेँ। त्यो त वि.सं. २०११ को चान्द्रमासअनुसार तयार गरिएको हस्तलिखित पात्रो पो रहेछ।

अहिले मलाई लाग्छ, नेपाल संवत् नेवारी समुदायको मात्र नभएर सम्पूर्ण नेपालीको हो भन्ने कुरालाई ७० वर्षअघिको यस हस्तलिखित पात्रोले पुष्टि गरिदिएको छ। यस पात्रोमा क्रमशः तिथि, नक्षत्र, बार र अन्त्यमा गते लेखिएकाले सौर्यमासलाई महत्व नदिई चान्द्रमासलाई बढी महत्व दिइएको ज्ञात हुन्छ। चान्द्रमासलाई महत्व दिनु भनेको नेपाल संवत्लाई महत्व दिनु होइन त ?

गोकुलराज शर्माद्वारा तयार गरिएको यो पात्रोको लम्बाइ अहिले नाप्दा ५५ इन्च छ भने चौडाइ साढे २ इन्च रहेको छ। नेपाली कागजको दुवैपट्टि लेखिएको भए पनि चिना बेरेझैं बेरेर राखिएकाले अहिलेसम्म अधिकांश अक्षर पढ्न सकिने अवस्थामै छन्।

हाम्रा प्रायः चाडपर्व, संस्कार, धार्मिक एवं पितृकार्यहरू गतेअनुसार नभई चान्द्रमासअनुसार मनाइने गरिएको सर्वविदित नै छ। त्यसैले तिथिलाई नै प्राथमिकता दिएर यस पात्रोको पहिलो कोलममा तिथि लेखिएको छ। त्यसपछि नक्षत्र, बार र अन्त्यमा मात्र गते लेखिएको छ।

तिथि र नक्षत्रको घडी त लेख्नै पऱ्यो तर पला नलेखेकाले त्यस बेला पलालाई खासै महत्व नदिएको बुझ्न सकिन्छ। आजकल बजारमा पाइने पचाङ्ग निर्णायक समितिद्वारा स्वीकृत छापा पात्रोमा भने गतेलाई प्राथमिकता दिएर यसलाई नै पहिलो कोलममा लेख्ने गरेको पाइन्छ।

हुन त त्यस बेला छापा पात्रोको चलन आइसकेको थियो तर दोलखा जिल्लाको दुर्गम गाउँ हिलेपानीमा छापा पात्रो कसले पुऱ्याउने ? त्यसैले स्थानीय ज्योतिषीहरू आफैं यस्तो पात्रो तयार पार्न बाध्य हुन्थे। त्यस ठाउँका सबैजना यस्तै हस्तलिखित पात्रोअनुसार आ-आफ्ना जन्म-मृत्यु संस्कार, चाडपर्व, जात्रा मनाउने गर्थे।

चान्द्रमासलाई महत्व दिनु नेपाल संवत्को महत्वपूर्ण पक्ष हो। विक्रम संवत्अनुसार तयार गरिएको पात्रोमा चान्द्रमासको पाटोलाई छुटाइएको छ भन्न खोजिएकोचाहिँ होइन, चान्द्रमासको पाटोलाई अलग्याउने हो भने पञ्चाङ्ग नै तयार हुन सक्दैन। अर्थात् पात्रोमा हुनुपर्ने मुख्य अंगहरू नै छुट्छन्। यति मात्र भन्न खोजिएको हो कि हाम्रा पूर्वजहरूले अंगिकार गरेको चान्द्रमासको पाटोलाई प्राथमिकता दिई तयार गरिएको यो हस्तलिखित पात्रोले नेपाल संवत्को झझल्को भने पक्कै गराएको देखिन्छ।

यस पात्रोमा कृष्ण पक्षलाई वदि र शुक्ल पक्षलाई सुदि भनेर इंगित गरिएको छ। पात्रोको अन्त्यमा 'अथ वान हेर्ने चक्र' भनेर तालिका दिइएको छ। वान भनेको वाण हो। यस तालिकाबाट कुन दिन कुन वाण पर्छ ? थाहा हुन्छ। यसको मतलब त्यो समयमा कुनै साइत हेर्दा वाण अनिवार्य हेर्नुपर्ने चलन रहेछ भन्ने पनि बुझ्न सकिन्छ।

नेपालको दुर्गम पहाडी भेगको एउटा ब्राह्मण बस्तीमा ७० वर्षअगाडि चान्द्रमास अर्थात् नेपाल संवत्अनुसारको पात्रो प्रयोगमा आएको कुरा ब्राह्मणकै घरमा भेटिएको यो हस्तलिखित पात्रोले प्रमाणित गर्दछ। नेपाल संवत्को गरिमालाई यस किसिमको हस्तलिखित पात्रोले अवश्य टेवा पुऱ्याउनेछ।

नेपाल भूगोलमा...

लिम्बूहरूको त्यही ढोललाई राई भाषामा केल भनिन्छ र त्यही बजाएर छड्किलोसँग साकेला नाच्छन्। उनीहरुको नाच अलि छड्किलो हुन्छ। त्यस्तै, खालको बाजालाई ज्यापूले धिमे भन्छन्, त्यही ढोललाई गुरुङको तम्दु भनिन्छ भने सुनुवारले सोही बाजालाई हाइको भन्छन्। नेपालका यी जातजातिले यी उस्तै खाले किराँतकालीन बाध्य सामग्री बजाएर नृत्य पनि उही गोलबद्ध तरिकाले नाच्छन्।

अर्कोतिर माघे संक्रान्ती कसको पर्व भन्ने ? यो पर्व पनि आ-आफ्नो जातजातिमा सांस्कृतिक महत्व राख्छ। पुस १५ देखि दिन लामो र रात छोटो हुन्छ भनिन्छ। यो गण्डकी प्रदेशको मान्यता हो। खस बाहुनहरूले पुस १५ देखि दिन घमाइलो हुन्छ भनेर नयाँ अनदी चामल, उखुको खुदो, अनदी चामलको लट्टे, अदुवा राखेर मासको दाल तोरीको तेलमा फुलौरा तारेर खान्छन्। मगरहरू तिहारमा देउसी भैली खेलेको धान चामल पैसा संगालेर पुस १५ मा पुवा खान्छन्। अहिले भ्यालेनटाइन्स डे आयो, तर मगरको भ्यालेनटाइन्स डे पुसे १५हो। गुरुङले पुस १५ लाई नै नयाँ वर्ष तमु ल्होछार मानेको छ। भनेपछि पुस १५ पनि कुनै जात विषेशको होइन, सबै नेपालीहरुको हो।

मार्गशुक्ल पूर्णिमा, जसलाई मङ्सिरे पूर्णिमा पनि भनिन्छ भने शास्त्रीय भाषामा धान्य पूर्णिमा भनिन्छ। यो पूर्णिमा बडो समन्वयात्मक पर्वका रूपमा छ। मङ्सिरे पूर्णिमाको दिनमा धान्य लक्ष्मीको पूजा हुन्छ, मङ्सिरमा बाली भित्र्याएर धानको भकारी बाँधेपछि आषनो कुलदेवतालगायत आषना देवीदेवतालाई न्वागी चढाइन्छ। नेपाल भाषामा यँमरी पुन्हि भनिने यो दिनदेखि यःमरीको टुप्पो जतिकै दिन पनि बढ्छ भन्ने मान्यता नेवार समुदायमा छ। यही दिन यःमरी पूर्णिमा मनाइन्छ। यो पर्वमा राईहरूको चण्डी नाच, लिम्बूहरूको धान नाच हुन्छ। खुट्टाले धान माड्ने, हातले पराल चलाउने, हाहा गरेर चरा धपाउने- यसो गर्दागर्दै गीतको लय र नाच बनेको हो। धान नाच यही धान्य पूर्णिमासँग सम्बन्धित छ। हामी धाननाच लिम्बूको मात्र भन्ने सम्झन्छौं, तर कर्णालीको किनारामा राकम कर्णाली फाँट छ। त्यहाँ पनि धान नाच नाचिन्छ। यःमरी पुन्हि नेवारको चाड भयो, त्यही बेला कतिपय बाहुन-क्षत्रीको देवाली पूजा हुन्छ।

महाकवि देवकोटाले आफ्नो अन्तिम अवस्थामा भनेका थिए आखिर श्रीकृष्ण रहेछ एक, म शून्यमा शून्यसरी गएँ। बाहुन क्षेत्रीको बालन, जसमा भगवान कृष्णको बाललीला हुन्छ, गुरुङ -मगरहरूको चरित्र त्यो भनेको कृष्ण चरित्र नाच नाच्छन्। थारूहरूले कृष्णजन्माष्टमीमा अष्टमीको व्रत लिन्छन्, नेवार कलाप्रेमी जात भएकाले रथ बनाएर कृष्णको रथ यात्रा गर्छन्। सबैले कृष्णलाई मान्ने भएपछि भगवान श्रीकृष्ण एक भएनन् त ?

• लोप हुँदै केही संस्कृति

नेपालमा धेरै संस्कृति अहिले पनि जीवित अवस्थमा छन्। जीवित नभएको त कुसुण्डा हो। यो जाती र संस्कृति लोपोन्मुख अवस्थामा छ र यसको भाषा हरायो। उनीहरूको समुदाय नै हरायो। अरू कतिपय संस्कृति कति त लोप भईसके कति लोपोन्मुख अवस्थामा छ। काँठमा नारायण हरिहरि भन्ने खैंचडी भजन छ। जुन बुढापाकाले गाउँथे, अहिलेका पुस्तामा लोप हुन लागेको छ। त्यस्तै, काठे भाकाहरू लोप हुने अवस्थामा छ। यो चुड्का खैंजडी भजन अन्य पूर्व पश्चिममा छैन। यसको संरक्षण हुनुपर्छ।

• मौलिक संस्कृतिको जगेर्नामा अगाडि छन् नेवा

नेवा समुदायका युवाहरूमा हाम्रो संस्कृतिको जगेर्ना गर्नूपर्छ भन्ने जागरण छाएको छ। पहिले धिमे पुरुषले मात्र बजाउँथे अहिले महिलाले धिमे र बाँसुरी बजाउन थाले। पोखरामा ६/६ वर्षमा भैरव नाच नाच्छन्। अहिले त्यो नाचमा बजाउने पनि नाच्ने पनि युवा छन्। राग गाउन मात्र पुढापुस्ता छन्। अहिलेका बच्चाहरूले नेवा भाषा जान्दैनन भनेर नेवा भाषाको ट्युसन पढाइरहेका छन्। जात्रामात्रा, चाडपर्व उत्तिकै उत्साहका साथ मनाइरहेका छन्। यसरी नेवा युवाहरूमा आफ्नो संस्कृतिको बचाउका लागि जुन जागरण छ, अन्य समुदायले पनि त्यो सिको गर्नुपर्छ। र अभिभावकहरू आफ्नो भाषा संस्कृति मर्न दिँदैनौं भन्ने भाव छ यसको सिको अरूले पनि गर्नुपर्छ।

• विज्ञान सम्वत छन् चाडपर्व र संस्कृति

हाम्रा चाडपर्व रीतिथिति भेषभूषा, लवाइखवाइ सबै वैज्ञानिक छ। अहिलेको युवापिँढीले जे कुरामा पनि विज्ञान खोज्छ। पुढापुस्ताले त्यसको विज्ञान व्याख्या गर्न सक्दैनन्। त्यस कारण यो त अन्धविश्वास रहेछ भनेर छोड्दै जाने गर्छन्। विभिन्न संस्कृतिका लागि नेपाल सरकारले गुठीको व्यवस्था गरेको छ। महंगी बढ्दै जाँदा कर्मचारीको तलब पनि बढ्दै गयो। तर, गुठीको दरबन्दी र बजेट बढेको छैन। त्यसैले कुनै ठाउँमा हाँसको भाले बलि दिनुपर्ने ठाउँमा सानो हाँसको बच्चा बलि दिनुपर्ने अवस्था छ।

अहिले बाहिरी धर्मको व्यापकता छ। जसले गर्दा मौलिक रैथाने धर्म, संस्कार, संस्कृति ओझेलमा परेको र मानिसले त्याग्दै गएका छन्। हामीले मौलिकता छोड्नु हुन्न, संस्कार संस्कृति र धर्म बचाउन आफैं जागरुक हुनुपर्छ। अहिले त कुनै हिन्दुधर्मको कार्यक्रम छ भने फिरङ्गीको पाइन्ट लगाएर मञ्चमा बस्छन्, प्रवचन गर्ने बेला वेदको मन्त्र उच्चारण गर्छन्, हिन्दु धर्म भनेको यो हो यसो गर्नुपर्छ भनेर भाषण गर्छ। तर उसको भेषभूषाले उसलाई गिज्याइराखेको छ। बेदको कुरा गर्नेले फिरङ्गीको पाइन्ट लाउन हुन्छ ?

अहिले सिहंदरबार घर घरमा गएको छ भनिन्छ नि। अहिले गाउँपालिका वडा, नगरपालिका आदिले आफ्नो भेगको मौलिक संस्कृति बचाउका लागि योजना बनाएर बजेट तर्जुमा गरेको पाइन्छ। तर, आफ्नो संस्कृति बचाउका लागि समूदाय आफैं पनि सचेत हुन जरुरी छ। गाउँबाट सहर गयो भने आफ्नो भाषा नबोल्ने लाहुर गएर आफ्नो गाउँ आयो भने आफ्नो रहन सहन र भाषा नबोल्ने गर्छन्। आफ्नो समाज र संस्कृतिमा भएका केही विकृति छन् भने त्यसलाई समयानुकूल परिष्कृत गर्नुपर्छ। किनभने संस्कृति भनेकै परिष्कृत चिज हो। राम्रो कुराहरू छन् भने संरक्षण र संवर्द्धन गर्ने र नराम्रो पक्षलाई परिष्कृत गर्नुपर्छ। नेपाली संस्कृति समन्वयात्मक छ। जातीय धरातल भए पनि सांस्कृतिक हिसाबले समन्वयको अभाव छ।

• गुरुङ संस्कृति

गुरुङहरु पहिले वनवादी थिए। वनवादी भनेको प्रकृतिवादी हो। उनीहरूलाई पहिला तिब्बतमा विकास भएको बौद्ध धर्मले प्रभाव पाऱ्यो। त्यसपछि खस बाहुनको संगतले गर्दा उनीहरूलाई हिन्दुधर्म संस्कृतिले पनि प्रभाव पाऱ्यो। यसरी गुरुङ संस्कृतिमा तीन वटा पत्र छ। एउटा वन संस्कृति, तिब्बती लामा बौद्ध संस्कृति र हिन्दु संस्कृति छन्। गुरुङहरू भनेको गण्डकी प्रदेशको हिमाली काठका भूमिपुत्र हुन्। गुरुङ संस्कृतिमा किँरात संस्कृति पनि पाइन्छ। गुरुङले गाँदो लाउने हिमालवारीको संस्कृतिबाट प्रभावित भएको हो। पहिले गुरुङको गोत्र हुने थिएन। तर, हिन्दु धर्म मिसिएपछि गुरुङको गोत्र हुन थाल्यो। जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कार गर्ने गुरुङको आफ्नै गुरुङ जातिकै पुरोहित हुन्छन्। हिन्दु धर्मअनुसार सत्य नारायणको पूजा लगाउने, रुद्री गर्ने कोटको पुजा गर्नेले बाहुन पुरोहित राख्छन्। गुरुङहरू आफ्नो कूलपितृलाई शक्तिको रूपमा पूजा गर्ने गर्छन्। गुरुङ संस्कृतिमा मामाचेली फुपूचेली विवाह गर्ने चलन छ, जुन अहिले कम हुँदै गएको छ।

(रश्मी थापासँगको कुराकानीमा आधारित)

४०औं वर्ष पूरा गरी ४१औं वर्षमा प्रवेश गर्न सफल भएकोमा नेपालकै सबैभन्दा जेठो मिडिया संस्था कामना समूहलाई हार्दिक बधाई दिँदै देशको आर्थिक, सामाजिक, राजनीतिक ,साँस्कृतिक विकासमा शसक्त योगदान पुऱ्याउन सकोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

CELEBRATING 41 कामना GLORIOUS YEARS

Adpro Media Pvt Ltd.
Thapagaun,Kathmandu
01-5454815, 5449880

Future Hub Media Multipurpose Pvt Ltd.
Anamanagar-29, Kathmandu
TEL: 01-4102680, 4102855

Gandaki Media Pvt. Ltd.
Anamanagar, Kathmandu
Ph: 9851093029

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
Maharajgunj, Kapan Marg, Kathmandu
Ph: +977 01-4373682, 4373604

OUTREACH NEPAL PVT. LTD.

Prasiddha Media and Publication
Hanumanstan, Lalitpur-10, Kupondole
Ph: 9851042105, 9801042105

PRISMARK
Prismark An Advertising & Marcomm Agency
Jawalakhel, Lalitpur
Ph: +977-01-5438180, 5438181

Protective Micro Insurence
Gusingal, Lalitpur, Nepal.
Ph: 01-5916790

SMD Smart Media
Services
Advertising Services
Design & Illustration
Printing Services
T-shirt, Cap, Hat, Keyring, Bags etc.
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

S.S Media Pvt. Ltd.
Babarmahal,Kathmandu
Ph: 9851003825
Bikash Lamichhane
Managing Director

Prasiddha Media and Publication
Bhimsengola, Old Baneshwor, Kathmandu
Ph:91-4116627, 4594842

ICFC FINANCE LIMITED
www.icfc.com.np

शैलेन्द्रमान बज्राचार्य
वागमती प्रदेश सभा सदस्य

> मठ मन्दिर बनाउँदा आध्यात्म जोडिने शैलीले बनाउनु पर्छ भन्ने मेरो अभियान हो। यसलाई देशव्यापी नै अगाडि बढाइरहेको छु। म प्रदेशमा मन्त्री हुँदा यससम्बन्धी कार्यविधिसमेत बनाएको थिएँ। अहिले पनि यस विषयमा सामाजिक अभियान सञ्चालन गरिरहेको छु।

सम्पदा संरक्षकका नायक :

पुर्खाहरूकै योगदानको कदर गर्न अभियानमा जोडिएको हुँ

तपाईंको व्यक्तिगत पृष्ठभूमि र संस्कृति तथा सम्पदा संरक्षणमा लाग्ने प्रेरणाका बारेमा बताइदिनुहुन्छ कि ?

कक्षा ६ मा पढ्दादेखि नै म संस्कृति र सम्पदा संरक्षणमा सक्रिय हुँदै आएको हुँ। २०४७ सालतिर म कक्षा ६ मा पढ्दा नै हाम्रो संस्कृति र सम्पदाको संरक्षण गर्नुपर्छ भन्ने सोच दिमागमा आएपछि म निरन्तर यो अभियानमा सक्रिय रहँदै आएको हुँ। यसै सन्दर्भमा सम्पदा संरक्षण अभियानमा लागिरहेकै अवस्थामा म सुमन सायमीको हाम्रो नेपाली पार्टीसँग आवद्ध भएँ। पुराना दलहरूबाट जनता वाक्क दिक्क भएकाले म पनि नयाँ पार्टीमार्फत समाजमा योगदान दिन सकिन्छ कि भनेर यो पार्टीमा लागेको हुँ। गत निर्वाचनमा हाम्रो नेपाली पार्टीबाट काठमाडौं प्रदेश सभाबाटै प्रत्यक्षमा निर्वाचन जितेर सांसद हुने अवसर पाएँ। त्यसपछि केही समय वागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रीसमेत बन्ने अवसर पाएँ। संस्कृति तथा सम्पदा संरक्षणमा मेरो भूमिकाकै कारण मैले निर्वाचन जित्न सफल भएको हुँ। मन्त्री भएको बेला पनि संस्कृति र सम्पदा संरक्षणमा महत्वपूर्ण कार्य गर्न सफल भएँ। गुठीहरूसँग जोडिने मौका पनि पाएँ। पुर्खाहरूको कथा सुन्दै आएको हुँदा पनि पुर्खाहरूकै योगदानको कदर गर्न म यो अभियानमा जोडिएको हुँ।

संस्कृति तथा सम्पदा संरक्षणमा के कस्ता कामहरू गरिरहनुभएको छ ?

हाम्रो नेपाली पार्टीले देशभर १९५ जना व्यक्तिलाई प्रदेश सभामा उठाएको थियो त्यसमा चुनाव जित्न ममात्रै सफल हुन सकेँ। मेरो चुनावको मुख्य एजेन्डा नै संस्कृति र सम्पदा संरक्षण थियो। यो सम्पदा भनेको देशको गौरव हो। यो ऐजेन्डाकै कारण मैले निर्वाचन जित्न सफल भएँ। यसो त म वर्षौंदेखि यो अभियानमा सक्रिय हुँदै आइरहेकाले पनि निर्वाचन जित्न सहज भयो। चुनाव जितेपछि मलाई सम्पदा र संस्कृति संरक्षणमा अझै ठूलो भूमिका खेल्नुपर्छ भन्ने अनुभूति भयो। म नीति निर्माण तहमा रहेरै अब सो भूमिका निर्वाह गर्दै आइरहेको छु। म मूर्त र अमूर्त सम्पदाको संरक्षणमा निरन्तर लाग्दै आइरहेको छु।

सम्पदा संरक्षणका लागि स्थानीयलाई जागृत गर्ने काम गर्दै आइरहेको छु। कैयौंले सम्पदा संरक्षणको विषयलाई गहन रूपमा बुझ्न सक्नु भएको छैन। अभियानमार्फत सबै पक्षलाई बुझाउँदै हिँडिरहेको छु। अहिले धेरैले बुझ्न थाल्नुभएको छ। अब संस्कृति तथा सम्पदा संरक्षणको विषय काठमाडौंमात्रै होइन देशभरका नागरिकलाई बुझाउने गरी अभियान थाल्ने सोचमा छु। सम्पदा र संस्कृति लोप हुने अवस्थामा पुगेकाले पनि यो अभियान देशव्यापी बनाउन जरुरी छ।

सम्पदा भनेर ठ्याक्कै के बुझिन्छ ? प्रष्ट पारिदिनुहुन्छ कि ?

सम्पदा भनेको परापूर्व कालदेखि मठमन्दिरलगायत हाम्रा पुर्खाहरूले मूर्त रूपले बनाइदिएका संरचनाहरूलाई बुझिन्छ। यीचाहिँ मूर्त सम्पदा हुन्। सम्पदा मूर्त र अमूर्त गरी दुई प्रकारका हुन्छन्। अमूर्त सम्पदा भनेको चाहिँ कला, कौशल, परापूर्व कालदेखि बस्दै आइरहेका स्थानीय वासिन्दा, पूजा पाठ, जात्रा सबै पर्छन्। यसरी मूर्त र अमूर्त दुवै सम्पदाको संरक्षण गर्नु अहिलेको अहम् आवश्यकता हो। जबसम्म यहाँका स्थानीयहरू आर्थिक रूपमा सम्पन्न हुन सक्दैनन तबसम्म सम्पदा संरक्षणमा चुनौती र जटिलता थपिँदै जान्छ। किनकि स्थानीयहरू धमाधम घट्दै जान थालेका छन्। यहाँका स्थानीय घट्नु भनेको पनि सम्पदा संरक्षणमा चुनौती हो। त्यसैले यसमा पनि ध्यान दिन जरुरी छ।

सांसद र मन्त्री भइसकेपछि यहाँले संस्कृति र सम्पदा संरक्षणमा गरेका महत्वपूर्ण कार्यहरू के के हुन् ?

विभिन्न परिस्थितिले गर्दा म जम्मा ३ महिनामात्रै वागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्री भएँ। त्यस अवधिमा पनि मैले संस्कृति तथा सम्पदा संरक्षणमा महत्वपूर्ण कार्य गर्न सफल भएँ। मन्त्री हुनेबित्तिकै मैले भाषा विधेयकलाई कार्यान्वयनमा ल्याएँ। नेपाल भाषा र तामाङ भाषा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गराउन सफल भएँ। राज्यले अब यी भाषालाई मान्यता दिएको छ। म मन्त्री भएपछि काठमाडौं र वागमतीको मात्रै नभएर देशभरका मठ, मन्दिर र सम्पदाको विकास र संरक्षणका लागि अभियान सञ्चालन गराएको थिएँ। अहिले पनि कुनै न कुनै रूपमा त्यो अभियानमा सरिक छु। अलि लामो समयसम्म मन्त्री भएको भए मैले संस्कृति तथा सम्पदा संरक्षणमा देशव्यापी रूपमा नै ठूलो अभियान सञ्चालन गरेर धेरै नागरिकलाई यस अभियानमा सक्रिय बनाउने योजना बनाएको थिएँ।

देशभरमा मठ मन्दिरहरू सही ढंगबाट बनिरहेको मैले देखिनँ। त्यसमा आफ्नो मौलिक शैली हुनुपर्छ। मठ मन्दिर बनाउँदा आध्यात्म जोडिने शैलीले बनाउनु पर्छ भन्ने मेरो अभियान हो। यसलाई देशव्यापी नै अगाडि बढाइरहेको छु। म प्रदेशमा मन्त्री हुँदा यससम्बन्धी कार्यविधिसमेत बनाएको थिएँ। अहिले पनि यस विषयमा सामाजिक अभियान सञ्चालन गरिरहेको छु।

सम्पदा तथा संस्कृति संरक्षणका मुख्य चुनौतीहरू के कस्ता छन् ?

मुख्य चुनौती भनेकै हाम्रो संस्कृति र सम्पदाको मौलिकता हराउन पुगेको छ। यसै गरी राज्यसत्तामा बस्नेहरूले संस्कृति र सम्पदाको संरक्षणलाई बेवास्ता गरिरहेका छन्। यो पनि चुनौती हो। राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वले यो विषयलाई खासै प्राथमिकतामा राखेका छैनन्। प्रशासनिक पक्ष त झन् यस विषयमा पुरै गैरजिम्मेवार रहेको पाइयो। यो पनि सम्पदा तथा संस्कृति संरक्षणको ठूलो चुनौती हो।

स्थानीय जनसमुदाय पनि संस्कृति संरक्षणमा जुन रूपमा जागरूक हुनुपर्थ्यो त्यो रूपमा हुन सकेको छैन। शास्त्र र विधिअनुसार मठ मन्दिरहरू बन्न सकिरहेका छैनन्। पछिल्ला दिनमा त झनै मनपर्दी रूपमा सिमेन्ट र रड प्रयोग गरेर मठ ,मन्दिर बनाउन थालिएको छ यसले संस्कृति र सम्पदाको मौलिकता नै नष्ट गरिदिएको छ। यो पनि संस्कृति संरक्षणको ठूलो चुनौतीको पक्ष हो।

संस्कृति तथा सम्पदा संरक्षणमा लाग्दाको महत्वपूर्ण अविस्मरणीय क्षण केही छ ?

म २०४७ सालमा ६ कक्षा पढ्दादेखिकै एउटा पौभा आर्टिस्ट पनि हुँ। पौभा पनि एक प्रकारको कला संस्कृति नै हो। मैले त्यतिबेला ठूला ठूला पौभा आर्टिस्टवाट पौवा कला सिक्ने मौका पाएँ। त्यो मेरो लागि स्मरणीय क्षण थियो। साथै कला, संस्कृति र सम्पदाको अभियानमा लागेकै कारण म प्रदेश सभाको सांसद हुँदै वागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रीसमेत बन्न सकेँ। यो पनि मेरो लागि एउटा अवस्मरणीय क्षण थियो। मन्त्री भएका बेला पनि मैले संस्कृति र सम्पदा संरक्षणमा धेरै नै महत्वपूर्ण कार्य गर्न सफल भएँ।

सम्पदा संरक्षण गर्ने अभियानमा लाग्दाका समस्याहरू के के छन् ?

पहिलो कुरा जिम्मेवार निकायहरूलाई नै मूर्त र अमूर्त सम्पदाको राम्रो ज्ञान छैन। दोस्रो आर्थिक अभाव पनि हो। स्थानीयहरू आर्थिक समस्याको चपेटामा पर्न थालेका छन्। जसका कारण उनीहरू पलायन हुने खतरा बढिरहेको छ। यो पनि सम्पदा संरक्षण अभियानका लागि ठूलो समस्याको विषय भएको छ। नयाँ पुस्ता विदेश पलायन हुने क्रम बढेकाले पनि अभियान सञ्चालन गर्न समस्या परिरहेको छ।

सम्पदा संरक्षणको अगुवा हुने क्रममा तपाईंले कसकसको साथ लिइरहनु भएको छ ?

मैले यो अभियानमा सम्पदा तथा संस्कृति संरक्षणमा लाग्दै आइरहनु भएका कैयौं सामाजिक अभियन्ताहरूको साथ पाइरहेको छु। यसै गरी युवा पुस्ताका साथीहरूको पनि सहयोग र साथ छ भने विभिन्न क्लब, संघसंस्था तथा विभिन्न समूहका साथीहरूले पनि यस अभियानमा सक्रिय सहयोग गरिरहनुभएको छ।

यहाँले संस्कृति तथा सम्पदा संरक्षणमा पछिल्लोपटक थाल्नुभएको विशेष अभियान केही छ ?

मठ मन्दिरमात्रै हाम्रा सम्पदा होइनन्। यहाँ परापूर्व कालदेखि जमिनमा टेकेर मौलिक कलाले बनाइएका घरहरू पनि सम्पदा हुन्। सम्पदाको रूपमा रहेका पुराना मौलिकता र कला बोकेका घरहरू मासिँदै गइरहेका छन्। घरमा रहेका मानिसहरूसमेत पलायन हुने दुखदायी अवस्था छ। त्यसैले त्यस्ता घरहरू मासिन नदिन पनि स्थानीहरूलाई विस्थापन हुन दिनुहुँदैन भन्ने अभियान थालेको छु। यसको लागि स्थानीयको आर्थिक अवस्थामा सुधार ल्याउने उपायको खोजीमा छु। यसको लागि मैले केही समयअघि एक घर एक उद्यमी अभियान पनि ल्याएको थिएँ अब त्यसलाई नयाँ किसिमले अघि बढाउनुपर्ने भएको छ। यसका लागि स्थानीय सरकारलाई पनि झकझक्याउने काम गरिरहेको छु।

तपाईंको यस अभियानप्रति समुदाय तथा स्थानीयको प्रतिक्रिया के कस्तो छ ?

विभिन्न कारणले मैले अभियानलाई सशक्त र प्रभावकारी बनाउन सकेको छैन। तथापि स्थानीय समुदायबाट राम्रो सहयोग र सुझाव पाइरहेको छु। उहाँहरूको हुटहुटीले अघि बढिरहेको छु।

संस्कृति तथा सम्पदा संरक्षणमा लाग्न आम युवा समुदायलाई के कसरी प्रेरित गरिरहनुभएको छ ?

यो अभियानलाई स्कूलदेखि नै सञ्चालन गर्नुपर्छ भनेर सोहीअनुसार स्थानीय सरकारसँग आग्रह गरिरहेको छु र सोहीअनुसार स्थानीय सरकारले विभिन्न कोर्सहरू सञ्चालन गरिरहेको छ। साथै कलेजमा पनि यो अभियान सञ्चालन गर्ने गरी योजना बनाएका छौं । अहिले हामीले चालेको अभियानमा युवाहरूको पनि राम्रो संलग्नता रहेको छ। यी युवाहरूलाई स्कुल तथा कलेजमा परिचालन गरी अन्य युवाहरूलाई पनि संस्कृति तथा सम्पदा संरक्षणमा उत्प्रेरित गर्ने सोच बनाएका छौं। अस्ति भर्खरै हामीले म्युजिकल प्रोग्राम भनेर धिमे नाचको लागि १ हजारजना युवालाई म्युजिकमा सहभागी बनाउन सक्यौं र संस्कृति संरक्षणमा आम युवाहरूको पनि भूमिका रहेको सन्देश दिन सफल भयौं।

प्रस्तुति : सागर पण्डित

पञ्चनारायण महर्जन
ज्यापु महागुठी

परम्परागत बाजाप्रति युवा पुस्ता आकर्षित

संस्कृति कुनै समाज, समुदाय वा जातिको साझा विश्वास, परम्परा, कला, भाषा, र आचार-व्यवहारको एक समूह हो जसले मानिसहरूको जीवनशैली र सोचलाई आकार दिन्छ। यसमा परम्परागत रीति-रिवाज, धार्मिक विश्वास, संगीत, नृत्य, साहित्य, व्यञ्जन र सामाजिक मान्यताहरू समावेश छन्। संस्कृति, समाजका सदस्यबीचको आपसी सम्बन्ध र पहिचानलाई बल पुऱ्याउने एउटा माध्यम पनि हो। जसले सामाजिक, ऐतिहासिक र भौगोलिक अवस्थाहरूको बारेमा कालान्तरसम्म साक्षात्कार गराउनुका साथै कुनै पनि समुदायको पहिचान र अस्तित्वको मूलस्तम्भको रूपमा काम गर्दछ।

नेपाल पनि विभिन्न जात जातिले भरिएको एउटा साझा फूलबारी हो। नेवार समुदायको बाजा संस्कृति पनि त्यही फूलबारीभित्रको एउटा फूल हो जसको वास्नाले विश्व जगत्मा नेपाललाई सुगन्धित बनाएको छ। यसै सन्दर्भमा सेतो मच्छिन्द्रनाथ जात्रा, येयां (इन्द्रजात्रा), न्हूंद समारोह समिति, पचली भैरव जात्रालगायत काठमाडौंमा हुने जति पनि जात्रा पर्वहरू छन् ती सबैमा विगत लामो समयदेखि संयोजकको भूमिकामा सक्रिय रहँदै आउनुभएका ६३ टोल ज्यापु महागुठी नेपाः काठमाडौं महानगर समितिका अध्यक्ष पञ्चनारायण महर्जनसँग बाजा संस्कृतिको विषयमा पत्रकार कविरस शर्मा ले गरेको कुराकानी।

यो क्षेत्रमा लाग्नुभएको कति भयो ?

सांस्कृतिक संयोजकको रूपमा २०६७ सालदेखि सक्रिय छु। तर, आफ्नो गुठी र टोलमा चाहिँ करिब ४० वर्ष जति भइसक्यो।

६७ सालयता संस्कृति उत्थानमा तपाईंको भूमिका कस्तो रहेको छ ?

सुरूमा चुनौतीपूर्ण थियो। ६७ सालतिर हाम्रा टोलहरूमा परम्परागत बाजाहरूमात्र थियो। पुर्ख्यौली बाजा चलाउनलाई पनि निकै गाऱ्हो थियो।

अहिलेसम्म कहाँ र कसरी बाजा संयोजन गर्नुभयो ?

ज्यापु महागुठीको अध्यक्ष भइसकेपछि चाहिँ ६३ टोलकै बाजालाई संयोजन गर्दै आइरहेको छु। झन्डै डेढ दशकअघि र अहिले आकाश जमिनको भिन्नता छ। त्यतिबेला कुनै एउटा टोलबाट बाजा बजाउने समूह खोज्न नै मुस्किल पर्थ्यो। तर, अहिले चाहिँ त्यस्तो अवस्था धेरै हदसम्म कम भएको छ।

के-कस्तो समस्या थियो ?

पहिलो समस्याचाहिँ व्यावसायिक रूपमा जान नसक्नु हो। आफ्नै स्रोत साधनले सधैंभरि धान्न सकिँदैन। अर्को कारणचाहिँ युवा वर्गमा देखिएको विदेश मोह हो। हामीलाई जसरी हाम्रो पुर्खाले संस्कृति हस्तान्तरण गरेर गए त्यसरी नै हामीले अहिलेको युवा पुस्तालाई हस्तान्तरण गर्न सकिरहेका छैनौं। बाजा संस्कृतिमै लागेर जीविकोपार्जन गर्न गाऱ्हो भएकोले पनि नयाँ पुस्तामा यस्तो समस्या देखिएको हो।

तपाईं पुर्खाबाट हस्तान्तरित कुन-कुन बाजाको जानकार हुनुहुन्छ ?

मलाई विशेषगरी दाफः बाजा र धिमे बाजाबारे जानकारी छ। विभिन्न ताल रहेको दाफः बाजाअन्तर्गत नेपाल भाषाको भजनहरूचाहिँ गाउँछु। तर, सम्पूर्ण बाजाहरूको संयोजनचाहिँ गर्छु।

बाजा संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्ने कुनै प्रक्रिया हुन्छ ?

हुन्छ, यसको लागि परम्परागत रूपमा चलिआएको एउटा विधि नै छ। यो विधि पुरानो र परम्परागत रूपमा रहेको टोलकाहरूले अनिवार्य अपनाउनु पर्छ। बाजा सिक्नेले नीति नियमको पालना गरोस् भनेर नै परापूर्वकालदेखि यस्तो विधिलाई पालना गराइन्छ। पहिले यो ६३ टोलमा रहे पनि अहिले ३२ टोलमा मात्र सीमित छ।

बाजा सिक्नका लागि के-कस्तो परम्परागत विधि पालना गर्नुपर्छ ?

परम्परगत रूपमा जाने हो भने बाजा सिक्नका लागि ज्यापु समुदायमा नयाँ व्यक्तिले १२ वर्षको उमेरसम्म तीन पटक लगालग "वलाः छोयेगु" भन्ने एउटा विधि पूरा गर्नु पर्छ। त्यसमा सम्बन्धित टोलका १२ वर्षसम्मका युवाले एक रात घरबाट बाहिर कुनै शक्तिपीठमा बास बस्नुपर्ने नियम छ। शक्तिपीठमा बसेकालाई भोलिपल्ट आफन्तजनले नूनबाहेकका खानेकुरा लिएर हेर्न आउँछन्। पटक-पटक गरी तीन वर्षसम्म यसरी विधि पूरा गरेपछि व्रतबन्धजस्ता बाँकी रहेका कर्मकाण्ड सकाएर "वलाःढोंगकयेगु" गरेर विधि समापन गरिन्छ र धिमे बाजा बजाउन सिकाइन्छ।

सिक्ने बेला कुनै विधिको पालना गर्नुपर्ने नियम छ ?

शुरूमा घरमा पूजा गरिन्छ र नाशः द्यो (नाट्यश्वर) मन्दिरमा पूजा गरेर कालो टीका लगाउने भन्ने चलन छ। बाजा बजाउन शुरू गर्दा नीति नियममा बस्नका लागि त्यसरी कालो टीका लगाउनु पर्छ। तीन महिनापछि बाजा बजाउन जानिसकेपछि त्यसरी लगाएको कालो टीकालाई फिर्ता गर्ने चलन छ। यदि, कसैले तीन महिना अवधि पूरा नगरी कालो टीका फिर्ता नगरेमा अशुभ हुने मान्यता रहिआएको छ। परम्परागत रूपमा बाजा सिकाउँदा सबै निःशुल्क हुन्छ। अहिले म नै अगाडि बसेर धिमे बाजा सिकाउन शुरू गरिएको छ।

धिमे बाजा के कसरी बजाइन्छ ?

ठूलो (तःग्वगु) र सानो (चिःग्वगु) गरी दुई प्रकारका धिमे बाजा प्रचलनमा छ। ठूलो धिमे परापूर्वकालदेखि नै चलन चल्तीमा छ र ज्यापु समुदायले पनि आफ्नो प्रतीकको रूपमा मान्छन्। ठूलो धिमे कुनै विशेष अवसरमा बजाइन्छ र यो बजाउनु अघि विधि पुऱ्याउनुपर्ने चलन रहेको छ। सानो धिमेचाहिँ ज्यापुबाहेकका अन्य समुदायलेले पनि बजाउने गरेको छ। अहिले प्रायः बजाउने भनेको नै सानो धिमे हो।

धिमे बाजा कहाँ कसरी बजाइन्छ ?

काठमाडौं उपत्यकाको तीन सहरको कुरा गर्दा धिमे बाजा बजाउने तरिका फरक छ। परापूर्वकालदेखि नै काठमाडौंको पुरानो वस्तीलाई थःने (माथिल्लो वस्ती) दथुः (मध्य वस्ती) र क्वनेः (तल्लो टोल) गरी तीन भागमा विभाजन गरिएको छ। जसनुसार तल्लो वस्तीमा ठूलो जोडी धिमेसँगै पोंगा, गौं र भुस्या प्रयोग गरिन्छ भने मध्य र माथिल्लो वस्तीमा ठूलो जोडी धिमेसँगै धुन्या, गौं र भुस्या प्रयोग गरिन्छ। ठूलो धिमे ज्यापु समुदायले मात्र बजाउँछन् भने सानो धिमे भने सबै समुदायले बजाउने गरेको छ। अहिले सामान्यतया जताततै मनोरञ्जन तथा अन्य क्रियाकलापका लागि सानो धिमे बजाइन्छ।

धिमे एकै प्रकारको हुन्छन् कि फरक ?

स्वनिगः अर्थात् काठमाडौं उपत्यकाको तीन सहरमा बजाइने धिमेहरु भिन्न छन्। बाजा एउटै भए पनि नोटेसन र बाजाबाट निस्किने आवाज भने फरक हुन्छ। भक्तपुरको र काठमाडौंको ठूलो धिमेको आवाज नै फरक हुन्छ। अहिलेका युवाहरूले त झन नोटेसनमा फ्यूजन गरेर धिमेको मौलिकतालाई परिवर्तन गरेको पाइन्छ। मनोरञ्जनको लागि गरिए पनि यो एक प्रकारको विकृति हो। संस्कृति जोगाउन यस्तो कुरा रोक्ने प्रयास पनि जारी छ।

धिमे विशेष गरी कुन जात्रापर्वमा बजाइन्छ ?

अहिले काठमाडौंको प्रत्येक जात्रापर्वमा बजाइन्छ। हाम्रो गुठीको देवाली पूजामा त अनिवार्य बजाउनु पर्छ। धेरै वर्ष पहिले इन्द्रजात्रामा धिमे बजाइन्नथ्यो। इन्द्रजात्रामा बजाउने भनेकै लाखे आजु, पुलुकिशी, गुरुज्यूको पल्टन र सवा भकुको मात्र बाजा हो। संस्कृति जगेर्ना गर्नुपर्छ र भएका बाजाबिना जात्रा पर्व राम्रो देखिँदैन भनेर मेरै संयोजकत्वमा एउटा कमिटी गठन गरेर इन्द्रजात्रामा पनि धिमे बजाउन शुरू गरेका हौं। त्यति बेला बाजा बजाउने युवाहरू भेला गर्न निकै गाऱ्हो भएको थियो। हाम्रा अग्रजहरूले समेत इन्द्रजात्रामा धिमे बजाउने विषयमा असहमति जनाएका थिए। लगत हेरेर बाजा खलः को पहिचान गरी बाजा बजाउन आह्वान गरेपछि मात्र इन्द्रजात्रामा धिमे बजाउन सम्भव भयौं। १६ वर्षअघि जम्मा चारवटा बाजा खलः मात्र सहभागी भएका थिए। पहिलोपटक धिमे बजाइएको उक्त इन्द्रजात्रा निक्कै राम्रो भएको प्रतिक्रिया पाएका थियौं। अर्को वर्ष विभिन्न १० वटा बाजा खलः आएका थिए भने अहिले यो बढेर ९३ खलः पुगिसकेको छ। बाजाको संख्याका कारण व्यवस्थापन गर्न कठिन भएकोले केही वर्षयता हामीले तीन दिने रथयात्रामा ९३ खलः लाई विभाजन गरी कुन दिन कसले बजाउने बनेर छुट्याउने गरेका छौं। यसरी नै अन्य जात्रा पर्वमा पनि हामीले बाजा व्यवस्थापन गरेका छौं। सेतो मछिन्द्रनाथ जात्रामा चाहिँ धुन्या अनिवार्य हुन्छ। काठमाडौंमा १९ वटा धुन्या खलः छ। तीमध्ये चार धुन्या खलः ले अनिवार्य बजाउनु पर्छ। त्यसबाहेक अन्यलाई पनि हामीले निमन्त्रणा गर्दै आएका छौं। पचली भैरवलगायत अन्य जात्रामा पनि हामीले यसरी नै व्यवस्थापन गर्ने गर्छौं।

धिमे बाजाबाहेक अरू कुन-कुन बाजा काठमाडौंको जात्रापर्वमा बजाउने गरिन्छ ?

नेवार समुदायका विभिन्न जात जातिले जात्रा पर्वअनुसार गुंलाः बाजा, नायोःखिई, धाः बाजं, कनाथ, म्वाएली र धाः पनि बजाउने गर्छन्। विशेषतः स्वयम्भुमा लाग्ने एक महिने गुंलाः पर्वमा धाः बाजंचाहिँ अनिवार्य रूपमा हरेक दिन बजाउनुपर्ने परम्परा रहिआएको छ। एकतिर खाली हात र अर्कोतिर मोटो लट्ठी प्रयोग गरी धाः बाजं बजाइन्छ। सानो धिमेजस्तै देखिने भए तापनि धाःबाजं मा प्रयोग हुने लठ्ठीको टुप्पो मोटो हुन्छ। त्यस्तै, नायोः खिईचाहिँ एकतिर पातलो लठ्ठी र अर्कोतिर खाली हातले बजाइन्छ।

परम्पराअनुसार नायोः खिई लाई बाजाको नाइकेको रूपमा मानिँदै आएकोले जात्राको सुरुवात नै नायोःखिई बाजाबाट गरिन्छ। जो अरू बाजाभन्दा अगाडि राखेर बजाउने चलन छ। जात्रा परम्पराअनुसार शुरूमा नायोःखिई त्यसपछि धुन्या धिमे र पोंगा, ठूलो धिमे राखी लहरै बजाउने गरिन्छ। त्यसपछाडि मात्र अन्य बाजा राखिन्छ।

बाजा संस्कृति विकासमा सरकारीस्तरबाट के-कस्तो सहयोग मिलेको छ ?

धेरै पहिले हामी आफ्नै समुदायको गुठीमा आबद्ध भएकाहरूले आफ्नै व्यक्तिगत स्रोतबाट खर्चसमेत धान्ने गर्थ्यौं। पछिल्ला केही वर्षयता भने स्थानीय तहले पनि सहयोग गरेको छ। तर, परम्परागत पद्धतिमा चलिरहेको बाजा खलः मुख्यत सरकारको नीति नियम र प्रक्रियासँग जोडिन नसक्दा समस्या भएको छ। अहिले धेरैजसो जग्गा जमिन राज्यले आफ्नो मातहतमा पारिसकेकाले संस्कृति जोगाउन समस्या भएको छ। ज्यापु महागुठीबाट हामीले पनि आवश्यक प्रक्रिया पूरा गर्न बाजा खलः हरूलाई सहयोग गर्दै आइरहेका छौं। तर, विदेशी पर्यटक भित्र्याएर आर्थिक उपार्जन गर्न सकिने र देशकै संस्कृति र परम्परा झल्काउने राष्ट्रिय पहिचान बोकेको इतिहास संरक्षण गर्ने विषयमा केन्द्र सरकारले भने आश्वासनबाहेक केही दिन सकेको छैन। यदि, सरकारले बाजाको महत्वको बारेमा अध्ययन र अनुसन्धान गरी अक्षयकोषको स्थापना गर्ने हो भने धेरै हदसम्म बाजाको विकासमा सहयोग मिल्नेछ।

यस्तो कुरा राज्यले नबुझेको हो ?

राज्य सञ्चालन गर्ने जिम्मेवार व्यक्तिहरूले नियोजित रूपमा नै असहयोग गर्न खोजेको जस्तो लाग्छ। बाजा मऱ्यो भने संस्कृति पनि मासिन्छ भनेर गम्भीर हुन जरुरी छ। गत वर्ष हामीले बाजासम्बन्धी अध्ययन र अनुसन्धान गर्नका लागि प्रदेश सरकारसमक्ष प्रस्तावना पेस गरेका थियौं।

जसमा परम्परागत नेवा बस्तीमा बसोबास गर्ने नेवा समुदायको संख्या, बाजामा सक्रिय संख्या, परम्परागत टोलको भौगोलिक स्थिति, इतिहास, जन्म र मृत्युमा हुँदा गरिने संस्कार, लोप भएका संस्कृतिलाई पुनःसञ्चालन गर्नेलगायतका विषयमा लगत राख्न तथा त्यस्ता संस्कृति संरक्षण र प्रवर्धनका लागि अनुमानित बजेटसहितको प्रस्तावना बुझाएका थियौं। तर, प्रदेश सरकारले भने कुनै प्रतिक्रिया जनाएन। यो वर्ष पनि हामीले प्रस्तावना पठाउने तयारी गरेका छौं।

परम्परागत बाजालाई संरक्षण र संवर्द्धन गर्न के गर्नुपर्ने देख्नुभएको छ ?

बाजा देशमा मात्र होइन, अन्तर्राष्ट्रीयकरण गर्न आवश्यक छ। देश-विदेशमा रहेका नेपालीले त्यहाँ पनि जात्रापर्वको अवसर पारेर धिमेलगायत अन्य सांस्कृतिक बाजाहरू बजाउने गरेका छन्। नेपालबाट बाजाका गुरुहरूलाई बोलाएर उनीहरूले प्रशिक्षण पनि लिने गरेका छन्।

जसमा विदेशी नागरिकहरूको सहभागिता बढ्दो छ। यो एउटा राम्रो संकेत पनि हो। यसलाई अझै मध्यनजर गरी योजनासहित अगाडि बढ्यौं भने निश्चय पनि नेपाली परम्परागत बाजाले अन्तर्राष्ट्रिय मञ्चमा राम्रो स्थान पाउनेछ।

परम्परागत बाजाप्रति युवा पुस्ताको रूचि कस्तो छ ?

परम्परागत बाजाप्रति युवा पुस्ता पनि आकर्षित हुन थालेका छन्। केही समयअघि वसन्तपुरमा १ हजार जनाले सामूहिक रूपमा बाजा बजाउनु यसको उदाहरण हो। त्यहाँ बजाएको चाहिँ सानो धिमे हो तर, त्यसको सुरुवातचाहिँ ठूलो धिमेबाट गरिएको थियो। ठूलो धिमे महिलाहरुले बजाउन मिल्दैन। धिमे मात्र होइन, आजकल बिहेमा पनि परम्परागत बाजा राख्ने संस्कृति पुनः ब्युँतिएको छ।

मौलिक बाजाप्रति अहिले अन्य समुदायका युवाहरू पनि उत्साहित देखिएका छन्। जसले गर्दा यो बाजा नेवार समुदायको सीमित जातिको मात्र नभएर सम्पूर्ण नेपालीको हो भन्ने सकारात्मक सन्देशसमेत प्रवाह भएको छ। विद्यालयमा पनि मौलिक बाजा सिकाउने संस्कार बढेको छ। यसले रोजगारीलाई पनि बढावा दिएको छ र भविष्यमा युवा पुस्ताले पनि बाजा संरक्षणमा महत्वपूर्ण भूमिका खेल्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग

भिजिट तथा पर्यटक भिसामा विदेश जाने नेपाली नागरिकहरुको लागि जारी गरिएको यात्रा परामर्श (Travel Advice) सम्बन्धी सूचना ।

१. भिजिट र पर्यटक भिसामा विदेश गएर कामको खोजी गर्नु गैरकानुनी कार्य हो । यस्तो भिसा लिएर विदेशमा गई कामको खोजी गर्दा सम्बन्धित देशको कानुन अनुसार कारवाहीमा परिने र विभिन्न प्रकारका समस्या भोग्नुपर्ने हुन्छ ।
२. भिजिट भिसामा घुम्न जान थप शुल्क वा दस्तुर नलाग्ने भएकोले भिजिट भिसामा पठाउनको लागि सेटिङको नाममा बिचौलियाहरुले रकम माग गरेमा त्यस्तो रकम नबुझाउनु होला ।
३. भिजिट वा पर्यटक भिसामा यात्रा गर्ने यात्रीहरुले नक्कली कागजात पेश गर्ने, झुट्टा विवरण तयार गर्ने, भिसाको उद्देश्य विपरित एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकहरुसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्ने जस्ता गतिविधिहरुबाट सिर्जित अवस्थाको सम्बन्धमा व्यक्ति स्वयं नै जिम्मेवार हुने हुँदा यस विषयमा भ्रमण गर्ने सम्बन्धित देशको पूर्ण जानकारी लिएर तथा भाषा, संस्कृति र कानुनसम्बन्धी सामान्य जानकारी राखेर भ्रमण गर्नु होला ।
४. श्रम गन्तव्य मुलुकहरु कुवेत, ओमन, संयुक्त अरब इमिरेट्स र बहराईन जस्ता देशहरुमा बिचौलियाहरुको प्रभावमा महिलाहरुलाई भिजिट वा पर्यटक भिसामा पुर्याई श्रम भिसा (Working Visa) मा परिणत गराउने र त्यस्तो कार्यबाट महिलाहरुलाई विभिन्न प्रलोभनमा पारी बढी रकम असुल गरी ठग्ने, रोजगारदातासँगको मिलेमतोमा असुरक्षित र अमर्यादित श्रम कार्यमा संलग्न गराउन सक्ने, तोकिएको भन्दा अन्य गन्तव्य मुलुकमा पठाउने, असंगठित र घरेलु प्रकृतिका जोखिमयुक्त कार्यमा संलग्न गराउने, सामाजिक सुरक्षाबाट वञ्चित हुनुपर्ने जस्ता सम्भावना रहेकोले काम गर्ने मनसायले विदेश जाँदै हुनुहुन्छ भने भिजिट वा पर्यटक भिसामा नगई श्रम भिसा (Working Visa) मा नेपाल सरकारबाट श्रम स्वीकृत लिएर मात्र प्रस्थान गर्नुहोला ।
५. सकेसम्म नेपालको विमानस्थलहरुबाट मात्र यात्रा गर्नुहोस् । भारत वा अन्य तेस्रो मुलुकको विमानस्थल भएर अन्य मुलुकमा यात्रा गर्दै हुनुहुन्छ भने नेपाली राजदूतावासबाट जारी हुने No Objection Certification (NOC) लिएर मात्र यात्रा गर्ने तथा महिलाहरुको हकमा भारतका विमानस्थल भएर तेस्रो मुलुक यात्रा गर्दै हुनुहुन्छ भने थप सजगता एवम् सावधानी अपनाउनु होला ।
६. वैदेशिक रोजगारीमा पठाउन इजाजत प्राप्त संस्थाले भिजिट वा पर्यटक भिसामा पठाउन खोजेमा सो सम्बन्धमा गोप्य सूचना दिनको लागि गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग वा अध्यागमन विभागमा तुरुन्त सम्पर्क गर्नुहोला ।
७. मित्रराष्ट्र भारत तथा बेलायती सेनामा नेपाल सरकारको स्वीकृतिमा भर्ना हुने बाहेक अन्य देशका सेना वा सशस्त्र समूहमा भर्ना हुने कार्य पूर्ण रुपमा गैरकानुनी र राष्ट्रहित विपरित हो । यस्तो कार्य गर्ने व्यक्तिहरुलाई उद्दार गर्न समेत कठिन हुने भएकाले कुनैपनि अवस्थामा यस्तो कार्य नगर्नु नगराउनु होला ।
८. वैदेशिक रोजगारीको सिलसिलामा वा भिजिट भिसामा ठगीमा पर्नु भएमा वा पर्न लागेको शङ्का लागेमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयहरु वा वैदेशिक रोजगार विभागमा तुरुन्त उजुरी गर्नुहोला । तपाई विदेशमा रहेको बेलामा कुनै सहयोग आवश्यक परेमा उक्त देशमा रहेको नेपाली दूतावास वा नियोगमा समेत सम्पर्क गर्नुहोला ।

कार्तिक नाचको इतिहास थाम्ने हरिमान श्रेष्ठ

सो पुस्तक ३ सय ६७ वर्षसम्म गुरूशिष्य हुँदै सिकाउँदै आएको कात्तिक नाचको युगीन महत्वको दस्तावेज रहेको वाङ्मय शताब्दीपुरूष स्वर्गीय सत्यमोहन जोशीले पुस्तकको भूमिकामा त्यसबारे चर्चा गर्नुभएको छ। सो पुस्तक विश्वकै लामो नाट्यमहोत्सवका रूपमा रहेको कार्तिक नाच सयौं वर्षसम्म निरन्तरताका लागि बलियो माध्यम भएको छ। अहिलेका पुस्ताले त्यही पुस्तकको आधारमा कर्तिक नाच देखाउँदै आएका छन्। यस दृष्टिले हरिमान श्रेष्ठ कार्तिक नाचका पर्यायवाचीका रूपमा लिने गरेको छ।

प्रस्तुति : सुनील महर्जन

> ‘मल्लराजाको सन्तानहरु मध्येबाट अभिनय गर्ने कोही नभएकोले नाच बन्द गर्ने वा अरु कलाकार खोज्ने दुई वटा विकल्प हाम्रो सामु थियो। त्यसपछि अरु कलाकार राखेर भए पनि परम्परा जोगाउनु बुद्धिमतापूर्ण हुने ठाने।’

३ सय ८४ वर्षको इतिहास बोकेको ललितपुरको प्रसिद्ध कार्तिक नाच। ८७ वर्षीय हरिमान श्रेष्ठ,त्यो इतिहासको एउटा अत्यन्त दुर्लभ पात्र (सम्भवतः पहिलो व्यक्ति होला) हुनुहुन्छ, जसले ७० वर्षसम्म लगातार कार्तिक नाचमा नाच्नुभएको थियो।

कार्तिक नाचमा उहाँको योगदान त्यतिमा मात्र सीमित छैन। २००८ देखि २०७० सालसम्म लगभग ६२ वर्षसम्म कार्तिक नाचको विरासत जोगाउन उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो। ३२ वर्षसम्म दुई दिनमा सीमित कार्तिक नाच वि.सं २०३८ सालदेखि आठ दिनसम्म सञ्चालन हुनुको पछाडि उहाँकै अथक मिहिनेत लुकेको छ।

यो कार्तिक नाच आजभन्दा ३ सय ८४ वर्षपहिले ललितपुरका राजा सिद्धनरसिंह मल्लले कृष्णमन्दिर अगाडिको खुल्ला डबलीमा कार्तिक महिना नचाउने चलन चलाएका थिए। त्यही नाचमा प्रवेश गर्नको लागि श्रेष्ठले २००१ सालमा ७ वर्षको उमेर छँदा माटोबाट बनेको सानो पालामा चामल, सुपारी र पैसा राखेर (किसंली तयेगु) नाट्यश्वर भगवानलाई चढाउनुभएको थियो। धार्मिक हिसाबमा नाट्यश्वरलाई कीसंली चढाउनुको अर्थ नाच सिक्नको लागि व्यक्तिले गरेको संकल्प हो। परम्परागत बाजा सिक्न, देवगण भएर नाच्न जोकोहीले शुरूमा कीसंली चढाउनुपर्ने परम्परा रहेको छ। गुरु हेमबहादुर श्रेष्ठ (बाबुकाजी गुरु) बाट नाचको प्रशिक्षण लिएपछि २००२ सालमा उहाँले कृष्ण बनेर नाच्नुभयो।

२००७ सालसम्म यस नाच कार्तिक महिनाभरि सञ्चालन हुने गर्दथ्यो। राजा सिद्धिनरसिंह मल्लले २१ वटा गजुर भएको कलात्मक कृष्णमन्दिर निर्माण गरेको अवसरमा नै सो नाच चलाएका थिए। यसले गर्दा पनि कार्तिक महिना भरि नचाईने सो नाचमा कृष्णको बढी महिमा रहेको छ। नाचको प्रत्येक दिन कृष्ण प्रवेशपछि मात्र अरू नाच देखाइन्छ भने कृष्णगणको उपस्थितिमा आरती नृत्य गरिसकेपछि मात्र नाचको अन्त्य गरिन्छ। विशेषतः शास्त्रीय पक्षमा धार्मिक पृष्ठभूमिको प्रबलता रहेको पाईन्छ।

श्रेष्ठले ६ वर्षसम्म लगातार सो नाचमा कृष्णगणको भूमिकामा महिनाभरि नाच्नु भएको थियो। आफ्नो भूमिका सकिएपछि श्रेष्ठ डबलीको अगाडि बसेर अरू जम्मै कलाकारको अभिनय र नाच हेरिरहन्थ्यो। यसले गर्दा पनि कुन कलाकारको अभिनय कति राम्रो र सुधार गर्नुपर्ने सबै श्रेष्ठलाई थाहा हुने गर्दथ्यो। यसले पनि नाच सिकाउन धेरै सघाएको श्रेष्ठको कथन रहेको छ।

कृष्णको भूमिकामा नाच्दै आएका श्रेष्ठलाई अचानक २०३७ सालपछि बाथः प्याखः अर्थात् बाठाहरूद्वारा खेलिएको लोकनाटकमा बाथःकिजा अर्थात यले बाथः (बाठाहरूमध्ये सबैभन्दा कान्छो) को अभिनय गर्नुपर्ने परिस्थिति पैदा भयो। कार्तिक नाचको शुरूको तीन दिन बाथः प्याखं भनेर तीन जना बाठाहरूको लोकनाटक देखाइन्छ। राजा सिद्धिनरसिंह मल्ल हुँदै श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लसम्म आउँदा सो को अभिनय स्वयं मल्ल राजाले गर्दथे। त्यसमा पनि विशेषतः बाथः किजाको (सबैभन्दा बाठो पात्र) को अभिनय मल्लकालमा राजाहरूले गर्ने गरेकोले तिनका सन्ततिहरूले मात्र सो पात्रको अभिनय गर्नुपर्ने नियम थियो।

लोकनाटकमा बाथंकिजाको अभिनय गर्दै आएका सानुकाजीको २०३८ सालतिर निधन भयो। उहाँहरूको दाजुभाई खलकबाट सो भूमिकामा अभिनय गर्ने अरू कलाकार खोज्दा कोही भेटिएन। अनि श्रेष्ठ आफैं सो पात्रको अभियन गर्न तयार हुनुभएको थियो। त्यसयता बाथःकिजाको भूमिका निर्वाह गर्न मल्लराजाकै सन्तति हुनुपर्ने नियम पनि टुटेको हो। ‘मल्लराजाको सन्तानहरू मध्येबाट अभिनय गर्ने कोही नभएकोले नाच बन्द गर्ने वा अरू कलाकार खोज्ने दुई वटा विकल्प हाम्रो सामु थियो। त्यसपछि अरू कलाकार राखेर भए पनि परम्परा जोगाउनु बुद्धिमतापूर्ण हुने ठाने।’ - श्रेष्ठले भन्नुभयो। २०३८ सालदेखि २०७० सालसम्म उहाँले बाथःकिजाको अभिनय गर्नुभएको थियो।

यसबीचमा उहाँका कान्छो छोरा विनोदमान श्रेष्ठले कृष्णको भूमिका निर्वाह गर्नुभयो। त्यसमा १५ वर्षसम्म विनोदमानले निरन्तरता दिनुभयो। त्यसपछि कहिले श्रेष्ठले त कहिले छोरा विनोदमानले सो भूमिका निर्वाह गर्न थाल्नुभयो। श्रेष्ठले कृष्णसँगै बाथःकिजाको अभिनय वर्षौंसम्म सँगसँगै गर्नुपरेको थियो। यसरी आफूले पनि नाच्ने र युवापुस्तालाई तयार गर्दै नाचलाई अघि बढाइरहेँ।’ - श्रेष्ठले भन्नुभयो। श्रेष्ठबाट हालसम्म ५ सय जना भन्दा बढीले नाचको प्रशिक्षण लिइसकेको छन्। तिनीहरूले अहिले नाचलाई निरन्तरता दिइरहेको छ। श्रेष्ठका अनुसार नाचमा कलाकारहरूको अभाव होला भनेर अबको ३०, ४० वर्षसम्म चिन्ता लिनुपर्ने स्थिति छैन।

राणाकालमा पाटन दरबार क्षेत्रको सुन्दरी चोकमा रहेको छेमडोल अड्डाबाट यो नाच देखाइन्थ्यो। सो अड्डाको कार्य भनेको पाटन दरबार क्षेत्रको सरसफाई, मन्दिरको पुनःनिर्माण गर्ने, गुठी र कार्तिक नाच सञ्चालनको लागि आवश्यक बन्दोबस्तो गर्ने थियो। २००७ सालको प्रजातन्त्रपछि छेमडोल अड्डा बन्द भयो। त्यसपछिका केही वर्षसम्म यस नाच सञ्चालनमा अनेकन् अवरोधहरू देखापरेको थियो। त्यसपछि श्रेष्ठ केवल नाच्नेमात्र नाच चलाउने भूमिकामा देखिनुभएको थियो।

श्रेष्ठका अनुसार यसैबीच राणाशासन हटेको विरोधमा गोर्खा दलले आतंक मच्चाएको थियो। त्यसबाट आफ्नो ठाउँको रक्षा गर्न ललितपुरमा रक्षा मण्डल केन्द्र स्थापना गरिएको थियो। त्यसको सभापति वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी हुनुहुन्थ्यो। उहाँले यो नाचलाई लोप हुन दिनुहुन्न भनेर नाचको सञ्चालनको लागि जोड दिनुभएको बताउँदै उहाँले भन्नुभयो - ‘हुन त नाच सञ्चालन गर्न रक्षा मण्डल स्थापना गरिएको थिएन। तैपनि त्यसमा रहेका पदाधिकारीहरूमा संस्कृति जर्गेना गर्नुपर्छ भन्ने भावनाले गर्दा त्यतिबेलाको संक्रमणकालमा नाच चलाउन सबै तयार भयो।’ छलफल चल्दै जाँदा कार्तिक नाचको मुख्य नाच रहेको बराह अवतार र नरसिंह अवतारमात्र देखाउने सकिने कुरा भएको थियो। एक महिने नाच त्यहाँदेखि २०३७ सालसम्म दुई दिनमा सीमित भएको थियो।

त्यसपछि छेमडोल अड्डामा भएको गरगहना र नाचको आवश्यक सामग्री लिएर नाच देखाइएको थियो। एक वर्ष त रक्षा मण्डलको संयोजनमा नाच देखाइयो। अर्को वर्ष कुन संस्थामार्फत नाच देखाउने भन्ने समस्या भयो। त्यसपछि कुरा गर्दै जाँदा मच्छिन्द्र तहसिल गुठीमार्फत नाच देखाउने सहमति भयो। यसरी तहसिल गुठीबाट २०२१ सालसम्म नाच देखाएको थियो। अनि गुठी संस्थान संस्थापना भएपछि त्यसमार्फत २०३७ सालसम्म नाच देखाइएको थियो।’ - श्रेष्ठले भन्नुभयो।

त्यसपछि श्रेष्ठकै अगुवाईमा तत्कालीन प्रमुख जिल्ला अधिकारी, अञ्चलाधीश, पुरातत्व विभागका महानिर्देशक, सरकारका प्रतिनिधि सबैको ध्यानाकर्षणपछि भएको छलफलमा नाच सञ्चालनका वर्षेनी ३० हजार दिने निर्णय भयो। २०३८ सालमा माणिकलाल चित्रकारसहित श्रेष्ठको अध्यक्षतामा कार्तिक नाच प्रबन्ध समिति गठन गरी दुईमा सीमित नाचलाई आठ दिनसम्म सञ्चालन गरियो। नाचका लागि आवश्यक सामग्री, भेषभूषा सबैको प्रबन्ध मिलाए। त्यहाँदेखि कार्तिक नाच देखाउनको लागि अष्टमातृका नाचको भेषभूषा ल्याउनुपरेन। समितिमार्फत २०७० सालसम्म नाच देखाइएको थियो। श्रेष्ठबाट प्रशिक्षण लिएकाहरू सम्मिलित कार्तिक नाच संरक्षण समितिमार्फत हाल नाच देखाउँदै आएको छ।

कार्तिक नाचमा प्रत्येक ६/६ वर्षपछि कलाकार र भेषभूषा फेरिने चलन थियो। वि.सं १९९६ सालमा निर्वाध रूपमा यो परम्परा चलेको थियो। ६ वर्षसम्म निरन्तर नाचेका कलाकारहरूलाई कार्तिक नाच सकिएपछि बिदा दिने चलन थियो। मंसिर लागेपछि नाचको प्रशिक्षण लिन चाहनेहरूलाई जम्मा गरेर नाच सिकाइन्थ्यो। २००७ सालपछि छेमडोल अड्डा बन्द भएकोले त्यो चलन पनि हरायो। कसले नाच सिकाउने, कसलाई नाच सिकाउने भन्ने टुंगो नलागेकोले त्यो चलन चलाउन सक्ने स्थिति थिएन। यो चलन चलाउनमा आएको कठिनाईले गर्दा २००२ सालमा प्रवेश गरेका श्रेष्ठले ६ वर्षपछि २००८ सालमा कार्तिक नाच छाड्नुपरेन। यसले गर्दा पनि ७० वर्षसम्म निरन्तर नाच्ने रेकर्ड राख्न सकेको श्रेष्ठले बताउनुभयो।

नेपाल भाषामा लेखिएको उहाँको कात्ति प्याखः नामक ग्रन्थ कार्तिक नाचप्रतिको श्रेष्ठको साधना र समर्पणको परिणति हुन्। २५ वर्षसम्मको अथक मिहिनेत र खोजबाट तयार पारिएको

विराजभक्त श्रेष्ठ
पूर्वमन्त्री

जात्रापर्वमा आफैंले बाजा बजाउँदा आत्मसन्तुष्टि मिल्छ

संस्कृति भनेको एक प्रकारले विज्ञान नै हो। सयौं हजारौं वर्षदेखि चल्दै आएको परम्परा हो। चाड, पर्व, जात्राको थालनी कुनै कानुनी नीति नियमभन्दा पनि वैज्ञानिक कारणहरूबाट चलन चलतीमा आएको भन्न सकिन्छ। नेवारी समुदायले जाडोमा घ्यू, चाकु (सख्खरबाट बनेको), तिलको लड्डु खानु, वर्षायाममा मनाइने गुणीपुन्ही (जनै पूर्णिमा) मा विभिन्न गेडागुडीयुक्त क्वाँटी खानुलगायत अन्य चाड पर्वमा समयअनुसार आहार लिनुको पछाडि वैज्ञानिक कारणहरू छन्।

जन्मेको हुर्केको नै सांस्कृतिक सम्पदाले भरिएको क्षेत्रमा भएकोले म आफूलाई भाग्यमानी ठान्छु। दुईवटा विश्वसम्पदामा सूचीकृत संरचना, ईटुम्बहाल, विजेश्वरी, हारती अजिमा, कंग अजिमा जस्ता अन्य सांस्कृतिक सम्पदा रहेको क्षेत्रमा जन्मेको हुर्केकाले मेरो डीएनएमा नै संस्कृति र सम्पदाप्रति लगाव रहेको जस्तो लाग्छ। सानोमा दशैं आउनु महिना दिन अघिदेखि चंगा उडाउने बेला इन्द्रजात्रामा निकालिने लाखे र पुलकिसीको बाजा सुन्यो कि चंगा छोडेर उनीहरूको पछि लाग्ने गर्थे।

संस्कृतिसँगै हुर्कंदै गर्दाको त्यो बेलाको बुझाइ र अहिलेको बुझाइमा भने फरक छ। सानो बेला जात्रा र पर्वलाई रमाइलोको रूपमा मात्र लिन्थे। तर, अहिले सभ्यताले धेरै धनी देशका नागरिक भएकोमा गर्व लाग्छ। देशको राजनितिक अवस्थाले गर्दा मात्र हामी पछाडि परेका हौं। सांस्कृतिक रूपमा भने हामी धेरै नै धनी छौं। विश्वलाई गर्वका साथ देखाउन मिल्ने विश्व सम्पदा, मठ-मन्दिर, कलाकृति र संस्कृति छ। यसले सम्पूर्ण नेपालीलाई सांस्कृतिक रूपमा धनी बनाएको छ। अहिले त झन नीतिगत, राजनितिक रूपमा पनि यी कुराहरूलाई उच्च महत्वका साथ स्थापित गर्नुपर्छ भन्ने लाग्छ।

म राजनीतिमा लागेको एउटा कारणमध्ये संस्कृति जगेर्ना राज्य र सरकारको दायित्व हो भन्ने कुराबाट प्रेरित भएर पनि हो। उपत्यकाको संस्कृतिको लागि त म वागमती प्रदेशको सांसद हुँदादेखि नै लागि परेको हुँ।

त्यसैबेला भाषा, अमूर्त मूर्त सम्पदा संरक्षणको काममा संलग्न भएर इन्द्रचोक मन्दिर परिसर परम्परागत ढाँचामा निर्माण कार्यमा सक्रिय रूपमा संलग्न भए। संस्कृति संरक्षणको विषयमा चाहिँ हाम्रो राजनीतिक नेतृत्वले नबुझेको जस्तो मलाई लाग्छ।

अहिलेका कानुन र देशको अवस्थाका कारण अहिले मान्छेमा नैराश्यता छाएजस्तो देखिए पनि सांस्कृतिक पक्षबाट हेर्दा भने मान्छेहरूमा संस्कृति जगेर्नाप्रति उत्साह कायमै रहेको महसुस हुन्छ।

मैले यो भनेर कुनै एउटा निश्चित संस्कृतिको मात्र कुरा गरेको होइन। समग्र देशभरि रहेको किराँत, तमु गुरुङ, मगर, मधेस, सुदूरपश्चिम, डोटी, जुम्लालगायत अन्य समुदायहरूको संस्कृतिमोह यसको उदाहरण हो।

सरकारले पनि यो विषयमा अभिभावक बनेर जिम्मेवारी बहन गर्नुपर्छ। किनभने देशमा आएको परिवर्तन पछाडि सांस्कृतिक पहिचानको विषयमा उठेको आवाजलाई पनि छुटाउन मिल्दैन। तर, अहिले पनि राज्यले आफैंले गर्नुपर्ने दायित्व र जिम्मेवारीलाई तत्परताका साथ पालना गरेको देखिँदैन। सरकारी र राज्यस्तरबाट केही सुधार नभएको चाहिँ होइन तर, जति हुनुपर्ने हो त्यति हुन सकेको छैन।

राज्यले लिनुपर्ने दायित्व अझ बलियो तरिकाले नीतिगत रूपमा लिएको छैन। सम्पदा मासेर विकास गरेको हामीले देखेका छौं। अब यसलाई विकास भन्ने कि विनास ? हामी जस्तो भर्खर राजनीतिको मूलधारमा आएकाहरूले इन्द्रचोकमा पुरानै सम्पदाअनुसार दबु: पुनर्जीवित गरेका छौं। प्रदेश सरकारको पहलमा स्थानीयहरूको अपनत्व हुने गरी हामीले त्यो बनाएका हौं।

मेरो विचारमा त्यो सानो पाइला हो तर त्यसले सम्पदा संरक्षणमा ठूलो महत्व राखेको छ। त्यसै गरी विजेश्वरी, नागार्जुनको आदेश्वर, डल्लू क्षेत्रको महाविष्णु मन्दिरमा स्थानीय र हाम्रो पहलमा सम्पदा संरक्षण र पुननिर्माणको काम भइरहेको छ।

राज्य अथवा सरकारले कुनै जाति विशेषलाई मात्र होइन, राज्यले सबैलाई समान रूपले हेर्नुपर्छ। देशभरि रहेका सांस्कृतिक महत्वका संरचना जगेर्नामा अग्रसरता देखाउनु पर्छ। उदाहरणको रूपमा चीनको सांस्कृतिक क्रान्तिपछि चीनले जगेर्ना र पुन:अस्तित्वमा ल्याएका संस्कृतिलाई लिन सकिन्छ।

नेपालमा पनि जुम्लाको सिंजा सभ्यता, मधेसमा मिथिला, सिम्रौनगढका पुरातात्विक चिजहरू पनि एकदम महत्वपूर्ण छन्। यी संस्कृतिहरू एकअर्कासँग जोडिएका पनि छन्। मधेसको संस्कृति र काठमाडौंमा हुने कतिपय भजनहरू र मैथिलीमा पनि भएको पाउँछौं।

राज्यको अहिलेको शीर्ष नेतृत्व र निजामती कर्मचारी संयन्त्रले चाहिँ यो चिजहरूलाई महत्व दिएर हेर्न नसकेको जस्तो मलाई लाग्छ। बरू अहिले यसो हेर्दा सुरक्षा निकायका कर्मचारीहरूले चाहिँ संस्कृति उत्थानमा अग्रसरता देखाएका छन।

काठमाडौं हनुमानढोकामा रहेको नेपाली सेनाको शार्दूल गणले आफ्नो बाजामा धिमेलाई पनि समावेश गराउनुलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। नेपाल प्रहरीले पनि सांस्कृतिक बाजागाजामा आफ्नो सक्रियता देखाई रहेको छ।

लोप भएका कतिपय संस्कृतिहरू पनि अहिले पुनर्जीवित भइरहेको छ। उदाहरणको लागि गत वर्षबाट कामपा वडा नं २० मा लगभग दुई दशकपछि 'योंशी थने' परम्परा पुनर्जीवित गरिएको छ।

नागरिकस्तरमा हेर्नुभयो भने संस्कृतिप्रति मान्छेको रूचि पहिलेको तुलनामा बढेको छ। विदेशमा रहनुभएका कतिपय प्रवासी नेपालीहरूले प्रतिकात्मक रूपमा इन्द्रजात्रा मनाएको देख्छौं। त्यस्तै दशैं, तिहारलगायत अन्य नेपाली चाडबाड मनाइरहेको सामाजिक सञ्जालमा भेटिन्छ। यसरी हामी फैलिरहेका पनि छौं।

पहिलेका मान्छेहरूको गुठी अवधारणा वैज्ञानिक लाग्छ। पहिलेका मान्छेले सम्पदा तथा संस्कृतिलाई संरक्षण र कालान्तरसम्म चलाइराख्ने पवित्र उद्देश्यले गुठी पद्धतिको जग बसालेका हुन्।

अहिले काठमाडौंमा सबैभन्दा मासिएको जग्गामा गुठीको पनि पर्छ। गुठी भनेको कुनै निश्चित परिवार र समुदायको मात्र भन्न मिल्दैन, गुठीसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने विश्व सम्पदाको पनि हो। यो विश्वभरिकै सम्पत्ति हो।

विश्व सम्पदा भौतिक संरचनाले गर्दा मात्र होइन, त्यहाँ भएका अमूर्त सम्पदा, जात्रापर्वहरूको गतिविधिले गर्दा त्यसमा आत्मा भरिएको छ। भौतिक संरचनालाई शरीर मान्नुहुन्छ भने त्यहाँ भएका ती सांस्कृतिक गतिविधिहरू चाहिँ त्यसका आत्मा हुन्। विस्तारै त्यस्ता चीजहरू त्यहाँबाट बिग्रेर गएका छन्।

लोप भएका संस्कृति पुनर्जीवित गर्न नागरिकस्तरको प्रयासले मात्र पर्याप्त हुँदैन। घरबाट मात्र संस्कृति जगेर्ना गरेर धान्छु भनेर सकिन्न। संस्कृति जोगाउन र अनवरत चलाइराख्न लागि गुठीहरू बनेका छन्। तर, ती गुठीहरू सबै संस्थानको मातहतमा छन्।

संस्थानले गुठीको आयस्रोतका रूपमा रहेका जग्गा जमिनहरू अधिनमा लिएको छ। तर, अनिमियताका कुराहरू पनि बाहिरिने गरेका छन्। यस्ता कुराहरूलाई नजरअन्दाज गर्नु मिल्दैन। गुठीको जग्गा जमिन र श्री सम्पत्तिहरू बिगार्नुमा धेरैको हात छ जस्तो लाग्छ मलाई।

यो विषयमा पछिल्लो अध्ययनले समयसँगै मान्छेमा पलाएको लोभ लालचका कारण केही बदमास गुठियारहरूले जग्गा हडपने जस्ता काम गरेका छन्। गुठीभित्रका नै केही व्यक्ति एकआपसमा मिलेर सरकारी कर्मचारीलाई पनि त्यसमा राजी गराएपछि मात्र न यस्तो काम सम्भव हुने हो।

यस्तो कामलाई सघाउने सरकारी कर्मचारीलाई कारबाहीको दायरमा ल्याउनुपर्ने हो तर दुर्भाग्यवश त्यस्तो हुन सकेको छैन। अनि सरकारले पनि गुठीलाई समयसापेक्ष परिष्कृत गर्दै लानुपर्छ। राज्यले ती सबै विषयहरूलाई गम्भीरताका साथ केलाउन जरुरी छ। ती विषयमा सम्बोधन गरेमा लोप भएका कतिपय संस्कृति पुनर्जीवित गर्न सघाउ पुग्नेछ।

राज्यले गर्न खोजेकाहरूलाई कसरी प्रोत्साहन गर्ने र आफूले कसरी जिम्मेवारी लिने विषयमा पनि ध्यान केन्द्रित गर्न जरुरी छ। नागरिकस्तरबाट यो विषयमा चाहना भए पनि स्रोत साधनको अभावले सहज देखिँदैन।

अहिले पनि गुठीमा जग्गा राखेर नित्यकर्म सञ्चालन गर्नुपर्दा वार्षिक एक मोहर, एक-दुई रुपियाँमा कामहरू भइरहेको छ। जुन परापूर्वकालदेखिकै दर हो। राज्यले जग्गाचाहिँ आफ्नो अधीनमा राख्ने अनि कार्यान्यवनको पक्षलाई चाहिँ समयसापेक्ष नबनाउने हो भने संस्कृति त मर्ने नै भयो नि।

मेरो निर्वाचन क्षेत्र काठमाडौं दरबार स्क्वायरमा विश्व सम्पदा सूचीमा सूचीकृत छ। यहाँको सम्पदा र संस्कृतिमार्फत् आयआर्जन र रोजगारीलाई बढावा दिन सकिन्छ। यो कार्य धेरै पहिलेदेखि नै भइरहेको छ। केही समययता यो स्थान अवलोकनका लागि आउने पर्यटकका लागि प्रशिक्षित गाइडहरूले रोजगारी पाएका छन्। काठमाडौं महानगरपालिकाले पर्यटक प्रवेश शुल्कमार्फत् वार्षिक रूपमा करोडौं आम्दानी पनि गर्ने गर्छ।

तर, राज्यको स्पष्ट नीति नभएकोले त्यहाँबाट संकलित रकम सही ठाउँमा खर्च भने भइरहेको छजस्तो मलाई लाग्दैन। जुन कामको लागि पर्यटकबाट शुल्क उठाइन्छ त्यसैको लागि खर्च भइरहेको देखिँदैन।

यो विषयमा राज्य उदासीन देखिन्छ। जुन ठाउँले कमाएर देशको ढुकुटी भरिरहेको छ त्यही ठाउँको संरक्षणका लागि विदेशी दातृ संस्थाले सहयोग गरिरहेको देखिन्छ। भत्किएका कतिपय सम्पदा विदेशी सहयोगले पुन:निर्माण भइरहेका छन्।

सम्बन्धित निकायले त्यहाँबाट उठेको पैसाको निश्चित प्रतिशत त्यहींकै सम्पदा र संस्कृतिको संरक्षण, जीर्णोद्धारलगायतका काममा खर्च गर्नुपर्ने कुरा मैले सुनेको छु तर त्यस्तो भइरहेको जस्तो मलाई लाग्दैन। अहिले स्थानीय सरकारले धेरै अधिकार पाएको हुँदा केही प्रणालीहरू विकास गरेर त्यस्ता पुरातात्विक महत्वका संस्कृति र सम्पदा संरक्षणमा स्थानीयलाई सहभागी गराउनु पर्छ।

जात्रापर्व भने पहिलेभन्दा व्यवस्थित भएको हो छ। अहिले स्थानीयको उत्साहपूर्ण सक्रियता, संघसंस्थाको समन्वय र चुस्त सुरक्षा व्यवस्थाले गर्दा पहिलेको तुलनामा अहिले धेरै व्यवस्थित भएको छ।

मेरै कतिपय साथी, दाइभाइहरू अहिले जात्रापर्वलाई सभ्य र भव्य बनाउनका लागि व्यवस्थापन कार्यमा संलग्न छन्। जात्रापर्व प्रति मेरो पनि यस्तो लगाव छ कि आफैं पनि बाजा बजाएर सहभागी हुन्छु। सानैदेखि जात्रापर्वमा मेरो अत्यधिक रूचि र लगाव भएकोले साथीभाई तथा अग्रजहरूले बाजा बजाएको हेरेर नै मैले पनि सिकेको हुँ। जात्रापर्वमा आफूले जानेको बाजा बजाउँदा मलाई आत्मसन्तुष्टि मिल्छ।

नेपाली मौलिक संस्कृतिलाई बचाउन र अझ व्यापक बनाउन सबैले आ-आफ्नोतर्फबाट केही गर्नुपर्छ जस्तो मलाई लाग्छ। यसले हाम्रो कलाकृति, संस्कृति र सम्पदा जगेर्ना गर्न ठूलो मद्दत पुग्छ।

अहिलेको युवा पुस्ता जात्रा पर्वप्रति उत्साही र जागरूक छ। अहिले जात्रा पर्वमा आफ्नो परम्परागत पोशाक लगाएर युवायुवतीहरू सहभागी भएको देखिन्छ। पहिलेको तुलनामा परम्परागत बाजा बजाउनेहरूमा पनि युवायुवती दुवैको संलग्नता व्यापक देखिन्छ। अहिले मौलिक खाना र परिकार पकाएर बेच्नेदेखि कलासम्बन्धी सामग्री प्रदर्शन गर्ने संस्कारको विकास भएको छ। यस्तो लहर देशभरि नै बढेको छ।

हरेक जातजातिकाले आफ्नो चाडपर्वमा आफ्नो मौलिकता झल्कने पोशाक, बाजागाजालाई पहिलेभन्दा अझ बढी प्राथमिकता दिएको छ। यस्ता सकारात्मक विषयलाई सरोकारवाला निकायले अझै व्यवस्थित ढंगले अघि बढाउँदै लैजानुपर्छजस्तो लाग्छ।

प्रस्तुति : कविरस शर्मा